# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ८२






## ▶ विशेष रिपोर्ट

## एमालेद्वारा आयोजित अन्तर्राष्ट्रिय समाजवादी सम्मेलनका पाँच महत्वपूर्ण उपलब्धिहरु

# बहुदलको १० बर्ष

- प्र.म. गिरिजाप्रसाद कोइराला
- क. माधवकुमार नेपाल
- क. मोहनविक्रम सिंह
- क. प्रकाश
- देवेन्द्रराज पाण्डेका ताजा विचारहरु सहित !



www.mulyank[illegible].com

मूल्य रु. [illegible]०/-, भारतमा भा.रु. १५/-

सामुदायिक विकासमा
अन्तरक्रिया र उत्प्रेरणाको निम्ति

# विकास

नयाँ वनौटमा
वजारमा
उपलब्ध छ




मुक्तिको घोषणापछि अन्यौल र अनिश्चयको चौबाटोमा उभिएका कमैयाहरू अब के गर्दैछन् ? कमैया आन्दोलन सम्बन्धी अनुप सुवेदीको खोजमूलक रिपोर्ट । साथमा कमैया क्षेत्रमा कार्यरत एक विदेशी अनुसन्धानकर्ता टिम ह्वाइटसँगको अन्तर्वार्ता

●●

- नेपालमा विकासको वर्ग सम्बन्ध : गोविन्द न्यौपानेको नयाँ विचार
- जनताबाट अलग्गिएको विकास महेश पन्तको विश्लेषण
- चाकरी, कर्म र के गर्ने ? रवि प्रधानद्वारा हाम्रो जागिरे संस्कारको चिरफार
- प्राविधिक शिक्षा र प्रौढ शिक्षा सम्बन्धी उप-प्राध्यापक रुद्र खरेल र टीकाराम भट्टराईको फरक विचार
- श्रमको किनबेच : सुसन मास्केको रिपोर्ट
- खगेन्द्र संग्रौलाका तीन नयाँ कथाहरू

थप वैचारिक लेख, खोजमूलक रिपोर्ट तथा कविताहरू

प्रकाशक: आत्मनिर्भर विकास मञ्च, सानेपा, ललितपुर, फोन: ५३९६१५

---

प्रकाशित भएको ६ महिनाभित्रै
६ हजारप्रति बिक्री भएको
चर्चित र लोकप्रिय पुस्तक

## विश्व क्रान्तिका नायक
# चे ग्वेभारा



लेखक : राजेन्द्र महर्जन

◆ परिमार्जन
र थप महत्वपूर्ण
सामग्रीहरु सहित

## तेस्रो संस्करण

छिटै बजारमा आउँदैछ !

साथमा
निनु चापागाईं
र
श्याम श्रेष्ठका
चेसम्बन्धी
विचारहरू

- 'म चेकी छोरी हुँ, यसमा म गर्व गर्दछु ।'
  *- डा. अलैदा ग्वेभारा मार्चको आाखामा चे ग्वेभारा*
- 'आज चेले पहिलेभन्दा धेरै बेसी युद्धहरू लडिरहनुभएको छ र जितिरहनुभएको छ ।'
  *- क्यूबाली राष्ट्रपति फिडेल क्यास्त्रोको विश्लेषण*
- क. चे ग्वेभारा र साम्राज्यवादविरोधी संघर्ष
  *- कोरियाली कम्युनिष्ट नेता किम इल सुङद्वारा मूल्यांकन*
- चे ग्वेभारा नैराश्यको कारणले होइन, मनुष्यप्रतिको प्रेमको कारणले गुरिल्ला बनेका थिए ।
  *- ब्राजिलका क्रान्तिकारी शिक्षाविद् पाउलो फ्रेरीको विचार*
- थप पठनीय सामग्रीहरू

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोनः ४२२७६९, फ्याक्सः ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १८, पूर्णाङ्क ८२
मंसिर, २०५७

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुइटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**सहायक-सम्पादक**
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
**सम्पादन सहयोगी**
चन्द्र खाकी

**प्रमुख व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोनः ४२२७६९, फ्याक्सः ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं
*इमेल :*
yuwa@ntc.net.np
*वेभसाइटः*
www.mulyankan.itgo.com


## बहुदलको दश वर्ष

◆ प्रधानमन्त्री गिरिजा प्र. कोइराला ◆ माधवकुमार नेपाल ◆ मोहनविक्रम सिंह ◆ क. प्रकाश ◆ डा. चैतन्य मिश्र ◆ डा. देवेन्द्रराज पाण्डे ◆ प्रदिपकुमार श्रेष्ठ आदिका

**ताजा विचार-विश्लेषणसहित**



## विगत दश वर्षको नेपालको अर्थराजनीति – हरि रोका

## एमालेको आयोजना भएको अन्तर्राष्ट्रिय समाजवादी सम्मेलनका महत्वपूर्ण पाँच उपलब्धिहरू



## २०१७ सालमा प्लेन चढ्न जाँदा पुलीसले समात्यो



*– निर्मल लामा*

## समाजवाद ढलेपछि पूर्वी यूरोप र पूर्व सोभियत संघको बेहाल

\- दीपक वैद्य -

## अन्तरक्रिया क. पियुषको प्रतिक्रियामाथि मेरो प्रत्युत्तर

◆ *श्याम श्रेष्ठ*


**सम्पादकीय**
सरकारले रोज्नुपर्‍यो - वार्ता र आमूल परिवर्तन कि दुवै काण्डको थप सिलसिला ? ४

**आवरण कथा**
बहुदलको दश वर्ष
*- हरि रोका* १८
विगत दशवर्षबारे प्र.म. गिरिजाप्रसाद कोइराला के भन्नुहुन्छ ? २०
डोल्पाको घटनाले सेना राजाको मातहतमा भएको कुरा प्रष्ट भएको छ
*- मोहनविक्रम सिंह* २३
उद्योग वाणिज्य क्षेत्रमा जति विकास हुन्छ भन्ने आशा गरिएको थियो, त्यो भएन
*- प्रदिपकुमार श्रेष्ठ* २४
राष्ट्रियतामाथिको खतरा झन् बढ्दै गएको छ
*- क. प्रकाश* २७
मुख्य कुरा प्रजातन्त्र झुप्रामा पुग्दैपुगेन
*- माधवकुमार नेपाल* २८
प्रजातन्त्रलाई नयाँ प्रजातान्त्रिक संस्कृतिले ओतप्रोत पार्न सकिएन
*- डा. देवेन्द्रराज पाण्डे* ३०

**संक्षेम**
म गृहमन्त्रीसँगै थिएँ, उता पत्रकार सम्मेलनको नाटक रचिँदैरहेछ
*-पद्मरत्न तुलाधर* ८

**विश्व कम्युनिष्ट आन्दोलन**
चेबाट सिक्ने आँट गर्ने कि ? ३८
सम्मेलनका महत्वपूर्ण पाँच उपलब्धिहरू
*-श्याम श्रेष्ठ* ९
सम्मेलनको व्यवस्थापन कसरी गरियो ?
*-क. प्रदीप नेपाल* ११

**आँखीझ्याल**
समाजवाद ढलेपछि पूर्वी यूरोप र पूर्व सोभियत संघको बेहाल
*-दीपक वैद्य* १४

**घटना र प्रवृत्ति**
मालेले अन्तरपार्टी जनवादमा जोडदिनु जरूरी ६
*- तुलसीदास महर्जन* २२
वाम संघर्ष र संभौताको परिणाम
*- गोविन्द वर्तमान* ५
बेलायती सरकार र पत्रिकाहरू यस्तो झूठ बोल्छन् ४५

**चिन्तन**
समाज : २०४६ को १० वर्षयता
*-डा. चैतन्य मिश्र* ३३

**साहित्य / कविता**
ऐंजेरूको कुनै जमीन हुँदैन
*-अमर गिरी* ३५

**नीति / संस्कृति**
अस्तित्ववादी अवसरवादसँग लड्नु जरूरी छ
*-चन्द्रदेव नेपाली* ३६

**प्रेरक प्रसंग**
लेनिनमा ठट्टा गर्ने क्षमता असाधारण किसिमको थियो ३९

**आत्मकथा**
२०१७ सालमा प्लेन चढ्न जाँदा पुलीसले समात्यो
*-निर्मल लामा* ४०

**अन्तर्क्रिया**
अन्तरक्रिया क. पियुषको प्रतिक्रियामाथि मेरो प्रत्युत्तर
*-श्याम श्रेष्ठ* ४२

**पाठकको कुरो** ४६



आवरणमा : २०४६ सालको जन-आन्दोलनको क्रममा आयोजित विजय जुलुस, सोही आन्दोलनमा मारिएका आफन्तको सम्झनामा शोकमग्न महिलाहरू । (फोटो साभार : People Power, गोपाल चित्रकार, सज्जा: टाइम्स क्रिएशन, बागबजार, फोनः २५२६४५ । कलर सेपरेशनः पोलिइमेज, प्रदर्शनी मार्ग, फोनः २५२५७२ । कलाकारहरूः लक्ष्मण भूजेल, जि.डि. सारू, *यति ग्राफिक्स, डिल्लीबजार फोन : ४३०७५२* । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार

# सरकारले रोज्नुपर्‍यो - वार्ता र आमूल परिवर्तन कि दुवै काण्डको थप सिलसिला ?

आफ्ना केन्द्रिय सदस्य दिनेश शर्मा लगायतको स्थिति सार्वजनिक गर्ने शर्त राखेर नेकपा माओवादीले दिएको समय सिद्धिनुभन्दा केही मिनेट मात्र अघि सरकारले दिनेश शर्मा र अर्का माओवादी कार्यकर्ता दिनानाथ गौतमलाई अचानक पत्रकार सम्मेलनमा प्रस्तुत गरी पार्टी त्याग गरेको घोषणा गर्न लगायो अनि उनीहरूलाई अज्ञात स्थलमा लगी छोडिदियो । यसरी दिनेश शर्मा र दिनानाथ गौतमको 'नाटकीय'शैलीमा रिहाइ गरिएपछि विथोलिएको वार्ताको वातावरण अहिले फेरि नेकपा माओवादीका महामन्त्री क. प्रचण्डद्वारा वार्ताको लागि नयाँ शर्त अघि सारिएपछि पुनः नागरिक समाजको चासोको विषय बन्न थालेको छ । अहिले फेरि सरकार-माओवादीबीच वार्ता हुनुपर्छ भन्ने माग यत्रतत्रबाट उठ्न थालेको छ । मानव अधिकार आयोगजस्ता केही संस्थाहरूले यसको निम्ति मध्यस्थता गर्न आफू तयार रहेको जनाउन थालेका छन् ।

यसअघि वार्ताको लागि मध्यस्थता गरिसक्नुभएका मानव अधिकारवादी व्यक्तित्व क. पद्मरत्न तुलाधर स्वयम् मध्यस्थताका निमित्त एक्लै पनि एउटा सक्षम संस्थाका रूपमा अझै कायम हुनुहुन्छ ।

त्यसैले, अभाव यहाँ वार्ताको निम्ति मध्यस्थकर्ताको छैन, वार्ताको निम्ति माओवादी पक्षको इच्छाको पनि छैन । मुख्य अनिकाल त यहाँ स्पष्टता र इमान्दारीको देखिएको छ । विशेषतः गिरिजा सरकार वार्ताको लागि विल्कुलै इमान्दार देखिएको छैन । वार्ता जब दैलामै आइपुग्छ, गिरिजा सरकार त्यस्ता केही कामहरू गर्छ, जसबाट माओवादीको नाकैमा बैठक कोठाको ढोका भड्याम्म ठोकिएर बैठक-द्वार बन्द भएको महशूस हुन्छ । वार्ता हुनेहुने बेलामा माओवादी नेताहरूलाई मुद्दा लगाउने कुरा ल्याउनु, छोडिने बन्दीको आस्था यातनाद्वारा बदल्न पंचायती शैलीमा मरिहत्ते गर्नु, यता वार्ताको नाटक गर्नु, उता नृशंस दमनको निम्ति अर्द्धसैन्य बलको सारा तम्तयारी गर्नु - यी क्रियाकलापहरू वार्ताको निम्ति प्रतिवद्ध कुनै पनि नैतिकवान र इमान्दार प्रजातान्त्रिक सरकारले गर्ने क्रियांकलाप होइनन् । यसबाट यस्तो प्रतीत हुन्छ, कांग्रेस सरकारले माओवादी विद्रोहको अन्तिम र निर्णायक समाधान राज्य हिंसालाई नै सोचेको छ । सुधारको प्याकेज र वार्ता त राज्य हिंसाको तयारीलाई सुन्दर ढंगले छोपछाप पार्ने र यसनिम्ति तम्तयार हुन आवश्यक समय जुटाईदिने शयर-डुंगा मात्रै हो ।



*दिनेश शर्मा र दीनानाथ गौतम 'सरकारी' पत्रकार सम्मेलनमा*

**हामी यो भन्दैनौं कि पत्रकार सम्मेलनमा राजनीतिक आस्था बदलेको घोषणा गरेर दिनेश शर्माहरूले ठीक गरे**

हामी यो भन्दैनौं कि पत्रकार सम्मेलनमा राजनीतिक आस्था बदलेको घोषणा गरेर दिनेश शर्माहरूले ठीक गरे । यो उनीहरूको गंभीर कमजोरी हो । माओवादी पार्टीले पनि उनीहरूलाई 'क्रान्तिकारी आदर्श बेचेर भौतिक जीवनको भिख मागेको' भनी पुनः संस्कारित हुने मौका दिंदै पार्टीबाट निष्कासन गरेको छ ।

परन्तु पंचायती प्रवृत्तिलाई निरन्तरता दिएर जुन ढंगले दिनेश शर्माहरूलाई छोडियो, त्यसबाट सरकारलाई फाइदा चाहिं भयो के ? बन्दी पनि छोडियो, वार्ता पनि भाँडियो । त्यो भाँडेको दोष पनि मूलतः सरकारकै थाप्लामा आयो । आखिर हात लाग्यो के ?

यसबाट दुई तीनवटा कुरा भने स्पष्टतः देखिएको छ : एक, राजनीतिक दाउपेचमा सरकार ज्यादै अपरिपक्व छ । दुई, सरकारभित्रै एउटा त्यस्तो तत्व छ, जुन तत्व वार्ताको जस अर्को पक्षलाई दिने कुरामा गंभीर असहमति राख्छ । तीन, सरकारभित्रको एउटा भ्रष्ट पक्ष वार्ता भाँडियोस् र माओवादी विद्रोह सकेसम्म छिटो सामसुम नहोस् भन्ने चाहन्छ । किनकि, माओवादी विद्रोह लम्बिंदा दमनको निहुँमा, निकै ठूलो, अरबौंको धनराशी टापटिप पार्न पाइन्छ ।

यी जम्मै कुराको कूल योगको परिणाम के हो भने - सरकार वार्ताको लागि न्यूनतम रूपमा पनि इमान्दार छैन । माओवादी तयार भए पनि सरकारले फेरि पनि माओवादीसित वार्ता गरिहाल्ने संभावना कम छ । तर वार्ताको बल अहिले सरकारको कोर्टमा छ ।

स्पष्टताको अनिकाल भन्नुको तात्पर्य चाहिँ के हो भने, वार्ता केका लागि गर्ने ? वार्ताले समस्या कुन हदसम्म मात्र समाधान गर्छ ? दमन र वार्ताबाहेक माओवादी विद्रोहको समस्या जरैमा र समग्रतामा हल गर्ने अन्य राम्रा विकल्प के छन् ? यी आधारभूत सवालमा हाम्रो मुलुकमा पार्टी त कुरै छोडौं, ज्यादै थोरै मानिसहरूसित मात्र स्पष्टता देखिएको छ । सरकार त यो मामलामा पूरै अस्पष्ट देखिन्छ । वार्ताको लागि धूँवाधार आवाज उठाउनेहरूसमेत वार्ताको सीमाबारे अस्पष्ट देखिएका छन् ।

हाम्रो ठम्याइमा वार्ताले केवल हिंसा र तनावलाई निश्चित समयावधिको निमित्त घटाउन सक्छ, तर वार्ताबाटै माओवादी क्रान्तिकारी विद्रोह सामसुम हुनेछ भन्ठान्नु कोरा र बालसुलभ भ्रम मात्र हो । त्यसैले, वार्ताको लक्ष्य माओवादी विद्रोह त्यसैबाट हल गर्ने हुनुहुँदैन । यस्तो लक्ष्य राखियो भने त्यो पूरै फेल हुनेछ । वार्ताको लक्ष्य हिंसालाई र तनावलाई सकेसम्म न्यूनीकरण गर्नु र सीमित गर्नु हुनुपर्छ ।

माओवादी विद्रोहको समस्या तब मात्रै हल हुनेछ, जब या त सरकार आमूल आर्थिक सामाजिक सुधारका कदमहरूद्वारा गाउँगाउँका दैलामा क्रान्तिको र प्रगतिको अनुभूति गराउन समर्थ हुन्छ, या तमाम वामपन्थीहरू र सच्चा देशभक्त र प्रजातान्त्रिक तत्वहरू एक गठ भएर आमूल आर्थिक सामाजिक क्रान्तिको निम्ति सडकमा जन-दबाबको र जनआन्दोलनको आँधीबेरी सिर्जना गर्न समर्थ हुन्छन् । माओवादी विद्रोह नै जरूरी नहुने स्थितिको सृजनाद्वारा मात्र माओवादी विद्रोह सामसुम पार्नु संभव छ । तर माओवादीमाथिको दमन वा केवल वार्ताद्वारा माओवादी विद्रोह सामसुम पार्नु असंभव छ ।

त्यसैले, माओवादी समस्या समाधान गर्ने नै हो भने सरकारले वार्ताको बाटो पनि इमान्दारीका साथ रोज्नुपर्‍यो । देशव्यापी आमूल आर्थिक-सामाजिक सुधारको बाटो पनि रोज्नुपर्‍यो । अन्यथा, थुप्रै दुनै काण्डहरू सिलसिलावद्ध ढंगले, अझ परिमार्जित रूपमा घटित हुने सम्भावना प्रबल रहेको देखिन्छ । ❑



# वाम संघर्ष र संझौताको परिणाम

◆ गोविन्द वर्तमान

दशैंको लगत्तैपछि २०५७ असोज २८ गते सरकारले पेट्रोलियम पदार्थमा १७ देखि १०० प्रतिशतसम्म मूल्यबृद्धि गरेपछि त्यसको प्रतिक्रियास्वरूप शुरू भएको मूलतः वामपन्थीहरूको सडक संघर्ष समाप्त भएको छ । यही मंसिर १ र २ गतेको **नेपाल बन्द**को कार्यक्रम फिर्ता लिएपछि वामपन्थीहरूको त्यो संघर्ष समाप्त भएको हो । पेट्रोलियम पदार्थमध्ये जनताको इन्धन मट्टितेलमा गरिएको शतप्रतिशत मूल्यबृद्धिलाई अलिकति कम गरेपछि सरकार र वामपन्थीहरू बीचको संझौताद्वारा संघर्ष स्थगित गरिएको थियो ।

मूल्यबृद्धि गरेर प्रतिलिटर २६ रूपैयाँ पुऱ्याइएको मट्टितेलको भाउ वामपन्थीहरूको संघर्षको परिणामस्वरूप अब २२ रूपैयाँमा झारिएको छ । यसलाई संघर्षको आंशिक सफलता भनेर बुझ्न थालिएको छ । त्यस्तो किन भएको छ भने सरकार साँच्चैनै संवेदनशील र जनउत्तरदायी हुने हो भने मट्टितेलको भाउ त्योभन्दा पनि अझ कम गर्न सकिन्थ्यो भन्ने कुरा अर्थविद्हरू बताउँछन् । जेहास्, जनजीविकाजस्तो आम जनताको प्रत्यक्ष सरोकार भएको विषयमा प्रभावकारी संघर्ष उठाइएको र त्यसलाई परिणामदायी विन्दुसम्म पुऱ्याइएको यो सबभन्दा पहिलो घटना हो । यसअघि महँगीको विरोधमा संघर्षहरू भएका त थिए तर ती संघर्षहरूले कुनै पनि बस्तुको भाउ एक रूपियाँसम्म पनि घटाउन सकेका थिएनन् । अहिले प्रतिलिटर मट्टितेलमा ४ रूपियाँ घटाउन सरकारलाई बाध्य पार्नु संघर्षशील पक्षको सफलता नै हो ।

> यसअघि महँगीको विरोधमा संघर्षहरू भएका त थिए तर ती संघर्षहरूले कुनै पनि बस्तुको भाउ एक रूपियाँसम्म पनि घटाउन सकेका थिएनन् ।

नेकपा (माले), नेकपा (मसाल), नेपाल मजदूर किसान पार्टी, संयुक्त जनमोर्चा, संयुक्त राष्ट्रिय जनआन्दोलन, नेकपा (एकता केन्द्र), नेकपा (संयुक्त), नेकपा (मालेमा), नेकपा (मार्क्सवादी) आदि राजनीतिक संगठनहरू सम्मिलित नौ वाम समूहले अहिलेको मूल्यबृद्धिविरूद्ध सर्वप्रथम संघर्षका कार्यक्रमहरू संचालन गरेका थिए । यस पटकको सकारात्मक पक्षचाहिँ के हो भने प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) पनि पेट्रोलियम पदार्थको मूल्यबृद्धिविरूद्ध तत्परतासाथ सडक संघर्षमा सहभागी भएको थियो ।

नौ वाम समूहले पेट्रोलियम पदार्थको मूल्यबृद्धिको विरोधमा कार्तिक १ गते नै नेपाल आयल निगम अगाडि धर्ना दिएको थियो भने एमाले एक्लैले त्यसै दिन रत्नपार्कमा चक्का जाम गरेको थियो । एमालेले त्यसपछि कार्तिक २ गते रत्नपार्कमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पुतला जलाएको थियो । एमालेले कार्तिक ३ गते प्रधानमन्त्रीलाई मूल्यबृद्धि रोक्न अनुरोध गर्दै अन्यथा संघर्ष गर्ने चेतावनीसहित ज्ञापन-पत्र पनि दिएको थियो । यसरी शुरूमा छुट्टाछुट्टै भए पनि संघर्षको मामिलामा वामपन्थीहरूको सोचमा एकरूपता देखापरेको थियो । संभवतः सडक संघर्षमा एमाले समेतको ऐक्यवद्धताको कारणले नै यस पटकको संघर्ष परिणामदायी विन्दुमा पुगेको हो ।

संघर्ष र वार्ताका दुवै हतियारहरू यस पटक राम्ररी तिखारिएका थिए । तैपनि संघर्षको प्रारम्भिक चरणमा नौ वामको संघर्षमा सम्मिलित भएर संघर्षलाई छिटो परिणामदायी उँचाईमा पुऱ्याउन प्रमुख प्रतिपक्षी दल एमाले तयार नभएको घटनालाई नेपालको वाम आन्दोलनमा जीवित रहेको संकीर्णताको रूपमा बुझ्न सकिन्छ । त्यस प्रकारको संकीर्णता थेरथोर सबै वाम पार्टीहरूमा जीवित छ र त्यसले आगामी दिनहरूमा गरिने एकतावद्ध संघर्षको निम्ति नकारात्मक प्रभाव पार्ने प्रबल संभावना छ । नौ वाममा आवद्ध नभए पनि यस पटक एमालले एक्लो वीर बनिरहने चाहनालाई त्यागेको देखियो । यो चाहिँ संघर्षको क्रममा एमालेमा पलाएको राम्रो सुझबुझ हो । आगामी स्थानीय निर्वाचनमा परिणाम आफ्नो पक्षमा पार्न वामपन्थी शक्तिहरूलाई आफ्नो नजिक राख्नुपर्ने बाध्यताले मात्र एमालेले त्यसो गरेको हो भन्नेहरू पनि छन् । यदि त्यस्तै हो भने पनि संघर्षलाई परिणामदायी विन्दुसम्म पुऱ्याउन यतिबेला एमालेले गरेको योगदान प्रशंसनीय नै मान्नुपर्दछ । यस पटकको संघर्षको क्रममा देखिएको एमालेको आलोच्य पक्ष चाहिँ निर्वाचन आयोगबाट राष्ट्रिय पार्टीको मान्यतासमेत पाइसकेको राजनीतिक पार्टी मालेलाई अराजनीतिक ढंगले तिरस्कार गर्नु हो । नौ वाममा सम्मिलित नेकपा (माले)बाहेक बाँकी आठ वामसँग एमालेले कार्तिक ६ गते संयुक्त आन्दोलनको प्रस्ताव बोकेर वार्ता चलाएको थियो । त्यो वार्तालाई नौ वाम फुटाउन गरेको षडयन्त्रको रूमपा मालेले टिप्पणी गरेको थियो । यो टिप्पणीमा केही सत्यता देखिन्छ । उता नौ वामले चाहिँ नौ वामको मोर्चामा सहभागी हुन एमालेलाई कार्तिक ७ गते आह्वान गरेको थियो । तर एमालेले त्यो आह्वानलाई टेरपुच्छर लगाएन । बरू उसले मालेलाई किनारा लगाउने शैलीमा चार वाम समूहको निर्माण गऱ्यो ।

एमालेको पहलमा कार्तिक १४ गते नौ वाममा संलग्न मसाल, एकता

## एमालेले यसरी चार वामको मोर्चा बनाउनुपर्ने कारण त बुझियो तर...

केन्द्र र संयुक्त जनमोर्चा सहितको चार वाम समूहको अर्को मोर्चा बन्यो । एमालेले यसरी चार वामको मोर्चा बनाउनुपर्ने कारण त बुझियो तर एउटै विषयको उस्तै संघर्षमा एकातिर नौ वाममा पनि रहेर काम गर्ने अर्कोतिर एमालेसँग पनि काम गर्ने एकता केन्द्र र मसालको दोहोरो भूमिकाको औचित्य चाहिँ बुझिएन ।

उता प्रतिपक्षी राजनीतिक पार्टीहरू, खास गरी वामपन्थी पार्टीहरू संघर्षको कार्यक्रमसहित सडकमा उत्रिएकाले सरकारले सहुलियत दरमा कुपन प्रथाद्वारा दिने निर्णय गरेको प्रतिपरिवार मासिक ३ लिटर मट्टितेलको सट्टा दुई लिटर थपेर प्रतिमहिना ५ लिटर दिने घोषणा गर्‍यो । सरकारले यो घोषणा कार्तिक ८ गते नै गरेको थियो । कार्तिक ८ गते यसरी एकातिर जनतालाई थोरैमात्र राहत हुने समाचार आयो भने त्यसै दिन बेलुकी आम नेपालीको निम्ति दुःखद् समाचार पनि थपियो । त्यस दिन बेलुकी मूल्यवृद्धिको विरोधस्वरूप प्रधानमन्त्रीको पुतला भुङ्ग्याउन एमालेले रा[illegible]को कार्यक्रमअनुसार बौद्धमा प्रमको पुतला झुण्ड्याउन लाग्दा बिजुलीको तारमा छोइएर ३५ वर्षीय एमाले कार्यकर्ता किसन लामाको दुःखद् निधन भयो । पेट्रोलियम पदार्थको मूल्यवृद्धिविरोधी आन्दोलनमा त्यसरी एकजना होनाहार कार्यकर्ताको मृत्युसमेत भएको घटनालाई सबैले नराम्रो दुर्घटनाको रूपमा लिए ।

मशाल जुलुसहरू भए, त्यसमा प्रहरी हस्तक्षेप भयो । कोही गिरफ्तार भए, कोही घाइते । तर पनि यतिन्जेल सरकारले आन्दोलनकारीको आवाजलाई सुनेन । उल्टै पेट्रोलियम पदार्थमध्ये पेट्रोल र डिजेलमा बढेको मूल्य कसैगरी पनि नघटाउने ढिपी प्रदर्शन हुने गरी सरकारले कार्तिक ४ गते सार्वजनिक यातायातका साधनमा सवारी भाडा ७ प्रतिशत बढ्यो । तर पनि आन्दोलनकारीहरू संघर्षका नयाँ नयाँ कार्यक्रमहरूसहित सडकमा उत्रिएकाले सरकारले बाध्य भएर आन्दोलनकारी शक्तिहरूसँग वार्ता थाल्ने लचकता देखायो ।

माथि नै भनियो, संघर्ष र वार्ताका दुवै हतियारहरू यसपटक राम्ररी तिखारिएका थिए । तर वार्ताको हतियार संघर्षको तुलनामा कुशलतापूर्वक तिखारिएको जस्तो भएन ।

सरकार र नौ वामबीच कार्तिक २४ गते भएको पहिलो चरणको वार्ता विफल भएको थियो । त्यसपछि कार्तिक २७ गते सरकार र नौ वामबीच अर्को वार्ता भयो । त्यस चरणको वार्तामा मट्टितेलको भाउ २२ रूपैयाँमा झार्न आन्दोलनकारीहरू समक्ष सरकार राजी भएको समाचार सार्वजनिक भएको थियो । तर वार्तामा सहभागी आन्दोलनकारीहरूको मतमा एकरूपता र वार्तामा कूटनैतिक कुशलता दुवैको अभावले गर्दा एकातिर मंसिर १ र २ गतेको **नेपाल बन्द**को घोषणा यथावत् रह्यो भने अर्कोतिर, संझौताको बिन्दुमा पुग्ने बेलासम्म पनि मट्टितेलको भाउ २२ रूपैयाँभन्दा कम गराउन आन्दोलनकारीहरू सफल भएनन् । कार्तिक २९ गते नौ वाम र सरकारबीच उप-प्रधानमन्त्री रामचन्द्र पौडेलको कार्यकक्षमा भएको अर्को वार्ता पनि विफल भयो । बन्दको एक दिन अगाडिसम्म राजधानी काठमाण्डौका सडकहरूमा समेत नौ वाम र एमालेका कार्यकर्ताहरू बन्द सफल गराउने प्रचारात्मक काममा क्रियाशील थिए । तर त्यो क्रियाशीलताको कुनै अर्थ रहेन । कार्तिक ३० गते राती आन्दोलनकारी र सरकारबीच अन्तिम वार्ता भयो र त्यस वार्तामा सहभागी आन्दोलनकारी शक्तिहरूले ४ दिन अगाडि सरकारले राखेको प्रस्तावलाई नै अनुमोदन गरेर मट्टितेलको मूल्य प्रतिलिटर २६ रूपैयाँबाट २२ रूपैयाँमा झार्ने कुरामा सहमति दिँदै दुई दिने **नेपाल बन्द**को घोषणा फिर्ता लिए । यसबाट एकातिर संझौताको पत्यारिलो खबर समयमै सबैतिर पुग्न पाएन । र, कतैकतै पहिलो दिन आंशिक बन्द कायमै रह्यो भने अर्कोतिर, थोरैमात्र मूल्य घटाएर आन्दोलन फिर्ता लिएकोमा तल्ला तहका आन्दोलनकारीहरू निराश पनि देखिए ।

वार्ता प्रक्रियामा कुशाग्र बुद्धि, दृढ अडान र वैचारिक एकरूपता सहितको कूटनैतिक प्रस्तुति आन्दोलनकारी-हरूमा देखा नपर्नु यस पटकको संघर्षको एउटा उल्लेखनीय पाटो हो । यी सबै कुराहरू हुँदाहुँदै पनि मूल्यवृद्धिविरोधी संघर्षको इतिहासमा यस पटकको संघर्ष प्रशंसनीय नै छ, किनभने माथि नै भनियो - यस अघिको यस्तो संघर्षले मूल्य घटाउने कार्य गर्न सकेको थिएन । ❑

## मालेले अन्तरपार्टी जनवादमा जोडदिनु जरुरी

नेकपा (माले)को राष्ट्रिय सम्मेलन यही मंसिर २३ गतेदेखि २७ गतेसम्म काठमाण्डौमा हुँदैछ । उक्त सम्मेलनलाई व्यवस्थित ढंगले सम्पन्न गर्नको निम्ति एउटा मूल व्यवस्थापन समिति र अन्य विभिन्न उप-समितिहरू बनाइएका छन् । राष्ट्रिय सम्मेलनको निम्ति न्यूनतम पचास प्रतिशत जिल्ला अधिवेशनहरू सम्पन्न गरिनुपर्ने केन्द्रीय कमिटीको पूर्व निर्णयलाई कार्यान्वयन गर्न अहिले महासचिव क. वामदेव गौतम लगायत अन्य केन्द्रीय नेताहरू जिल्ला जिल्लामा खटिएर जानुभएको छ ।

*नेकपा (माले)को राष्ट्रिय सम्मेलन यही मंसिर २३ गतेदेखि हुँदैछ !*

तर सम्मेलनको तिथि नजिकिनु सँगसँगै फरक मतका दस्तावेजहरूलाई पार्टीका तल्ला तहहरूका संगठित सदस्यहरूसम्म छलफल गराउने-नगराउने सम्बन्धमा विवाद बढ्दैगइरहेको छ । पार्टी केन्द्रको १४ औं बैठकले राष्ट्रिय सम्मेलनमा महासचिव क. वामदेव गौतमले प्रस्तुत गर्ने एउटै मात्र दस्तावेजमा छलफल गराइने कुरा निर्णय गरेको थियो । तर उक्त बैठक सम्पन्न भएको लगत्तैदेखि सो निर्णयको बिरूद्ध केन्द्रदेखि नै टीका-टिप्पणीहरू आउनथाले । यसै सन्दर्भलाई लिएर गत कार्तिक १६ गते नेकपा (माले)को पोलिटब्यूरोको बैठक बस्यो । पोलिटब्यूरोको त्यस बैठकले केन्द्रीय समितिमा प्रस्तुत चारवटै दस्तावेजहरू तल संगठित सदस्यहरूसम्म छलफलमा लाने निर्णय गरेको छ । पार्टी सूत्रअनुसार सो निर्णयलाई मंसिर ८ गतेको केन्द्रीय कमिटीको बैठकले अनुमोदन गर्दैछ ।

नेकपा (माले)को राष्ट्रिय सम्मेलनमा प्रस्तुत हुने चारवटा दस्तावेजहरूमध्ये पार्टी केन्द्रको आधिकारिक दस्तावेज अर्थात् बहुमतको दस्तावेजको रूपमा महासचिव क. वामदेव गौतमले प्रस्तुत गर्नुहुने 'जनताको बहुदलीय जनवाद'को कार्यक्रम र अर्को पोलिटब्यूरो सदस्य क. सी.पी. मैनालीले प्रस्तुत गर्नुहुने 'नयाँ जनवाद'को कार्यक्रम अहिले प्रमुख चर्चामा रहेका प्रतिद्वन्दी दस्तावेजहरू हुन् । अन्य फरक मतका दस्तावेजहरू प्रस्तुत गर्नु हुनेहरूमा क. शम्भुराम श्रेष्ठ र क. सिद्धिलाल सिंह हुनुहुन्छ ।

अहिले नेकपा (माले) वृत्तभित्र यसअघि केन्द्रीय संगठन कमिटीको १४ औं बैठकले राष्ट्रिय सम्मेलनमा वैचारिक बहसमाथि लगाउन पुगेको प्रतिबन्ध र कार्तिक १६ गतेको पोलिटब्यूरोले सो प्रतिबन्धलाई फुकुवा गर्ने पक्षमा निर्णय गरे पनि 'तल्लो तहसम्म व्यापक छलफल र बहस गर्न पर्याप्त समय अहिले बाँकी नरहेकोले राष्ट्रिय सम्मेलन पर सार्नुपर्छ' भन्ने फरक मत पक्षधरहरूको मागको सम्बन्धमा व्यापक चर्चा भइरहेछ । फरक मत पक्षधरहरू, फरक मतका दस्तावेजहरू तल्लो तहका संगठित सदस्यहरूसम्म छलफल गराउने हो भने त्यसको लागि कम्तिमा एक महिनाको समय चाहिने बताउँछन् । उनीहरूको कथनअनुसार यदि त्यसो नगर्ने हो भने 'फरक मतलाई तल्लो तहसम्म बहस छलफल गराइने' भन्ने कुरा हात्तीको देखाउने दाँतजस्तै सावित हुनेछ ।

तर नेकपा (माले)को बहुमत पक्ष भने राष्ट्रिय सम्मेलनलाई पूर्व निर्धारित समयमै सम्पन्न गरिने कुरामा दृढ छ । फरक मतलाई छलफलमा लैजान दिन राष्ट्रिय सम्मेलनलाई केही पर सार्नुपर्छ भन्ने क. सी.पी. मैनाली समेतको मागको सन्दर्भमा नेकपा (माले)को बहुमत पक्षका केन्द्रीय सदस्य क. राजेन्द्र श्रेष्ठ भन्नुहुन्छ :

"राष्ट्रिय सम्मेलन भनेको केटाकेटीको खेल होइन । .... राष्ट्रिय सम्मेलनलाई पछि सार्न सकिँदैन । घोषित मितिमै सम्पन्न हुन्छ ।" उहाँ अझ अगाडि भन्नुहुन्छः "नेकपा (माले)को पुनर्गठनसँगै घोषणा-पत्र जारी भएको थियो । घोषणा-पत्रमा बहुदलीय जनवाद भनेको नयाँ जनवादको विकसित रूप हो भन्ने कुरामा सर्वसम्मति भएको थियो । त्यो कुरालाई भुलेर अहिले नानाथरिका कुरा गरेर हुँदैन । (हेर्नुहोस् : साप्ताहिक *जनधारणा*, वर्ष ९, अंक-२२)

अन्तरपार्टी जनवाद नै थियो । यदि नेकपा (एमाले)भित्रको अल्पमत पक्षलाई आफ्नो मत निर्वाध रूपमा राख्न दिइएको भए र राजनीतिक रूपले चलखेल गर्न दिइएको भए संभवतः नेकपा (माले)को जन्म नै हुने थिएन ।

जनवादी केन्द्रियता भनेको हात उठाउन लगाएर बहुमत पुऱ्याउने र बहुमतको निर्णय सबैमा लाद्ने होइन । त्यस्तै, जनवादी केन्द्रियता भनेको अल्पमतलाई कदर गर्ने भनेर त्यसलाई बहुमतको दराजमा थन्क्याउने होइन । जनवादी केन्द्रियता भनेको नेकपा (माले)का पोलिटब्यूरो सदस्य क. अशोक राईले भन्नुभएजस्तैः "तत्काल विमतिहरूका बीचमा पनि कसरी काम गर्ने भन्ने बाटो" (साप्ताहिक *प्रकाश*, वर्ष १८, अंक-४४) देखाउने एक औजारमात्र पनि होइन । जनवादी केन्द्रियता भनेको त जनवादको जगमा खडा भएको केन्द्रियता हो । अर्थात् आम सदस्यहरूका विचारहरूको संश्लेषणबाट निस्केको विचारलाई केन्द्रीय विचार बनाउनु र लागू गर्नु नै जनवादी केन्द्रियता हो । त्यसैले जनवादी केन्द्रियतामा प्राथमिक कुरो जनवाद हो, व्यापक जनवाद हो । तर त्यो जनवाद केन्द्रियताबाट अलग रहन सक्तैन । अर्थात् विचार कार्यान्वयनको सन्दर्भमा केन्द्रियताले प्रधान भूमिका खेल्छ, तर त्यसको आधारस्तम्भ जनवाद हुन्छ ।

जनवादको अभावमा विचारहरूले चलखेल गर्न पाउँदैनन् । फलस्वरूप त्यस स्थितिले गुट र उपगुटहरूलाई जन्म दिन्छ । गुट र उपगुटहरूले षडयन्त्र र चालबाजीहरूको संस्कृतिलाई प्रोत्साहन दिन्छन् । यसले पार्टीमा अनिवार्य रूपमा फूट गराउँछ ।

त्यसैले नेकपा(माले)लाई एकताबद्ध बनाइराख्ने हो भने त्यसको नेतृत्वले अन्तरपार्टी जनवादलाई व्यापक रूपले लागू गर्नु जरूरी देखिन्छ । क. वामदेव गौतमले प्रस्तुत गर्ने 'जनताको बहुदलीय जनवाद' ठीक छ कि क. सी.पी. मैनालीले प्रस्तुत गर्ने 'नयाँ जनवाद'को कार्यक्रम ठीक छ ? भन्ने कुरो आफ्नै ठाउँमा छ । तर पार्टीको राष्ट्रिय सम्मेलन अगाडि सम्पूर्ण विचारहरूलाई व्यापक र निर्वाध रूपले छलफल गर्न दिनुले उन्नत विचारलाई जन्म गराउन महत्वपूर्ण भूमिका खेल्नुका साथै पार्टीलाई अझ एकताको सूत्रमा बाँधी मजबूत बनाउँछ भन्ने कुरा नेकपा



वामदेव गौतम

**क. वामदेव गौतमले प्रस्तुत गर्ने 'जनताको बहुदलीय जनवाद' ठीक छ कि क. सी.पी. मैनालीले प्रस्तुत गर्ने 'नयाँ जनवाद'को कार्यक्रम ठीक छ ? भन्ने कुरो आफ्नै ठाउँमा छ । तर....**



सी.पी. मैनाली

केन्द्रीय संगठन कमिटीको १४ औं बैठकले राष्ट्रिय सम्मेलनमा एउटै दस्तावेज मात्र छलफल गराइने भनेर गरेको निर्णयका बिरूद्धमा नेकपा (माले)का भोजपुर, खोटाङ्ग, झापा र लुम्बिनी अंचल उपव्यूरोहरूले बिद्रोह गर्ने धम्की दिएका थिए । फरक मत पक्षधरहरूको एक अनुमानअनुसार सम्भवतः यही कारणले गर्दा पनि कार्तिक १६ गतेको पोलिटब्यूरो बैठकले पार्टीको राष्ट्रिय सम्मेलनमा अन्य फरक मतका दस्तावेजहरूलाई पनि छलफलमा ल्याइने भन्ने कुराको निर्णय गरेको हो । तर बाध्य भएर फरक मतहरूलाई राष्ट्रिय सम्मेलनमा छलफलको लागि प्रस्तुत गर्न दिइने निर्णय गरे पनि त्यसलाई तल्लो तहसम्म छलफलमा लैजान आवश्यक समय बहुमत पक्षले नदिएको आरोप अहिले अल्पमत पक्षधरहरूले लगाइरहेका छन् ।

घटनाहरूले के देखाइरहेका छन् भने नेकपा (माले)भित्र अझै अन्तरपार्टी जनवादको समस्या जटिल रूपले बाँकी रहेको छ । हिजो नेकपा (एमाले) फुटेर नेकपा (माले) बन्न पुग्नुमा पनि मूल समस्याको रूपमा (माले)को नेतृत्वले बुझ्नु जरूरी देखिन्छ । गएको एक डेढ वर्ष यतादेखि नेकपा (माले) पहिले जत्तिको एकताको सूत्रमा बाँधिएको देखिँदैन । यो स्थिति न नेकपा (माले)को हितमा छ, न त देशको हितमा नै ।

अर्को कुरो, नेकपा (माले)ले अहिलेसम्म नेपाली क्रान्तिको कार्यक्रमको रूपमा क. मदन भण्डारीले अगाडि ल्याउनुभएको 'जनताको बहुदलीय जनवाद'लाई नै मान्दैआएको छ । त्यसैले उसले जनतासामु आफूलाई कार्यक्रमिक रूपमा नेकपा (एमाले)भन्दा फरक देखाउन सकेको छैन । यसले गर्दा नेकपा (माले)को अलग्गै अस्तित्वमा प्रश्न चिन्ह खडा भएको छ ।

तर नेकपा (माले) नौ वामभित्र रही जनजीविकासम्बन्धी जल्दाबल्दा समस्याहरू तथा राष्ट्रियतासम्बन्धी सवालहरूमा लगातार सडक संघर्षमा उत्रिरहेको छ । यो उसको सकारात्मक पक्ष हो । यो सकारात्मक पक्षलाई जोगाउने र विकास गर्ने हो भने नेकपा (माले)को अहिले हुन लागिरहेको राष्ट्रिय सम्मेलनको मूल ध्यान देशका समस्याहरूमा केन्द्रित गर्नुपर्ने देखिन्छ । ❑

– तुल्सीदास महर्जन



# अखिल (क्रान्तिकारी) को राष्ट्रिय सम्मेलन स्थगित

*आउँदो मंसिर २० देखि २६ गतेसम्म काठमाण्डौमा हुने भनेर पूर्व प्रचारित नेकपा (माओवादी) समर्थक अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (क्रान्तिकारी)को राष्ट्रिय सम्मेलन अकस्मात स्थगित गरिएको छ । उक्त यूनियनका १५ औं राष्ट्रिय सम्मेलन आयोजक समितिका अध्यक्ष देवेन्द्र पराजुलीले मंसिर १ गते एक विज्ञप्ति जारी गरी सो कुराको घोषणा गर्नुभएको छ ।*

*विज्ञप्तिमा अध्यक्ष पराजुलीले भूमिगत नेकपा (माओवादी)द्वारा संचालित जनयुद्धलाई दबाउन गिरीजा सरकारले चलाएको हत्या, गिरफ्तारी र यातनाका विरूद्ध जनता आन्दोलित भइरहेको कुरा उल्लेख गर्नुहुँदै स्थगित राष्ट्रिय सम्मेलनका कार्यक्रमहरू उपयुक्त समयमा प्रकाशित गरिने जानकारी दिनुभएको छ ।*

*यसैबीच अखिल (क्रान्तिकारी)को १६ औं काठमाण्डौ जिल्ला सम्मेलन कार्तिकको ३० गते सम्पन्न भएको छ । कार्तिक २९ गते स्थानीय महेन्द्ररत्न क्याम्पस तहाचलमा सो सम्मेलनको उद्घाटन भएको थियो ।*

*त्यसअघि अखिल क्रान्तिकारीको सो जिल्ला सम्मेलन लैनचौरस्थित सरस्वती क्याम्पसमा गर्ने निर्णय भएको थियो । तर सरस्वती क्याम्पसमा उद्घाटन गर्नलाग्दा सरकारले व्यापक प्रहरी हस्तक्षेप गऱ्यो । त्यसैले समय र स्थान दुवै सारेर अखिल क्रान्तिकारीले तहाचलमा सम्मेलन सम्पन्न गरेको थियो ।*

*अखिल (क्रान्तिकारी)को राष्ट्रिय सम्मेलनमा पनि सरकारले दमन गर्ने कुरा पूर्वनिश्चित नै थियो । तैपनि किन काठमाण्डौमा सम्मेलन गर्ने घोषणा गरिएको हो र किन स्थगित गरिएको हो भन्ने कुरा भने अस्पष्ट नै छ ।* ❑

❑ सरकार-माओवादी वार्ताको संभावना खोज्न म सक्रिय भएँ । मलाई कांग्रेसकै एउटा लबीले गिरिजाको पक्ष लिएको आरोप लगायो ।


❑ क. प्रचण्डले मलाई फोन गरी वार्ताबारे वातावरण बनाउन सरकारसमक्ष कुरा लगिदिन भन्नुभयो । पछि क. रवीन्द्र श्रेष्ठ र गृहमन्त्री रामचन्द्र पौडेलबीचको वार्तामा मलाई साक्षी राखियो । फोनमा भएका कुरा र अनौपचारिक वार्ताबारेको मेरो सकारात्मक प्रतिक्रिया उहाँहरूकै सहमतिमा मैले प्रेसमा दिएँ । मलाई प्रचारमुखी भएको आरोप लगाइयो ।

यस्ता आरोपहरू त मानवअधिकारको पक्षमा सत्य बोल्न खोज्ने हामीहरूलाई कामका क्रममा पटक पटक लाग्ने गर्छन् नै । तर पनि सरकार-माओवादीबीच वार्ता हुनुपर्छ भन्ने कुरामा प्रयत्न गर्न हामीले छाड्नु हुँदैन भन्ने म ठान्दछु ।

यसो भन्नु हुने स्वतन्त्र वाम तथा मानवअधिकारवादी नेता क. पद्मरत्न तुलाधरसँग हामीले यस प्रसंगबारे संक्षेप-वार्ता गरेका थियौं । प्रस्तुत छन्, त्यसका मुख्य मुख्य अंशहरू ।

- हरिगोविन्द लुइँटेल

# म गृहमन्त्रीसँगै थिएँ, उता पत्रकार सम्मेलनको नाटक रचिँदैरहेछ



- पद्मरत्न तुलाधर

❑ दिनेश शर्मालाई सरकारले आत्मसमर्पणको वक्तव्य दिन लगाएर नाटकीय ढंगमा छाडेपछि सरकार-माओवादी वार्ताको वातावरण बिग्रिएको स्थितिमा तपाईंको 'साख गिऱ्यो' भन्नेहरू पनि देखिए नि !

-स्वयं संचारमन्त्रीले नै मेरो साख गिरेको कुरा गर्नुभएछ । म छक्क परिरहेछु- वार्ताको वातावरण बन्नै लागेको बेलामा षड्यन्त्रात्मक व्यवहार गर्ने यो सरकारको साख गिऱ्यो कि सत्य बोल्न चाहने मेरो साख गिऱ्यो, त्यो त जनताका सामु प्रष्ट नै छ नि !

❑ भू.पू. गृहमन्त्री गोविन्दराज जोशीले पनि तपाई सरकारमा छँदाचाहिँ वार्ताबारे तपाईंले वास्ता गर्नुभएन, अहिले चाहिँ ज्यादा सक्रिय हुनुभयो भन्ने आशयको आरोप लगाउनुभएको छ नि !

- एउटा लेखमा उहाँले त्यस्तो लेखेको मैले पनि पढेँ । म स्वास्थ्यमन्त्री भएको एमालेको नौ महिने सरकारमा हो । त्यतिखेर माओवादी जनयुद्ध यसरी चर्केकै थिएन । वार्ताको प्रसंग नै थिएन । गोविन्दराजजीले त मलाई वामदेव गौतम संलग्न भएको सरकारको मन्त्री भनेर पो उल्लेख गर्नुभएछ, जुन कुरा सरासर झुठ हो ।

डेढ दुई वर्षअघि केही भारतीय कम्युनिष्ट पार्टीहरुको आयोजनामा भएको नेपालमा जनदमन बन्द गर्ने मागसहितको एउटा जुलूस-आमसभामा मैले मानवअधिकारवादीको हैसियतले भाग लिएको कुरालाई पनि उहाँहरु मैले 'कलकत्तामा माओवादीको सम्मेलनमा भाग लिएको' जस्ता मनगढन्त आरोपहरु लगाइरहनुभएको छ । उहाँहरु यस्ता झुठहरु किन बोलिरहनुभएको छ, म छक्क परेको छु ।

❑ दिनेश शर्मा प्रकरणमा सरकारले षड्यन्त्रात्मक व्यवहार गऱ्यो भनी तपाईंले भन्नुभयो । सरकार त षड्यन्त्र भएको छैन भन्छ नि त ?

- शेरबहादुर देउवा प्रधानमन्त्री हुनुहुँदा उहाँले पनि माओवादी र सरकारबीच वार्ताको वातावरण बनाइदिन मलाई भन्नुभएको थियो । पछि गृहमन्त्री रामचन्द्र र प्र.म. गिरिजा स्वयंले पनि मलाई यस निम्ति पहल गरिदिन भन्नुभयो । अनौपचारिक वार्ताकै निम्ति पनि गृहमन्त्री र माओवादी दुवैले मलाई तालमेल मिलाउन भन्नुभयो । मसमेत सँगै रहेर अनौपचारिक वार्ता संपन्न पनि भयो । औपचारिक वार्ताको वातावरण बनाउनका लागि दिनेश शर्मा, मातृका यादव लगायतका बेपत्ता पारिएका माओवादी नेता-कार्यकर्ताहरुको स्थिति सार्वजनिक गर्नुपर्ने भन्ने माओवादीहरुको पहिलो शर्त त्यतिखेर पनि प्रस्तुत भएको थियो । यो माग त एमनेष्टी इन्टरनेशनलजस्ता मानवअधिकारवादी संस्थाहरु समेतले राख्ने खालको माग नै हो नि ! यो माग पूरा गर्नतिर सरकारले पहल गर्ला भन्ने हामीले ठानेका थियौं ।

त्यस दिन एक डेढ घण्टा अगाडिसम्म पनि म गृहमन्त्री रामचन्द्रको अफिसमा छु । ७३ जना बेपत्ता पारिएकाहरुको प्रथम लिष्ट माओवादीले मलाई उपलब्ध गराएको थियो । त्यो लिष्टबारे गृहमन्त्रीसँग कुरा हुँदैथियो । उहाँले अर्को एक पटक अनौपचारिक वार्ता गर्न पाएहुन्थ्यो भन्दै हुनुहुन्थ्यो । त्यो अनौपचारिक वार्तालाई गोप्य राख्न पनि आफू तयार रहने कुरा पनि भन्दै हुनुहुन्थ्यो । तर ठीक त्यतिखेर नै अर्कातिर भने दिनेश शर्मले पार्टी त्यागेको वक्तव्य पढाउने पत्रकार सम्मेलनको तयारी पो हुँदैरहेछ । त्यतिखेर यसबारे गृहमन्त्रीले मसँग केही पनि भन्नुभएन । यो सरासर धोका हो ।

वार्ताको प्रक्रियाअन्तरगत नै दिनेश शर्मालाई छोड्न खोजेको भए यो धोका वा नाटक किन ? यसो गर्न चाहेको भए मध्यस्थकर्ताको सामु वा कुनै माओवादी प्रतिनिधिकै सामु प्रजातान्त्रिक तरीकाले, मानव अधिकारसम्मत तरीकाले वा राजनीतिक तवरले छोड्नुपर्थ्यो ।

❑ यो भनेको के हो ?

- यो भनेको कहिले, कुन आरोपमा पक्रेको, कहाँ कुन ऐनअन्तरगत राखिएको आदि कुराहरु संविधानसम्मत खुलाएर अचानक कसैको राजनीतिक आस्थामा परिवर्तन गर्ने बाध्यता खडा नगरिकन, राजनीतिक प्रतिनिधिहरु वा आफन्तहरुलाई बोलाएर जिम्मा लगाइनुपर्थ्यो भनेको हो । दिनेश शर्मा र दीनानाथ गौतमबाहेक अरुको बारेमा के त ? - त्यो पनि त प्रष्ट हुनुपऱ्यो । यस्तो नाटकीय र जाली व्यवहारले सरकारको व्यवहारमा ठूलो विश्वासको प्रश्न पैदा भएको छ ।

❑ दिनेश शर्माले त स्वेच्छाले पार्टी त्यागेको वक्तव्य दिएका हुन् भन्ने सरकारी दावी छ नि त !

-कानूनी राजमा कसैलाई एघार महिनासम्म बेपत्ता पारिन्छ र अचानक प्रहरीको घेराउमा पत्रकार सम्मेलन गराइन्छ भने त्यसले आफैंमा बल प्रयोगको ठाडो संकेत गर्छ । त्यसमाथि पनि तीन घण्टापछि नै दिनेश शर्मा आफैंले यो कुरा सार्वजनिक गरे । उनको जिब्रो बेलाबेलामा अस्वभाविक रुपले बाहिर निस्कने गरेको र अनुहारको भाव उडेको दृष्यले पनि यही संकेत गर्दथ्यो ।

❑ दिनेश शर्माको पनि त कमजोरी देखिएन र ?

-उहाँहरुकै पार्टीको क्रान्तिकारी अडानको कोणबाट भन्ने हो भने निश्चितै रुपमा उहाँमा कमजोरी देखियो । त्यत्रो ठूलो जिम्मेवारी बोकेको मान्छेमा त्यस्तो कमजोरी नहुनु पर्ने हो । यसै भएर होला, उहाँको पार्टीले उहाँलाई निष्कासन गरेको । तर मानवीय कोणबाट भन्ने हो भने चाहिँ मान्छेको पीडा सहने हद नाघेपछि उसले आत्मसमर्पण, क्षणिक आत्मसमर्पण वा आत्मसमर्पणयुक्त चालबाजी पनि गर्नसक्छ । मैले मानवअधिकार क्षेत्रमा काम गर्दा थुप्रै त्यस्ता मान्छेहरु भेटेको छु, जो पुलिसको असैह्य यातना खपिरहेको हुन्छ र पनि हामी भेट्न जाँदा प्रहरीबाट आतंकित भएर मुखले भने 'यातना दिइएको छैन' भन्ने जवाफ दिइरहन्छ ।

❑ गृहमन्त्री स्वयंले पनि यो नाटकबारे शुरूमा थाहै नपाएका त हैनन् ?

- कि रामचन्द्रले पनि यो नाटकबारे थाहै पाएनन्, कांग्रेसको अर्कै लबीले, संचारमन्त्रीको नेतृत्वमा यो नाटक गऱ्यो । कि त उनले मसँग पनि ठूलो नौटंकी गरे, ठूलो धोकावाज व्यवहार गरे । गृहमन्त्रीको सट्टा संचारमन्त्रीको वक्तव्य आउनुले चाहिँ रामचन्द्रजीलाई पनि थाहै नदिई निरीह पारिएको संकेत मिल्छ । नत्र किन त उहाँ एकैछिन अघिसम्म पनि मसँग अर्को अनौपचारिक वार्ता जरुरी भएको कुरा गर्दै हुनुहुन्थ्यो त ?

❑ अब वार्ता होला त ?

-यो एउटा घटनामा भएको धोकापूर्ण व्यवहारले सरकारको नियतमा ठूलो प्रश्नचिन्ह लगाएको छ । तर पनि यसै घटनामा अड्किएर वार्ताको पहल गर्न छोड्नु हुन्न भन्ने म ठान्दछु । माओवादीहरुले पुनः वार्ताको प्रस्ताव गरेका छन् । उनीहरु यस मामलामा लचिलो देखापरेका छन् । अब सरकार कसरी प्रस्तुत हुन्छ ? वार्ता हुने नहुने कुरा यसैमा भरपर्छ । म भन्छु - मुलुकलाई गृहयुद्धमा भासिन नदिनका लागि सरकारले वार्ताको बाटो रोज्नैपर्छ । अन्य विकल्प छैन । ❑

***गृहमन्त्री स्वयंले पनि यो नाटकबारे शुरूमा थाहै नपाएका त हैनन् ?***

# एमालेद्वारा आयोजित अन्तर्राष्ट्रिय समाजवादी सम्मेलन

# सम्मेलनका महत्वपूर्ण पाँच उपलब्धिहरू

– श्याम श्रेष्ठ –

◆ परिवर्तित विश्व परिस्थितिमा समाजवादी खेमाले के के कुरामा सुधार गरेर कसरी अघि बढ्नुपर्छ भन्ने सवालमा व्यापक अन्तर्क्रिया ।

◆ सोभियत संघ र पूर्वी यूरोपमा कुन कुन गल्ती कमजोरीले समाजवादी व्यवस्था ढल्यो भन्ने सवालमा गहन बहस छलफल ।

◆ विश्व पूँजीवादको अन्याय र उत्पीडनका विरूद्ध अन्तर्राष्ट्रिय स्तरमा र क्षेत्रीय स्तरमा एकता र मोर्चाबन्दी विकास गर्ने कुरामा सबै एकमत ।

◆ आ-आफ्नो मुलुकमा समाजवाद अथवा कम्युनिष्ट आन्दोलन कुन समस्या भोग्दै कसरी अघि बढ्दैछ भन्ने सवालमा आ-आफ्नो दृष्टिकोण, सूचना, अनुभवको प्रस्तुति, आपसमा विचारहरूको आदान प्रदान ।

◆ कसैलाई पनि आपत पर्दा वा सहयोग चाहिँदा अत्यन्त छिटो र प्रभावकारी ढंगले विश्वभरि सन्देश संप्रेषण गर्न साझा वेव-साइट विकास गर्नुपर्छ भन्ने प्रस्तावको प्रस्तुति । आपसमा इमेल - वेव साइट, फोन नं. र ठेगानाको आदान प्रदान ।


*मुख्य उपलब्धि :*

◆ समाजवादको पक्षमा विश्व साम्राज्यवादविरूद्ध एकजूट भएर लड्नुपर्छ भन्ने साझा धारणाको विकास ।

◆ पहिलेभन्दा कम कटुतापूर्ण आपसी सम्पर्क, सम्बन्ध र समझदारीको विकास ।



**सम्मेलन काठमाण्डौमा सफलतापूर्वक आयोजना गरेर ने.क.पा. (एमाले)ले सारा नेपालीले गौरव गर्न लायकको एउटा प्रशंसनीय कार्य गरेको छ ।**




*कम्युनिष्ट पार्टी अफ अष्ट्रेलियाकी अध्यक्ष डा. एच. मिडिल्टन (बायाँ) । सम्मेलनको उद्घाटन समारोहमा बायाँबाट क्रमशः सुकोमल सेन, बेट्टी कार्लसन्, माधव कुमार नेपाल, यु होङजुन र डी राजा (तल)*

**ने**पालको इतिहासमा पहिलो पटक एक्काइसौं शताब्दीमा समाजवाद कसरी अघि बढ्नुपर्छ भन्ने सवालमा व्यापक बहस अन्तर्क्रिया गर्न एउटा विश्व स्तरको अन्तर्राष्ट्रिय समाजवादी सम्मेलन काठमाण्डौमा सफलतापूर्वक आयोजना गरेर ने.क.पा. (एमाले)ले सारा नेपालीले गौरव गर्न लायकको एउटा प्रशंसनीय कार्य गरेको छ । विश्वभरिका भिन्न भिन्न विचार प्रवृत्तिका अति बायाँदेखि दायाँसम्मका २९ वटा पार्टी वा संगठनका तर्फबाट ५० जना प्रतिनिधिहरूले भाग लिएको भनिएको "एक्काइसौं शताब्दीमा समाजवाद" शीर्षकको यो सम्मेलन कार्तिक २१ गते अन्तर्राष्ट्रिय सभा भवन, बानेश्वरको भव्य उद्घाटन समारोहबाट प्रारम्भ भएर कार्तिक २५ गते होटल मल्ल, लैनचौरको गरमागरम समापन सेसनमा अन्त्य भएको छ ।

नेपालको हिसाबले यो सम्मेलन ऐतिहासिक भएको छ, किनकि विश्वभरिका यति विविध विचार प्रवृत्तिका, यति ज्यादा पार्टी वा संगठनहरू एक्काइसौं शताब्दीमा समाजवादसम्बन्धी एउटै विषयमा विचार-विमर्श गर्न यसरी एकै ठाउँमा यस अघि कहिल्यै भेला भएका थिएनन् ।

देशको बागडोरनै सम्हाली रहेका चीनियाँ कम्युनिष्ट पार्टी, भियतनामी कम्युनिष्ट पार्टी, उत्तर कोरियाली श्रमिक पार्टी, इटालीयन कम्युनिष्ट पार्टीजस्ता शक्तिशाली पार्टीका प्रतिनिधिहरू पनि यसमा उपस्थित थिए । जंगलमा जीवनमरणको गुरिल्ला युद्ध लडिरहेका विश्व चर्चित फिलीपिनो कम्युनिष्ट पार्टीदेखि कम चर्चित तर युद्धरत बर्मेली कम्युनिष्ट पार्टीका प्रतिनिधिहरूसमेत यसमा सहभागी थिए । पूँजीवादी संसदमा यूरोपीयन पार्लीयामेण्टमा समेत सशक्त विपक्षीका रूपमा उदीयमान ग्रीसको कम्युनिष्ट पार्टी, एमाले स्वयम्, भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) र भा.क.पा.देखि लिएर संसदमा उपस्थित नभएका - डेनमार्कको कम्युनिष्ट पार्टी र अष्ट्रेलियन कम्युनिष्ट पार्टीहरूसम्म यो सम्मेलनको छलफलमा सामेल थिए । विचार प्रवृत्तिका हिसाबले अति कट्टरपन्थी अति वाम सोच राख्ने जर्मनीको एम.एल.पि.डी.जस्तो पार्टीदेखि - पूँजीवादी बजार अर्थतन्त्रको दरकिनारमा पुगिसकेको उग्र दक्षिणपन्थी सोच राख्ने चीनियाँ र भियतनामी कम्युनिष्ट पार्टीहरूसम्म यो सम्मेलनमा एकै ठाउँमा बसेर

विचार विमर्श गर्दै थिए । इन्द्रेणी सरह विचार प्रवृत्तिको अति विविधता नै यो सम्मेलनको एउटा प्रमुख विशेषता भएको थियो ।

सम्मेलनमा केवल दुई वर्ष पहिले स्थापित पाकिस्तानको 'नेशनल वर्कर्स पार्टी' देखि लिएर दुई वर्ष अघि नै स्थापित समाजवादी आन्दोलन, नेपालका सहभागीसम्मको उपस्थिति थियो । यतिसम्म कि एमालेले अहिलेसम्म छुट्टै संगठनको अस्तित्वसमेत नस्वीकारेको ने.क.पा. (माले)का एक जना शीर्षस्थ नेता क. सी.पी. मैनालीसमेत व्यक्तिगत तवरले ठूलो चाख राखेर यो सम्मेलनको छलफलमा सहभागी हुनुभएको थियो । सहभागिताको निम्ति एमालेले देखाएको यो लचकता सह्राहनीय कुरो भएको छ ।

यति विविध विचार प्रवृत्तिको सामेली भएको अन्तर्राष्ट्रिय सम्मेलनमा साझा विचार र निर्णयहरू धेरै हुनु संभवै थिएन । नभन्दै यस्तै भयो । सम्मेलनको अन्त्यमा पूर्व-निर्धारित 'काठमाण्डौ घोषणा-पत्र'मा साझा सहमति कायम हुन नसक्नाले यो जारी हुन सकेन । परन्तु यो सम्मेलनको सबैभन्दा महत्वपूर्ण उपलब्धि के भएको छ भने, अति चर्को ध्रुवीय विचार भिन्नताका वावजूद बैज्ञानिक समाजवाद विकासको लागि र विश्व साम्राज्यवादविरूद्ध र उसको अति नाफाको लागि पूँजी र व्यापारको विश्वव्यापीकरणका विरूद्ध सबै एकजूट भएर लड्नुपर्छ भन्ने सवालमा सबै सहमत भएका छन् ।

एकले अर्कोको भिन्न विचार ठ्याप्पै नसुन्ने र अति ज्यादा विचार भिन्नता भएतापनि सँगै बस्नेबित्तिकै साझा शत्रुविरूद्ध साझा काम के हुनसक्छ भनेर न्यूनतम साझाबिन्दु खोज्नुको सट्टा एकले अर्कोलाई मुख्य शत्रुको रूपमा जाइलाग्ने विश्वभरिका कम्युनिष्टहरूमा विद्यमान अन्ध कट्टरपन्थी प्रवृत्ति यो सम्मेलनमा कसैबाट पनि प्रकट भएन । सबैले सबैको विचार ध्यान दिएर सुने । आफ्नो फरकमत पनि स्पष्टसित राखे, तर न्यूनतम साझा कुराको पनि खोजी गरे । यसलाई विश्वभरिका वामपन्थीहरूमा आएको सांस्कृतिक परिपक्वताको रूपमा लिनुपर्छ भन्ने मलाई लागेको छ । यसले अरूबारेको आफ्नो समझदारी सही र बस्तुवादी बनाउन, आपसी सम्पर्क, सम्बन्ध र समझदारी फराकिलो पार्न र अनावश्यक कटुताको चीसो हिउँ फोड्न महत्वपूर्ण भूमिका खेलेको छ । सम्मेलनको यो अर्को सबैभन्दा गहकिलो उपलब्धि हो भन्ने मलाई लागेको छ ।

तर एउटा अत्यन्त खट्किने कुरो के रह्यो भने विश्वका यति विविध बायाँ, दायाँ र मध्य वैचारिक इन्द्रेणीहरू सम्मेलनमा सामेल हुँदा नेपालकै वामपन्थी खेमाका बैचारिक इन्द्रेणीका विविध रंगहरू भने सम्मेलनमा सहभागी देखिएनन् । सडकमा मट्टितेलको भाउ घटाउन एकजूट भएर संघर्ष गर्न सक्नेहरू सम्मेलनमा समाजवादबारे आ-आफ्नो धारणा पोख्न र अरूको कुरा सुन्न एकजूट हुन सकेनन् । यसले के देखाएको छ भने नेपालको वामपन्थी आन्दोलनमा सडक संघर्षको मामलामा लचिलोपन आए पनि वैचारिक सांस्कृतिक मामलामा चर्को कट्टरतावाद र सामन्ती छूवाछूतको संस्कृति अझै हावी छ । अन्यथा, विश्वभरिका अति बायाँ-अति दायाँ वामपन्थीहरू एकै ठाउँमा भेला भएर समाजवादबारे अन्तर्क्रिया र बहस गर्न सक्दा नेपालका वामपन्थीहरू त्यसो गर्न नसक्ने किन, नहुने किन ?

यही प्रश्न आयोजक समितिका संयोजक क. प्रदीप नेपालसमक्ष मूल्यांकनले राख्दा उहाँको जवाफ थियो - "हामीले पोहोर नै नेपालका मालेबाहेकका सबै वामपन्थी पार्टीहरूलाई सम्मेलन सम्बन्धमा औपचारिक चिट्ठी पठाएका थियौं, तर कुनै पार्टीले पनि यसमा प्रत्युत्तर दिएन र चाख लिएको देखिएन ।" उहाँको भनाइ थियो : "त्यसैले यसपाली हामीले व्यक्तिगत रूपमा मात्र केही नेता कमरेडलाई निमन्त्रित गरेका थियौं, जस्तो कमरेड मोहन विक्रमलाई । उहाँले आउने खबर पनि पठाउनु भएको थियो, तर आउनुभएन ।"



सम्मेलनलाई सम्बोधन गर्नुहुँदै नेकपा एमालेका महासचिव क. माधवकुमार नेपाल (माथि) र बायाँबाट क्रमशः क. सुकोमल सेन (भाकपा माले), क. डी. टाजा (भाकपा), दोभाषेका साथ चिनियाँ कम्युनिष्ट पार्टीका प्रतिनिधि क. यु. होङ्जुन र डेनिस कम्युनिष्ट पार्टीकी अध्यक्ष क. बेट्टी कार्लसन

### *सम्मेलनको प्रारम्भ*

सम्मेलनको औपचारिक प्रारम्भ कार्तिक २१ गते एउटा भव्य उद्घाटन समारोहबाट भयो, जुन अन्तर्राष्ट्रिय सभा भवन, बानेश्वरमा आयोजना गरिएको थियो । करीब २००० जना विभिन्न पार्टीका प्रतिनिधिहरू, सामाजिक राजनीतिक कार्यकर्ताहरू र बुद्धिजीविहरू सहभागी भएको त्यस समारोहमा एमालेका महासचिव क. माधवकुमार नेपालबाट तालीको गडगडाहटबीच - "म यो अन्तरराष्ट्रिय समाजवादी सम्मेलन शुरू भएको घोषणा गर्छु" भन्ने उद्घोषबाट सम्मेलनको उद्घाटन संपन्न भएको थियो ।

उद्घाटन समारोहको विशिष्टता के थियो भने, यसमा ने.क.पार्टीका संस्थापक क. नरबहादुर कर्माचार्यदेखि लिएर ने.क.पा. मालेका नेता क. सी.पी मैनालीसम्म, नेपाली कांग्रेसका प्रवक्ता नरहरि आचार्यदेखि रा.प्र.पा.का नेता तथा राष्ट्रिय सभाका अध्यक्ष मोहम्मद मोहसिनसम्म सबैजसो वामपन्थी तथा गैर वामपन्थी पार्टीका प्रतिनिधिहरू उपस्थित देखिन्थे ।


उद्घाटन समारोहको प्रारम्भ अन्तरराष्ट्रिय गीतबाट भएको थियो । जन सांस्कृतिक मंचका कलाकारहरूले अन्तर्राष्ट्रिय गीत गाउँदा, २१ जना स्वयम्सेवकहरूले पार्टीका झण्डा उचालेर मंचमा परेड खेल्दा र सिंगै हलले उभिएर गीतमा साथ दिँदा सभा भवन अन्तर्राष्ट्रिय गीतमय भएको थियो । त्यसपछि शहीदहरूको सम्मानमा मौनधारण गरियो । सम्मेलन आयोजक समितिका संयोजक क. प्रदीप नेपालबाट सहभागीहरूको स्वागत गरिएको त्यस कार्यक्रममा मंचमा केवल ५ जना विदेशी पाहुनाहरू मात्र देख्दा थुप्रै सहभागीहरूलाई केहीबेरसम्म विदेशी पाहुना ज्यादै थोरै पो आएछन् कि भनेर भ्रम परेको थियो । परन्तु मंचमा महादेशको प्रतिनिधिका रूपमा मात्र अतिथिहरू राखिएका थिए : एशिया प्रशान्तबाट चीनियाँ कम्युनिष्ट












# सम्मेलनको व्यवस्थापन कसरी गरियो ?

क. प्रदीप नेपाल
संयोजक सम्मेलन आयोजक समिति

◆ सबै होटलहरूले बेड र ब्रेकफाष्ट, हाम्रो अनुरोधमा, निःशुल्क उपलब्ध गराए । एक बेडदेखि ४ बेडसम्म यसरी उँपलब्ध गराइएको थियो ।

◆ आयोजक शुरूमा मदन-आश्रित स्मृति प्रतिष्ठान मात्रै थियो । पछि सह-आयोजकहरू थपिए : तुलसीलाल स्मृति फाउण्डेशन, मोतिदेवी स्मृति केन्द्र र मनमोहन स्मृति फाउण्डेशन । आयोजकमा शुरूमा २१ जनाको कोर बनाइएको थियो । पछि त्यसलाई २९ जनाको पारियो । त्यही कोरले आयोजनाको सारा काम गर्‍यो ।

◆ अतिथीहरू सबैले आते-जाते खर्च आफैंले ब्यहोर्नु भयो । परन्तु फिलीपीनो कम्युनिष्ट पार्टी र बर्मेली कम्युनिष्ट पार्टीले चाहिँ आफ्नो असमर्थता जाहेर गरेर विशेष अनुरोध गरेकोले आते-जाते खर्च हामीले ब्यहोर्‍यौं ।

◆ खानाको खर्च हामीले विभिन्न संघ संस्थाबाट प्राप्त सहयोग र चन्दाबाट ब्यहोर्‍यौं ।

◆ हाम्रो बजेट जम्मा रू. ४८ लाख २० हजारको थियो । तर खर्च जम्माजम्मी करीब रू. ४१ लाखमात्र भयो । खानपान र बसोबास सबै सहयोगबाट ब्यहोरियो र यो करीब रू. १३ लाख बराबरको सहयोग थियो । बाँकी खर्च माथि उल्लेखित प्रतिष्ठानहरूले ब्यहोरे । ने.क.पा. (एमाले) स्वयम्ले केही खर्च ब्यहोर्‍यो र, सरकारबाट रू. ५ लाख सहयोग प्राप्त भएको थियो ।

◆ हामीले जम्माजम्मी १९७ वटा पार्टी वा संगठनहरूलाई पोहोर साल नै पत्राचार गरेका थियौं । जम्मा ९० वटाले मात्र हाम्रो पत्राचारमा रेस्पोन्स देखाए । तिनैलाई मात्र हामीले सम्मेलनमा निमन्त्रणा दियौं । त्यसमध्ये २९ वटा पार्टी वा संगठनका ५१ जना प्रतिनिधिहरू यो सम्मेलनमा सहभागी भए । ❑

पार्टीका प्रतिनिधि यु होन जउन, यूरोपबाट डेनमार्कको कम्युनिष्ट पार्टीकी अध्यक्ष बेट्टी कार्लसन् । छिमेकी मुलुक भारतबाट - भाकपा (मा)का प्रतिनिधि सुकोमल सेन । कार्यक्रम तालिकामा अफ्रिकाबाट पनि दक्षिण अफ्रिकाका प्रतिनिधि मंचमा रहने घोषणा गरिएको थियो । परन्तु उताबाट नेपालका लागि हिँडिसकेको खबर आयोजकलाई प्राप्त भएर पनि उनी कार्यक्रममा भने आइपुग्न सकेनन् । फलस्वरूप, मंचमा उनको स्थानमा भा.क.पा.का प्रतिनिधि डि. राजालाई लगियो ।

विदेशी प्रतिनिधिहरूमध्ये बोल्ने आकर्षक शैलीका कारण उद्घाटन समारोहमा बोल्नेहरूमा त्यो दिन भा.क.पा.का प्रतिनिधि क. डि. राजा निकै छाउनुभयो, जबकि उहाँको उद्घाटन भाषण वैचारिक हिसाबले गहकिलो भने थिएन तर भावनात्मक रूपले भने आकर्षक नै थियो । उहाँको भनाइ थियो : "पूर्व सोभियत संघमा र पूर्वी यूरोपमा जे ढलेको थियो त्यो समाजवादको खास किसिमको मोडेल ढलेको थियो, सिंगै समाजवादी विचारधारा ढलेको थिएन । समाजवादी विचारधारा अजेय छ । समाजवाद कहिल्यै ढल्दैन ।"

"समाजवादका केही खास मोडेलहरू ढलेपछि विश्वभरिका पूँजीवादीहरू चिच्याइरहेछन् - अब समाजवाद मर्‍यो । यसको अब कुनै भविष्य छैन । परन्तु हामी काठमाण्डौको यो भव्य सम्मेलनमा घोषणा गर्छौं - समाजवादको कुनै विकल्प छैन,"- तालीका पर्राहरूबीच डि. राजाको भनाइ यस्तो थियो ।

एशिया प्रशान्त क्षेत्रको प्रतिनिधित्व गरी बोल्ने चीनियाँ क.पा.को केन्द्रीय समितिका अन्तर्राष्ट्रिय विभागका प्रतिनिधि वक्ता यु होङजुनको विचार भने नितान्त बेग्लै थियो । उहाँको मुख्य भनाइ थियो : "पूँजीवादी शक्तिहरू पनि अहिले आफ्नो सिद्धान्तमा पुनर्समायोजन र संशोधनको प्रक्रिया भएर गुज्रिरहेछन् । पूँजीवादी आर्थिक र सामाजिक प्रणाली बाँच्ने र मौलाउने अझै पनि ठाउँ छ । समाजवाद र पूँजीवाद बीचको संघर्ष लामो ऐतिहासिक प्रक्रियासम्म निरन्तर जारी रहनेछ । यस परिप्रेक्ष्यमा, यो जरूरी हुन्छ कि समाजवादी मुलुकहरू पनि आफ्ना अँध्यारा पक्षहरूबारे पूर्णतया सजग होउन् । उनीहरू मानव सभ्यताको जुनसुकै विरासतबाट पनि शिक्षा लिन पर्याप्त साहसी होउन्, जसभित्र विज्ञान-प्रविधि पनि पर्छ, पूँजीवादी मुलुकहरूमा परिष्कृत गरिएको व्यवस्थापन विज्ञान पनि, ताकि समाजवादलाई विस्तार गर्न र मजवूत पार्न सकियोस् । समाजवादको भावी विकास विविध र रंगीविरंगी हुनेछ ।"

भा.क.पा.(मार्क्सवादी)का प्रतिनिधि क. सुकोमल सेनको भाषण डि.राजाको भन्दा केही गहकिलो थियो । परन्तु प्रस्तुतिको शैलीका कारणले यसले दर्शकहरूलाई आकर्षित गर्न सकेन । उहाँले आफ्नो भाषणमा वर्तमान विश्वपूँजीवाद के कारणले र कसरी संकटग्रस्त बन्दैछ भन्ने कुराको राम्रो विश्लेषण गर्नुभएको थियो । पूर्वी एशियाबाट प्रारम्भ भएको उनीहरूको संकट अहिले रूस र ब्राजिलसम्म बिस्तारित भएको उहाँको ठम्याइ थियो । "वित्तीय र आर्थिक प्रणाली गर्ल्यामगुर्लुम ढल्नुबाट रूसमा देखापरेको संकटले पूँजीवादी संकटको नयाँ चरणको संकेत दिएको छ । र, यसको प्रारम्भ सन् १९९७ मा पूर्वी एशियाको मुद्रा संकटबाट भएको थियो", क. सुकोमलको विश्लेषण थियो : "अहिले आर्थिक डाँवाडोलको भूकम्प-केन्द्र ब्राजिल भएको छ र यसले पूरै ल्याटिन अमेरिकाको अर्थतन्त्रमा संकटको तरंग फैलाउँदैछ ।"

संकटग्रस्त "पूँजीवादका प्रारम्भहरूसित जुध्नका लागि श्रमिक जनसमुदायबीच अन्तरराष्ट्रिय ऐक्यवद्धता र एकता आजको

**कमरेड सुकोमल सेनको भाषणको अन्तिम निचोड यस्तो थियो : "संपूर्ण मानवताका लागि बैज्ञानिक समाजवाद नै एकमात्र विकल्प हो ।"**

तत्कालीन आवश्यकता भएको छ", कमरेड सुकोमल सेनको भाषणको अन्तिम निचोड यस्तो थियो : "संपूर्ण मानवताका लागि बैज्ञानिक समाजवाद नै एकमात्र विकल्प हो ।"

यूरोपका तर्फबाट बोल्नु हुने डेनमार्कको कम्युनिष्ट पार्टीकी अध्यक्ष बेट्टी कार्लसन्को भनाइ थियो : "हामीहरूका भिन्नाभिन्नै संस्कृति छन्, भिन्नाभिन्नै इतिहास छन्, अनुभवहरू अलग अलग छन् र त्यस्तै देशको आर्थिक-सामाजिक परिस्थिति पनि भिन्नाभिन्नै छ । त्यसैले क्रान्ति गर्ने ढंग र समाजवादको अभ्यास गर्ने ढंग हाम्रो बेग्लाबेग्लै हुनेछ । यसलाई अस्वभाविक ठान्नु हुँदैन । परन्तु हामी सबैको शत्रु भने साझा छ, त्यो हो - विश्वपूँजीवाद र साम्राज्यवाद । त्यसका विरूद्ध हामी एक भएर लड्नु जरूरी छ ।"

अन्त्यमा, एमाले महासचिव क. माधव कुमार नेपालको लामो लिखित 'की नोट' भाषणको पालो थियो । उहाँको भाषण मूलतः विश्वका नयाँ परिस्थितिहरू र जनताको बहुदलीय जनवादको व्याख्यामा मात्र ज्यादा केन्द्रित थियो । आयोजक पार्टीको शीर्षस्थ नेताको हैसियतले उहाँको अन्तरराष्ट्रिय समाजवादी सम्मेलनको 'की नोट' भाषण - सम्मेलनको मूल विषयमा केन्द्रित हुनु जरूरी थियो । अर्थात् यो विश्वसमाजवादको अहिलेसम्मको सफलता/विफलताको अनुभवको संश्लेषणमा केन्द्रित हुनु जरूरी थियो । त्यसबाट पाठ सिकेर एक्काइसौं शताब्दीको समाजवादमा के के नयाँ उन्नत विशेषताहरू हुनुपर्छ, पुरानो समाजवादी अवधारणामा अब के के कुरामा परिष्कार ल्याउनु जरूरी छ, र नयाँ विश्व परिस्थितिमा समाजवादतर्फको यात्रा कस्तो, कसरी हुनुपर्छ भन्ने सवालमा उहाँको विचार आउनेछ भन्ने धेरैको अपेक्षा देखिन्थ्यो । तर त्यस्तो भने हुन सकेन ।

उहाँको भनाइ थियो : "समाजलाई प्रगतितिर डोर्‍याउन कम्युनिष्ट पार्टीले सबै संभावनालाई रित्याउनु पर्छ, जसभित्र राजनीतिक र जुझारू जनसंघर्ष पनि पर्छ, शान्तिपूर्ण प्रतिस्पर्धा पनि, ताकि ऊ समाजको बस्तुगत परिस्थितिअनुसार राष्ट्रिय राजनीतिको केन्द्रमा रहिरहन सकोस् ।"

"समाजवादको विजय र दिगोपनको लागि स्पष्ट वर्ग अडान र दृष्टिकोण तथा द्वन्दात्मक पद्धतिको साथसाथै समयको आवश्यकताको सही समझदारी हुनु जरूरी छ । त्यसमा आधारित भएर नीतिहरू र कार्यनीतिहरूको समायोजन गर्नु आवश्यक छ" क. माधव कुमार नेपालको निष्कर्ष यस्तो थियो : "हाम्रा बाटाहरू, पद्धतिहरू र कार्यनीतिहरू देश-देशमा भिन्नाभिन्नै हुनसक्छन्,

## ◄ विश्व क




सम्मेलनमा सहभागी देश-विदेशका प्रतिनिधिहरू

किनकि विभिन्न मुलुकमा हाम्रो विकासको स्तर बेग्लाबेग्लै छ, संस्कृति, परम्परा र इतिहास भिन्नाभिन्नै छ।"

अन्त्यमा "बढी समतापूर्ण, न्यायपूर्ण र ज्यादा राम्रोसित बाँच्न लायकको संसार सिर्जना गर्नको लागि हामी सबै एक होऔं" - उहाँको आह्वान यस्तो थियो : "यस सम्मेलनमा उपस्थित सबै पार्टीहरूका बीचमा सम्मेलनपछि पनि ज्यादा अन्तरराष्ट्रिय ऐक्यवद्धता, एकता र सहयोगको आशा मैले गरेको छु।"

उद्घाटन समारोहलाई एमालेका केन्द्रीय नेता ईश्वर पोखरेलले धन्यवाद ज्ञापन गर्नुभएको थियो । गौरी प्रधानको उद्घोषण आकर्षक थियो । समारोहपछि आयोजित चियापान समारोह कम खर्चिलो तर व्यापक जनसहभागिता सहितको देखिन्थ्यो ।

### *प्लेनरी सेसनहरूको शुरूवात*

उद्घाटन समारोहपछि सम्मेलनका प्रतिनिधिहरूलाई मात्र लैनचौरस्थित होटल मल्लमा लगियो, जहाँ पाँच दिनसम्म प्लेनरी सेसनहरू र तीनवटा अलग अलग विषयमा कार्यशाला गोष्ठीहरू चले । एमालेले पहिलोचोटि अन्तरराष्ट्रिय सम्मेलन गरेको भएता पनि सम्मेलनका कार्यक्रमहरूको संचालनको ढंग जम्मामा व्यवस्थित र आधुनिक महसूस हुन्थ्यो । सम्मेलनको व्यवस्थितताको निम्ति एउटा सेक्रेटारियटले पृष्ठभूमिमा रातदिन निकै ज्यादा मिहेनत गरेको प्रतीत हुन्थ्यो ।

क. भरतमोहन अधिकारीद्वारा अध्यक्षता गरिएको पहिलो प्लेनरी सेसन उद्घाटनकै अपरान्ह २ बजे प्रारम्भ भयो । सहभागीहरूको परिचयपछि यो सेसनमा चीनियाँ कम्युनिष्ट पार्टीको तर्फबाट, भा.क.पा माले (लिवरेशनका)को तर्फबाट, जर्मनीको मार्क्सवादी-लेनिनवादी पार्टी (एम.एल.पी.डी.)का तर्फबाट विचार विमर्शका लागि विषयगत कार्यपत्रहरू प्रस्तुत भए ।

चीनियाँ क.पा.को तर्फबाट पार्टीको अन्तरराष्ट्रिय विभागको अनुसन्धान शाखाका सहायक प्रमुख यु होङ्जुनले - "चीनियाँ विशेषताहरू सहितको समाजवाद" शीर्षकको विषयगत कार्यपत्र (Thematic paper) पेश गर्नुभयो । समाजवादी राज्यमा समाजवादको अभ्यास-सम्बन्धी चीनियाँ अनुभवहरू बारेको यो कार्यपत्र विषयका हिसाबले निकै महत्वपूर्ण थियो । परन्तु गूदीको हिसाबले भने निकै कमजोर ।

कार्यपत्रमा चीनले सन् १९४९ को क्रान्तिदेखि सन् १९६६ सम्म गरिएको जनवादी सुधार र समाजवादी रूपान्तरणको सह्राहना गरिएको छ । यसलाई अति छोटो समयमा समाजवादको आधारभूत प्रणाली स्थापना गरिएको भनिएको छ । विशेषतः सन् १९५६ देखि १९६६ सम्मको समाजवादी निर्माणका उपलब्धिहरूलाई 'गौरवमय उपलब्धिहरू' भनिएको छ । परन्तु त्यतिखेर निर्देशक सिद्धान्तमा भने 'गंभीर गल्तीहरू' भएको बताइएको छ । मुख्य रूपमा त्यस समाजवादी निर्माणको वर्ग संघर्षलाई 'मूल कडी' ठहऱ्याउनु, सामाजिक उत्पादन शक्तिको विकासलाई पहिलो प्राथमिकता नदिइनु, 'अन्धतापूर्वक' 'ठूला साइजका र सामूहिक चरित्रका' उत्पादनलाई ज्यादा जोड दिनुलाई 'गम्भीर गल्ती' बताइएको छ ।

सन् १९६६ पछि थालिएको सांस्कृतिक क्रान्तिलाई 'वामपन्थी' गल्ती भनिएको छ ।

कार्यपत्रले के भुलेको देखिन्छ भने, वास्तवमा चीनमा सन् १९४९ देखि १९७६ सम्म जुन ढंगले उत्पादक शक्तिहरू पुराना उत्पीडनकारी बन्धनबाट मुक्त भए, जसरी त्यहाँ उत्पादक शक्तिहरूको विकास भयो र जुन दरमा उत्पादन बृद्धि भयो, त्यति चीनको इतिहासमा कहिल्यै भएको थिएन । सन् १९६६ देखि १९७६ को बीचमा सांस्कृतिक क्रान्तिको दौरानमा जुन दरमा चीनको आर्थिक बृद्धि भएको देखिन्छ, त्यति अहिले पनि बृद्धि भएको देखिन्न । उदाहरणको लागि सन् १९६४ देखि १९७४ को अवधिमा चीनको औद्योगिक उत्पादन बृद्धिदर वार्षिक सरदर १७.२ प्रतिशत देखिन्छ, जबकि १९८० देखि ८८ सम्ममा र अहिले त्यसको बृद्धिदर १२ प्रतिशतमात्र छ ।

फेरि केवल उत्पादन बृद्धि र उत्पादन शक्तिको विकास मात्रै पनि त समाज विकासको लक्षण हुन सक्दैन । आर्थिक बृद्धि हुनैपर्छ, तर त्योसित शोषणरहितता, व्यक्तिगत

**एमालेले पहिलोचोटि अन्तरराष्ट्रिय सम्मेलन गरेको भएता पनि सम्मेलनका कार्यक्रमहरूको संचालनको ढंग जम्मामा व्यवस्थित र आधुनिक महसूस हुन्थ्यो ।**

## सम्मेलनमा सहभागी पार्टी तथा संगठनहरू

| क्र.सं. | पार्टी/संगठन | राष्ट्र |
|---|---|---|
| १. | नेशनल वर्कर्स पार्टी | पाकिस्तान |
| २. | भाकपा-माले (लिवरेशन) | भारत |
| ३. | भाकपा (मार्क्सवादी) | भारत |
| ४. | पिपुल्स लिवरेशन फ्रन्ट (जेभीपी) | श्रीलंका |
| ५. | सीडीएल | वंगलादेश |
| ६. | भाकपा | भारत |
| ७. | डेमोक्रेटिक सोसलिष्ट पार्टी | अष्ट्रेलिया |
| ८. | कम्युनिष्ट पार्टी अफ भियतनाम | भियतनाम |
| ९. | कम्युनिष्ट पार्टी अफ अष्ट्रेलिया | अष्ट्रेलिया |
| १०. | नेशनल जष्टिस पार्टी | मलेशिया |
| ११. | कम्युनिष्ट पार्टी इन डेनमार्क | डेनमार्क |
| १२. | अल्टरनेटिभ क्यानाडा | क्यानाडा |
| १३. | एमएलपीडी | जर्मनी |
| १४. | कम्युनिष्ट पार्टी अफ इटाली | इटाली |
| १५. | वर्कर्स पार्टी अफ वंगलादेश | वंगलादेश |
| १६. | कम्युनिष्ट पार्टी अफ श्रीलंका | श्रीलंका |
| १७. | कमरेड डी प्रेमपति | भारत |
| १८. | गणतान्त्रिक मजदुर पार्टी | वंगलादेश |
| १९. | कम्युनिष्ट पार्टी अफ वर्मा | म्यान्मार |
| २०. | कम्युनिष्ट पार्टी अफ चाइना | चाइना |
| २१. | कम्युनिष्ट पार्टी अफ अष्ट्रेलिया | अष्ट्रेलिया |
| २२. | वर्कर्स पार्टी अफ कोरिया | प्रजग कोरिया |
| २३. | नेकपा (एमाले) | नेपाल |
| २४. | कमरेड सिन्धुनाथ प्याकुरेल | नेपाल |
| २५. | कमरेड सी.पी. मैनाली | नेपाल |
| २६. | समाजवादी आन्दोलन, नेपाल | नेपाल |
| २७. | कम्युनिष्ट रिफाउन्डेशन पार्टी | इटाली |
| २८. | कम्युनिष्ट पार्टी अफ ग्रीस | ग्रीस |

## ऐक्यवद्धता सन्देश पठाउने पार्टीहरू

१. अफगान लेबर रिभूल्यूशनरी अर्गनाइजेशन
२. कम्युनिष्ट पार्टी अफ अर्जेन्टिना
३. बंगलादेश एग्रीकल्चरल फार्म फेडेरेशन
४. ग्रीन पार्टी अफ बंगलादेश
५. वर्कर्स पार्टी अफ बेल्जियम
६. कम्युनिष्ट पार्टी अफ ब्राजिल
७. कम्युनिष्ट पार्टी अफ ब्राजिल साओ पाउलो
८. लेबर अर्गनाइजेशन इन ब्रिटेन
९. एन्ड्र बोवर (लेबर लिडर)
१०. कम्युनिष्ट पार्टी अफ ब्रिटेन
११. न्यू कम्युनिष्ट पार्टी अफ ब्रिटेन
१२. कम्युनिष्ट पार्टी अफ क्यानाडा
१३. चिलीयन कम्युनिष्ट पार्टी
१४. कम्युनिष्ट पार्टी अफ क्यूबा
१५. प्रोग्रेशिभ पार्टी अफ वर्किङ्ग पिपुल्स, साइप्रस
१६. मेलेकु टेजीगु फर्म इथियोपिया
१७. फोर्थ इन्टरनेशनल (फ्रान्स)
१८. कम्युनिष्ट पार्टी अफ फ्रान्स
१९. फ्रेन्च कम्युनिष्ट पार्टी
२०. पीडीएस (जर्मनी)
२१. माइकल अपरकल्सकी (पत्रकार, जर्मनी)
२२. कम्युनिष्ट पार्टी अफ इण्डिया
२३. आनन्द स्वरूप वर्मा
२४. इटालियन मार्क्सिस्ट-लेनिनिष्ट पार्टी
२५. आईआई बोल्सेभिको (इटालियन जर्नल)
२६. स्टार कम्पुचिया
२७. लाओ पिपुल्स रिभोल्यूसनरी पार्टी
२८. मेक्सिकन कम्युनिष्ट पार्टी
२९. मंगोलियन पिपुल्स रिभोल्यूसनरी पार्टी
३०. वर्कर्स कम्युनिष्ट पार्टी अफ नर्वे (एकेपी)
३१. लेबर पार्टी (पाकिस्तान)
३२. पेरू कम्युनिष्ट पार्टी
३३. द आरपीएमपी रिभोल्यूसनरी वर्कर्स पार्टी अफ द फिलिपिन्स
३४. पोर्चुगिज कम्युनिष्ट पार्टी
३५. कम्युनिष्ट पार्टी अफ रसियन फेडेरेशन
३६. कम्युनिष्ट पार्टी अफ स्पेन
३७. लेका सम समाया पार्टी (एम) रेडिकल
३८. मार्क्सीसिस्ट पार्टी
३९. नव सम समाया पार्टी (न्यू सोसलिष्ट पार्टी)
४०. वर्कर्स पार्टी (टर्की)
४१. द ओमेन लिंक फोरम उगाण्डा
४२. कम्युनिष्ट पार्टी - युएसए

संपत्तिको ध्वंश, सामाजिक न्याय, समतामुखिता र बहुसंख्यक श्रमिक जनसुमदायको अधिकार संपन्नता- यति पाँच थोक जोडियो भने मात्रै त्यो समाजवादी चरित्रको समाज विकास हुन्छ । नत्र आर्थिक बृद्धि र उत्पादन शक्तिको विकासमात्रै त जापान र अमेरिकाले पनि चौपट्टै गरेका छैनन् र ? त्यसैलाई नै समाजवाद भन्ने हो भने पूँजीवाद र समाजवाद बीचको आधारभूत भिन्नता के ? - यो सवाल क. यु होङ जुनको कार्यपत्रले पूरै भुलेको देखिन्छ ।

चीनियाँ कार्यपत्रले समाजवादको निर्माणमा मानव सभ्यताले विकास गरेको हरेक कुरालाई ग्रहण गर्ने कुरालाई जोड दिएको छ, जस्तो कि, बजार अर्थतन्त्रको संयन्त्र, स्टक, सेक्यूरिटीज, शेयर-होल्डीङ कम्पनी व्यवस्थापन, दक्षताविरोधी लगानी आदि । यी केवल पूँजीवादका निजी कुरा होइनन् । समाजवादले यसको उपयोग गर्नसक्छ । परन्तु उपयोगमा सतर्कता र सक्षमता हुनुपर्छ, अन्यथा चर्को मूल्य चुकाउनु पर्ने हुन्छ - कार्यपत्रको यस्तो निष्कर्ष छ ।

> यो कार्यपत्रमा ती मुलुकमा पूँजीवाद पुनर्स्थापना हुनुको मुख्य कारण त्यहाँको 'समाजवादी समाज आफैंमा निम्न पूँजीवादी चिन्तन पद्धतिको विष' हावी हुनुलाई ठहऱ्याइएको छ ।

यो कार्यपत्रले समाजवाद निर्माणमा आएका नयाँ नयाँ समस्या र चुनौतीहरू, पैदा भएका नयाँ अन्तरविरोधहरू, ती समस्या र चुनौती सामना गर्दा र अन्तरविरोध हल गर्दा प्राप्त भएका बहुमूल्य अनुभवहरू केही पनि उल्लेख गरेको छैन । सोभियत संघको दुर्घटना चीनमा पुनः दोहोरिन नदिन ची.क.पा.ले के कसरी नयाँ ढंगले जाने सोचेको छ, के के नयाँ सुधार र परिष्कारका उपायहरू सोचेको छ - कार्यपत्रमा केही पनि उल्लेख छैन । कार्यपत्र अत्यन्त सतही र एकतर्फी छ ।

कार्यपत्रउपर सम्मेलनका सहभागीहरूले निकै महत्वपूर्ण प्रश्नहरू उठाएका थिए । प्रश्नहरू - किन चीनमा व्यक्तिवाद, व्यक्तिगत सम्पत्ति र धनी गरीबको खाडल अचाक्ली बढ्दैछ ? किन 'समाजवादी भनिएको चीन अन्तर्राष्ट्रवादी भइरहनु पर्नेमा सन् १९८० दशकयता ज्यादै राष्ट्र केन्द्रित भएको छ ? सांस्कृतिक क्रान्तिका केही ज्यादतीको मात्र विरोध गर्नुको सट्टामा किन कार्यपत्रले सिंगै समाजवादी सांस्कृतिक क्रान्तिको विरोध गरेको ? किन चीनले WTO र विश्व बैंकका सारा प्रभुसत्ता र स्वतन्त्रता सीमित पार्ने बेठीक शर्तहरू मान्न थालेको ? जस्ता थिए । परन्तु कार्यपत्र प्रस्तोताले कुनै प्रश्नको पनि जवाफ दिएनन् । एउटा नोकरशाहले झैं बिल्कुलै आम र अस्पष्ट, गोलमटोल उत्तर दिएर उनी उम्किए ।

अर्को विषयगत कार्यपत्र 'भारतमा किसान आन्दोलन र एक्काइसौं शताब्दीमा समाजवादको लागि संघर्ष'का बारेमा थियो । भाकपा माले (लिबरेशन)का केन्द्रीय सदस्य क. अरिन्दम सेनद्वारा प्रस्तुत यो कार्यपत्र काफी खोजपूर्ण र मिहेनतका साथ तयार पारिएको महशूस हुन्छ । भारतमा किसान आन्दोलन शीर्षक दिएर पनि यसले ज्यादाजसो विहारको किसान आन्दोलनमाथि आफ्नो ध्यान केन्द्रित गरेको देखिन्छ । यो कार्यपत्रले भारतमा किसान आन्दोलनका मूलभूत विशेषताहरू, विश्वव्यापीकरणको कृषिमा र किसान आन्दोलनमा प्रभाव र किसान आन्दोलनसम्बन्धी भारतीय अनुभवहरूबारे तथ्य तथ्यांकहरूसंहित चर्चा गर्न खोजेको छ ।

तेस्रो विषयगत कार्यपत्र जर्मनीको एम.एल.पी.डी पार्टीका केन्द्रीय सदस्य क. क्लस वालेनस्टेनद्वारा प्रस्तुत गरिएको थियो । पहिलेका समाजवादी मुलुकहरूमा पूँजीवादको पुनर्स्थापना किन र कसरी भयो भन्ने सवालमा यो कार्यपत्र मूलतः केन्द्रित छ ।

यो कार्यपत्रमा ती मुलुकमा पूँजीवाद पुनर्स्थापना हुनुको मुख्य कारण त्यहाँको 'समाजवादी समाज आफैंमा निम्न पूँजीवादी चिन्तन पद्धतिको विष' हावी हुनुलाई ठहऱ्याइएको छ । त्यहाँको प्रतिक्रान्तिलाई यसले 'निम्न पूँजीवादी प्रतिक्रान्ति' बताएको छ ।

त्यो प्रतिक्रान्ति सोभियत संघमा एक्कासी नभएर चरणवद्ध रूपमा भएको र त्यो तीन चरणमा भएको एम.एल.पी.डी.को धारणा देखिन्छ । पहिलो चरणमा, स्तालिनले सोभियत जनता र विश्व कम्युनिष्ट आन्दोलनमा प्राप्त गरिरहेको महान इज्जतलाई स्वाहा पार्ने काम भयो र स्तालिनलाई 'तानाशाह स्तालिन'का रूपमा चित्रित गर्ने काम भयो । दोश्रो चरणमा, समाजवादी सोभियत संघको विश्वभरको श्रमिक वर्गीय आन्दोलनको वैचारिक हतियार मार्क्सवाद-लेनिनवादलाई संशोधन गर्ने र यसको ठाउँमा संशोधनवादी सिद्धान्त स्थापित गर्ने काम गरियो । तेश्रो चरणमा, सोभियत संघको समाजवादको आर्थिक जगलाई भत्काउने र त्यसको ठाउँमा पूँजीवादी कानूनहरू ल्याएर पूँजीवाद पुनर्स्थापना गर्ने काम भयो । यस प्रकार सर्वहारा, वर्गको अधिनायकत्वलाई निर्मूल पारियो र संपूर्ण उत्पादनका साधनहरूमाथि समग्र नोकरशाहीतन्त्रले कब्जा जमाउने र दोहन गर्ने प्रक्रिया पूरा भयो । समाजवादी जग भत्किएपछि सोभियत संघमा-नोकरशाही पूजीवादी युग शुरू भयो । पूँजीवादको पुनर्स्थापना भएपछि, सोभियत संघमा समाजवाद पाइला पाइला गर्दै स्वाहा पारियो । यस्तो विश्लेषण छ - एम.एल.पी.डी.को सोभियत संघमा समाजवाद कसरी ढल्यो भन्ने बारेमा ।

सारमा - तीनवटा चरणलाई एम.एल.पी.डीले यसरी सूत्रवद्ध गरेको छ : पहिलो चरण - कार्डवाला नोकरशाहीतन्त्रको उदय, दोस्रो चरण - समाजवादको नोकरशाहीतन्त्रको निम्न पूँजीवादी अधोपतन, तेश्रो चरण - समाजवादबाट नोकरशाही पूँजीवादमा फड्को ।

यो कार्यपत्रमा समस्याको समाधानको रूपमा कैयन् पटकको सर्वहारा सांस्कृतिक क्रान्तिको आवश्यकतालाई औंल्याइएको छ, जस्तो क. माओले चीनमा प्रारम्भ गर्नुभएको थियो ।

यो कार्यपत्रको दोष के देखिन्छ भने यसले सर्वहारा जनवादी प्रणालीको अभाव सोभियत समाजवादमा हुनुलाई न्यून मूल्यांकन गरेको छ । यसले 'चिन्तन'लाई निरपेक्ष रूपमा जोड दिएको छ । त्यस्तो वस्तुगत प्रणालीमा यसले कम जोड दिएको छ - जसको कारणले नोकरशाहीतन्त्र पैदा हुन्छ र मौलाउँछ । ❑

*(कार्यशाला गोष्ठीको रिपोर्ट र दोश्रो र अन्तिम प्लेनरी सेसनको रिपोर्ट - मूल्यांकनको आगामी अंकमा - संपादक ।)*

# समाजवाद ढलेपछि पूर्वी यूरोप र पूर्व सोभियत संघको बेहाल

– दीपक वैद्य –

सन् १९९० को दशकको प्रारम्भ सँगसँगै पूर्वी यूरोपभरि एक एक गरी समाजवादी व्यवस्था ढले । समाजवादको खरानीमा खडा भए पूँजीवादी बहुदलीय प्रजातन्त्रका आर्थिक-राजनीतिक ढाँचाहरू । विश्व पूँजीवादले संसारभरि भ्याली पिट्यो कि पूर्वी यूरोपमा समाजवादी कमाण्ड अर्थतन्त्र सँगसँगै देश र जनताको बर्बादीको दिन पनि सिद्धिएको छ । खुला बजार अर्थतन्त्र र बहुदलीय प्रजातन्त्रले अब तिनीहरूको निम्ति अनन्त सुख समृद्धिको बिहान ल्याउनेछ । पूर्वी यूरोपको वास्तविक बिकास अब शुरू हुनेछ ।

तर एक दशकको पूँजीवादको अभ्यासले पूर्वी यूरोपमा भ्याली पिटेभन्दा ठीक उल्टो परिणाम पैदा गरेको छ । त्यहाँ समृद्धि होइन, समाजवादकालको तुलनामा निकै भयावह गरीबी मात्र देखापरेको छ । पूँजीवादी बजार अर्थतन्त्रले नागरिकहरूको जीवनस्तरमा प्रगति होइन, चौतर्फी बर्बादी मात्र ल्याएको छ । विश्वमा अन्यत्र एक्काइसौं शताब्दी लागेको छ र नयाँ सहस्राब्दी शुरू भएको छ । तर समाजवाद ढलेपछि पूर्वी यूरोप चाहिं नयाँ सहस्राब्दीतिर होइन, उन्नाइसौं शताब्दीतिर फर्केको छ ।

आश्चर्य यो छ कि यो वास्तविकता अहिले विश्वका कम्युनिष्टहरूले होइन, तिनै पूँजीवादीहरूले उद्घाटन गरिरहेछन् जो हिजो पूँजीवादी बजार अर्थतन्त्रले पूर्वी यूरोपमा सुख समृद्धि ल्याउने छ भनेर डंका पिटिरहेका थिए ।

पूँजीवादी खेमाको विश्व-प्रसिद्ध बेलायती पत्रिका - The Economist स्वयम्ले आफ्नो सेप्टेम्बर २३ को अंकमा पूर्वी यूरोपमा समाजवाद ढलेपछिको चौतर्फी बर्बादीबारे निकै तथ्यमूलक रिपोर्ट हालै मात्र छापेको छ । समाजवाद ढलेयताको पूर्वी यूरोपबारे राम्रो खोजबीन गरेर लेखिएको त्यस सामग्रीमा भनिएको छ :

"साम्यवादमा गरीबीलाई ढाकछोप गरिन्थ्यो । कृत्रिम रूपमा आधिकारिक तथ्याङ्कहरू अघि सारिन्थे, जो निकै अभरपर्दा हुन्थे । तर यही कुरा मान्ने हो भने पनि पूर्वी यूरोपका गाउँहरू छिटो र आँखाले देख्न सकिने ढंगले ओरालोतिर लागेका छन् । करोडौं यूरोपेलीहरू तेस्रो विश्वमा झरेको यो मामला दीर्घकालीन रूपमा यूरोपेली संघको निम्ति कुनै युद्धभन्दा पनि ज्यादै महँगो घटना भएर टुंगिन सक्छ ।" *(हेर्नुहोस् - पृष्ठ २५)*

सन् १९९० यताको पूर्वी यूरोपका गाउँहरूको ताजा हालबारे The Economist लेख्छ : "यी गाउँहरूमा, शहरमा जस्तै, साम्यवादी कालयता, मान्छेको आयु-अपेक्षामा पाँच बर्ष वा अझ त्योभन्दा ज्यादा कटौती भएको छ । दरिद्रतम गाउँहरूमा असाक्षरता तीन गुणा बढेको छ । ...कुपोषण आम रूपमा व्याप्त भएको छ । गाउँलेहरू पहिलेभन्दा कम र तल्लो गुणस्तरको खाना खान्छन् । OECD को अनुमानअनुसार सन् १९९० यता पूर्वी यूरोपमा मासुको उपभोग आधा नै घटेको छ । त्यही बेलादेखि यो क्षेत्रमा क्षयरोग र हेपाटाइटिस्का घटनाहरू दोब्बर बढेका छन् । गरीबी बढ्दो छ । विश्व बैंकको पछिल्लो अध्ययनअनुसार, अहिले माल्डोभाका सम्पूर्ण नागरिकहरूमध्ये आधाले, सन् १९९२ को बार्षिक २००० डलरको आम्दानीभन्दा निकै कम, बार्षिक २२० डलर आम्दानी गर्छन् ।" (हेर्नुहोस् पृष्ठ २५-२६)

The Economist ले प्रस्तुत गरेको समाजवाद नरहेपछिको पूर्वी यूरोपको यो वर्णनले पूर्वी यूरोपले पूँजीवादी बजार अर्थतन्त्र अपनाएपछिको चौतर्फी बर्बादीको राम्रो चित्र उतारेको छ ।

प्रतीकात्मक भाषामा 'द इकोनोमिस्ट'ले के सम्म पनि लेखेको छ भने विश्वमा अन्यत्र एक्काइसौं शताब्दी आएको छ । परन्तु पूर्वी यूरोपमा भने -एक्काइसौं शताब्दीको आगमनको कुनै लक्षण देखिँदैन । बरू यसको उल्टो पूर्वी यूरोपमा नयाँ सहस्राब्दी उन्नाइसौं शताब्दीतिर प्रतिगमन भएर प्रकट भएको छ । समाजवादीकालमा पूर्वी यूरोपका गाउँका खेतहरूमा ट्रेक्टरहरूद्वारा खेती गरिन्थ्यो । अहिले ट्रेक्टरको ठाउँमा खेतीको औजार - कोदालोमा ओर्लेको छ, जुन उपलब्ध औजारमध्ये सबैभन्दा सस्तो कृषि औजार हो । ट्याक्टरको सट्टामा त्यहाँका जनताहरू अब हल बाँधेर घाममा पहिलेभन्दा डबल निहुरेर काम गर्छन् ।



पूर्वी यूरोपेली मुलुकहरूमा ठूलो बर्बादी त्यहाँको पूँजीवादी अर्थतन्त्र धराशायी हुनु र राज्यले सामाजिक सेवाबाट हात झिक्नुले पैदा गरेको छ । समाजवाद छँदा शिक्षा र स्वास्थ्यमा राज्यले मनग्ये लगानी गर्थ्यो । निःशुल्क स्वास्थ्य सेवा र शिक्षाको दायित्व राज्यको हुन्थ्यो । तर पूर्वी यूरोपमा पूँजीवादी बजार अर्थतन्त्र स्थापना गरिएपछि शुरूमै शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवालाई समेत निजीकरण गरियो । गाउँलाई शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने प्राथमिक एकाइ मान्ने अवधारणालाई नै रद्द गरियो । यसले पूर्वी यूरोपका जनताको जीवन-स्तरमा ठूलो गिरावट ल्यायो ।

पूर्वी यूरोपमा आधारभूत स्वास्थ्य सेवाबाट जनता वञ्चित हुनुपर्ने घटना कसरी बढ्दैछ र त्यसले कस्तो परिणाम ल्याउँदैछ भन्नेबारे संयुक्त राष्ट्र संघको विकास कार्यक्रम (UNDP) स्वयम्ले यस्तो टिप्पणी लेखेको छ -

"स्वास्थ्य सेवाबाट वञ्चित हुने परिघटना पूर्वी यूरोपमा र स्वतन्त्र राज्यहरूको महासंघ (CIS) मा बढ्दो छ । रूस र युक्रेनमा शिशु मृत्युदर १३ प्रतिशतभन्दा ज्यादा बढेको छ । वास्तवमा यी अर्थतन्त्रहरूमा अहिले स्वास्थ्यको स्तर केही विकासोन्मुख मुलुकहरूभन्दा पनि तल गिरेको छ । जर्जियामा अहिले ३० प्रतिशत गर्भिणी महिलाहरू रक्त-अल्पताको रोगले ग्रस्त छन्, जुन एल्साल्भाडोरको स्तरभन्दा दुई गुणा ज्यादा हो ।" *(हेर्नुहोस् - UNDP को Human Developement Report-1996 पृष्ठ ११)*

***समाजवाद ढलेपछि पूर्वी यूरोप चाहिँ नयाँ सहस्राब्दीतिर होइन, उन्नाइसौँ शताब्दीतिर फर्केको छ***

# पूँजीवाद लागू भएको एक दशकभित्रै पूर्वी यूरोपका र पूर्व सोभियत संघका जनताको यति भयावह, अमानवीय र चौतर्फी बर्बादी किन भयो त ?

त्यस्तै कन्तविजोग स्कूलहरूको पनि भएको छ । समाजवाद अस्तित्वमा छँदा नयाँ पुस्तालाई ठीक ढंगले शिक्षित गर्नमा र हुर्काउनमा राज्यले निकै धेरै ध्यान दिन्थ्यो । उनीहरूको राम्रो शिक्षा राज्यको प्राथमिकताको काम थियो । "बालकहरूलाई स्कूलकै तर्फबाट दिनको दुई या तीनपटक खाना ख्वाइन्थ्यो, अहिले उनीहरू केही पनि पाउँदैनन् । शिक्षकहरू दुःखपूर्वक बताउँछन्- भोका विद्यार्थीहरूको पढाइमा ध्यान जानु नै गाह्रो भएको छ । राम्ररी खान पाउने बालकहरूले समेत गृहकार्य गर्न छाडेर गाई बस्तु चराउनुपर्ने र अन्न टिप्नु पर्ने भएको छ ।" द इकोनोमिस्टले लेखेको छ । (हेर्नुहोस् पृष्ठ -२९)

अरू ज्यादा विजोग शिक्षकहरूको भएको छ । उपरोक्त द इकोनोमिस्टले बताएअनुसार समस्त पूर्वी यूरोपका गाउँहरूमा, विशेषतः युक्रेन र माल्दोभामा, मरीमरी पढाउने शिक्षकहरू अक्सर महिनाबारी तलब नै पाउँदैनन् र उनीहरूको तलब मुश्किलैले महिनाको ५० डलर नाघ्छ । शैक्षिक सामग्रीहरूको आपूर्ति एकदमै दयनीय छ । राजनैतिक व्यवस्था बदलिसक्यो, परन्तु पाठ्यपुस्तकहरू र शैक्षिक साधनहरू अझै सोभियतकालका छन् । समाजवादीकालमा विद्यालयबाट उत्तीर्ण ९० प्रतिशत विद्यार्थीहरू या त कुनै न कुनै किसिमको व्यावसायिक शिक्षामा जान्थे या उच्च शिक्षामा । अहिले मात्र ५ प्रतिशत विद्यार्थीहरू उच्च शिक्षामा जान्छन्, त्यो पनि सबैभन्दा तेज विद्यार्थी हुनुका हैसियतले होइन, सबैभन्दा धनी बाबुका छोराछोरी हुनुको हैसियतले ।

स्कूलहरूको भन्दा दर्दनाक हालत गाउँका स्वास्थ्य क्लिनिकहरूको भएको छ । क्लिनिकको हालत बाहिरबाट सर्सर्ती हेर्दा ठीकै देखिन्छ । किनकि डाक्टर सफा सेतो लुगामै देखिन्छन् । क्लिनिक वरपर पनि सफा-सुग्घर नै देखिन्छ । तर बिरामी भएर क्लिनिकमा पसेपछि के छर्लंगै देखिन्छ भने, क्लिनिकका डाक्टरसित विरामीलाई दिने कुरा सारै कम मात्र छ । यतिसम्म कि थर्मोमिटर र ब्याण्डेजको समेत निकै अभाव छ । फलस्वरूप गाउँमा गत दश वर्षमा मृत्युदर खतराजनक ढंगले बढेको छ । डोल्ना भन्ने माल्डोभाको एउटा गाउँको केस स्टडी प्रस्तुत गर्दै 'द इकोनोमिस्ट'ले पूर्वी यूरोपका गाउँहरूको जनताको जीवनस्तरको यस्तो चित्रण गरेको छ- पत्रिकाका अनुसार- साधन, स्रोत विहीन, जीविका विहीन गाउँका डाक्टरहरू अहिले ठूलो संख्यामा आफ्नो पेशा छोड्दैछन् । यस्तो अवस्था आउँदैछ, पूर्वी यूरोपका दरिद्रतम गाउँहरूमा आगामी पाँच वर्षमा त्यस्तो कुनै क्लिनिक बाँकी रहने छैन, जसले जनताको जीवन बचाउन सकोस् ।

द इकोनोमिस्टले औँल्याएको यो तथ्यलाई संयुक्त राष्ट्र संघको विकास कार्यक्रम UNDP ले पनि पुष्टि गरेको छ । UNDP का अनुसार समाजवाद ढलेपछि पूर्वी यूरोप र पूर्व सोभियत संघका जनताको स्वास्थ्य स्थितिमा ठूलो गिरावट आएको छ । त्यो गिरावटको सबैभन्दा सुस्पष्ट प्रमाण हो - जनताको आयु उल्लेखनीय मात्रामा घट्नु । UNDP को सन् १९९८ को मानव विकास प्रतिवेदनका अनुसार पूर्वी यूरोप र विघटित सोभियत संघका जनताको आयु अपेक्षा अहिले निकै घटेर त्यही लेभलमा पुगेको छ, जुन लेभल त्यहाँ सन् १९६० मा थियो अर्थात् ६८ अघि । रूसमा त अझ सन् १९८९ यता पुरूषहरूको आयु अपेक्षा ५ वर्षभन्दा पनि ज्यादा घटेको छ ।

प्रतिवेदन लेख्छ : "समाजवादीकालमा पूर्वी यूरोप र स्वतन्त्र राज्यहरूको संघ (CIS) अन्तर्गतका मुलुकहरू हमेशा आफ्नो शिक्षाको उच्च स्तरका बारेमा आफै गर्व गर्थे, तर हालै आएर उनीरूले त्यो धरातल गुमाएका छन् । गत पाँच वर्षमा प्राथमिक र माध्यमिक विद्यालयमा विद्यार्थी भर्ना अनुपात रूसमा ४ प्रतिशतले गिरेको छ, बुल्गेरियामा ६ प्रतिशतले ।"

एउटा नयाँ भयावह रोगले ती मुलुकहरूलाई बेस्सरी गाँज्न थालेको तथ्य पनि UNDP ले हालै सन् २००० को रिपोर्टमा उजागर गरेको छ, त्यो हो - एड्स, अर्थात् गरीब र पछौटेहरूको रोग । सन् १९९९ को अन्त्यतिर पुग्दा पूर्वी यूरोप, पूर्व सोभियत संघ र अफ्रिकामा गरेर जम्मा ३ करोड ४० लाख जनसंख्या एच.आइ.भी.बाट ग्रस्त भईसकेको थियो । त्यसमध्ये १ करोड ११ लाख त पूर्वी यूरोप र पूर्व सोभियत संघमा मात्रै थिए ।

सन् २००० को UNDP को मानव विकास प्रतिवेदनका अनुसार अहिले हरेक वर्ष पूर्वी यूरोप र विघटित सोभियत संघबाट ५ लाखको संख्यामा महिला र साना बालिकाहरू बेश्यावृत्तिकै निम्ति पश्चिमी यूरोपको रेड लाइट एरियामा बेचिन थालेका छन् । स्मरणीय छ, महिला र बालिका बेचविखनको यस्तो लाजलाग्दो परिघटना समाजवादीकालमा पटक्कै अस्तित्वमा थिएन । पूँजीवादी बजार अर्थतन्त्र अस्तित्वमा आएपछि महिलाहरू पनि अरू माल समान सरह किनबेचको बस्तु बन्न थालेका हुन् ।

पूँजीवाद लागू भएको एक दशकभित्रै पूर्वी यूरोपका र पूर्व सोभियत संघका जनताको यति भयावह, अमानवीय र चौतर्फी बर्बादी किन भयो त ?

यस सम्बन्धमा द इकोनोमिस्टको जुलाई १२, १९९७ को अंकमा छापिएको रूसको बारे एउटा खोजमूलक र महत्वपूर्ण सर्भेले निकै चित्तबुझ्दो उत्तर दिने प्रयत्न गरेको छ । त्यसले के भनेको छ भने, रूसमा समाजवाद ढलेर पूँजीवादी बजार अर्थतन्त्र लागू भएपछि "थोरै मान्छे मात्रै ज्यादै धनी बने, जबकि बहुसंख्यक रूसीहरू भने झन् झन् दरिद्र भए ।" (हेर्नुहोस् उपरोक्त सर्भे पृष्ठ ५) हुन त यो रूसको मात्र सर्भे हो, परन्तु यो परिघटना समस्त पूर्वी यरोपमा पनि लागु हुन्छ भन्ने मलाई लाग्छ ।

त्यस सर्भेमा गरिएको खोज अनुसन्धानले के तथ्य उद्घाटन गरेको छ भने, रूसमा समाजवाद ढलेको आठ वर्ष पनि नबित्दै २२ प्रतिशत रूसीहरू गरीबीको रेखामुनि पुग्न गए । अर्थात् ३ करोड २० लाख रूसी नागरिकहरूको आय मासिक ७० डलरभन्दा पनि मुनि हुन पुग्यो र उनीहरू यति छिट्टै हरिकंगाल हुन पुगे । परन्तु यही अवधिमा रूसको समग्र अर्थतन्त्रको ५० प्रतिशत त्यहाँका ७ जना नवधनाढ्यको नियन्त्रणमा हुनेगरी थुप्रिन पुग्यो ।



*पूर्वी यूरोपः खेती हेरेर चिन्तित एक युवक*

# आँखीझ्याल



*मोल्डोभाका एक चिन्तित प्रौढ*

समाजवादीकालमा राज्यको मातहत भएका उद्योग व्यवसायको व्यापक निजीकरण गर्ने दौरानमा राज्यको संपत्तिको सिधासिधा चोरीद्वारा उनीहरूले यति छिटै यति ज्यादा धन सम्पत्ति थुपार्न सकेका थिए ।

रूसमा पूँजीवादी बजार अर्थतन्त्र लागू भएपछि बेरोजगारी यति बढ्यो कि - हरेक दशमा एक जना रूसी पूर्ण बेरोजगार हुन पुग्यो । सन् १९८९ देखि बढेको चर्को महँगी सन् १९९२ को विन्दुमा पुग्दा रूसमा महँगी वृद्धिदर कल्पना नै गर्न नसकिने हदको उँचाइमा पुग्यो : यो २५०५ प्रतिशतका दरले बढ्यो । बहुसंख्यक रूसीहरूको बचत यही महा महँगीले छोटो समयमै स्वाहा पार्‍यो । द इकोनोमिस्टले जनाएअनुसार समाजवाद ढलेपछि सातै वर्षको अवधिमा रूसी अर्थतन्त्र खुम्चिएर यति सानो हुन पुग्यो कि - सन् १९९६ मा पुग्दा रूसी अर्थतन्त्रको साइज घटेर सन् १९८९ को भन्दा आधा साइजको हुन पुग्यो । (हेर्नुहोस् उपरोक्त सर्भे -पृष्ठ ५) अर्थतन्त्रमा यति छोटो अवधिमा यति भयानक ह्रास पूँजीवादी महामन्दीको बेला **अमेरिकामा** समेत भएको थिएन । रूसी महामहँगीको यही अवधिमा श्रमिकहरूको ज्यालामा ४८ प्रतिशत गिरावट आयो ।

राष्ट्रिय र राज्यको पूँजीवादी नीतिका कारणले अर्थतन्त्र धराशायी हुनु, धनी र गरीब बीचको खाडल चौपट्ट बढ्नु, गरीब र बेरोजगारी अचाक्ली बढ्नु, अकल्पनीय उँचाइमा महँगी बढ्नु, राज्यले सामाजिक सेवाबाट हात झिक्नु- यिनै कारण हुन्, जसले गर्दा पूँजीवादी बजार अर्थतन्त्र लागू भएको एक दशक नबित्दै पूर्वी यूरोप र पूर्व सोभियत संघका जनताको समाजवादकालीन यूरोपेली स्तरको उच्च जीवनस्तर अहिले विकासोन्मुख मुलुकको भन्दा गएगुज्रेको अवस्थामा ओर्लेको छ ।

यू.एन.डी.पी.ले सन् १९९८ मा जनाएअनुसार समस्त पूर्वी यूरोपमा अहिले ३२ प्रतिशत जनता आयको हिसावले गरीबीको रेखामुनि पुगेका छन् । अर्थात् अहिले हरेक तीनमा एक जना पूर्वी यूरोपेली हरिकंगाल छ । पूँजीवादको १० वर्षले पूर्वी यूरोपेलीहरूको प्रतिव्यक्ति आय बढाएको छैन, उल्टो झण्डै आधा नै कम पारेको छ । सन् १९८८ मा पूर्वी यूरोप र तात्कालीन सोभियत संघको प्रतिव्यक्ति राष्ट्रिय आय ४०३० अमेरिकी डलर थियो । सन् २००० को UNDP को मानव विकास प्रतिवेदनले जनाएअनुसार सन् १९९८ मा पुग्दा त्यही प्रतिव्यक्ति आय ४८ प्रतिशत घटेर २११० डलर हुन पुगेको छ । अहिले पूर्वी यूरोपेली मुलुकमध्ये केवल पोलैण्ड र हंगेरीको मात्र प्रतिव्यक्ति आय बढेको छ, अरू सबैको ओरालो लागेको छ ।

*(हेर्नुहोस् टेबुल - १)*

यस प्रकार एक दशकको पूँजीवादले पूर्वी यूरोप र पूर्व सोभियत संघअन्तर्गतका मुलुकहरूमा समृद्धि होइन, गरीबी मात्र बाँडेको छ । हो, त्यहाँ सयकडा दश त यस बीचमा निकै समृद्ध भएका छन्, परन्तु सयकडा नब्बेलाई भने पूँजीवादले चौतर्फी अभावको हरिकंगाल जिन्दगी मात्र प्रदान गरेको छ ।

राष्ट्रिय अर्थतन्त्र चौपट हुनुको कारणले त्यसै पनि पहिलेभन्दा निकै गरीब हुन पुगेका पूर्वी यूरोपेलीहरूलाई बजार अर्थतन्त्रले पैदा गरेको भीषण महँगीले अरू बर्वाद बनाएको छ । रूसी महासंघमा सन् १९९० देखि १९९८ सम्ममा बार्षिक सरदर महँगी वृद्धिदर २३१ प्रतिशत रह्यो, रूमानियामा ११४ प्रतिशत, बुल्गेरियामा ११७ प्रतिशत र अल्वानियामा ५२ प्रतिशत । नेपालमा वार्षिक १० प्रतिशत महँगी बढ्दा हामी कसरी जिउने होला भनेर हायल कायल हुन्छौं । त्यहाँ यसको दशौं बीसौं गुणा ज्यादा महँगी बढ्दा हामीजस्तै गरीब मान्छेको जिन्दगी कस्तो भयो होला ?

*(हेर्नुहोस् टेबुल - २)*

टेबुल- २ को आँकडाले के देखाएको छ भने, समाजवाद ढलेपछि पूर्वी यूरोपमा महँगीको बाढी नै आएको छ । सबैभन्दा ज्यादा महँगीको बाढी तत्कालीन सोभियत संघ अन्तर्गतका मुलुकमा आएको छ । जहाँ ९ वर्षसम्म लगातार औसत २०० देखि ७०० प्रतिशतभन्दा ज्यादा दरमा महँगी बढेको देखिएको छ । प्रतिव्यक्ति आय आधै घट्नु, त्यसमाथि यति भयानक दरमा लगातार एक दशकसम्म महँगी बढ्नुले पूर्वी यूरोप र पूर्व सोभियत संघका जनताको जीवनमा आठ रेक्टर स्केलको महाभूकम्प ल्याईदिएको छ ।

पूँजीवादले पूर्वी यूरोपका महिलाहरूको जिन्दगीमा पनि साह्रै ठूलो बर्वादी ल्याएको छ । द इकोनोमिस्टले लेखेको छ : "साम्यवादले एउटा विन्दुसम्म महिलाहरूलाई समान अवसर प्रदान गरेको थियो, ...." हेर्नुहोस्, The Economist सेप्टेम्बर १३, २०००) परन्तु पूँजीवादले त्यो समान अवसरलाई दशै वर्षमा सिध्याई दिएको छ । त्यसको प्रत्यक्ष असर राजनीतिमा महिला सहभागितामा परेको छ । गत एक दशकमा पूर्वी यूरोपको संसदमा महिला सांसदहरूको प्रतिशत चकित पार्ने ढंगले घटेको छ । UNDP का अनुसार सन् १९८८ मा पुरूषहरूको सापेक्षतामा ४७ प्रतिशत सांसदहरू महिला थिए । सन् २००० मा पूर्वी यूरोप र CIS मा कुल सांसदहरूमध्ये ८.४ प्रतिशत मात्र महिला छन् । UNICEF का अनुसार सन् १९७५ मा अल्वानियामा ३३ प्रतिशत सांसद महिला थिए, सन् १९९१ मा त्यो घटेर

टेबुल - १

## पूर्वी यूरोप र भू.पू. सोभियत संघमा समाजवाद ढलेपछि प्रतिव्यक्ति आय बढ्दैछ कि घट्दैछ ?

| मुलुक | सन् १९८८ मा | सन् १९९८ | वृद्धि प्रतिशत |
|---|---|---|---|
| चेक गणतन्त्र | ५,८२० | ५,१५० | -११.५% |
| स्लोभाकिया | ५,८२० | ३,७०० | -३६.४ % |
| पोलैण्ड | १,८६० | ३,९१० | ११०.२ % |
| हंगेरी | २,४५० | ४,५१० | ८४.१% |
| बुल्गेरिया | ४,१५० | १,२२० | -७०.६% |
| रोमानिया | २,६५० | १,३६० | -४८.६% |
| अल्वानिया | १,२०० | ८१० | ३२.५% |
| रूसी महासंघ | ४,५५० ❑ | २,२६० | -५०.३% |
| पूर्वी यूरोप र भू.पू. सोभियत संघ-औसत | ४,०३० | २११० | - ४७.६% |

❑ सन् १९८८ मा चेक र स्लोभाकिया एउटै राज्य थिए ।

◆ यो तात्कालीन सोभियत संघको आँकडा हो । त्यतिखेर सोभियत संघबाट अलगिएको थिएन ।

*स्रोत : UNDP, Human Development Report 1991 & 2000*

टेबुल - २

## पूर्वी यूरोप र पूर्व सोभियत संघमा समाजवाद ढलेपछिको महँगी वृद्धिदर

*सन् १९९० देखि सन् १९९८ सम्मको महँगी वृद्धि दर, प्रतिशतमा*

| मुलुकहरू | महँगी वृद्धि दर |
|---|---|
| चेक गणतन्त्र | १३.७ |
| स्लोभाकिया | ११.४ |
| पोलैण्ड | २६.९ |
| हंगेरी | २२.० |
| बुल्गारिया | ११६.९ |
| रोमानिया | ११३.८ |
| अल्वानिया | ५१.५ |
| रूसी महासंघ | २३०.९ |
| युक्रेन | ४४०.० |
| जर्जिया | ७०९.३ |
| बेलारूस | ४४९.९ |
| अजरबैजान | ३२२.३ |
| आर्मेनिया | ३४९.१ |
| लात्भिया | २३०.९ |

स्रोत : *UNDP, Human Development Report, 2000*

**टेबुल - ३**

## समाजवाद ढल्दा महिलाहरूलाई के फरक पर्छ ?

### पूर्वी यूरोपमा महिला सांसदहरूको प्रतिशत

| | समाजवाद ढल्नुअघि | समाजवाद ढल्नासाथ |
|---|---|---|
| | सन् १९७५ | १९९१ मा |
| अल्बानिया | ३३.०% | ४% |
| हंगेरी | २९.०% | ७% |
| बुल्गेरिया | १९.०% | ९% |
| पोलैण्ड | १६.०% | १४% |

स्रोत: *UNICEF, The Progress of Nations 1991*

४ प्रतिशतमा ओर्लियो । त्यस्तै गरी, यही अवधिमा हंगेरीको २९ प्रतिशतबाट ७ प्रतिशतमा, बुल्गेरियाको १९ प्रतिशतबाट ९ प्रतिशतमा ओर्लियो ।

माथि उल्लेखित 'द इकोनोमिस्ट'ले जनाएअनुसार समाजवाद ढलेयता पूर्वी यूरोपमा अल्कोहलको प्रयोग ज्यादै बढेको छ । यसले महिलाहरूमाथि शारीरिक हिंसा र यौन आक्रमण चौपट्टै बढाएको छ । युक्रेनका गाउँहरूमा ३० प्रतिशत महिलाहरू बलात्कारको शिकार भएका छन् ।

यसरी समाजवाद ढलेर ठूलो फरक महिलाहरूमाथि परेको छ । उनीहरू पुन अवसर र समानताको हिसावले १९ सौं शताब्दीतिर फर्केका छन्, जब कि विश्वले भने एक्काइसौं शताब्दीमा पदार्पण गरेको छ ।


यी सबै कोणबाट हेर्दा दुईवटा मुलुक पोल्याण्ड र हंगेरी छोडेर समस्त पूर्वी यूरोप र पूर्व सोभियत संघमा पूँजीवादी बजार अर्थतन्त्रले सर्वांगिण बर्बादी मात्रै ल्याएको छ, समृद्धि ल्याएको देखिन्न । स्वयम् पोलैण्ड र हंगेरीमा पनि, आर्थिक बृद्धि दरमात्र बढेको छ, गरीबी, बेरोजगारी, महिलाहरू र केटाकेटीको बर्बादी निकै भएको छ । धनी र गरीबको खाडल निकै बढेको छ ।

यी सबै तथ्य र तथ्याङ्कहरूबाट निक्लने निष्कर्ष के हो भने - बहुसंख्यक जनताको जीवनको समृद्धि र उनीहरूको आधारभूत मानवीय आवश्यकताको पूर्तिको हिसावले, समता र सामाजिक न्यायको हिसावले समाजवादको विकल्प कुनै हालतमा पनि पूँजीवाद हुन सक्दैन । पूँजीवादले जहिले पनि अल्पसंख्यकलाई मात्र समृद्धितिर लैजान्छ, जवकि बहुसंख्यक श्रमिक र महिलाहरू यो प्रणालीमा बर्बादीको शिकार हुन्छन् ।

पूर्वी यूरोप र सोभियत संघको ७० वर्षको अभ्यासमा समाजबादमा स्वतन्त्रता भएन, नीति निर्णयमा बहुसंख्यक जनताको आलोचनात्मक सहभागिता भएन, जनतालाई त्यहाँ सुविधा संपन्न मात्र पारियो, अधिकार संपन्न पारिएन । यो आधारभूत दोषका कारणले त्यहाँको समाजवाद नोकरशाही राज्यसमाजवादमा बदलियो । यो दोषलाई आइन्दा हटाइनै पर्छ । परन्तु समाजवादसित सांस्कृतिक क्रान्ति तथा राजनीतिक स्वतन्त्रता र जनताको अधिकार संपन्नताको विवाह गराउने हो भने, अर्थात अधिकारको नोकरशाही केन्द्रिकरणको समस्या हल गर्ने हो भने समाजवादभन्दा सर्वश्रेष्ठ अर्को कुनै प्रणाली विश्वमा छैन । ❑



लेनिन



पुटिन

# रूस : कम्युनिष्ट लडाकू युवाहरू जेलमा

क्रान्तिको आवाज बुलन्द पार्नु हुने लेनिन र स्तालिनको देशमा अहिले 'मौनताको संस्कृति' हुर्काउने लहर चलिरहेको छ । रूसमा अचेल पूँजीवादका बर्बरताहरूविरूद्ध आवाज बुलन्द पारी मौनताको संस्कृति तोड्ने प्रयत्न गरिरहेका कम्युनिष्ट र कम्युनिष्ट पक्षधरहरूको गिरफ्तारी, जेल-नेल र यातना तीव्र गतिमा बढ्दै गइरहेको छ ।

रूसका राष्ट्रपति भ्लादिमीर पुटिनको सरकारले रूसी जासूसी संस्था-फेडरल सेक्यूरिटी ब्यूरोमार्फत् पाँचजना युवा क्रान्तिकारीहरूलाई गिरफ्तार गरेर विगत ६ महिनादेखि जेलमा बन्द गरिराखेको छ । गिरफ्तार गरिएका नादेज्दा राक्स, तातियाना सोकोलोभा, लारिस्सा रोमानोभा, आन्द्रेई सोकोलोभ र इगोर गुष्किनलाई सन् १९९८ र १९९९ मा फेडरल सेक्यूरिटी ब्यूरो (FSB) को कार्यालय नजिकै बम फिट गरेको आरोप लगाइएको छ । ती युवा-युवतीहरूले आफूमाथि लगाइएको आरोप निराधार र झूठो भएको दावी गर्दै आफ्नो गिरफ्तारी गैरकानूनी भएको आरोप लगाएका छन् । विनाप्रमाण, विनाअदालती कारवाही जेलमा राखिएका ती क्रान्तिकारी युवाहरूविरूद्ध सरकारले कुनै ठोस प्रमाण पेश गर्न सकेको छैन ।

पुटिन सरकारले बन्दी क्रान्तिकारीहरूप्रति सामान्य पूँजीवादी प्रजातान्त्रिक व्यवहार पनि नगरी अमानवीय ढंगले जेलमा थुनिराखेको छ । आफूविरूद्ध लागेका आरोपहरूविरूद्ध कानूनी उपचारको व्यवस्था गर्नसमेत वञ्चित पारिएको घटनाले पूँजीवादको बर्बरतालाई फेरि एकपटक अभिव्यक्त गरेको छ । नादेज्दा राक्सलाई ६ हप्तासम्म आफ्ना वकिललाई भेट्न नदिइएको, सोकोलोभालाई दुईपटक मात्रै आफ्ना स्वजनहरूसँग भेट्न दिइएको तथा तिनीहरूलाई ६ हप्तासम्म बाहिरी संसारसँग चिट्ठी-पत्रमार्फत् समेत सञ्चार गर्न नदिइएको घटनाले पुटिनको पूँजीवादी प्रजातन्त्रको नांगो रूपलाई नै प्रष्ट्याएको छ ।

स्मरणीय पक्ष के हो भने ती युवाहरू कम्युनिष्ट संगठनहरूसँग आवद्ध क्रान्तिकारी भएकै कारणले यति घिनलाग्दो दुर्व्यबहार गरिएको प्रसंग अहिले रूसमा चर्चित भइरहेको छ । ती युवाहरू मूलतः रिभोल्यूशनरी योङ कम्युनिष्ट लीग-बोल्शेभिक (RKSM–B) सँग सम्बन्धित छन् । राक्स र सोकोलोभा त रूसी कम्युनिष्ट वर्कर्स पार्टीका कार्यकर्ताका रूपमा पनि परिचित छिन् ।

यूक्रेनमा सन १९७३ मा जन्मिएकी क्रान्तिकारी युवती राक्स सोभियत सत्ता ध्वस्त भइसकेपछि पनि समाजवादको सुनौलो 'भविष्यमाथि विश्वास राख्दै क्रान्तिकारी आचरण गर्न व्यस्त छिन् । समाजवादी बोल्शेभिक क्रान्तिप्रतिको अटल आस्थाका कारणले उनले रूसी शहर कालूगालाई विगत ७ वर्षअगाडि देखि क्रान्तिको कर्मभूमि बनाएकी छिन् । सन् १९९३ देखि त्यहाँ स्कूल-शिक्षिकाका रूपमा क्रियाशील राक्सले सोभियत संघको बेला निर्माण गरिएको जस्तै खालको बच्चा, किशोर र युवाहरूको संगठन- *योङ पायोनियर्स* गठन गरेकी छिन् । त्यसमार्फत् उनले हिउँदे पायोनियर क्याम्पसहरू संचालन गर्दै बच्चादेखि युवाहरूलाई समेत समाजवादको पक्षमा उभ्याउन थालेकी छिन् । सन् १९९७ मा उनले कालुगा शहरमा शिक्षक हड्तालको अयोजना गर्ने र RKSM-B को अखबार Bumbarsh मा लेख्ने कार्य गर्दै आएकी छिन् ।

जेलबाट पठाइएको चिठीमा राक्सले सगौरव लेखेकी छिन् - "हामीले आफ्नो बाटो छानिसकेका छौं र हामीले आफ्नो जीवनको मिशन फेला पारिसकेका छौं - हाम्रा हजुरआमा र हजुरबुबाहरूले दोस्रो विश्वयुद्धको क्रममा फेलापारेजस्तै । म कसैको दास-अनुदास बन्न चाहन्न, म अहिले धेरै नै खुसी छु, म ती सोभियत जनताप्रति नतमस्तक छु । आफ्नो जीवन र आफ्ना खुवीहरू सुन्दर भविष्य र सोभियत सत्ताका लागि न्यौछावर गर्ने सोभियत जनताजस्तै बन्न चाहन्छु म । यही मेरो गन्तब्य हुनेछ ।"

राक्सलगायत क्रान्तिकारी बन्दीहरूको रिहाइका लागि एउटा जनसमिति पनि बनाइएको छ । त्यसको नाम हो - समाजवादका लागि संघर्षरत राजबन्दीहरूको रक्षा समिति । त्यसले रूसभरि राजबन्दी रिहाइको माग घन्काउने उद्देश्यले मस्कोको मध्यभागमा र्‍याली आयोजना गर्दै अपील गरेको छ - कम्युनिष्टहरूविरूद्ध राजनैतिक दमन बन्द गर । निरपराधीहरूलाई जेलमा कोच्ने जेल-राज्य खत्तम गर । ❑

> *"हामीले आफ्नो बाटो छानिसकेका छौं ...*
> *म कसैको दास-अनुदास बन्न चाहन्न"*



# बहुदलको दश वर्ष

*२०४६ सालको जन-आन्दोलन 'विजयी' हुँदा खुसी भएका नेपालीहरु : यो क्षणले के के अपेक्षाहरु पैदा गरेका थिएहोलान् ? के ती पूरा हुने दिशामा छन् ? तस्वीर साभार : People Power : गोपाल चित्रकार*

– हरि रोका

नेपालमा बहुदल आएको दश वर्ष बितिसकेको छ । यो एक दशकमा नेपालमा सबभन्दा ज्यादा कुन कुराको बढोत्तरी भयो ? भनेर प्रश्न गऱ्यो भने सिधा सिधा जवाफ दिनुपर्ने हुन्छ – विदेशी ऋण र आन्तरिक ऋणको, अनि राजनीतिक भ्रष्टाचारको ।

यो एक दशकमा नेपालमा ३३ अर्ब ३२ करोड विदेशी अनुदान भित्रीसकेको छ । १ खर्ब २० अर्ब रूपैयाँ विदेशी ऋण आइसकेको छ । बहुदल आएको आर्थिक वर्षमा नेपालको आन्तरिक ऋण केवल १३ अर्ब ९१ करोड थियो । पोहोर फागुनसम्म त्यो साँढे तीन गुणा बढेर रू. ५१ अर्ब १० करोड पुगिसकेको छ । २०४६ सालको आर्थिक बर्षमा नेपालको खूद तिर्न बाँकी विदेशी ऋण रू. ३६ अर्ब ८० करोड थियो । अहिले त्यो पाँच गुणा बढेर १९२ अर्ब पुगेको छ ।

परन्तु यत्रो विशाल धनराशि देशमा भित्रिए पनि गत एक दशकमा न त नेपाल र नेपालीको गरीबी नै घट्न सकेको देखियो, न राष्ट्रको आर्थिक पछौटेपन । न त विकासका पूर्वाधारहरू नै उल्लेखनिय ढंगले बढे, न त नेपालको संस्थागत क्षमता नै वृद्धि भयो । लगभग ८८ प्रतिशत नेपालीहरू

**यस्तो प्रतीत हुन्छ – विशाल धनराशि ज्यादाजस्तो सिंहदरवार र सदरमुकाम वरपर नै दमपच भएको छ !**

गाउँमा बस्छन् । परन्तु खरबौं रूपैयाँको त्यो थैली गत दश वर्षमा चौतर्फी विकास भएर नेपालका गाउँहरूमा ठ्याम्मै पुगेन । आखिर कहाँ हरायो त्यत्रो पैसा ?

यस्तो प्रतीत हुन्छ – त्यो विशाल धनराशि ज्यादाजस्तो सिंहदरवार र सदरमुकाम वरपर नै दमपच भएको छ । विशेषतः भ्रष्ट नेताहरू र रकमी नोकरशाहहरूका चिल्ला सुटकेसहरूमा । यही कारण हो । – जसले गर्दा २०४६ सालतिरका चप्पलेहरू दशै वर्षमा **महले** भएर उदीयमान भएका छन् । हिजो साइकल किन्नसमेत औकात नभएकाहरू दशै वर्षमा पजेरो जेड्ने भएर निक्लेका छन् । विगत दश वर्षमा राजधानी, सदरमुकाम र शहर बजारमा एउटा नयाँ भूइँफूट्टा नव-धनाढ्य वर्गको उदय भएको छ । साथै एउटा नयाँ मध्यमवर्ग प्रष्ट देखिने गरी पैदाभएको छ । विदेशी सहायता र ऋणको त्यो विशाल राशिबाट नेपाल र नेपाली दुवै मोटाएका छैनन्, नेता र नोकरशाहहरू मात्र ढम्मरढुस् भएका छन् ।

यसको परिणाम के भयो भने बहुदल आउँदाताक ४२ प्रतिशत नेपाली गरीबीको रेखामुनी थिए । यू.एन.डि.पी.को पछिल्लो तथ्याङ्कअनुसार अहिले ५१ प्रतिशत नेपालीहरू दरिद्रताको रेखामुनी पुगेका छन् । बहुदल आउनुभन्दा पाँच वर्षअघि नेपालको पूर्ण बेरोजगारी दर ३ प्रतिशत भएको बताइएको थियो । तर बहुदल आएको सात वर्ष पनि नपुग्दै त्यो दर भण्डै दोब्बर बढेर ५ प्रतिशत पुगेको केन्द्रीय तथ्याङ्क विभागले जनाएको छ । अझ,

## बहुदलको दश वर्षमा नेपालको अर्थराजनीति

एक वर्षपछि राष्ट्रिय योजना आयोगले त नेपालमा बहुदलीयकालमा बेरोजगारी दरको भयावह चित्र पेश गरेको छ – देशका १४ प्रतिशत नागरिकहरू पूर्ण बेरोजगार छन् भनेर । अर्द्ध-बेरोजगारी त अफ ४७ प्रतिशत भएको बताइएको छ । यसको मतलब 'विकासका लागि' भनेर आएको त्यत्रो धेरै कोसेली सहायताको पैसाले विकास त चौपट्टै भएछ, तर गरीबी र बेरोजगारीको ।

गएको दश वर्षमा नेपालको अर्थतन्त्रमा कृषिको योगदान भसक्कै घटेको छ । २०४६ सालमा नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रले ५१ प्रतिशत योगदान गर्थ्यो । अहिले त्यो ३९ प्रतिशतमा ओर्लेको छ । नेपालका उत्पादनकार्यमा क्रियाशील ८१ प्रतिशत जनताहरू अझै कृषि क्षेत्रमै हुनु परन्तु अर्थतन्त्रमा कृषिको योगदान एक दशकमा १२ प्रतिशतले तल झर्नु । - यसको तात्पर्य के भयो भने नेपालको कृषि उत्पादन र उत्पादकत्व जनसंख्या वृद्धिको अनुपातमा बढिरहेको छैन, उल्टो त्यो झन् घट्दैछ । गएको एक दशकमा नेपालमा कृषि र किसान दुवैको हालत उँभो लागेको छैन, उल्टो त्यो ओरालो लाग्दैछ । २०३८ सालदेखि २०४७ सम्म हाम्रो देशको कृषि उत्पादन बृद्धिदर वार्षिक सरंदर ४.६ प्रतिशत थियो । २०४७ सालदेखि २०५३ सालको अवधिमा कृषि उत्पादन बृद्धिदर दोब्बर घटेर २.२ प्रतिशतमात्र हुनपुगेको छ, जबकि जनसंख्या बृद्धिदर भने यही अवधिमा २.४ प्रतिशत रहेको छ । यसरी बहुदलको एक दशकमा नेपालमा कृषि क्षेत्रको उत्पादन बृद्धिदरभन्दा जनसंख्याको बृद्धिदर ०.२ प्रतिशतले ज्यादा रहेको देखिएको छ । नेपाल यस प्रकार अन्न आयात गरेन भने खानै नपुग्ने सदाको अनिकाले देशमा परिणत हुने लक्षण देखापरेको छ ।

### *विकासको परिभाषा र दावी :*

बितेका ४९ वर्षदेखि नेपालमा विकासका थुप्रै मोडेलहरू अगाडि सारिए । औद्योगीकरण अभियान दिगो विकास, एकीकृत पहाडी विकास, संरचनागत समायोजन ऋण, आयात प्रतिस्थापन, निर्यात प्रर्वधन, आधारभूत आवश्यकता, उच्च आर्थिक बृद्धिदर, ट्रिफल डाउन एप्रोच, पिपुल्स फष्ट, निजीकरण र गरीबी निवारण आदि । १९८५ देखि नेपालमा संरचनागत समायोजन कार्यक्रम (Structural Adjustment programme) अन्तरगत निजीकरणदेखि गरीबी निवारणको अवधारणालाई व्यवहारमा उतारिएको छ । पंचायतको अन्तिम दशकमा शुरू

## ताजा विचारहरू

◆ **प्रधानमन्त्री गिरिजा प्र. कोइराला**

◆ माधवकुमार नेपाल

*प्रमुख प्रतिपक्षी दलका नेता तथा ने.क.पा. एमालेका महासचिव*

◆ मोहनविक्रम सिंह

*महामन्त्री, नेकपा (मशाल)*

◆ क. प्रकाश

*महासचिव, नेकपा एकताकेन्द्र*

◆ डा. देवेन्द्रराज पाण्डे

◆ प्रदिपकुमार श्रेष्ठ

*अध्यक्ष, उद्योग वाणिज्य महासंघ*

◆ उमेशकुमार कँडेल

*मजदूर, बालाजु औद्योगिक क्षेत्र*

◆ बलराम लिम्बू

*मजदूर, पाटन औद्योगिक क्षेत्र*

◆ गौरी नकर्मी

*(गृहिणी) कीर्तिपुर, काठमाण्डौं*

भएको यो नीतिलाई बहुदल आएपछि निरन्तरतामात्र होइन, अझ बढी प्रोत्साहन गरियो । वर्तमान अर्थमन्त्रीले बितेको एक दशकमा माथि उल्लेखित तथ्याङ्कभन्दा पृथक ढंगले यो दशकमा ठूलो मात्रामा विकास भएको दावी गर्नुभएको छ । हेर्नुहोस् टेबुल-१ । तथ्याङ्कका हिसाबले यो आँकडालाई तुलनात्मक रूपमा विकास भएको मान्नै पर्छ । तर यी विषयवस्तुमात्र समष्टिगत अर्थतन्त्रको विकासको सूचकाङ्कहरू (Macro Economic Indicators) भने होइनन् । तथापि सरकारले गरेको यत्रो ठूलो दावी कुन र कस्तो मूल्य चुकाएर प्राप्तभएको हो भन्ने कुरालाई भने सर्वथा लुकाइएको छ । बितेको चार दशकको तुलनामा यो एक दशकभित्र पाँच गुणाभन्दा बढ्ता भित्र्याएको ऋण, १७ वटा बिक्री भैसकेको सार्वजनिक संस्थाहरूको बिक्रीको रूपैयाँ, झण्डै साढे तीन गुणा बढीले बृद्धि भएको आन्तरिक ऋणलाई हेर्दा पनि यो विकासलाई मापन गर्न सकिन्छ । यसै वर्ष अर्थात् २०५७/५८ को बजेट विनियोजन गर्दा विदेशी ऋण तथा सहायताको रकम ३१ अर्ब ६३ करोड ८२ लाख ८९ हजार प्रस्तावित गरिएको छ र आन्तरिक ऋण प्रवाहको रकम ७ अर्ब । कूल राजस्वको झण्डै आधाभन्दा बढ्ता ऋणभार ।

### *यथार्थ स्थिति :*

जतिसुकै ठूलो विकासको कुरा गरे पनि दक्षिण एशियाली मुलुकहरूको बीचमा नेपाल मानवीय प्रतिवेदन सूचकांकको आधारमा बंगलादेशको तुलनामा दुई अंकले मात्र अगाडि देखिएको छ, अरू मुलुकहरूको तुलनामा धेरै तल । त्यस्तै, सन् १९९०/९१ को तुलनामा समष्टिगत आर्थिक सूचकाङ्कहरूलाई केलाउने हो भने नेपाल जस्ताको तस्तै वा अझ तल झरेको देखिन्छ । (हेर्नुहोस् टेवल-२) प्रतिव्यक्ति राष्ट्रिय आम्दानी र प्रतिव्यक्ति गार्हस्थ्य आम्दानीमा बढोत्तरी देखिएपनि क्रय शक्तिको क्षमतालाई हेर्ने हो भने यो कुरा प्रष्ट हुन्छ । खास गरी यो दश वर्षमा आएको एउटा ठूलो फरक अमेरिकी डलरको तुलनामा नेपाली मुद्राको व्यापक अवमूल्यन हो । यो एक दशकमा अमेरिकी डलर नेपाली मुद्राभन्दा अढाइ गुणा महँगो भएको छ । एक अमेरिकी डलर खरीद गर्न सन् १९९० मा नेपालीले २९/१० पैसामात्र तिर्नु पर्थ्यो भने अहिले ७४/४० पैसा तिर्नुपर्छ । यसको मतलव ४५ रूपैयाँले यो अवधिमा नेपाली रूपैयाँको अवमूल्यन भएको छ । यसको सिधा असर विदेशी ऋणमा परेको छ । विदेशी ऋण उत्तिकै अढाइ गुणा ज्यादा हुनगएको छ । त्यस्तै, सर्वसाधारण मानिसहरूले वर्तमान अर्थ व्यवस्थामा आफू र आफ्नो परिवारलाई कसरी धानीरहेका होलान् भनेर तल दिएको टेबुल नं ३ को अति आवश्यक बस्तुको तुलनात्मक मूल्य सूचीलाई हेर्दा पनि थाहा हुन्छ । यो एक दशकमा महँगी चौपट्ट बढेको छ ।

**टेबुल - १**

**सरकारी उपलब्धिको सूची :**

| विषय सूची : | आर्थिक वर्ष २०४७/४८ | आर्थिक वर्ष २०५६/५७ |
|---|---|---|
| ◆ स्कूलको संख्या | २४ हजार | ३७ हजार |
| ◆ स्कूल भर्ना संख्या | ३५ लाख | ५३ लाख |
| ◆ साक्षरता संख्या (कूल जनसंख्यामा) | ४० प्रतिशत | ५३ प्रतिशत |
| ◆ स्वास्थ्य क्षेत्रका कामदार संख्या | २८ हजार | ७९ हजार |
| ◆ शिशु मृत्युदर (प्रतिहजारमा) | १०२ | ६४ |
| ◆ कूल औसत आयू | ४९ वर्ष | ५९ वर्ष |
| ◆ प्रजनन् दर (प्रतिपरिवारमा) | ५.६ | ४.३ |
| ◆ पर्यटक आगमन | २,५५,००० | ४,९२,००० |
| ◆ सडक | ६,७०० कि.मी. | १३,८४९ कि.मी. |
| ◆ विद्युत आपूर्ति | १७६ मेघावाट | ३५२ मेघावाट |
| ◆ निर्यात (कूल गार्हस्थ्य उत्पादनको प्रतिशतमा) | ६.१ प्रतिशत | १०.९ प्रतिशत |

*(स्रोत : बजेट भाषण – २०५७/५८*

**२०४६ को जन-आन्दोलनमा भक्तपुरमा मारिएका आफन्तको मृत्युमा शोकमग्न महिलाहरु : के यो शोकको निरन्तरता नै सम्पूर्ण नेपालीहरुको हालसम्मको पनि नियति हो ?**

*तस्वीर साभार : People Power : गोपाल चित्रकार*



टेबुल - २

**समष्टिगत आर्थिक सूचकाङ्क**

| विषय सूची | आ.व. २०४७/४८ | आ.व. २०५५/५६ |
|---|---|---|
| प्रतिव्यक्ति राष्ट्रिय आय | १८३ (अमेरिकी डलर) | २१० |
| मुद्रा स्फिती | ९.८% | ८.९% |
| वचत (कूल ग्राहर्स्थ्य उत्पादनमा) | ९.५७% | १०.५% |
| कूल राष्ट्रिय उत्पादन (अमेरिकी डलरमा) | ◆ | ४.९ अर्ब |
| निजी क्षेत्रको अर्थतन्त्र (सन् १९९८) | ◆ | ८०.३% |
| करबाट हुने आम्दानी (कूल गार्हस्थ्य उत्पादनमा) | ◆ | ८.८% |
| कूल खर्च ( " ) | - | १७.५% |
| उपभोग ( " ) | ९०.४३% | ८६.८३% |
| लगानी ( " ) | २०.८३% | २०.९४% |
| निर्यात ( " ) | ११.८२% | २६.७०% |
| आयात ( " ) | २३.०८% | ३४.४७% |
| प्रतिब्यक्ति कूल गार्हस्थ्य उत्पादन | रू. ६,५७७/- | रू. १६,६८०/६० |
| प्रतिव्यक्ति कूल राष्ट्रिय आम्दानी | रू. ६,६९५/- | रू. १७,२४८/०० |
| एक अमेरिकी डलर बराबर नेपाली रूपैयाँको मूल्य : | २९/१० पैसा (१९९०) | ७४/४० (२०००) |

*(स्रोत : CBS -2000, 1996, HDR-2000 UNDP)*

(◆ उपलब्ध नभएको)

अझ यो तुलनात्मक अध्ययन एक वर्ष अगाडिको हो । एक वर्षभित्र अहिले प्रतिमहिना सरदर ५ प्रतिशतका दरले मूल्य बृद्धि भइरहेकोमा हालै पेट्रोलियम पदार्थको मूल्य बृद्धिले सबै अति आवश्यकीय वस्तुहरूको मूल्य पनि समानुपातिक ढंगले बढिरहेको तथ्यलाई नजरअन्दाज गर्न सकिन्न ।

### *औद्योगिक क्षेत्रको स्थिति र औद्योगिक नीति :*

अहिले कूल गार्हस्थ्य उत्पादनमा गैर कृषि क्षेत्रको योगदान ६०.८ प्रतिशत रहेता पनि औद्योगिक लगानीको स्थिति र उद्योग धन्दाको स्थिति कमजोर बन्दै गएको छ । २०४६/४७ देखि २०५०/५१ सम्म राष्ट्रिय आयमा उद्योग क्षेत्रको योगदान वार्षिक सालाखाला १६.७ प्रतिशतले बढेको देखिएकोमा २०५०/५१ देखि २०५५/५६ सम्म औसत ५.१ प्रतिशतले मात्र बढेको देखिन्छ । यसको तात्पर्य के हो भने नेपालको राष्ट्रिय आम्दानीमा उद्योगले गरिरहेको योगदान निकै तीव्र गतिमा घटिरहेको छ । २०४८/४९ मा उद्योगहरूको संख्या ४२७१ पुगेकोमा २०५३/५४ मा यो संख्या घटेर ३५५७ मा झरेको छ । त्यस्तै, वि.सं. २०४७/४८ को तुलनामा उद्योग खोल्न दर्ता गराउनेहरूको संख्या पनि कम हुँदैगएको छ । २०५८/५९ मा उद्योग दर्ता संख्या २२३४ थियो भने २०५५/५६ मा दर्ता संख्या १०८ मात्र पुगेको छ । यसरी हेर्दा देशमा पैसा हुनेहरूको उद्योग धन्दामा लगानी गर्ने चाख मरेर गएको पाइन्छ । उद्योगमा लगानी गर्न इच्छुक नहुनु परन्तु कुनै नयाँ बैंक खुल्यो भने त्यसमा शेयर किन्न मान्छेहरूको ओइरो लाग्नुले पनि यही तथ्यतर्फ औंल्याइरहेछ ।

नेपालले सन् १९८५ देखि नै उदार बजार अर्थनीति लागू गऱ्यो । दक्षिण एशियाली मुलुकहरूकै तुलनामा सबैभन्दा पहिला । त्यसको फलस्वरूप भन्सार दर कम गरियो । लाइसेन्स प्रणालीलाई खुकुलो बनाइयो । देशले अँगालेको आर्थिक नीति संरचनागत समायोजन कार्यक्रमको मूल नीति भएकोले त्यसैअनुरूप कार्यन्वयन गराइयो । संरचनागत समायोजनको यो सिद्धान्तलाई अझ ब्यापक र व्यावहारिक बनाउन २०४९ सालमा नयाँ उद्योग नीति - २०४९ अवलम्बन गरियो । यो नीतिको उद्देश्य उद्योग क्षेत्रको विकासमा बजारको भूमिकालाई प्रमुखता दिनु नै थियो । यो उद्योग नीतिले मूलतः निम्न कुराहरूमा ध्यान केन्द्रित गरेको छ ।

◆ लाइसेन्स प्रणालीलाई घटाउँदै खुला प्रवेश र सघन प्रतिस्पर्धाको वातावरण तयार गर्ने ।

◆ आयकरलाई उदार बनाउने र उद्योग क्षेत्रमा स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहित गर्ने ।

◆ नयाँ व्यवस्थापन अर्थात् उद्योग धन्दाको बिस्तारका लागि सहयोगी संस्थाहरू (Supporting Institution) हरूको आगमनको व्यवस्था गर्ने ।

◆ औद्योगिक उत्पादनको मूल्य निर्धारणमा सरकारले हस्तक्षेप नगर्ने र

# विगत दश वर्षबारे प्र.म. गिरिजाप्रसाद कोइराला के भन्नुहुन्छ ?

*बहुदल आएपछिको विगत दश वर्षमा प्रजातान्त्रिक कहरूबाहेक आम जनताले महशूस गर्न सक्ने गरी र गौरव गर्न सक्ने गरी भएका मुख्य आर्थिक-सामाजिक सुधार तथा उपलब्धिहरू के हुन् ?*


- सुधार र परिवर्तनको मूल्यांकन गर्दा तुलना गर्नै पर्ने हुन्छ । बितेका दश वर्षमा नेपालमा भएको प्रजातान्त्रिक अभ्यासले आर्थिक-सामाजिक क्षेत्रलाई ब्यापक परिवर्तनको बाटोमा हिँडाउन खोजिरहेको छ । यस अवधिमा शिक्षा, स्वास्थ्य र संचारका क्षेत्रमा आधारभूत परिवर्तन भएको छ । अझै आधा जनसंख्या साक्षर बन्न बाँकी छ, तर स्कूल जाने उमेरका बालबालिकाको अनुपात जुन मात्रामा यो दश वर्षमा बढेको छ, त्यो उपलब्धिपूर्ण नै छ । शिक्षा, स्वास्थ्य र संचारमा भएको विकासले गाउँगाउँमा सामाजिक चेतनाको स्तर र जागरूकतालाई अकस्मात् बढाएको छ, त्यो गौरव गर्न लायक पक्ष हो । यसले असमान सामाजिक व्यवहारमा बाँधिएको र त्यसलाई स्वभाविक ठान्ने हाम्रो बानी र अभ्यासलाई परिवर्तन गरेको छ र समानताको वातावरण बनाउन मद्दत गरेको छ । सामाजिक कलङ्कका रूपमा विद्यमान कमैया प्रथाको समाप्तिको निर्णयमा पुग्न गत एक दशकमा सामाजिक चेतनामा आएको सकारात्मक परिवर्तनले अनुकूल वातावरण निर्माण गरेको हो । आर्थिक गतिविधिमा विविधता आएको छ र विस्तार पनि भएको छ । यस बाहेक जुन स्तरमा गाउँका लागि आर्थिक विकासका निम्ति कार्यक्रम बनेका छन्, तिनको प्रभावकारी कार्यान्वयनमा धेरै समस्या र अवरोध उत्पन्न भएका छन् । तर पनि यस दश वर्षमा गाउँमा पनि आर्थिक गतिविधि बढेको म देख्छु । गाउँ गाउँमा बाटो पुग्न थालेकोले पनि आय बढाउने किसिमका नयाँ उपायहरू निस्केका छन् । त्यस्तै, हवाई यातायातका क्षेत्रमा देखिएको नौलो परिवर्तन र प्रतिस्पर्धाले काठमाण्डौ बाहिरका प्रमुख स्थानहरूको आर्थिक गतिविधि पनि बढेको छ । यी सबै कुरामा दश वर्षअघि मुलुकमा आएको प्रजातन्त्रको गहिरो प्रभाव छ र यसमा गौरव गर्न सकिन्छ ।

*अनि यो दश वर्षमा जनता निराश हुने गरी बढेका विकृति, विसंगति र गलत प्रवृत्तिहरूचाहिँ के हुन् भन्ठान्नुहुन्छ ?*

- प्रजातन्त्रले प्रदान गरेको स्वतन्त्रतालाई सकारात्मक रूपमा प्रयोग गर्न नसक्दा व्यक्तिवादी प्रवृत्ति बढेको छ । व्यक्तिवादले व्यक्तिगत स्वार्थ पनि बढाउँछ । मुलुकमा अझै नियन्त्रण हुन नसकेको भ्रष्टाचार र गैर जिम्मेवार प्रवृत्ति सामाजिक र व्यक्तिगत विकृतिको विषय हो । व्यक्तिगत स्वतन्त्रताको सदुपयोग र उचित व्यवस्थापन हुन नसक्नु सम्बन्धित कानूनहरूमा अस्पष्टता रहनु र विकृतिलाई नियन्त्रण गर्ने संस्थाहरू अझै कमजोर देखिनु आफैं पनि गलत प्रवृत्ति बनेको छ । परिवर्तन पछिको संक्रमण कालमा यस्ता विकृतिहरू देखिने गर्दछन् ।

**यस दश वर्षमा गाउँमा पनि आर्थिक गतिविधि बढेको म देख्छु**

*यस्ता विकृतिहरू, गलत प्रवृत्तिहरू र राजनैतिक भ्रष्टाचार बेलगाम*



## प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग 'मूल्यांकन'ले लिएको विशेष अन्तर्वार्ता

*बढ्नुका पछाडि मूल कारण के ? मूल दोषी को ?*

- हाम्रा प्रजातान्त्रिक संस्थाहरू बलियो बन्न नसकेका कारण यस प्रकारका प्रवृत्तिहरू देखिएका हुन् । राजनीतिक दलले आफ्नो आन्तरिक गतिविधिलाई राम्रो किसिमले पारदर्शी राख्न नसकेको कारण पनि राजनीतिक क्षेत्रमा विकृति देखिएको हो । राजनीतिक दलहरूको व्यवहार र प्रोत्साहनमा हुन सक्ने भ्रष्टाचार र विकृतिलाई नियन्त्रण गर्न राजनीतिक दलसम्बन्धी विधेयक, वैधानिक स्रोत नखुलेका सम्पत्ति भ्रष्टाचार प्रमाणित हुने र जफत पनि हुने विधेयक सदनमा प्रस्तुत गरिएको छ । यसले दलहरूको आन्तरिक प्रजातन्त्र र आर्थिक गतिविधि सबैलाई पारदर्शी बनाउने विश्वास राखिएको छ । यसले गलत प्रवृत्ति र राजनीतिक भ्रष्टाचारलाई पनि नियन्त्रण गर्न ठोस आधार र उपायहरू दिनेछ । यस निम्ति हाम्रो संस्कार, व्यवहार नै मूलभूत रूपमा दोषी मान्नु पर्छ ।

*यो एक दशकमा आठ वर्षभन्दा ज्यादा समय त नेपाली कांग्रेस स्वयम् सत्तामा देखिन्छ । यस हिसाबले विकृति, विसंगति र गलत प्रवृत्तिको बाढी नै आउनुको पछाडि नेपाली कांग्रेस स्वयम् कतिको जिम्मेवार छ भन्ठान्नुहुन्छ ? त्यसको मुख्य नेता हुनुका नाताले आफू कत्तिको जिम्मेवार छु भन्ठान्नुहुन्छ ?*

- गत दश वर्षमा धेरै समय नेपाली कांग्रेस सत्तामा रहेकाले यस अवधिमा भएका सबै राम्रा नराम्रा कामको जिम्मेवारी नेपाली कांग्रेसले लिनुपर्छ भन्ने कुरामा म पनि सहमत छु । तर एउटा अर्को पक्षतिर पनि सबैले ध्यान दिनुपर्छ । यो दश वर्षका बीच संसद्मा पुगेका सबै दलहरूले थेरथोर समय सरकार चलाउने मौका पाएका हुन् । तैपनि कांग्रेस यस्ता कार्यमा आफ्नो विशेष जिम्मेवारी लिने मात्र होइन, विकृति र गलत प्रवृत्तिको नियन्त्रणका निम्ति वैधानिक र अरू विभिन्न उपायहरूको खोजीमा पनि अग्रसर रहेको छ । यो व्यक्तिगत र सामूहिक दुवै दायित्वभित्र पर्ने विषय हो भन्ने मलाई लाग्छ ।

*अनि प्रतिपक्षको भूमिका नि ? त्यो कस्तो रहेको यहाँको ठम्याई छ ?*

- २०५१ पूर्वको अवस्थामा प्रतिपक्षले खेल्ने गरेको भूमिकामा यता केही समयदेखि आधारभूत परिवर्तन देखिएको छ । यता आएर धेरै विषयहरूमा प्रतिपक्षीहरूसँग संवाद र समभ्रदारीको मात्रा बढेको छ । विकृति र गलत प्रवृत्तिलाई हटाउने सम्बन्धमा वैधानिक बाटो तय गर्न पनि प्रतिपक्षको सहयोग प्राप्त हुने प्रवृत्ति बढेको छ ।

*सरकार र प्रमुख पार्टीहरूमा खाओवादीहरू ज्यादै बढेकाले उनीहरूको अचाक्लीको प्रतिक्रियास्वरूप माओवादीहरू पैदा भएका र चम्केका हुन् भन्ने अहिले आम जन-विश्वास छ । यसमा तपाईंको धारणा ?*

- एकाध ठाउँका घटनाहरू प्रतिक्रियाका आधारमा घटे पनि समष्टि रूपमा नै यस्तो निष्कर्ष निकाल्नु हल्का टिप्पणी हुन्छ ।

*तपाईं पार्टी सभापति पनि हुनुहुन्छ । शीर्षस्थ पार्टी नेता हुनुका हैसियतले एकदमै आत्म-आलोचक भएर भनीदिनुहोस् त - नेपाली कांग्रेसमा देश विकासको बाटोको सवालमा र सिद्धान्तको सवालमा किन कहिल्यै वादविवाद हुँदैन ? किन खालि कुर्सीकै लागि मात्र झगडा हुन्छ ?*

- कांग्रेस प्रजातान्त्रिक पार्टी भएका कारण यसभित्र सैद्धान्तिक कट्टरता नहुनु अस्वभाविक होइन । त्यसैले कम्युनिष्ट पार्टीमा जस्तो वैचारिक आधारमा कांग्रेस पार्टीमा विवाद र विभाजन हुने परिस्थिति आउँदैन । तर पद र जिम्मेवारी लिनका लागि हुने आन्तरिक प्रतिस्पर्धाको व्यवस्था गर्ने काम अझै पनि नेपाली कांग्रेसभित्र राम्रोसँग हुन नसकेकाले यस्तो विवाद देखिएको हो । तर कांग्रेसभित्र आन्तरिक प्रजातन्त्रलाई स्थापित गर्न हामी पूरै प्रयत्नशील रहेका छौं ।

*नाफामा रहेका कैयन् कारखाना र संस्थाहरूको विगत १० वर्षमा जमीनको समेत मोल नआउने गरी कौडीको भाउमा निजीकरण गरियो भन्ने आरोप नेपाली कांग्रेस सरकारमाथि लाग्दै आएको छ । यो आरोपबारे यहाँको प्रतिक्रिया ?*

- हालसम्म निजीकरण गरिएका उद्योगहरू, जस्तै : भृकुटी कागज कारखाना, हरिसिद्धि ईंटा टायल उद्योग, बाँसबारी छाला जुत्ता कारखाना लगायत अन्य उद्योगहरू प्राय Overstaffing को समस्या भएको, उत्पादन क्षमता ज्यादै कम भएको र क्षमता विस्तार गर्न ठूलो पूंजीको आवश्यकता पनि भएकाले निजीकरण गरिएका हुन् । यी उद्योगहरूलाई निजीकरण गर्दा सबै काम निजीकरण समितिको स्वीकृतिमा गरिएको हो । यो समितिमा प्रतिपक्षको समेत प्रतिनिधित्व रहने व्यवस्था भएकाले सरकारको मात्रै भूमिका अन्तिम हुने अवस्था पनि थिएन । बाँसवारी छालाजुत्ता कारखानाको जमीन र भवन बाहेक मेशिन मात्रै बेचिएको हो । यसका भित्री कुरा बुझेपछि धेरै तथ्य आफैं स्पष्ट हुन्छन् । सबै निर्णय प्रक्रिया निजीकरण एकाइमा हेर्न सकिन्छ ।

*माओवादी सशस्त्र संघर्षको समस्यालाई हल गर्न यहाँको मुख्य प्राथमिकता दमनमा रहन्छ कि वार्ता एवं व्यापक प्रजातान्त्रिक सुधारमा ? दिनेश शर्माहरूको विवादास्पद रिहाइपछि वार्ताको वातावरण पुनः बनाउन सरकारले के ठोस कदम चाल्दैछ ?*

- सैद्धान्तिक रूपमा पनि दमन मेरो प्राथमिकताको विषय होइन, व्यहारिक रूपमा पनि त्यो सहज हुँदैन भन्ने कुरा मलाई थाहा छ । तपाईंहरूलाई अझ धेरै थाहा हुनुपर्छ । राज्यको जिम्मेवारीभित्र नियन्त्रणात्मक काम त पर्छ नै । राज्यको मूल प्रतिनिधि संस्थाका रूपमा यो जिम्मेवारी पनि परिस्थिति अनुसार पूरा गर्नैपर्छ । तर संसारमा आफूसँग असहमत हुनेलाई न्यूनतम दमन हुने प्रणाली भनेको प्रजातान्त्रिक प्रणाली नै हो । यस प्रणालीमा पहिलो कुरा दमन धेरै गर्नै सकिँदैन । दोस्रो, जे जति हुन्छ, त्यसको पनि ब्यापक विरोध र आलोचनाको वातावरण चारैतिर उपलब्ध हुन्छ । त्यसैले प्रजातन्त्रमा वार्ता र दमन वैकल्पिक विषय हुनै सक्दैन, तर वार्ता के को लागि भन्ने कुराले नै अरू धेरै कुरा निर्धारण हुन्छ । म एउटा कुरा भन्छु, सरकारको माओवादीसँग वार्ता गर्ने एजेण्डा स्पष्ट छ । मुलुकमा भइरहेको हिंसा, आतंक र हत्याजस्ता कुरा बन्द हुनुपर्‍यो । तर माओवादीलाई आफ्नो वार्ता गर्ने एजेण्डा प्रष्ट पार्नकै लागि पनि समस्या परिरहेको छ, थप प्रजातन्त्रीकरणका दिशामा जाने सुधारका लागि हो भने वार्ता सरकारका लागि कुनै आपत्ति हुने कुरा नै भएन । तर उल्टो फर्काउनको लागि, अधिनायकवादका लागि हामीले कसरी वार्ता गर्ने ? त्यसैले माओवादीहरूले वार्ताको विषयबारे स्पष्ट पार्नुपर्‍यो भन्ने आशय हो । कुनै घटना विशेषले सरकारको वार्ता गर्ने प्रयत्नमा अवरोध आउँदैन । वार्ताका लागि उपयोगी र विश्वसनीय उपायको तयारीमा सरकार पनि लागेको छ ।

*दिनेश शर्माहरूको रिहाइ नै गर्नु परेपछि किन जस पनि नआउने, वार्ताको वातावरणसमेत भाँडिने गरी रिहाइ गरेको ? किन प्रजातान्त्रिक सरकारले पंचायती शैलीमा बन्दीको आस्था बदल्ने भूमिका खेलेको ?*

- दिनेश शर्माहरूको सार्वजनिक प्रस्तुतिको माग माओवादीले पनि बारम्बार गर्दै आएको विषय हो । त्यसमाथि वार्ताको वातावरण बनाउने आधारका रूपमा पनि उनीहरूले यसलाई प्रस्तुत गरेका हुन् । त्यसैले यस घटनामा सरकारले जस लिने वा दिने कामभन्दा पनि वातावरणलाई सहज बनाउने प्रयत्न गरेको हो । यस घटनाले वार्ता भाँडिनु पर्ने कारण म देख्दिन । अर्को कुरा, कसैको बलले आस्था बदलिन्छ भन्ने कुरामा मलाई विश्वास छैन । आफूलाई राजनीतिकर्मी मान्ने हो भने माओवादीहरूले पनि यस्तो कमजोर कुरा गर्न सुहाउँदैन । ❑

**विकृति, विसंगति र गलत प्रवृत्तिको बाढी नै आउनुको पछाडि तपाईं आफू कत्तिको जिम्मेवार छु भन्ठान्नुहुन्छ ?**

उद्योगको राष्ट्रियकरण नगरिने प्रत्याभूति लगानीकर्तालाई दिइने ।

◆ भौतिक पूर्वाधार तयार गर्ने कामलाई निर्माण उद्योगको रूपमा समावेश गरी पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई सहभागी बनाउने ।

यसरी स्वदेशी तथा विदेशी लगानीका निमित्त सरकारी ग्यारेन्टी दिइंदादिइंदै पनि बितेका दश वर्षमा उद्योग क्षेत्रमा अपेक्षाकृत लगानी हुन सकेन । अर्थात् उद्योगी, व्यवसायीहरू यस क्षेत्रमा लगानी गर्न उत्साहित देखिएनन् । बितेका वर्षहरूमा नेपाली र विदेशी लगानीकर्ताहरूको पूँजी लगानी खास गरी, घर बनाएर भाडामा लगाउने, वित्तीय संस्थाहरूमा शेयर खरीद गर्न प्रोत्साहित हुने, धितो कारोबार खासगरी ट्रेजरी बीलहरू खरीद गर्ने र अन्तरराष्ट्रिय व्यापारमा लगानी गर्न प्रोत्साहित हुने स्थिति देखा परेको छ ।

उत्पादनमूलक उद्योगमा सरकारले लगानी प्रवर्धनमा प्रोत्साहित गर्न नसक्नुका कारणहरू थुप्रै छन् । खास गरी नीति निर्माताहरूले नीति तय गर्दा मूलतः भारतसँगको स्थिर विनिमय वा खुला सिमाना हुनु र नेपाल भारतीय बस्तुहरूको निर्बाध बजारको रूपमा हुनुजस्ता मुख्य कारणहरूमा ध्यान नै दिन नसकेको देखिन्छ ।

उद्योग र औद्योगिक उत्पादनपश्चात् प्राप्त हुने प्रतिफल (Profit) मा अन्य क्षेत्रको भन्दा बढी कर भार थोपरिनु - उद्योग धन्दामा लगानी गर्न प्रोत्साहित नहुनुको एउटा प्रमुख कारण यो पनि भइरहेछ । दोस्रो कारण, अन्तरराष्ट्रिय व्यापारमा जति नाफा र तात्कालीन नाफा देखिएको छ, त्यो उद्योगमा लगानी गर्दा देखिएको छैन । तेस्रो, नेपालको तुलनामा भारतीय बजार ठूलो भएको र अहिले उसले पनि लगभग एक दशकदेखि विदेशी पूँजीलाई निर्बाध रूपमा आउन दिएपछि लगानी उतै आकर्षित भएको छ ।

टेबुल -३

## अति आवश्यक बस्तुहरूमा महँगी

| बस्तुहरु | परिणाम | २०४७ श्रावणमा | २०५६ श्रावणमा | महँगी बृद्धिको प्रतिशत |
|---|---|---|---|---|
| मोटो चामल | प्रतिकिलो | रू. ८/२० | २२/३८ | १७३% |
| मासको दाल | प्रतिकिलो | रू. २०/११ | ४४/८९ | १२४% |
| रहरको दाल | प्रतिकिलो | रू. २१/५५ | ५५/३२ | १५७% |
| आलु | प्रतिकिलो | रू. ५/६० | १३/१२ | १३४% |
| प्याज | प्रतिकिलो | रू. ७/५९ | २१/८९ | १८८% |
| गहुं | प्रतिकिलो | रू. ५/२२ | १४/४३ | १७६% |
| मकै | प्रतिकिलो | रू. ४/९३ | १३/१६ | १६६% |
| तोरीको तेल | प्रतिलिटर | रू. ४७/८२ | ८२/११ | ७२% |
| घिउ | प्रतिकिलो | रू. ८७/५९ | २०३/५३ | १३२% |
| खसीको मासु | प्रतिकिलो | रू. ६४/४२ | १५७/७२ | १४५% |
| मट्टीतेल | प्रतिलिटर | रू. ६/०० | १०/५० | ७५% |
| चिनी | प्रतिकिलो | रू. १५/०० | २२/०० | ५१% |

*स्रोत : खाद्य तथा कृषि बजार सेवा विभाग कृषि विभाग, बजार विकास महाशाखा, नेपाल आयल निगम ।*



## *एक दशकअघि देशमा ३२ जिल्लामा खाद्यान्न संकट रहन्थ्यो भने त्यो संख्या अहिले ५२ पुगेको छ*

नेपालमा उद्योगधन्दा नफष्टाउनुमा एउटा मुख्य कारण नेपाली उद्यम, सीप र लगानीलाई सुरक्षा प्रदान नगरिनु हो । सिमेन्ट, साबुन, कपडा, रड-छड, बिस्कुट, खाद्य उद्योग आदि उत्पादनमा नेपालमा पटक्कै सुरक्षा छैन । बृहत उत्पादनमा लागत मूल्य कम हुन जान्छ । भारतीय उद्योग र औद्योगिक उत्पादनको तुलनामा नेपाली उत्पादन स्वभावतः कम हुन्छ र उनीहरूको लागत मूल्य कम हुन्छ । त्यस हिसाबले पनि जबसम्म नेपाली उत्पादित बस्तुको सरकारले संरक्षण गर्दैन, खुला सिमाना छोडीरहन्छ, तबसम्म औद्योगिक क्षेत्रमा लगानी हुने गुन्जायस रहन्न । त्यस्तै, अनियमित पैठारीलाई नियन्त्रण गर्न नसक्नु, पूर्वाधार विकासको व्यवस्थापन गर्न नसक्नु, राष्ट्रिय आवश्यकता, तुलनात्मक लाभ तथा प्रतिस्पर्धात्मिक क्षमता भएका क्षेत्रहरूको पहिचान गरी लगानी गर्न नसक्नुलाई पनि कारणका रूपमा लिन सकिन्छ । तर यस्तो अप्ठ्यारो हटाई नयाँ औद्योगिक क्षेत्रको लगानीको वातावरण तय गर्न देशले अपनाएको संरचनागत समायोजन कार्यक्रमलाई नै तत्काल निलम्बन गरिनुपर्छ । तर साम्राज्यवादको चङ्गुलमा फँसेको सत्ताधारी दल तयार भइरहेको छैन । नेपाल गत दशकमा पनि औद्योगिक हिसाबले बाहिरबाट भटमासको तेल ल्याउने, नेपालमा प्याक गर्ने, अनि Made in Nepal को छाप ठोकेर बेच्ने देशभन्दा माथि उठ्न सकेको छैन । यस्ता जडान र भरूवा उद्योगहरू राजस्व छल्नमात्र उचित छन् । यिनले नेपालमा खासै मूल्य सृजना गर्दैनन् । हामीले त ज्यादा मूल्य सृजना गर्ने उद्योगतिर लाग्नुपरेको छ ।

नेपालले विकासै गर्ने हो भने कृषि-जन्य उद्योग, जडीबूटीबाट ओखती बनाउने उद्योग, पर्यटकीय उद्योग र वनजन्य उद्योगमा विशेष ध्यान दिनुपर्ने हो । किनकि यसको कच्चापदार्थ हामीसँगै प्रशस्त छ । तर विगत दशकमा यी उद्योगहरूले प्राथमिकता पाएनन् ।

### *कृषि क्षेत्र :*

कृषि क्षेत्रको स्थितिको बारेमा माथि पनि थुप्रै कुरा भनियो । विश्व बैंकको सन् १९८९ मा प्रकाशित प्रतिवेदनअनुसार नेपालमा उत्पादित खाद्यान्न उत्पादनले त्यतिखेर ८० देखि ८५ प्रतिशत व्यक्तिहरूको आवश्यकता पूर्ति हुन्थ्यो भने बितेको एक दशकमा जनसंख्या बृद्धि दरको तुलनामा कृषि क्षेत्रको उत्पादन बृद्धिदर कम भएको छ । एक दशकअघि देशमा ३२ जिल्लामा खाद्यान्न संकट रहन्थ्यो भने त्यो संख्या अहिले ५२ पुगेको छ । देशमा खाद्यबस्तुको आयात हेर्दा ०४५/४६ सालमा रू.१३२.२६ करोड खर्च गरिन्थ्यो भने ०५६/५७ मा रू. ७६८.९० करोड रूपैयाँ बराबरको खाद्यान्न बाहिरबाट आयँत गरिन्छ ।

देशमा अहिले खेती भइरहेको जमीन २६ लाख ४१ हजार हेक्टर छ । परन्तु सिँचाइयोग्य जमीन १७ लाख ६६ हजार हेक्टरमात्र छ । अझ कूल सिँचाइयोग्य जमीनको २१ प्रतिशतमात्रमा सिँचाइ सुविधा उपलब्ध छ, जो २०४७ सालको तुलनामा

# डोल्पाको घटनाले सेना राजाको मातहतमा भएको कुरा प्रष्ट भएको छ

- मोहन विक्रम सिंह, *महामन्त्री नेकपा (मशाल)*

नेपालमा विद्यमान बहुदलीय व्यबस्था कायम भएको एक दशक बित्यो । यो अवधिको सबैभन्दा ठूलो 'उपलब्धि' के हो ?, भनेर छुट्याउनु पर्‍यो भने, त्यसको जवाफ यही नै हुनेछ : बहुदलीय व्यबस्थाको असफलता । बास्तवमा गत एक दशकका बीचमा यसको नकारात्मक असर त्यसको सम्पूर्ण अस्तित्वमा परिरहेको छ । देशमा झन्‌झन् असफल हुँदैगइरहेको बहुदलीय व्यवस्थाका ठाउँमा प्रगतिशील वामपन्थी वा क्रान्तिकारी व्यवस्थाको स्थापनाको संभावना बढ्दैगएको भए त्यो सही र स्वागतयोग्य कुरा हुन्थ्यो । तर बहुदलीय व्यवस्थाको असफलताबाट प्रतिगामी र पुनरूत्थानवादी शक्तिहरूले फाइदा उठाउँदै गइरहेका छन् र त्यसरी बहुदलीय व्यवस्थाको अस्तित्वमा नै खतरा उत्पन्न भएको छ ।

वर्तमान बहुदलीय व्यवस्थाको स्थापनामा नै त्यसको विनाशको तत्व विद्यमान थियो । २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा सार्वभौमसत्ता जनतामा हस्तान्तरण गर्ने जस्तो प्रारम्भिक शर्त पनि पूरा नभैकन सम्झौता भयो । यही कारणले हामीले वर्तमान बहुदलीय व्यवस्थालाई सिमित बहुदलीय व्यवस्था घोषित गरेका थियौं । संविधानमा सार्वभौमसत्ता जनतामा निहित भएको भनिएको छ । तर, डोल्पाको हालैको घटनाले सेना सरकारको मातहतमा होइन, राजाको मातहतमा भएको कुरा प्रष्ट भएको छ । त्यो अवस्थामा सार्वभौमसत्ता जनतामा अन्तर्निहित भएको कुरा एउटा खोक्रो र हास्यास्पद तर्क हो । विद्यमान सिमित बहुदलीय व्यवस्थामा अन्तर्निहित त्यो विरोधाभाषले नै यसको जगलाई कमजोर र अस्तित्वलाई संदिग्ध बनाएको छ । यो विरोधाभाषको अन्त्यको प्रश्नमा सबै जनतन्त्रवादी शक्तिहरूको ध्यान जानुपर्ने आवश्यकता छ ।



२०४६ को आन्दोलनको उत्कर्षको बेला पाटनमा आयोजित आन्दोलनकारीहरुको संयुक्त सभामा नेताहरु एक मिनेट मौनधारण गर्दै

**वर्तमान बहुदलीय व्यवस्थाको स्थापनामा नै त्यसको विनाशको तत्व विद्यमान थियो**

गत कालमा कायम भएका सबै सरकारहरूले प्रजातन्त्रका सामान्य र न्यूनतम् पूँजीवादी मान्यताहरूलाई पनि उल्लघंन गर्ने गरेका छन् । मतदाताहरूको नामावलीको तयारी, निष्पक्ष र स्वतन्त्र चुनाव, सवारी-साधन, सामाजिक अवसर, विकास कार्यक्रम, सामान्य कानूनी न्यायका प्रश्नहरूमा पनि उनीहरूले प्रजातान्त्रिक सिद्धान्तको अतिक्रमण गरेको पाइन्छ । उक्त कुराहरूका लागि गत कालमा बनेका कांग्रेस, एमाले, माले र राप्रपाका एकदलीय वा संयुक्त सरकारहरू कम-बेसी मात्रामा जिम्मेवार रहने गरेका छन् । त्यस प्रकारका अप्रजातान्त्रिक कार्यहरूले देशमा विद्यमान सिमित बहुदलीय व्यवस्थाको आधारलाई लगातार कमजोर पार्ने काम गरेका छन् ।

गत कालमा देशको आर्थिक अवस्था पनि धेरै नै बिग्रेर गएको छ । उद्योग, व्यापार, विदेश व्यापार आदि सबै क्षेत्रहरूमा विकासको गति अवरूद्ध भएको छ । विभिन्न वर्ग र जनसमुदायको आर्थिक अवस्था झन् बिग्रदै गएको छ । आज देशमा सिमित रूपमा भैरहेका विकास कार्यक्रमहरूको स्वरूप खोक्रो छ भने गति ऋणात्मक । यसले देशलाई प्रगति होइन, अवनतिको दिशामा लगिरहेको छ । त्यस प्रकारका विकास कार्यक्रमहरू विदेशी सहायता, ऋण, बृहद राष्ट्रिय पूँजीहरूको दलाली तथा त्यसका लागि राष्ट्रिय स्वार्थहरूका तिलांजलीमाथि आधारित भएकोले यस्तो हुन गएको छ ।

गत कालमा सांस्कृतिक रूपले पनि देशको झन् पछि झन् अधपतन हुँदैगइरहेको छ । जीवनका मूल्य, मान्यता र आदर्शहरूबाट मानिसहरूको अधपतन हुँदैगइरहेको छ । संसदीय प्रणालीले पनि त्यस प्रकारको अधपतनको प्रक्रियालाई बढाएर लगेको छ । संसदीय राजनीति सिद्धान्तहीन, अराजनैतिक सौदावाजी र भ्रष्टाचारको केन्द्र बन्दै गइरहेको छ । राजनैतिक पार्टी वा समूहहरूमा पनि फोहरी राजनैतिक खेल बढ्दै गइरहेको छ । पतनोन्मूख, सामन्ती र विदेशी साम्राज्यवादी संस्कृति, शिक्षाप्रणाली आदि सबैले योजनावद्ध प्रकारले देश र जनताको सांस्कृतिक अधपतनलाई तीव्र र व्यापक पार्दै लगिरहेका छन् । सबै देशीय प्रतिक्रियावादी शक्तिहरूले यो कुरा राम्ररी बुझेका छन् कि त्यसरी जनभावनालाई सांस्कृतिक रूपले पतित बनाउन सके नै उनीहरू (देशी र प्रतिक्रियावादी शक्तिहरू) को स्वार्थहरूको पूर्ति हुनसक्दछ ।

सरकारका माथिका नीति र विकास कार्यक्रमहरूको आधारभूत कमजोरी यो कुरामा अन्तर्निहित छ कि तिनीहरू देश र जनताको वास्तविक हितहरूलाई आधार बनाएर होइन, देशी र विदेशी निहित स्वार्थहरू पूरा गर्ने उद्देश्यलाई प्राथमिकता दिएर बनेका हुन्छन् । त्यसको परिणाम जे हुनुपर्दथ्यो, त्यही भैरहेको छ - देशको आर्थिक बर्वादी र दिवालियापन ।

प्रस्तुत विषयको अर्को पक्ष देशको राष्ट्रियतासित सम्बन्धित छ । गत कालमा आर्थिक रूपले मात्र देशमा विदेशी शक्तिहरूको प्रभूत्व बढ्दै गइरहेको छैन, तर देशको भूमि र सीमामा पनि विदेशी अतिक्रमण बढ्दै गइरहेको छ । अहिलेसम्म बनेका सबै सरकारहरूले राष्ट्रियताको प्रश्नमा सम्झौता र आत्मसर्मपणको बाटो समात्दै गइरहेका छन् ।

यसरी गत दशकको बहुदलीय व्यवस्थाको इतिहास सन्तोषजनक र उत्साहप्रद छैन । तर देशको एक दशकको त्यस प्रकारको निराशजनक इतिहासको एउटा उज्ज्वल पक्ष पनि छ । एक दशकको इतिहास सरकार तथा त्यसले सेवा गर्न खोज्ने सबै देशी र प्रतिक्रियावादी शक्तिहरूका राष्ट्रियता, जनतन्त्र, विकासका विरूद्धका नीति तथा कार्यहरूका विरूद्ध लगातार संघर्षको इतिहास पनि हो । त्यस प्रकारको इतिहासको निर्माण गर्न थुप्रै राजनैतिक शक्ति, कार्यकर्ता र जनताले ठूलो त्याग र बलिदान गरेका छन् । त्यस प्रकारको इतिहासमा देशको विकास र भविष्यलाई त्योभन्दा बेग्लै उज्ज्वल प्रगतिको दिशामा अगाडि बढाउने सामर्थ्य छ, जसका लागि गत एक दशकका सबै सरकारहरू असमर्थ भएका छन् र जुन मार्गमा सबै देशी र विदेशी प्रतिक्रियावादी शक्तिहरूले बढ्न दिन चाहन्नन् । देशको त्यस प्रकारका उज्ज्वल भविष्यमाथि हामीलाई पूर्ण विश्वास छ । ❑

# उद्योग वाणिज्य क्षेत्रमा जति विकास हुन्छ भन्ने आशा गरिएको थियो त्यो भएन



– प्रदिपकुमार श्रेष्ठ
अध्यक्ष, उद्योग वाणिज्य महासंघ

नेपालमा बहुदलीय प्रजातन्त्र आएको १० वर्ष भैसकेको छ । यस अवधिमा प्रजातन्त्रभित्र भीडतन्त्रको भूमिका पनि बढ्न थालेको छ । अनुशासित समाजको विकासमा ह्रास आएको छ । प्रजातन्त्रको स्थापनापछि मान्छेले जुन किसिमको समाजको इच्छा र आकांक्षा गरेका थिए, त्यो अनुरूपको समाज विकास हुन सकेको छैन । विशेष गरेर, उद्योग र वाणिज्य क्षेत्रमा बहुदल आएपछि जति विकास हुन्छ भन्ने कुरा सोचिएको थियो, त्यति विकास नभएको मलाई लागेको छ । यसो भन्दैमा केही पनि कुराको विकास भएको छैन भन्ने कुरा पनि होइन । केही क्षेत्रमा राम्रो पनि भएको छ ।

प्रजातन्त्र आइसकेपछि, विशेष गरेर, नेपालमा वित्तीय संस्थाहरू तीव्र रूपमा विकास हुनथालेका छन् । पहिले नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंक दुई वटा मात्रै बैंकहरू थिए । अहिले ८/९ वटा बैंकहरू थपिएका छन् । फाइनान्सियल तथा इन्स्योरेन्स कम्पनीहरू पनि धेरै थपिएका छन् । त्यस्तै गैरी, निजी हवाई यातायातको विकास पनि धेरै नै भइसकेको छ ।

**प्रजातन्त्रभित्र भीडतन्त्रको भूमिका पनि बढ्न थालेको छ**

पंचायत कालमा उद्योग संचालन गर्नको लागि लाइसेन्स लिनुपर्दथ्यो । जसको सोर्सफोर्स लाग्थ्यो, उसले सजिलै लाइसेन्स लिन पाउँथ्यो । तर उद्योग खोल्न चाहने राम्रो मान्छेलाई लाइसेन्स लिन साह्रै गाह्रो हुन्थ्यो । र, लाइसेन्स लिनु नै खर्चालु हुन्थ्यो । तर प्रजातन्त्र आएपछि 'लाइसेन्स-राज सकियो । जसले पनि सजिलैसँग उद्योग व्यवसाय गर्न सक्ने भयो । उद्योग खोल्ने मानिसहरूको ताँती लाग्न थाल्यो ।

त्यसैले प्रजातन्त्र आएको ५/६ वर्षमा धेरै उद्योगहरू खोलिए । यसले गर्दा के भइदियो भने, बाँधको ढोका खोल्दा भेलै बगेजस्तो भयो । त्यस भेलमा राम्रा॰ मान्छे पनि परे, नराम्रा मान्छे पनि परे । यसले गर्दा उद्योग व्यवस्था बढ्यो, बजार बढ्न सकेन । पूर्ति बढ्यो, माग बढेन । यसबाट उद्योगको स्थिति पनि बिग्रन थाल्यो । जुन किसिमले उद्योगधन्दाको विकास हुनुपर्ने हो, त्यो हुन सकेन ।

यसो हुन नसक्नुमा विभिन्न कारणहरू छन् ।

पहिलो कुरा त, नेपालमा राजनीतिकरण बढी हुनथाल्यो । राजनैतिक पार्टीहरूमा कुनै पनि कामकुरा गर्दा आफूलाई राजनैतिक फाइदा लिन खोज्ने खालको सोचाइ विकास हुनथाल्यो । उनीहरूमा राष्ट्रिय सहमतिको अभाव हुनगयो । यसले गर्दा उद्योग व्यवसायको लागि आवश्यक नीति, कार्यक्रमहरू पनि राम्रो बन्न सकेनन् ।

अर्को कारण, अस्थिर सरकार हुनु पनि हो । १० वर्षमा ६/७ जना प्रधानमन्त्री भए । सरकारको स्थायित्व नहुनाले पनि नेपालमा जति पनि सरकारहरू गठन भए, तिनीहरूले उद्योग क्षेत्रमा ठोस नीतिहरू ल्याउन सकेनन् ।

यसका साथै, नेपालको नागरिक समाजले जुन कुरा बुझ्नुपर्ने, सोच्नुपर्ने र दृष्टिकोण बनाउनुपर्ने हो, त्यो हुन सकेन । प्रजातन्त्रको स्थापनापछि पनि मानिसहरूको प्रवृत्ति तथा सोचाइमा खास परिवर्तन आएन ।

यी विभिन्न कारणहरूले गर्दा भरखर शुरू भएको प्रजातन्त्रमा भीडतन्त्रको विकास भयो । यसले गर्दा जति सोचिएको थियो, त्यति विकास हुन सकेन ।

यस्ता कमीकमजोरीहरू भएता पनि यस व्यवस्थामा काम गर्ने मानिसहरूलाई प्रसस्त ठाउँ छ । हिजो हामी नियन्त्रित अवस्थामा काम गर्थ्यौं भने आज हामीहरूले उदार स्थितिमा काम गर्नसक्ने भयौं । खुला बजार अर्थतन्त्रमा हामीले आफ्ना कुराहरू राख्ने अवसर पाएका छौं । त्यसैले हामीले अब यो प्रजातन्त्रमा नकारात्मक सोचाइ राख्नुभन्दा भएको अवस्थालाई सुधारेर देशलाई बचाउनु पर्छ भन्ने सोचाइ सबैले विकास गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

देशको उद्योग व्यवस्थाको विकास गर्ने हो र देशको अर्थतन्त्रलाई सुदृढ बनाउने हो भने सबै पार्टीहरूले विकासमा सर्वसम्मति ल्याउनै पर्छ । हरेक कुरामा राजनीतिकरण गर्नुभएन । राजनैतिक व्यक्तिहरूले बाहिर बस्दा जुन कुराको विरोध गरेको हुन्छ, सत्तामा पुगेपछि त्यही कुराको समर्थन गर्नुभएन । यो कुरा नेपालमा भइरहेको छ । त्यसैले पार्टी वा व्यक्तिहरूले बाहिर बस्दा जे कुरा बोलिन्थ्यो, त्यही कुरा सत्तामा गएपछि गरेर देखाउनु पर्यो । ❑

केवल ४ प्रतिशतले मात्र बढी हो । सिंचाइको पर्याप्त सुविधा नहुनु, रासायनिक मलको प्रयोगको बानी बसाल्नु तर रासायनिक मल खेतीको समयमा उपलब्ध गराउन नसक्नु, २०४५/४६ को तुलनामा रासायनिक मलको मूल्य लगभग ३०० प्रतिशतले बृद्धि हुनु, आवश्यक कृषि बजारको व्यवस्था गर्न नसक्नु, कृषि विकास बैंक र साना किसान विकास आयोजनाहरूको लुटाहा नीति हुनु, वातावरणअनुसार उत्पादन क्षेत्रको वर्गीकरण हुन नसक्नु, उत्पादनका साधनहरू उपलब्ध गराउन नसक्नु, उन्नत प्रविधिको प्रयोग र उच्च उत्पादन बृद्धिका निमित्त वैज्ञानिक परामर्श उपलब्ध गराउन नसक्नु आदि कृषि क्षेत्रका मुख्य समस्या भएका छन् ।

कृषि क्षेत्रको विकासमा मूल तगारो भनेको विगत एक दशकमा जमीनको स्वामित्वलाई यथास्थितिमै छोडी दिनु भएको छ । अर्थात् भूमिको स्वामित्व, भूमिको उचित व्यवस्थापकीय प्रवन्धलाई त्यत्तिकै छाडिदिने काम भएको छ । यो कार्य क्रान्तिकारी भूमिसुधार र कृषि क्रान्तिबाट मात्र संभव हुनसक्थ्यो । तर त्यो नेपालमा विगत दशकमा अभ्यास नै गरिएन । चीनजस्तो विशाल मुलुकमा क्रान्तिको एक दशकमा क्रान्तिकारी भूमिसुधार सम्पन्न गरेर पनि जमीनमा सहकारीकरण र सामूहिकीकरण गरीसकिएको थियो । नेपालजस्तो सानो मुलुकमा त्यसको थालनी नै गरिएन ।

२०५२ सालदेखि देशमा २० वर्षे दीर्घकालिन कृषि विकास योजना (Agricultural Perspective Plan) लागू भएको छ । यो योजनाको मूल उद्देश्य कृषि क्षेत्रलाई संरचनागत समायोजन कार्यक्रम अन्तर्गत अन्तरराष्ट्रिय प्रतिस्पर्धामा समावेश गराउनु नै रहेको छ । यो नीतिको फलस्वरूप विगत २०२१ सालदेखि नै लागू गरिएको भू-स्वामित्वको हदबन्दी, मोहियानी हकको सुरक्षा, भूमि प्रशासन सुधार, ग्रामीण बचतजस्ता नीतिहरू बन्द हुनपुगेका छन् । त्यसैले अहिले जग्गा ओगट्ने भू-स्वामीहरूको संख्या बढेको छ र कूल खेतीयोग्य भूमिको १/४ जमीन बाँझिनपुगेको छ । लाखौं मोहीहरू जमीनबाट बेदखल गरिएका छन् ।

वर्तमान कृषि नीतिले कृषकका थुप्रै सुविधा र हकहरूलाई कटौती गरेको छ । अन्तरराष्ट्रिय व्यापार संगठन (WTO) को सदस्य बन्ने लोभमा सत्ताधारीहरूले थुप्रै जनघाती शर्तहरू मानिरहेका छन् । त्यसअन्तरगत बीउ बीजनमाथिको प्याटेन्ट

**यो दश वर्षमा कहाँ के कति बढ्यो ?**

| | २०४६/४७ सालमा | अहिले | बृद्धि प्रतिशत |
|---|---|---|---|
| ◆ विदेशी ऋण | रू.३६.८० अरब | १९२ अरब | ४२२.० |
| ◆ आन्तरिक ऋण | रू.१३.९१ अरब | ५१.१ अरब | २६७.० |
| ◆ गरीबीको रेखामुनिका जनताहरू | ४.२ प्रतिशत | ५१ प्रतिशत | ९ |
| ◆ बेरोजगारी दर | ३ प्रतिशत | १४ प्रतिशत | ११ |
| ◆ एक डलर बराबर नेपाली रूपैयाँको विनीमय | २९/१० | ७४/४० | १५६.० |
| ◆ नेपालको कुल गार्हस्थ्य उत्पादन | रू.९९.७ अरब | ३६२.९ अरब सन् १९९९ मा | |

*स्रोत : अर्थमन्त्रालय, महालेखा नियन्त्रकको कार्यालयकेन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंक*

## बहुदल आएको १० वर्षमा मजदूरको समस्या झन् चर्किंदै गएको छ



**– बलराम लिम्बू, मजदूर, पाटन औद्योगिक क्षेत्र**

*०४६ सालमा भएको आन्दोलनले नेपालमा प्रजातन्त्र आयो । यो प्रजातन्त्रमा हामीले बोल्ने र संगठन गर्ने अधिकार पायौं । तर हामी मजदूहरुको स्थितिमा कुनै सुधार भएन । यो दश वर्षमा मजदूरहरुको स्थिति दिनपरदिन बिग्रिँदै गइरहेको छ । अहिले थुप्रै कारखानाहरुले मजदूहरुलाई पिसवेज र करार सेवामा कागज गरेर काममा लगाउँछन् । त्यस कारखानामा काम गरेको भनेर मजदूरलाई कुनै प्रमाण दिइँदैन । यसले गर्दा मजदूरहरुलाई स्थायी गर्नु नपर्ने भयो, संचयकोषको व्यवस्था गर्नु नपर्ने भयो । आफूलाई मन नपरेपछि साहुले मजदूरलाई सजिलैसँग निकाल्न सक्ने स्थिति पैदा भयो । मजदूरहरुको कामको ग्यारेन्टी भएन ।*

*हामीले सोचेका थियौं कि बहुदल आएपछि हाम्रो संगठन खुला हुन्छ । मजदूहरुको एकीकृत संगठन बनाएर ठूल्ठूला आन्दोलनहरु गर्न सक्छौं । र, मजदूहरुको माग पूरा गराउन सक्छौं, हामीले केही सुविधाहरु पाउँछौं । तर बहुदल आएपछि हाम्रो यो आशा पूरा हुनसकेन ।*

*हालआएर त पूँजीपतिहरु बढी संगठित भएका छन् । मजदूरहरुको संगठन टुक्रिएका छन् र उनीहरु कमजोर भएका छन् । मजदूरहरुको समस्यालाई लिएर प्रभावकारी संघर्ष उठ्न सकेको छैन । यसको फाइदा पूँजीपतिहरुले उठाइरहेका छन् । श्री ५ को सरकारले बनाएको नियम-कानून पनि कारखानाहरुमा लागू भएको छैन । यो नियम लागू नगर्ने कारखानालाई दण्ड सजायँ हुने कुरा त छ । तर कुनै कारखानालाई सजायँ गरेको देखिएको छैन ।*

*अहिले पनि दिनपरदिन महँगी बढिरहेको छ । यो बढ्दो महँगीमा मजदूरले पाउने २११६ रुपियाँ तलबले कसरी परिवार पाल्ने ?*

*–यसरी बहुदल आएको दश वर्षमा मजदूरहरुको समस्या चर्किंदै गएको छ ।* ☐

राइट, कपीराइटको मूल्य भोलि किसानहरूले बेहोर्ने स्थिति आउँदैछ । यो नीति लागु भएपछि रासायनिक मल, बीउ बीजनमाथि दिइँदै आएको सरकारी अनुदान कटौती भएको छ । अन्तरराष्ट्रिय बजारले खाद्यान्नको मूल्य निर्धारण गरिदिने भएको छ । जस्तो, यस वर्ष भारतीय कृषि उत्पादनमा भएको बृद्धिले गर्दा नेपालमा सरकारले खाद्यान्नको समर्थन मूल्य नै तोकेन ।

कृषि क्षेत्रमा आमूल परिवर्तन ल्याउन, कृषिलाई उत्पादनशील र आकर्षित पार्न, कृषिजन्य उद्योगहरूको विकास गर्न सर्वप्रथम क्रान्तिकारी भूमिसुधारकै आवश्यकता पर्छ । बहुदल आएपछि तात्कालीन नेपाली कांग्रेसका भूमिसुधार मन्त्री जगन्नाथ आचार्यले हरेकको लुकाइएको जमीन देखिने कम्प्युटर प्रणाली, द्वैध स्वामित्वको अन्त्यको कार्यक्रम प्रस्तुत गर्नुभएको थियो र जग्गा जोत्नेलाई सुम्पने कुरा भएको थियो । त्यस्तै, ने.क.पा. एमाले सरकारमा गएको बेला उच्चस्तरीय भूमिसुधार आयोग तात्कालीन माननीय केशव बडालको नेतृत्वमा बनेर पनि त्यसले आफ्नो प्रतिवेदन प्रस्तुत गरिएको थियो । तर सरकार र नेतृत्व परिवर्तन हुनासाथ तिनीहरू रद्दीको टोकरीमा दबाइए ।

अहिले पनि जग्गाको दरबन्दी, जग्गाको वितरण र जग्गाको स्वामित्व यी तिनै कुरा नेपालमा समस्याका विषय भइरहेछन् । समुचित वितरणको अभावमा एकातिर भूमिहीन किसानहरू बढिरहेका छन् । व्यवस्थापनको अभावमा अर्कोतर्फ जमीनको टुक्रने क्रम जारी छ, र जोत्नेको हातमा जमीन नहुनाले मोहियानीहकको सुरक्षाको अभावमा अर्कोतर्फ जमीन बाँझिने क्रम जारी छ । यस्तो अवस्थाबाट पार पाउन, कृषि क्षेत्रलाई मजबूत बनाउन र मलुकका बहुसंख्यक जनताको जीवनलाई सुरक्षित र सुगम तुल्याउन क्रान्तिकारी भूमिसुधार र सहकारी खेती अत्यन्त आवश्यक भएको छ । तर त्यसो गर्न नीतिगत संरचनागत हिसाबले वर्तमान व्यवस्था र त्यसका पृष्ठपोषकहरू सैद्धान्तिक वैचारिक हिसाबले पटक्कै तयार देखिन्नन् ।

### *अन्तरराष्ट्रिय व्यापारको स्थिति :*

नेपाल मूलतः कृषिप्रधान देश हो । तर नेपालमा खोलिएका अधिकांश उद्योगहरू व्यापार सन्तुलनका लागि निर्यात प्रतिस्थापनमा आधारित छन् । अर्थात् नेपालले नेपाली सीप, कला र क्षेत्रमा आधारित उत्पादनमा बृद्धि गरेर निर्यात गरिरहेको छैन । नेपालले विगत दुई दशकदेखि मूलतः कार्पेट, गार्मेन्ट (रेडीमेड सुती-कपडा) र हाल आएर पशिमनाको खास्टो ज्यादा निर्यात गर्ने गरेको छ । कार्पेटको लागि चाहिने कच्चा पदार्थ ऊन अष्ट्रेलिया वा न्यूजीलैण्डबाट झिकाइन्छ । गार्मेन्टका लागि चाहिने कच्चापदार्थ चीन र भारतबाट झिकाइन्छ र उत्पादनकर्मीहरू पनि अधिकांश भारतीयहरू नै छन् । त्यस्तै, पशिमनाको कच्चापदार्थ पशिमना धागो चीन वा कोरियाबाट झिकाइन्छ । त्यसैले निर्यात गरिने बस्तुको मूल्यबाट हुने नाफा र उपभोगमा नेपाली जनताको सामेली अत्यन्त कमजोर छ र ती उद्योगहरू नेपाल र नेपालीका लागि जडान उद्योगसरह भएका छन् । तैपनि ती उद्योगहरू निर्यात कोटामा आधारित छन् र कोटाको अन्त्य भएपछि ती सकिन्छन् ।

कोटा रहुन्जेल पनि नेपाली एसेम्बलिङ्ग उद्योगमा भारतीय व्यापारीहरू निर्वाध घुसीदिनाले नेपाली व्यापारीहरू/उद्योगपतिहरू बिचल्लीमा परेको देखिएका छन् । त्यसभन्दा बाहेक नेपालले हालसम्म भारततर्फ काठ, चामल, मकै, तोरी सर्सिउँ, जडीबुटी, घ्यू, सुठो, दाल, जनावर, मैदा, अदुवा खयर, चामलको ढुटोको तेल, सालको बीउ, कच्चा जुट (अहिले त्यो पनि सकियो) निर्यात गर्ने गर्छन् । त्यस्तै, तेस्रो देशहरूमा तिनै सामानका अतिरिक्त ऊनी कपडा, नेपाली कागज, कागजबाट बनेका सामान, छाला, गलैंचा, हस्तकला र पस्मिना निर्यात गरिने गरेका छन् ।

आयातीत बस्तुहरूमा खाद्यबस्तु तथा जीवजन्तु, पेय पदार्थ, प्रसोधित पदार्थ, अखाद्यवस्तुहरू, खनिज, इन्धन, चिल्लो पदार्थ, बनस्पति तथा जीवजन्तुको तेल, रसायन, औषधि, वर्गीकृत तयारी बस्तुहरू यातायात तथा यान्त्रिक उपकरणहरू र अन्य वर्गीकृत नभएका बस्तुहरू छन् ।

तथ्याङ्कलाई हेर्ने हो भने (हेर्नुहोस् टेबुल-४) हाम्रो अन्तरराष्ट्रिय व्यापार अत्यन्त घाटामा छ र दिन प्रतिदिन घाटा बेहोर्ने आवस्थामा छ । २०४६/४७ मा हामी रू. १/- बराबरको बस्तु निर्यात्त गरेर रू. ४/- बराबरको बस्तु आयात गर्थ्यौं । अहिले हामी रू. १/- बराबरको बस्तु निर्यात गरेर रू. २.५०/- बराबरको बस्तु आयात गरिरहेछौं । हाम्रो अन्तरराष्ट्रिय व्यापार अझै निकै ठूलो घाटामा छ ।

भारतसँगको खुला सिमाना, आयात प्रतिस्थापन उद्योगको अभाव भएको बर्तमान परिप्रेक्षमा स्वदेशी कच्चापदार्थमा आधारित उद्योगको व्यवस्था नगरून्जेल नेपाल सँधैभैँ अरूको ब्यापारिक थलो बनिरहने छ । नेपाललाई औद्योगिक रूपमा स्थापित नगरून्जेल भारतसँगको बढी निर्भरताले चर्को अन्तर्राष्ट्रिय ब्यापार घाटा बेहोरिहरनु पर्नेछ ।

**कूल अन्तरराष्ट्रिय व्यापार**

| | आ.व. २०४६/४७ करोडमा | आ.व. २०५५/५६ करोडमा |
|---|---|---|
| ◆ कूल निर्यात (एफ.ओ.वी) | ५१५.६२ | ३५६७.६३ |
| ◆ कूल आयात (सी.आइ.एफ) | १८३२.४९ | ८७५२.५३ |
| ◆ व्यापार घाटा | -१३१६.८७ | -५१८४.९० |
| **भारतसँगको व्यापार (करोडमा)** | | |
| ◆ निर्यात (एफ.ओ.वी.) | ६०.२५ | १२५३.०७ |
| ◆ आयात (सी.आइ.एफ) | ४६७.४५ | ३२११.९७ |
| ◆ व्यापार घाटा | -४०७.२० | -१९५९.९० |

*स्रोत : आर्थिक सर्वेक्षण २०५६/५७*

### *सार्वजनिक संस्था निजीकरण अभियान*

एउटा तथ्यांकले के पुष्टि गरेको छ भने, नेपालको अर्थतन्त्र निजी क्षेत्रमा ८०.३ प्रतिशत छ । बहुदलको आगमनपश्चात् सरकारले उद्योग गर्ने होइन, ब्यापार गर्ने होइन, सरकारले शासनमात्र गर्ने हो, सुविधा र सुरक्षाको व्यवस्थापन गरिदिने मात्र हो भन्ने नीति अपनाइयो । यी मान्यताहरू संरचनागत समायोजन कार्यक्रमअन्तरगत अपनाइयो र यिनलाई उदार बजार अर्थतन्त्रको मूलमन्त्र बनाइयो । ०४६ को परिवर्तनपछि नेपाली कांग्रेसको पहिलो निर्वाचित सरकारले नेपालमा निजीकरण अभियानको घोषणा गऱ्यो । निजीकरण अभियानमा पछिल्लो कडीको रूपमा चिया विकास निगमसहित हालसम्म १७ वटा सार्वजनिक कम्पनीहरूलाई निजीकरण गरिसकेको छ । श्री ५ को सरकारले बाँकी रहेका महत्वपूर्ण ३७ वटा कम्पनीहरूको पनि निजीकरणका लागि अर्थमन्त्रालयको निजीकरण

***क्रान्तिकारी भूमिसुधार र सहकारी गर्न व्यवस्था र त्यसका पृष्ठपोषकहरू सैद्धान्तिक वैचारिक हिसाबले पटक्कै तयार देखिन्नन्***

## प्रजातन्त्रले मजदूरको जीवनमा केही सुधार ल्याएन



- उमेशकुमार कँडेल
मजदूर, नेपाल अगार्नो रबर्स प्रा.लि., बालाजु औद्योगिक क्षेत्र ।

*प्रजातन्त्र आएपछि मजदूरहरूको जीवनमा केही सुधार होला भन्ने आशाले ०४६ सालको आन्दोलनमा जागिर र जीवनको पर्वाह नगरिकन हामी होमिएका थियौं । आन्दोलन सफल भयो र प्रजातन्त्र आयो पनि । तर हामी मजदूरहरूको जीवनमा कुनै सुधार आएन, बरू मजदूरहरूको जीवन दिनप्रतिदिन कष्टसाध्य हुँदैगइरहेको छ ।*

*यो दश वर्षमा मजदूरहरूको हातमा भएका अधिकारहरू खोसिएका छन् र पूँजीपतिको हातमा अधिकार थुप्रिएका छन् । मजदूरहरूले पहिले पाएका अधिकारहरू पनि गुमाउनु परेको छ । पहिले २४० दिन काम गरिसकेका मजदूरहरूले प्रायः सबैजसो कारखानामा स्थायी नियुक्ति पाउँथे । कामको वा जागिरको ग्यारेन्टी पनि हुन्थ्यो । प्रत्येक वर्ष रू.१००/- वा रू.१५०/- सम्म तलब वृद्धि हुन्थ्यो । अहिले ३/४ वर्षसम्म काम गर्दा पनि स्थायी हुन, तलब बढ्न गाह्रो भएको छ । मजदूरहरूको वाकस्वतन्त्रता पनि गुम्दै गइरहेको छ । आफ्नो अधिकारको लागि लड्ने मजदूरमाथि साहु या पूँजीपतिले आँखा गाड्छन् र विभिन्न बहाना बनाई कारखानाबाट निकाल्न खोज्छन् ।*

*यसो भन्नुको अर्थ, मैले पंचायती व्यवस्था नै राम्रो थियो भन्न खोजेको होइन । भन्न खोजेको मात्र के हो भने, प्रजातन्त्र आएपछि देशमा जुन परिवर्तन हुनपर्दथ्यो र मजदूरहरूले जुन हक र अधिकार पाउनु पर्दथ्यो, त्यो हुनसकेन ।*

*महंगी झन्झन् बढेको छ । त्यसको तुलनामा मजदूरहरूको ज्याला बढेको छैन । 'मजदूरहरूको हक र हितमा काम गर्छौं ।' हाम्रो पार्टी मजदूहरूको पक्षमा काम गर्ने पार्टी हो । भन्ने पार्टीका सदस्यहरू पनि संसदमा गएका छन्, मन्त्री भएका छन् । र, त्यस पार्टीको सरकार पनि बनेको छ । तर त्यसले पनि मजदूरको हक हितको लागि केही काम गरेन । उनीहरूले पनि आफ्नै स्वार्थलाई मात्र हेरे, महल बनाए र पजेरो चढ्नमा लागिपरे । नेताहरूको आश्वासन भाषणमा मात्र सीमित भएको छ । श्रम मन्त्रालय, श्रम विभाग हात्तीको देखाउने दाँत भएका छन् ।*

*त्यसैले, म मजदूर साथीहरूलाई के आह्वान गर्न चाहन्छु भने -हाम्रो हितको लागि अब हामी आफैं उठ्नुपर्छ ।*

□

इकाईद्वारा वेभ पेजमार्फत् जानकारी दिएको छ । (विस्तृत जानकारीका लागि हेर्नुहोस्- *हिमालय टाइम्स* दैनिक, कार्तिक १, २०५७)

निजीकरण गरिएको सबैभन्दा सफल भनिएको भृकुटी कागज कारखानाले समेत 'रूग्ण उद्योगमा परिभाषित गरिपाऊँ' भन्ने निवेदन दिएकाले पनि निजीकरण कसरी, कति र कसलाई गरिएछ भन्ने थाहा हुन्छ । आइ.आइ.डि.एस. (Institute for Integrated Devlopment Studies)ले १९९६ मा गरेको एक सर्वेक्षणअनुसार भृकुटी कागज कारखाना, हरिसिद्धि ईंटा टायल कारखाना, बाँसबारी छालाजुत्ता कारखाना, बालाजु कपडा उद्योग र हाइड्स कलेक्सन एण्ड डेभलपमेन्ट सेन्टर, नेपाल ल्यूब आयल, नेपाल बिटुमेन एण्ड ब्यारेल लगायत ७ वटा उद्योगहरूको निजीकरण हुनुअघि र पछिको अवस्थाको विवरण प्रकाशित गरेको छ । केहीमा नाफा र केही घाटामा पुगेको देखाइएको छ । तर वर्तमानमा ती सबैको हालत पहिलेभन्दा खराब भएका छन् र हाल बाँसवारी छालाजुत्ता कारखानाको अस्तित्व नै समाप्त भएको छ । निजीकरणमा लगिएका उद्योगहरूमा मजदूरहरूको व्यापक कटौती भएको छ । रोजगारीको कटौती भएको छ ।

निजीकरण गरिएका उद्योगहरूमा रहेको मेशिनरी तथा औजारको त कुरै छोडौं, त्यसले ओगटेको जमीनको परल मूल्यको तुलनामा समेत अत्यन्त कम रकममा निजीकरण गरिँदा करोडौं, अरबौंको कमिशन खाएका हल्लाहरू सार्वजनिक भएका छन् । यसरी पहिले बेचिएका कम्पनीहरूको हालत, मूल्य, रोजगारीको अवस्था, करको दायरा, उत्पादकत्वको अवस्था आदिका विस्तृत घटनाहरूको अन्वेषण नै नगरी पुनः निजीकरण अभियान थालिनु सरासर राष्ट्रिय हित विपरीत काम हो । त्यसैगरी, पहिलो निजीकरण गरिंदाको अवस्था, त्यसबाट प्राप्त रकमको उपयोग, त्यसलाई बिक्री गर्दा नेपालीको लगानीका लागि प्राथमिकताभित्र पऱ्यो परेन भन्ने जानकारी सर्वसाधारणमा श्वेत-पत्रमार्फत् नगराई भएका उद्योगहरूको पुनः निजीकरण गरिनुलाई आत्मघाती निर्णय भन्न सकिन्छ । यसबाट बहुराष्ट्रिय पूँजीका निम्ति कौडीको भाउमा कम्पनी र बजार उपलब्ध गराई देशलाई नव-उपनिवेश बनाउन वर्तमान सत्ताधारी वर्गले खोजेको छर्लङ्ग हुन्छ ।

### *तरलता र पूँजीको पलायन :*

यो दशकको एउटा विशेषता के भएको छ भने देशमा अहिले तरलता व्याप्त छ । अरबौं पैसा लगानी गर्ने उपयुक्त ठाउँ नपाएर उत्तिकै थन्किरहेछ । यसको मूल कारण औद्योगिक क्षेत्रमा लगानी कम आकर्षित हुनु नै हो । राष्ट्रिय स्रोत र साधनलाई दुरूपयोगमार्फत् दोहन गर्नु, लगानीको उपयुक्त क्षेत्र नतोकिनु र सरलीकृत नबनाइनु, मध्यम र साना उद्योगहरूको संरक्षण नगरिनु, विदेशी वस्तुको आयातलाई निर्वाध खुला गरिनु, निर्यातजन्य वस्तुको बजार व्यवस्थापन नगरिनुका कारण नै देशभित्रको बचत पैसाले लगानी गर्ने ठाउँ नपाएर तरलतामा बृद्धि भएको ठानिएको छ ।

हाल बाणिज्य बैंकहरूमा मात्रै ४० अर्बभन्दा बढी रूपैयाँ लगानीको प्रतिक्षामा छ । त्यस्तै, बित्तीय संस्थाहरू, सहकारी र अन्य ट्रष्टहरूसँग ४५ अर्बभन्दा बढी रकम रहेको छ । (१६-३१ भदौ २०५७, *हिमाल* खबर पत्रिका) एकातिर तस्करी, कालोबजारी र कमिशन तथा भ्रष्टाचारबाट आएको पैसा देशमा उद्योगधन्दामा लगानी भएन । अर्कोतर्फ, विदेशी ऋणको प्रवाहलाई बढाइनु र आन्तरिक रूपमा जम्मा भएको (रेमिटेन्स पेन्सनमार्फत् र घरेलु बचतसमेत)लाई लगानी गर्ने उचित ठाउँ भएन । पैसा वालछ्याल हुनु, तर लगानी गर्ने ठाउँ नहुनु मूलतः सरकारी कमजोरी हो । सरकारले उद्योग र ब्यापार गर्नुहुन्न भनेर एकातिर भन्ने र अर्कोतर्फ तरलतालाई उपयोग गर्न उपयुक्त व्यवस्था पनि नमिलाउनुले अहिले उद्योगधन्दाभन्दा निजी बचत वित्तीय संस्थाहरूको शेयर, सरकारी धितोपत्र र कर्जा खरीद गर्नमा तरल पूँजी प्रवाहित भइरहेको देखिएको छ । अर्कोतर्फ देशबाट विदेशी बैंक र विदेशी लगानीलाई पूँजी आकर्षित भएर विदेशतर्फ पूँजीको पलायन हुने संकेत देखापरिरहेको छ । त्यस्तै, यस्तो अधिक तरलताले ग्रामीण क्षेत्रको विकासको संभावना कमजोर बनेको, राष्ट्रिय वितरण प्रणाली केन्द्रिकृत हुँदैगएको र ग्रामीण क्षेत्रलाई शोषण गर्दै बचत पूँजी सहायक केन्द्र, उपकेन्द्र हुँदै केन्द्रमुखी बन्दै गएको छनक दिइरहेछ । साथै यो रकम अन्तर्राष्ट्रिय मुद्रामा विनिमय हुँदै अन्तर्राष्ट्रिय शक्तिकेन्द्रको कब्जामा पुग्ने टड्कारो संभावना छ ।

### *नेपालको अर्थतन्त्र कता त ?*

२०४६ सालको राजनीतिक परिवर्तनपछि

बाँकी ४५ पेजमा

## यो प्रजातन्त्रले हामी जनताको इच्छा र आकांक्षा पूरा गर्न सकेन

– गौरी नकर्मी (गृहिणी) *कीर्तिपुर, काठमाण्डौं*

मान्छे स्वतन्त्र भएर बाँच्नको लागि प्रजातन्त्र चाहिन्छ । ०४६ सालको आन्दोलनले नेपालमा प्रजातन्त्र ल्यायो पनि । तर यो प्रजातन्त्रले हामी नेपाली जनताको इच्छा र आकांक्षालाई पूरा गर्न सकेन । प्रजातन्त्र आएपछि देशमा गरीबी घट्छ, महँगी घट्छ, अत्याचार घट्छ, जनताले न्याय पाउँछन् भन्ने कुरा मानिसहरूले सोचेका थिए । तर यी कुराहरू घटेनन् । बरू महँगी, गरीबी, लूट, हत्या, बलात्कार आदि कुराहरू झन् झन् बढेका छन् । जनताहरू झन् झन् गरीब हुँदै गएका छन् । देशमा शान्ति सुरक्षा कायम हुन सकेको छैन ।

जहाँ गए पनि घूस र कमिशनको बोलवाला छ । घूस र कमिशनविना कुनै काम हुँदैन । यसले गर्दा जनताहरू धेरै ठूलो मारमा परेका छन् ।

यी सबै कुराहरू हुनुमा म त सरकार र नेताहरूलाई नै दोष दिन्छु । सरकारले यी खराब कुराहरूलाई रोक्नुपर्थ्यो । तर सरकारमा बसेका मान्छेहरू आफै नै घूस र कमिशनकै पछि लागेका छन् । 'देश भाँडमा गए जाओस्, आफ्नै पेट पहिला भरौं' भन्ने भावना उनीहरूमा छ ।

त्यस्तै गरेर, सरकार बाहिर बसेका नेताहरूमा पनि 'जनताको हित र संरक्षण कसरी गरौं' भन्ने भावना छैन । आफ्नै स्वार्थ पूर्ति गर्नमै उनीहरू लागेका छन् । त्यसैले अहिले देशमा भएको भ्रष्टाचार, कमिशनतन्त्र हटाएर देशमा सुव्यवस्था ल्याउँन जनता नै उठ्नुपर्छ, जनता सधैं सुतिरहेर भएन । ◉

# राष्ट्रियतामाथिको खतरा झन् बढ्दै गएको छ

◆ क. प्रकाश ◆

*महासचिव, नेकपा एकताकेन्द्र*

"आम नेपाली जनताले २०४६ सालको जनआन्दोलनबाट ठूलो परिवर्तनको आशा राखेका थिए । उनीहरूले यसबाट जनता अधिकार सम्पन्न हुने, जनजीविकाका समस्याहरू समाधान हुने, राष्ट्रिय सार्वभौमिकता एवं क्षेत्रीय अखण्डताको रक्षा हुने र राष्ट्रिय एकता सुदृढ हुने अपेक्षा राखेका थिए । आम जनसमुदायको तत्कालिन राजनैतिक चेतनाको सापेक्षतामा त्यो अस्वाभाविक पनि थिएन ।

तर संसदीय व्यवस्थाको दश वर्षको यस अवधिमा राष्ट्रियतामाथिको खतरा झन् बढ्दै गएको छ । पहिलेका असमान सन्धि सम्झौताहरू कायमै छन् भने यस अवधिमा सन् १९५० को असमान सन्धिलाई नै बल पुऱ्याउने र नेपालका नदीहरूलाई भारत र नेपालका "साझा नदी" भन्ने जस्ता राष्ट्रघाती प्रावधान रहेको १० जून, १९९० को संयुक्त विज्ञप्ति जारी गरिएको छ, राष्ट्रघाती महाकाली सन्धि गरिएको छ र हालै मात्र संसद्‌बाट राष्ट्रघाती नागरिकता विधेयक पारित गरिएको छ । कुटियाङ्‌दीवारिको नेपाली भूमिमा भारतीय सेनाले वर्षौंदेखि परेड खेलिरहेको तथ्य स्पष्ट भएपछि पनि भारतीय सेना अझै नेपाली भूमिबाट हटेको छैन र सरकारले त्यस दिशामा आवश्यक कदम चालिरहेको छैन । भारतले अन्तर्राष्ट्रिय मान्यताको विपरीत बनाएको लक्ष्मणपुर बाँधले नेपाली भूमि डुबानमा परिरहेको छ । तर सरकारले त्यसको समाधानमा ठोस कदम चाल्ने साहस गरेको छैन । भारतद्वारा कैयौं स्थानमा नेपाली सीमाको अतिक्रमण गर्ने कार्य जारी छ ।




*राष्ट्रघातको पक्षमा सरकारहरु खडा भए । तर राष्ट्रवादी आन्दोलन पनि अघि बढी नै रहयो ।*

आर्थिक रूपमा देश विश्वकै दरिद्रतम राष्ट्रहरूको सूचीमा दोस्रो नम्बरमा झरिसकेको छ । "विश्वव्यापीकरण", "उदारीकरण" र "निजीकरण"को साम्राज्यवादी चालमा सरकारले पूरै आत्मसमर्पण गरेको छ र स्वाधिन राष्ट्रिय अर्थतन्त्रको निर्माणलाई पूरै उपेक्षा गरिएको छ । बजेट घाटा, व्यापार घाटा र वैदेशिक ऋणको भार थपिएको छ । शिक्षा र स्वास्थ्य क्षेत्रलाई समेत पूरै धनाढ्यहरूको पेवाको बस्तु बनाइँदैछ । राष्ट्रिय उद्योगधन्दा र पूँजीलाई पूरै निरुत्साहित गरिएको छ र दलाल तथा नोकरशाही पूँजीको भूमिका बढेर गएको छ । साम्राज्यवादको दलाली गर्ने र सामन्तवादसँग सम्झौता गर्ने, प्रारम्भमै एकाधिकारी रूप लिने र उत्पादनशील क्षेत्रमा लगानी नहुने यसप्रकारको टाकुरे पूँजीवादले झलक्क हेर्दा पूँजीवादको विकासको भ्रम दिए पनि वास्तवमा यसले प्रगतिशील पूँजीवादी उत्पादक शक्तिको विकासमा नै बाधा उत्पन्न गरिरहेको छ । साम्राज्यवादी शक्तिहरू आर्थिक क्षेत्रमार्फत् नै नेपालको सार्वभौमसत्तालाई कुण्ठित पार्न र नव-औपनिवेशिक ढंगबाट शोषण गर्न योजनाबद्ध रूपमा लागिरहेका छन् । यहाँका प्रतिक्रियावादी सरकारहरू साम्राज्यवादका साम् पूरै आत्मसमर्पण गरेर उनीहरूकै दलाली गरिरहेका छन् । यसरी सिंगो अर्थतन्त्र जर्जर अवस्थामा छ र टाट पल्टिदै गैरहेको छ ।

चरम भ्रष्टाचार, महंगी र बेरोजगारीले जनजीवन आक्रान्त छ । यसरी देश साम्राज्यवादी शोषण चक्रको दलदलमा फस्ने, केही मुट्ठीभरहरूले लुट मच्चाउने, देश कंगाल बन्ने अनि आम जनजीवन असहनीय रूपमा कष्टप्रद हुने स्थितिको सिर्जना भएको छ ।

आज देशमा साम्राज्यवादी तथा सामन्तवादी संस्कृतिको योगको परिणामस्वरूप पैदा भएको वर्णशंकर विकृत संस्कृतिले पूरै नेपाली समाजलाई गाँजेको छ । व्यक्तिगत स्वार्थ र दासत्व दुवै संस्कृतिमा घुलमिल भएको छ । आम जनता र विशेषगरी युवाहरूलाई योजनाबद्ध रूपमा उपभोक्तावादी संस्कृतिको शिकार बनाईंदैछ । त्यसले व्यक्तिलाई चरम व्यक्तिस्वार्थकेन्द्रित, भोगवादी र राष्ट्र एवं समाजप्रति गैरजिम्मेवार बनाउँदै लगेको छ । यसरी राष्ट्रको नैतिक-सांस्कृतिक क्षेत्रमा अत्यन्त गिरावट आएको छ ।

राजनैतिक क्षेत्रमा जनताले बलिदानीपूर्ण संघर्षबाट प्राप्त गरेको सीमित प्रजातान्त्रिक अधिकार पनि कुण्ठित गरिदैछ । त्यसमाथि सत्तासीन पार्टीको एकाधिकार कायम गर्ने प्रयत्न गरिएको छ । संसदीय प्रजातन्त्र मुख्यतः दलाल तथा नोकरशाही पूँजीपति वर्गको विशेषाधिकारको बस्तुमा परिणत भएको छ । आज संसदीय व्यवस्थाको नाममा मूलतः दलाल तथा नोकरशाही पूँजीपति वर्गको प्रतिनिधित्व गर्ने नेपाली कांग्रेसको एकदलीय अधिनायकवादको अभ्यास भैरहेको छ र नेपाली कांग्रेस झन् झन् फासिष्ट दिशामा अग्रसर हुँदैगैरहेको छ । राजनैतिक पार्टीहरूमाथि नै प्रतिबन्ध लगाउन सकिने प्रावधान रहेको विधेयक ल्याउने सरकारी प्रयत्न, बारम्बार कथित आतंकवाद विरोधी विधेयक पारित गर्ने षडयन्त्र, मसाल जुलुसमाथि प्रतिबन्ध लगाउने निर्णय, प्रेसमाथि सेन्सरसीप लगाउने प्रयत्न र "माओवादी जनयुद्ध"को नियन्त्रणको नाममा सेना परिचालन गर्ने सरकारी योजनाले यस तथ्यलाई अत्यन्त राम्ररी स्पष्ट पारेको छ । महिला, जाति, भाषा, धर्म र दलितहरूको सन्दर्भमा पनि संवैधानिक र कानूनी रूपमा पनि कैयौं असमानता छन् भने संवैधानिक र कानूनी रूपमा प्राप्त अधिकारलाई पनि उनीहरूले व्यवहारिक रूपमा प्रयोग गर्न पाउने सामाजिक वातावरणको निर्माण गरिएको छैन ।

यसरी यो दश वर्षको अवधिमा संसदीय व्यवस्थाले देश र जनताको कुनै पनि आधारभूत समस्याको समाधान गर्न नसकेको र समस्याहरू झन् झन् जटील बन्दै गएकाले प्रतिक्रियावादी व्यवस्था संकटग्रस्त बन्दै गएको छ । बस्तुगत रूपले नै प्रतिक्रियावादी व्यवस्थाको संकट तीव्र हुँदै गएको छ । नेपाली जनताले संसदीय व्यवस्थाको वास्तविक प्रतिक्रियावादी चरित्रलाई व्यवहारबाटै क्रमशः बुझ्दै गैरहेका छन् । नेपाली समाजको यही वस्तुगत अवस्था नै "माओवादी जनयुद्ध"को जन्मको पनि जग र मूल आधार हो । यद्यपि त्यसमा "माओवादी"हरूको अधिभूतवादी यान्त्रिक चिन्तन प्रक्रिया र निम्नपूँजीवादी अधैर्यताको पनि भूमिका रहेको कुरा स्पष्टै छ ।

बहुदलीय संसदीय व्यवस्थाले, मूलतः आफ्नो अन्तर्निहित चारित्रिक विशेषताका कारण देश र जनताको आधारभूत समस्याहरूको समाधान गर्न नसकेको, सत्तासीन एवं प्रमुख संसदीय पार्टी तथा नेताहरूको भ्रष्टता र पतनको कारणले यसमार्फत् संभव कार्यहरू पनि हुन नसकेको र उल्टो, समस्याहरू झन् झन् विकराल बन्दै गएको स्थितिले जनतामा संसदीय व्यवस्थाप्रति पैदा हुँदै गएको विकर्षण र वितृष्णाको पृष्ठभूमिमा आज निरंकुश राजतन्त्र पक्षधर प्रतिगामी शक्तिहरूले जनताको बलिदानीपूर्ण संघर्षद्वारा प्राप्त गरेको अधिकारलाई पुनः खोस्ने र आफ्नो गुमेको अधिकार कुनै न कुनै रूपमा प्राप्त गर्ने प्रतिगामी षडयन्त्रहरू बुन्न थालेको तथा त्यस दिशामा योजनाबद्ध सक्रियता बढाइरहेको स्पष्ट आभास हुन थालेको छ ।

यस दश वर्षको अवधिमा सरकारमा पुगेका शक्तिहरूले जसरी शुरूमै जनआन्दोलनको भावना र मर्मलाई बिर्सेर मल्लिक आयोगको प्रतिवेदनलाई रद्दीको टोकरीमा फाली जनआन्दोलनका अपराधीहरूलाई पुरस्कृत गर्ने प्रक्रिया शुरू गरे, तिनीहरूले जे जस्ता खालका भ्रष्ट आचरण प्रदर्शन गरे र सत्ताको कुर्सी प्राप्त गर्नका लागि जसरी दरबारको चाकरी गर्ने, जनआन्दोलनबाट विस्थापित निरंकुश राजतन्त्रवादी शक्तिहरूलाई काँध थाप्ने र अँगालो हाल्ने काम गरे, तिनीहरूको, मुख्यतः नेपाली कांग्रेसको त्यसप्रकारको क्रियाकलाप र आचारण पनि प्रतिगामी पुनरुत्थानवादी शक्तिहरू यस रूपमा प्रोत्साहित हुनुमा कम जिम्मेवार छैन । निश्चय नै यो खेदको विषय हो ।

यस स्थितिमा आज प्रतिगामी खतराप्रति सचेत र सर्तक हुनुपर्ने आवश्यकता बढेर गएको छ । तर आजको नेपाली समाजको वर्तमान सन्दर्भमा प्रतिगामी शक्तिहरूले त्यस प्रकारको कुनै दुःसाहस गरेमा त्यसले आफ्नो चिहान खन्ने काम मात्र गर्नेछ किनकि सम्पूर्ण वामपन्थी तथा जनअधिकारका पक्षधर प्रजातन्त्रवादी शक्तिहरू र नेपाली जनता २०४६ सालको जनआन्दोलनबाट प्राप्त जनअधिकारको रक्षाको निम्ति दृढ छन् र उनीहरूले ती अधिकारको अपहरण गर्ने कुनै पनि षडयन्त्रलाई असफल पार्न कुनै कसर बाँकी राख्ने छैनन् । ❑

*(प्राप्त विचारका महत्वपूर्ण अंशहरु)*


# बहुदलको दश वर्ष – प्रमुख प्रतिपक्षको दृष्टिमा

# मुख्य कुरा, प्रजातन्त्र झुप्रामा पुग्दैपुगेन

**– माधवकुमार नेपाल –**
प्रमुख प्रतिपक्षी दलका नेता तथा
*ने.क.पा. एमालेका महासचिव*

**◆ नेपालमा बहुदल आएको १० वर्ष भइसकेको छ । यो दश वर्षको समीक्षा तपाईं कसरी गर्नुहुन्छ ?**

– यो दश वर्षको समीक्षा वस्तुवादी वा द्वन्दवादी दृष्टिकोणले गर्ने हो भने केही सकारात्मक उपलब्धि पनि प्राप्त भएको छ र केही नकारात्मक उपलब्धि पनि छ । यो दश वर्षमा जनताहरू आफ्ना अधिकारप्रति सचेत हुनथालेका छन् । केही



प्रजातान्त्रिक संघ-संस्थाहरू स्थापना भएर काम गर्न थालेका छन् । निर्वाचनको परिपाटी स्थापित भएको छ । संविधानका प्रावधानहरूको पनि प्रयोग हुनथालेको छ । यी उपलब्धिहरू जनताको सार्वभौम र प्रजातान्त्रिक अधिकारसँग गाँसिएका छन् र बहुदलीय मूल्य-मान्यतासँग जोडिएका छन् ।

यी त भए बहुदल आएपछि हामीले प्राप्त गरेका सकारात्मक उपलब्धिहरू । तर हामी यी प्रजातान्त्रिक उपलब्धीहरूमै सीमित रह्यौं । यसले गर्दा बृहत आर्थिक-सामाजिक परिवर्तनको सवालमा हामी यथास्थितिमा नै थन्किने अवस्था बन्यो । यो मामलामा देशमा थप विकास हुन सकेन । यसको फलस्वरूप जम्मामा मुलुक ओरालोमा जाने पक्ष प्रमुख बन्यो ।

प्रमुख पक्ष भनेको त प्रजातन्त्र जनताको जीवनमा अनुवादित हुनुपर्ने हो । प्रजातन्त्र भनेको शोषित-पीडित जनताको मुक्तिको निम्ति हुनपर्ने हो, यो उनीहरूको झुप्रामा पुग्नुपर्ने हो । जनतालाई आर्थिक-सामाजिक, शोषण, उत्पीडन, गरीबी, अभाव, अशिक्षा, पछौटेपन आदिबाट मुक्त पार्न प्रजातन्त्र हुनुपर्ने हो, तर यो दश वर्षमा यो काम हुनै सकेन । अथवा, भनौं जनताको अन्धकारमय दुःखी जीवनमा प्रजातन्त्र उज्यालो घाम बनेर उदाउनै सकेन । उल्टो यो दश वर्षमा समाजमा गरीबी, बेरोजगारी, अभाव र जनताको बेहाली बढेको छ । २०४६ सालमा ४२ प्रतिशत जनता गरीबीको रेखामुनि थिए भने अहिले ५३ प्रतिशत जनता गरीबीको रेखामुनि पुगिसेकेका छन् । सामाजिक भेदभाव कायमै छ, अन्याय र अत्याचार बढेको छ । गाउँहरूमा ठालुहरूले पुलिस र सत्ताधारीहरूको सहयोगमा जनतालाई सताउने, अत्याचार गर्ने प्रणाली अझै कायम छ । गाउँका जनताहरू साहु र सूदखोरहरूको ऋणमा पिल्सिएका छन् । नयाँ सूदखोरको रूपमा आएको कृषि विकास बैंकबाट समेत ठगिएर किसानहरू टाट पल्टेका छन् । त्यतिमात्र होइन, किसानहरूले प्रयोग गर्ने मल खादमा सरकारी अनुदान झिकीदिनाले ती वस्तुहरू पहिलेभन्दा तीन चार गुना महँगा भएका छन् । सिंचाइको राम्रो व्यवस्था छैन । जमीनमा जसको जोत उसको पोत लागू भएको छैन । दिन परदिन बढ्दो महँगीले सारा जनता मारमा परेका छन् ।

त्यसैले, के भन्न सकिन्छ भने, यो प्रजातन्त्र साहुहरू र ठूलाठालुहरूको हातमा र हितमा सीमित हुन पुगेको छ । यो प्रजातन्त्रबाट तस्कर, माफिया तथा स्वार्थी तत्वहरूले अधिकतम् लाभ उठाएका छन् । कांग्रेस वरिपरि देशको ढुकुटी बाँडीचुँडी खान भनेर गोलबन्द भएका भ्रष्ट तत्वहरू त्यस्ता नयाँ ठालुहरूको रूपमा देखा परेका छन् ।

**◆ यस्तो स्थिति कसरी पैदा भयो त ? किन पैदा भयो त ?**

– यस्तो स्थिति पैदा हुनुको मुख्य कारण सत्ताधारीवर्ग यथास्थितिवादी सोच, चिन्तन र प्रवृत्तिमै रमाउनु हो । नेपालको सत्तामा बसेका वर्गमा सामन्तवादी र उपनिवेशवादी प्रवृत्ति नै हावी भइरह्यो । यो प्रवृत्तिलाई परिवर्तन गर्नुपर्छ भन्ने भावना र दृष्टिकोण उनीहरूमा रहेन ।

अर्को कुरा, उनीहरूमा सर्वसत्तावादी र अधिनायकवादी सोच देखापर्‍यो । जनतालाई चुनावमा प्रयोग गर्ने एउटा साधनको रूपमा मात्रै हेर्ने दृष्टिकोण उनीहरूमा रहेको देखियो । जनतालाई अन्धकारमा राखेरै आफूले फाइदा लिन सकिन्छ भन्ने सोचले उनीहरूमा कब्जा जमाईरह्यो । यही सामन्तवादी सोचले गर्दा सत्ताधारी वर्गले देशको सामाजिक-आर्थिक क्षेत्रमा परिवर्तन गर्नुपर्ने कुराको आवश्यकता नै महशूस गरेन । कमसेकम उनीहरूमा पूँजीवादी सोचमात्र भइदिएको भएपनि दक्षिण कोरिया, थाइलैण्ड, ताइवान आदि देशहरूमा जस्तै उनीहरूले नेपालमा पनि पूँजीवादी विकास त गर्थे होलान् ।

**◆ देश ओरालोतिर लाग्नुमा सत्ताधारीहरूको दोष त तपाईंले देखाउनुभयो । तर देशमा विभिन्न आर्थिक-सामाजिक सुधारहरू गर्न प्रमुख प्रतिपक्षको नाताले तपाईंहरूले जनसंघर्षको उभार ल्याएर सरकारलाई दवाव दिन सक्नुहुन्थ्यो नि । त्यो चाहिँ किन गर्नु भएन त ?**

– मान्छेले परिकल्पना गरेको आधारमा आन्दोलन उठ्दैन । आन्दोलन भनेको कविता कोर्नु र भाषण गर्नुजस्तो होइन । निम्न पूँजीवादी अधैर्यताले पनि आन्दोलन उठ्दैन । आन्दोलनको लागि लगातार इमान्दारीपूर्ण प्रयासको आवश्यकता पर्छ । जनतालाई जागृत गर्ने, संगठित गर्ने, आन्दोलित गर्ने र उनीहरूलाई परिचालित गर्ने जस्ता प्रयासहरूले नै जनतालाई आन्दोलमा उतार्न सकिन्छ । यो काम हामीले गरिरहेका छौं । हाम्रो यही कामले गर्दा नै ०५१ सालको चुनावमा हामी सबभन्दा ठूलो पार्टीको रूपमा स्थापित भएका थियौं । तर म के कुरामा चाहिँ सहमत छु भने, हामीले जति गर्नुपर्ने र जति गर्न सकिने हो, त्यति भने गर्न सकेका छैनौं ।

**◆ यो दश वर्षमा नेपालमा राजनैतिक भ्रष्टाचार लगायत थुप्रै विकृति र विसंगतिहरू आए । यसको कारण के हो भन्ने ठान्नुहुन्छ ?**

– यो विकृति र विसंगति बढ्नुको मूल कारण नेपालमा भएका राजनैतिक पार्टीहरूमा निम्न पूँजीवादी सोच र संस्कार हुनु र त्यसको विरूद्ध संघर्ष गर्नुमा कमी हुनु हो । यो निम्न पूँजीवादी सोच र संस्कार हाम्रो समाजमै विद्यमान छ । त्यसैले गर्दा सबै पार्टीहरूभित्र यो सोच रहेको हो । यो सोच र संस्कार पूँजीवादी वा कम्युनिष्ट पार्टीहरूमा पनि छ, संसदमा जाने कम्युनिष्ट पार्टीहरूमा पनि छ र बन्दूक उठाउने माओवादी पार्टीमा पनि छ । तर फरक के हो भने, पूँजीवादी तथा बुर्जुवा पार्टीभित्र यो प्रवृत्तिले संरक्षण पाउँछ र त्यसलाई स्वाभाविक ठान्दछ । कम्युनिष्ट पार्टीमा त्यस्ता प्रवृत्तिले छुट पाउँदैन र

*तपाईंको पार्टीभित्र पनि पजेरो संस्कृति हावी भयो । यसमा तपाईं के भन्नु हुन्छ ?*

त्यसको विरूद्ध संघर्ष हुन्छ । र, यो प्रवृत्तिविरूद्ध जुध्ने पार्टी भनेको कम्युनिष्ट पार्टी नै हो ।

**◆ यो प्रवत्तिविरूद्ध जुध्ने पार्टी भनेको कम्युनिष्ट पार्टी नै हो भनेर मन्नुभयो । तर तपाईंकै पार्टीभित्र पहिले चप्पल लगाएर आएकाहरूले दशै वर्षमा महल ठड्याए । तपाईंको पार्टीभित्र पनि पजेरो संस्कृति हावी भयो । यसमा तपाईं के मन्नु हुन्छ ?**

– पहिले चप्पल लाउने सबै पार्टीका साथीहरूले अहिले जुत्ता लाउन थालेका छन् । सबभन्दा क्रान्तिकारी मानिने माओवादी पार्टीभित्रका साथीहरूले पनि अहिले राम्रो जुत्ता लाउन थालेका छन्, राम्रो खान थालेका छन् र सबभन्दा राम्रो लुगा लगाउन थालेका छन् । तर सवाल उनीहरूले कुन हिसाबले लगाइरहेका छन् र खाइरहेका छन् भन्ने कुरामा हुनुपर्छ । यदि कसैले अनुचित ढंगले खाइरहेका छन् र उनीहरूको सम्पत्तिमा अप्रत्याशित तरीकाले वृद्धि भएको छ भने त्यसलाई छानविन गरेर दण्ड पनि दिनुपर्ने हुन्छ । सानातिना घर बनाएर सामान्य जीवन बाँच्ने प्रवृत्तिलाई भने त्यति साह्रो आलोचना गर्नुपर्छ जस्तो मलाई लाग्दैन । हिजो भूमिगत कालमा जीवन अस्तव्यस्त थियो, अहिले तुलनात्मक रूपमा व्यवस्थित भएको छ । त्यसलाई अन्यथा रूपमा पनि लिनु हुँदैन ।

हाम्रो पार्टीभित्र एक दुईजनाले आफ्नो भएको पैसाबाट घर बनाएका छन् । त्यसलाई यस्तो विशाल विषय बनाउनुको कुनै अर्थ छैन । तर राम्रै घर बनाउनु पर्ने, राम्रै खानुपर्ने, राम्रै लुगा लगाउनुपर्ने मानसिकतालाई भने हामीले हतोत्साहित गर्नुपर्छ र, यसलाई नियन्त्रित गर्नुपर्छ । यस्ता कुरा एमालेमा अपवादको रूपमा एक दुई जनाले गरेकोलाई आम प्रवृत्तिको रूपमा एमालेमा भयो भनेर प्रचार गरिएको छ । त्यसो हो भने त एकता केन्द्रका र माओवादी पार्टीका नेताहरूले पनि बनाएका छन् नि !

पजेरोको कुरा पनि पहिले सरकारले सुविधा दिंदा 'पार्टीको हितमा प्रयोग गरौं' भन्ने सोचाई राखेका थियौं । यसलाई कुनै साथीले गाडी झिकाएर गाउँमा एम्बुलेन्सको रूपमा प्रयोग गर्नुभयो भने कुनै साथीहरूले सामूहिक हितको लागि प्रयोग गर्नुभयो । फेरि कुनै कुनै साथीहरूमा आफूसँग पैसा छ भने सुविधालाई प्रयोग गरेर के भो त भन्ने सोच पनि पैदा भयो । यही सोचअनुसार एक दुईजना साथीले गाडी प्रयोग गरे । यो पार्टीभित्रको आम प्रवृत्ति होइन । पहिले हामीले त्यसबाट पर्ने प्रभावलाई राम्ररी हेर्न सकेनौं । त्यसलाई भड्कावको रूपमा लिइएन, यो हाम्रो त्रुटी हो । पछि हामीले यो बेठीक प्रवृत्तिको महसूस गर्‍यौं । र, त्यसलाई सच्यायौं पनि । त्यसको विरूद्धमा हामी नै लाग्यौं र सरकारले यो निर्णयलाई फिर्ता लियो ।

हामीले हाम्रो पार्टीभित्र सामान्य जीवनयापन गर्ने प्रवृत्तिको विकास गरिरहेका छौं । कसैले अनुचित कार्य गर्न नपाओस् भनेर हामीले सबै पार्टी नेताहरूको सम्पत्ति नियमित रूपमा छानवीन गर्ने भन्ने कुरा विधानमै व्यवस्था गरेका छौं । र, हामीले यसबारे छानवीन गर्ने समिति पनि गठन गरेका छौं ।

**◆ यो दश वर्षको अवधिमा चुनाव प्रणालीमा मशल र मनीको घिनलाग्दो प्रयोग देखिएको छ । त्यसको कारक तत्व के ? र यसको अन्त्य गर्न के सुधार गर्नु जरूरी छ ?**

– यसको अन्त्य गर्न चुनाव प्रणाली र राज्य संचालनको पद्धतिमै सुधार गर्नुपर्ने आवश्यकता छ । यसको लागि पहिलो कुरा चुनाव संचालन गर्ने कुरामा र चुनावी सरकारमा निर्वाचन आयोगको गठन गर्दा कस्तो मान्छेको कुन ढंगले चयन गर्नुपर्छ भन्ने कुरामा ध्यान जानुपर्छ । दोस्रो, प्रशासनको जुन राजनीतिकरण र कांग्रेसीकरण भएको छ, त्यो बन्द हुनुपर्छ । अर्को, प्रशासन र प्रहरीलाई खटाउँदा कस्ता व्यक्तिलाई चयन गर्ने भन्ने कुरामा र निर्वाचन प्रक्रियासँग जोडिएको न्यायिक प्रक्रियामा सुधार गर्नुपर्ने आवश्यता छ ।

यसबाहेक मतदान, मतगणना, पुनः मतगणना, मतदानकेन्द्र आदिको पनि सुधार गर्नुपर्ने आवश्यकता ।

**◆ यही १० वर्षमा नेपालमा माओवादी विद्रोह पनि शुरू भयो र फाँगियो पनि । यो किन भयो र यसलाई कसरी समाधान गर्न सकिन्छ ?**

## *मान्छेले परिकल्पना गरेको आधारमा आन्दोलन उठ्दैन । आन्दोलन भनेको कविता कोर्नु र भाषण गर्नुजस्तो होइन ।*



*महिला उत्पीडनविरूद्धको चेतना पहिलेभन्दा विकसित भएको प्रमाण : महिलाहरूको संघर्ष/जुलूस*

– माओवादी विद्रोह शुरू हुनु र फस्टाउनुमा मैले दुईवटा कारण देखेको छु । पहिलो कारण भनेको सत्तामा रहेको पार्टी नेपाली कांग्रेसको अप्रजातान्त्रिक, सर्वसत्तावादी र दमनकारी सोच हो । यही सोचले गर्दा उसले आफ्नो विरोधी पक्षलाई सताउने, दुःख दिने, झूठा मुद्दामा फसाउने, यातना दिने, मार्ने कामहरू गर्‍यो । यसले गर्दा सर्वप्रथम पश्चिम नेपालमा माओवादीहरू हतियार बोक्न बाध्य भएका हुन् । दोस्रो कारण भनेको बहुदल आएपछि पनि देशमा गरीबी, बेरोजगारी, अभाव, शोषण, दमन घटेन, बरू झन् झन् बढ्दै गयो । यसले गर्दा युवा वर्गहरू उकुसमुकुस भए । उनीहरूमा निम्नपूँजीवादी आक्रोस र अधैर्यता उत्पन्न भयो । उनीहरू छिट्टै प्रतिफल पाउने आशामा माओवादी पार्टीमा सामेल भए । र, माओवादी पार्टीले झाँगिने मौका पायो ।

माओवादीभित्र पनि निम्नपूँजीवादी अधैर्यता भएको कारणले गर्दा धैर्यपूर्वक जनतालाई सचेत र जागृत गर्ने, संगठित गर्ने, आन्दोलित गर्ने जस्ता लामो समयसम्म गर्नुपर्ने कामलाई उनीहरूले महत्व दिएनन् । उनीहरूले हामीले हतियार उठाएपछि असन्तुष्ट भएका जनताले साथ दिईहाल्छन् भनेर तात्तातो रगत प्रयोग गरेर हतियारको बलमा आमूल परिवर्तन गर्ने उग्रवामपन्थी बाटो अँगाले । यो उनीहरूले लिएको गलत बाटो हो ।

तै पनि यो समस्या राजनैतिक समस्या हो । र, यसलाई राजनैतिक तरीकाबाटै समाधान गरिनुपर्दछ । यसको लागि सरकारले दुइवटा कुरामा सुधार गर्नुपर्छ । एउटा, नेपाली कांग्रेसको राज्य संचालन गर्ने शैलीमा सुधार र अर्को समाजमा आधारभूत सुधार र आमूल परिवर्तन गर्नुपर्छ । र, माओवादीले पनि आफूमा भएका उग्रवामपन्थी भड्कावलाई हटाउनुपर्छ ।

**◆ अब आउँदा दिनहरूमा विगत १० वर्षको रोगबाट नेपाललाई मुक्त पार्न गर्नुपर्ने मुख्य मुख्य सुधारहरू के के हुन् ?**

– यसको लागि सबभन्दा पहिलो, मुलुकको सामाजिक आर्थिक चरित्रमा परिवर्तन गर्नुपर्दछ । त्यो परिवर्तनको लागि क्रान्ति र आमूल परिवर्तनबाहेक अर्को उपाय छैन । अहिले हामीले आर्थिक, राजनैतिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा व्यापक सुधार गर्नुपर्दछ । यसको लागि राजनैतिक सुधार गर्नुपर्दछ । यसको लागि राजनैतिक प्रक्रियामा व्यापक जनतालाई ज्यादाभन्दा ज्यादा सहभागी गराउनुपर्छ । आर्थिक क्षेत्रमा क्रान्तिकारी भूमिसुधार गर्ने, दलित जनतालाई छूवाछुतको मारबाट मुक्त गर्न सामाजिक सुधार गर्ने, महिलाहरूलाई सम्पत्तिको समानअधिकार दिने र सम्पूर्ण उत्पीडनबाट मुक्त गर्ने, शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार गर्ने आदि कामहरू थालिनु पर्दछ । यो क्षेत्रमा व्यापक परिवर्तन हुनु जरूरी छ । ❑

◀ आवरण कथा

# प्रजातन्त्रलाई नयाँ प्रजातान्त्रिक संस्कृतिले ओतप्रोत पार्न सकिएन



◆ डा. देवेन्द्रराज पाण्डे ◆

नेपालमा बहुदलीय प्रजातन्त्र आएको १० वर्ष भएको छ । यस व्यवस्थाबाट मुलुकको सर्वाङ्गीण विकास गर्ने धेरैको आशा छ । नेपाली जनताको आवश्यकता र आकांक्षाको दृष्टिले हेर्दा यो दश वर्ष सन्तोषजनक छ भनेर भन्ने ठाउँ चैं छैन । २०४६ सालमा जनता जेजस्ता आशा र आकांक्षा बोकेर आन्दोलनमा ओर्लिएका थिए र आफ्नो रगत-पसिना बगाएका थिए, त्यसको परिपूर्ति यो १० वर्षमा हुनसकेन । बहुसंख्यक जनताले आफ्नो जीवनयापनको निम्ति आर्थिक, सामाजिक क्षेत्रमा कुनै एउटा सानो फलदायी परिवर्तन भएको र आन्दोलनको प्रतिफल पाएको महशुस गर्न सकेका छैनन् । राजनीतिक अधिकार, नागरिक हक र खुला राजनीतिमा हुने केही सकारात्मक कुरा देखिएका, भोगिएका छन् । हाललाई यति कुरालाई नै उपलब्धि मान्नु पर्ने अवस्था छ । तर यस उपलब्धिलाई पनि माओवादी आन्दोलन समेतको सन्दर्भमा भएका मानवाधिकार हननका उदाहरणहरुले धमिलो बनाइदिएका छन् ।

२०४६ सालमा हामीले ३० वर्षको पंचायती ब्यवस्थाको अन्त्य गर्‍यौं । यो व्यवस्था फाल्नको लागि जनताले जति रगत र पसिना बगाएका थिए, त्यो ३० वर्षसम्म उनीहरुले भोगेका दर्दनाक स्थितिबाट मुक्ति पाउनको लागि नै बगाएका थिए । त्यस स्थितिबाट मुक्ति प्राप्त गर्ने एउटै उपाय थियो – व्यापक आर्थिक-सामाजिक परिवर्तन र नेताहरुको सोचमा नवीनता ।

तर नेपालमा पंचायती ब्यबस्थाको अन्त्य भएर पनि पंचायतकालीन सम्बन्धहरु, प्रवृत्तिहरु बाँकी नै रहे । त्यही प्रवृत्तिले अहिलेका नयाँ राजनैतिक शक्तिहरुलाई पनि ग्रस्त पारेको देखिएको छ । प्रजातन्त्र त ल्याइयो तर प्रजातन्त्रलाई नयाँ प्रजातान्त्रिक संस्कृतिले ओतप्रोत नै पार्न सकिएन अर्थात् राजनीतिक संस्कृतिमा परिवर्तन गर्न सकिएन । सामाजिक क्षेत्रमा पनि पुराना सोच र सम्बन्धले नै नयाँ ब्यबस्थामा पनि स्थान पाइरहे । बहुदल आएपछि पनि नेपालमा विकासका धारणा, नयाँ रणनीति र पहलहरु कहींकतै पनि शुरु गरिएनन् । बहुदलको स्थापना भएपछि यस व्यवस्था अन्तरगत स्पष्टतः केही ठोस सामाजिक सुधारहरु प्रजातान्त्रिक तरिकाले गर्न सकिन्थे । जस्तो- शिक्षा क्षेत्रमा, औद्योगिकरणको क्षेत्रमा, कृषि क्रान्तिको क्षेत्रमा, भूमिसुधारको क्षेत्रमा आफ्नो तर्फबाट पहलकदमी लिएर आफ्नै किसिमको प्रेरणादायी आमूल परिवर्तनका कार्यक्रमहरु ल्याउन सकिन्थ्यो। त्यस्तै गरेर वातावरणको क्षेत्रमा, लैंगिक क्षेत्रमा, गरीबी निवारणको क्षेत्रमा, समताको क्षेत्रमा उल्लेखनीय परिवर्तन गर्न सकिन्थ्यो- यदि हामीमा राजनैतिक इमान्दारी र नैतिक बल भएको भए ।

कृषि क्षेत्रकै कुरा गर्ने हो भने, अहिले पनि नेपाललाई कृषि प्रधान देश नै भनेर चिनाइने गरिन्छ । तर गतः दशकमा हाम्रो देशमा जनसंख्या वृद्धिको तुलनामा कृषि क्षेत्रको विकासको दर ज्यादै नै न्यून छ । सामान्यतः गैर कृषि क्षेत्रको विकास दर कृषि क्षेत्रको विकास दर भन्दा बढी हुनु स्वाभाविक होला । तर हाल हामीकहाँ बरोबर कृषि क्षेत्रको बृद्धिदर नकारात्मक र ऋणात्मक समेत हुने गरेको छ ।

हाम्रो अर्थतन्त्रमा सबभन्दा महत्वपूर्ण पक्ष कृषि हो । तर त्यसको विकासको लागि त्यो क्षेत्रमा आमूल परिवर्तन कसरी गर्ने भन्नेबारे त्यति धेरै छलफल पनि हुँदैन र त्यसलाई महत्व पनि दिइएको छैन । कृषि क्षेत्रको विकासलाई प्रगतिको दिशातिर लैजाने हो भने जमीनमा हदबन्दी प्रणाली, जमीनको न्यायोचित वितरण, त्यसको अधिकतम र उचित उपयोग, र त्यसको सुदृढीकरणको आवश्यकता छ । तर यतातिर नीति निर्माताहरुको ध्यानै पुग्नसकेको छैन । अर्कोतिर नेपालमा जमिन तीव्र गतिले झन्झन् टुक्रिदै गइरहेको छ । यसले गर्दा यहाँ प्रभावकारी बैज्ञानिक खेती गर्न सकिएको छैन । भारतसँगको खुला सिमानाको सन्दर्भमा हामीले आफ्नै यथार्थभित्र कस्तो कार्यक्रम, कस्तो नीति बनाउने भन्नेबारे छलफल हुन बाँकी नै छ ।

हुन त कृषि क्षेत्रको विकास गर्न भनेर पंचायतकालमा पनि योजना बनेको थियो र अहिले पनि २० वर्षे योजना बनिसकेको छ । तर कृषि क्षेत्रमा जे-जति युगान्तकारी परिवर्तन गर्न सकिन्थ्यो, त्यसको लागि ती योजनाहरुमा त्यति ठाउँ दिइएको छैन । योजनामा दिइएका कुराहरु पनि त्यति लागू भएका देखिंदैनन् ।

त्यस्तै गरेर औद्योगिक क्षेत्र, जलस्रोतको क्षेत्र आदिमा पनि खास प्रभावकारी योजनाहरु आउन सकिरहेका छैनन् । निजी क्षेत्रमा केही जल विद्युत योजना आएका छन् । तर तिनको आर्थिक पक्ष विवादास्पद हुँदै गएको छ, जनतालाई नाफा नोक्सानीको हिसावले ।

हाम्रो विकासको अवधारणा जहिले पनि पूँजी केन्द्रित नै भयो । विकासको लागि कहाँबाट पूँजी आउँछ, कति आउँछ, त्यसलाई कहाँ उपयोग गर्ने, कसले फाइदा लिने भन्ने सोच नै प्रमुख भइदियो । अनि लगानीको नाममा केही पहुँचवालाले उपभोग गर्ने, सञ्चय गर्ने प्रवृत्तिले त झन हानी गर्दैछ । अब अहिले विश्वमा पूँजीको बाहुल्यको साथै विकासको अवधारणा टेक्नोलोजी केन्द्रित हुनथालेको छ । उनीहरु टेक्नोलोजीलाई जादूको छडी नै मानिरहेका छन् । नेपाल पनि त्यसबाट अछुतो रहन सकेको छैन । तर अहिलेको स्थितिमा यो एकाङ्गी धारणाबाट मुक्त नभएसम्म नेपालमा बहुसंख्यकको हितको निम्ति चाहिने विकास त्यति सम्भव छैन ।

नेपालको परिप्रेक्षमा विकासको अवधारणा श्रम-केन्द्रित हुनुपर्छ । किनभने नेपालको प्रमुख शक्ति र स्रोत भनेको नै श्रम हो र हाम्रो गरीबी पनि त्यही श्रमसित नै संबन्धित छ । हाम्रो जगेडा उत्पादनशील श्रमशक्तिको देशभित्रै उचित र व्यापक प्रयोग हुन नसकेकाले नै हामीकहाँ गरीबी पनि ज्यादा भएको हो । तर नेपालमा नीति निर्माताहरुको ध्यान यतातिर गइरहेको छैन । त्यसैले गर्दा नेपालको उत्पादनशील श्रम अरु बाहिरी मुलुकमा निर्यात भइरहेको छ । यसरी बाहिर जाने श्रमिकहरु भनेका खतरा उठाउन सक्ने, शीप भएका, तालिमप्राप्त उद्यमी, साहसी, बलिया, केही न केही लेखपढ गरेका नै हुन्छन् । यस्ता खालका दक्ष श्रमिकजति बाहिर गएपछि नेपालमा कस्ता श्रमिकहरु बाँकी रहन्छन् त ? यसले गर्दा नेपालको विकासमा खतरा उत्पन्न भएको छ । विदेश गएको नेपालीले पठाउने धनलाई नै राष्ट्रिय आम्दानी मान्दै जाने सिद्धान्त र प्रवृत्ति झन् खतराजनक हुनसक्छ ।

यसरी हाम्रो विकासको अवधारणा पूँजीमा आधारित भएको कारणले गर्दा पनि नेपालको विकास विदेशी सहायतामा बढी भन्दा बढी निर्भर हुनथालेको छ । हाम्रो बजेट आन्तरिक स्रोतभन्दा बढी विदेशी स्रोतमा निर्भर छ । यो निर्भरता दिनप्रतिदिन बढ्दै गइरहेको छ । र, हामी विदेशी सहायताको जालोमा झन् झन् फँस्दै गइरहेका छौं । आफ्नो विकासको लागि आफ्नै किसिमको नीति कार्यक्रम बनाउने स्वायत्ततालाई समेत हामीले मानसिक रुपले नै गुमाइरहेका छौं । हामीमा 'हामी परनिर्भर छौं । विदेशी सहायताविना हामी केही पनि गर्न सक्तैनौं' भन्ने खालको

**बुद्धिजीवी भनीसकेपछि विचारले त स्वतन्त्र हुनुपर्छ, प्रजातन्त्रवादी, समाजवादी हुँदाहुँदै पनि, तर नेपालमा उल्टो भइरहेछ**



*यसबीच कमैयाहरु हालै मुक्त भए । तर उनीहरुको विल्लीबाठ कायम छ । (संघर्षरत कमैयाहरु)*

नितान्त परनिर्भर सोचहरु हाम्रा नीति निर्माताहरुदेखि तल भूईतहसम्ममा समेत विकास हुँदै गइरहेको छ । र, हामीले आफू र आफ्नो क्षमताप्रतिको आत्मविश्वास गुमाउँदै गइरहेका छौं ।

कुनै पनि नीति निर्माण गर्दा 'विश्व बैंकले के भन्ला ? आइ.एम.एफ.ले के भन्ला ? जि. सेभेन राष्ट्रहरुले के सोच्लान् ?, भन्ने त्रास हाम्रो विल विमागमा आउँछ । उनीहरुले त्यस नीतिलाई मान्यता देलान् कि नदेलान् ?' भन्ने सोचाइबाट प्रभावित भएर नीति निर्माण गरिन्छ । परन्तु, नीति निर्माण गर्दा 'नेपाली जनताहरुले चाहिं के भन्लान् ? उनीहरुले यसलाई मान्यता देलान् कि नदेलान् ? घोषणा पत्रमार्फत् उनीहरुसित बाचा गरेर र उनीहरुले नै भोट दिएर हामी पदमा पुगेका हौं । हामी बाचामा चुक्यौं भने नेपाली जनताले के भन्लान् ?' भन्ने कुरा चाहिं कहिल्यै सोचिदैन ।

विदेशी सहायताको चरित्र नै हुन्छ- यो नेपालको स्वार्थबाट परिचालित हुँदैन । नेपालको प्रगति गर्ने कुरालाई नै मूल मन्त्र मानेर यहाँ बाहिरबाट कोही पनि आईराखेका छैनन् । सहायताबाताहरुको आफ्नै स्वार्थ हुन्छ । यसमाथि, हाल विशेष रुपले विदेशी सहायता ग्लोबलाइजेशन अर्थात् विश्वब्यापीकरणको मान्यता र स्वार्थहरुबाट परिचालित छ । यसको आफ्नै प्रवृत्ति छ, आफ्नै उद्देश्य छ र आफ्नै स्वार्थ छ । कतिपय विद्वानहरुले यस स्वार्थ्य र यस प्रकृयालाई विश्वव्यापीकरण होइन, विश्व ध्रुवीकरण भन्ने संज्ञा दिएका छन् । हामी कुन ध्रुवमा पर्छौं भन्न नपर्ला । मुलुकभित्र ध्रुवीकरण बढ्दो छ । विश्वमा ध्रुवीकरण बढ्दो छ । यदि आजको युगमा यस प्रवृत्तिबाट पूरै भिन्न रहन सकिंदैन भने पनि हामीले यस प्रवृत्तिलाई बुझेर, त्यसभित्रका उपयुक्त पक्षलाई समातेर त्यसलाई आफ्नो स्वार्थतिर मोड्ने हो । तर नेपालका शासकहरुले यो काम गर्ने प्रयास नै गरिरहेका छैनन् । किनभने यहाँ यस्तो चिन्तन नै छैन, किनभने विदेशी सहायताले त्यस्तो चिन्तन मन पराउँदैन ।

यो प्रयास नहुनाले अहिले विदेशी सहायताले हाम्रो काम गर्ने ढाँचा नै फेरिदियो । पहिले कमसेकम हाम्रो कृषि, बाटोघाटो, सिंचाइ, दूरसंचारलाई भनेर विदेशी सहायता आउँथ्यो । त्यसबाट केही मात्रामा भए पनि विकासको निम्ति चाहिने आधारशीला निर्माण हुन्थ्यो, हामीले सधैं थेग्न नसकेपनि । तर अहिले त्यतातिर आउने विदेशी सहायता निकै घटेको छ । अब त प्रजातन्त्र जोगाउने तथा सरकारको सुशासनको नाममा विदेशी सहायता आउन थालेको छ । यसले गर्दा जति विदेशी सहायता यहाँ आउँछ, त्यही अनुपातमा त्यो बाहिर आएकै स्रोततिर पहिले भन्दा बढी जानथालेको छ । किनभने यस्तो कार्यमा हुने खर्चले यहाँ पूँजी निर्माण गर्दैन । धेरै खर्च स्वदेशी विदेशी विशेषज्ञहरुमा हुन्छ । त्यति हुँदाहुँदै पनि हामीले आफ्नो स्वार्थको रक्षा गर्न सुधारको विन्दु त खोज्नुपर्छ । त्यही वीन्दुबाट सुधारको कुलोलाई आफ्नो खेततिर लाने प्रयास गर्नु पर्छ । यस मामलामा बंगलादेश जस्तो मुलुक पनि केही न केही मात्रामा भए पनि ठोस काम गर्न सफल भएको छ । विदेशी सहायताप्रतिको निर्भरता घटेर गएको छ । त्यहाँ

> **क्रान्तिकारीहरुको त कुरै छोडौं, म जस्तो उदार प्रजातन्त्रमा विश्वास गर्ने मान्छेले पनि महत्वपूर्ण परिवर्तन भयो भन्ने ठाउँ छैन**

केही मात्रामा गरीबी घटेको समाचार पनि आइरहेको छ । तर नेपालले यसो गर्न सकिरहेको छैन ।

अहिले त झन् दुःखको कुरा के थपिएको छ भने १० वर्षअगाडि राज्यमात्र विदेशी सहायतामा निर्भर थियो । अहिले त सम्पूर्ण नागरिक समाज नै त्यसमा निर्भर हुन थालेको छ । अहिले मानवअधिकारको संरक्षणको लागि, भ्रष्टाचार निवारणको लागि, स्थानीय स्वशासनको लागि प्रजातन्त्र जोगाउनको लागि समेत विदेशी सहायता झन् नभई नहुने भएजस्तो छ । गाउँ गाउँमा, जिल्ला जिल्लामा समेत विदेशी सहायताप्रतिको निर्भरता बढिरहेको छ । अब त पत्रकारितामा समेत विदेशी सहायता आउन थालेको छ । परिणति के भएको छ भने नेपालको निम्ति काम गर्ने वुद्धि घट्दै छ, विदेशी सहायताको निम्ति काम गर्ने शक्ति बढ्दै छ ।

२०४६ सालमा जनताहरु त्यस्तो ब्यबस्थाको लागि लडेका थिए, जुन व्यवस्थामा आफैद्वारा निर्वाचित शासकद्वारा शासन गरिएको होस् । जुन व्यवस्थामा दलहरुले आ-आफ्ना कार्यक्रम लिएर जनतामा जाउँन् । जुन कार्यक्रम बीच मतभेद भए पनि तिनमा राष्ट्रिय सोच प्रतिविम्बित होस् । त्यस आन्दोलनले औपचारिक रुपमा यस्तो व्यबस्था त ल्याइदियो । तर त्यसको साथै उदारवादको नाममा व्यक्तिवाद, आर्थिक सुधारको नाममा स्वच्छन्द पुँजीवाद र ग्लोबलाइजेसनको नाममा सामाजिक विखण्डनवादलाई प्रश्रय दिने खाले आयातीत नीति हाम्रो निम्ति उत्तम भए पनि नभए पनि ल्याइदियो र त्यसको विकल्प छैन भन्ने मान्यताले यी दलहरुमा जरो गाड्यो । विकल्प खोज्ने काम हाम्रो हो र खोजे पाइन्छ भन्ने धारणाको विकास भएन । विश्व अब एउटै गाउँ भयो रे । कहाँ भयो थाहा छैन । भए पनि त्यो गाउँको सदस्यता १० प्रतिशत नेपालीलाई पनि प्राप्त छैन । बाँकी नेपालीको गाउँ कुन हुने हो, पत्तो छैन । साथै यो व्यवस्थाको स्थापना सँगसँगै पार्टी संगठन गर्ने नेताहरुमा अपार धनराशी जम्मा गर्ने मानसिकताको विकास पनि भयो । 'प्रशस्त धनराशी जम्मा नगरिकन पार्टीको काम पनि गर्न सकिंदैन र पार्टीमार्फत् शक्तिमा पुग्न पनि सक्षम भइँदैन' भन्ने मानसिकताले चुनावको लागि जसरी पनि पैसा जम्मा गर्ने प्रवृत्ति बढ्न थाल्यो । यही जसरी पनि पैसा जम्मा गर्ने प्रवृत्तिको विकासले गर्दा देशमा राजनैतिक भ्रष्टाचार बढ्न थालेको छ । त्यस्तै गरेर समाजका हरेक क्षेत्रमा भ्रष्टाचार त्यतिकै बढ्न थालेको छ ।

यसो भन्दैमा फेरि बहुदल आएपछि मात्रै भ्रष्टाचारको प्रवृत्ति बढ्यो भन्न खोजेको भने होइन । भ्रष्टाचार पंचायत कालमा पनि प्रशस्त हुन्थ्यो । वास्तवमा संस्थागत भ्रष्टाचारको वीउ त्यही बेला रोपिएको हो । परन्तु दुःखको कुरा के छ भने बहुदलीय प्रजातन्त्र आएपछि पनि भ्रष्टाचारी प्रवृत्ति हटेन । यो १० वर्षको दौरानमा नेपालको बजेट बढ्यो । राजश्व बढ्यो । विदेशी ऋण बढ्यो । त्यसैको अनुपातमा भ्रष्टाचार पनि बढेको हो । कमिशनका कुरा, आर.एन.ए.सी.मा भएका बदमासीहरु, स्मगलिङ्ग आदि कुराहरु पंचायत कालमा शासक समुदायहरुकै रोहवरमा हुन्थे । त्यही विकृतिलाई अहिलेका शासकहरुले सुदृढ गरेका हुन् । बहुदलमा भ्रष्टाचार गर्ने पात्रहरु बढेका मात्र हुन् । यसैले मैले भनी पनि सकेको छु कि नेपालमा नयाँ राजनैतिक व्यवस्था मात्र आयो तर नयाँ संस्कृतिको विकास भएन । पुरानो संस्कृति तथा स्वार्थले नै कब्जा जमाइरह्यो ।

यो भ्रष्टाचार बढ्नुमा राजनैतिक पार्टीहरु, राज्यका निकायहरु र त्यसका पदाधिकारीहरु मात्र दोषी छैनन् । हामी नागरिक समाज पनि त्यत्तिकै दोषी छौं । नागरिक समाजबाट पनि भ्रष्ट व्यवहार भइरहेको छ । 'ऐन नियम जति अरुलाई, चैन जति मलाई' भन्ने मानसिकता अधिकांश नागरिकहरुमा छ । विहानभरि आफू र आफ्ना आफन्तहरुको निम्ति भनसुन गर्दै हिंड्ने, दिउँसो भ्रष्टाचारको विरोध गर्दै हिंड्ने मानिसहरु पनि हाम्रो समाजमा निकै छन् । छोराछोरीलाई जाँचमा पास गराउन आफै चिट चोराउन जाने र भनसुन गर्ने तथा घूस खुवाउने आमा बाबु पनि हाम्रो समाजमा छन् । नागरिकहरुमा विद्यमान यो प्रवृत्तिले पनि भ्रष्टाचारलाई मौलाउने जमीन दिन्छ ।

भ्रष्टाचारको विरोध गर्ने भनेको बुद्धिजीवी तथा शिक्षित चेतनशील व्यक्तिहरुले हो । तर यहाँ त त्यस्ता अधिकांश व्यक्तिहरु स्वतन्त्र हुन छाडेका छन् । कोही

बुद्धिजीवी कांग्रेसमा आवद्ध भएका छन् । कोही एमालेमा, कोही अन्य पार्टीमा, बुद्धिजीवीहरुसमेत कांग्रेसका बृद्धिजिवी भएका छन्, एमालेका बृद्धिजीवी भएका छन् । के वास्तविक बुद्धिजीवी भनेको पनि कहिल्यै कांग्रेस वा एमालेको हुन्छ र ? कांग्रेस, एमालेको त पार्टी कार्यकर्ता पो हुन्छ । अझ त्यस पार्टीको नेतै पनि हुन सक्छ । पार्टी नै खोले पनि हुन्छ, मैले पहिले प्रयास गरे जस्तै । परन्तु बुद्धिजीवी भनीसकेपछि विचारले त स्वतन्त्र हुनुपर्छ, प्रजातन्त्रवादी, समाजवादी हुँदा हुँदै पनि । तर नेपालमा उल्टो भइरहेछ । यसो भएपछि भ्रष्टाचारको बिरुद्ध बोल्न मान्हो पर्छ ।

यसरी नेपालमा नयाँ व्यवस्था आइसकेपछि पनि पुरानै निरंकुशताका संस्कार र विकृतिहरुलाई निरन्तरता दिइयो । त्यस्तै गरी, भ्रष्ट र बेठीक तत्वहरुसित सम्झौताहरु गरिए । त्यसको आधारमा टिप्पणी गर्ने हो भने क्रान्तिकारीहरुको त कुरै छोडौं, म जस्तो उदार प्रजातन्त्रमा विश्वास गर्ने मान्छेले पनि महत्वपूर्ण परिवर्तन भयो भन्ने ठाउँ छैन । यो दश वर्षमा खालि व्यवस्थामात्र बदलियो, हाम्रो संस्कार बदलिएन । कुर्सीमा बस्ने पात्रमात्र बदलियो, हाम्रो प्रवृत्ति बदलिएन । यो समयभित्र ठूला भूलहरु गरिए । पदमा पुग्नेहरुले ती भूलहरु केही नजानेर गरे भने केही जानेरै पनि गरे । आफ्नो नितान्त, संकीर्ण व्यक्तिगत, पारिवारिक, सामुदायिक तथा पार्टीगत स्वार्थबाट परिचालित भएर ती भूलहरु गरे । संविधानको प्रयोगमा पनि विचलन आयो ।

यी कुराहरु छोडेर अलि सकारात्मक भएर विचार गर्न खोज्दा मलाई यो दश वर्ष नेपालका पार्टीहरुलाई बहुदलीय व्यबस्थालाई बुझ्न समय लागेको हो कि जस्तो पनि लागेको छ । वर्ग संघर्षको आधारमा बेग्लै प्रकारको राज्य पद्धतिको स्थापना गर्न खोज्ने कम्युनिष्ट पार्टीलाई यो कुरा बुझ्न् समय लाग्यो भने अचम्म मान्ने कुरा पनि भएन । यो बेग्लै कुरा भयो । तर प्रजातन्त्रको झण्डा उचाल्ने नेपाली कांग्रेसले समेत यो व्यवस्थालाई बुझ्न नसकेको देख्दा महाअचम्म भएको छ ।

यही कारणहरुले गर्दा यो १० वर्षभित्रै माओवादी पार्टीको पनि जन्म भयो । बहुदल आएपछि जनताले जे जति आशा गरेका थिए, ती आशा पूरा भएनन् । बढ्दो महँगीले गर्दा शहरका मध्यमवर्गीय जनतादेखि मजदूरहरुसम्म र ग्रामीण जनताहरुसमेत ज्यादै पिडीत भएका छन् । यसबाट उनीहरु आर्थिक रुपले मात्र नभएर मानसिक रुपले नै पिडीत भएका छन् । आफूले रोजेर पठाएका जन प्रतिमिधिहरुले नै आफ्नो व्यक्तिगत स्वार्थमा मात्र काम गरिरहेको कुरा उनीहरुले देखेका छन् । भ्रष्टाचार भइरहेको कुरा उनीहरु आफ्नै आँखाले प्रत्यक्ष देखिरहेका छन् । यसबाट पार पाउन जनताहरु खोजिरहेका छन् । त्यसैको आधारमा 'बहुदलीय व्यवस्थालाई फालेर जनवाद वा गणतान्त्रिक व्यवस्था ल्याउने' भनेर माओवादी आए ।

माओवादीको आफ्नै सिद्धान्तगत उद्देश्य अवश्य छ, मलाई चित्त बुझे पनि नबुझे पनि । तर त्यहाँ सैद्धान्तिक एकरुपता छ भन्ने ठाउँ चैं छैन । यसैभित्रबाट 'देशलाई बचाउन राजासँग पनि मिल्नुपर्छ' भन्ने कुराहरु पनि आइरहेका छन् । यदि त्यसो नै हो भने माओवादीहरुले पनि बिचार गर्नु पर्छ, जनयुद्ध भनेर हिंसात्मक काममा किन लाग्ने ? त्यही निहुँमा सरकारी पक्षबाट निमुखा जनताको दमन हुन किन दिने ? बेस त के हुन्थ्यो भने वास्तविक वामपन्थी पार्टीको रुपमा नै रहेर समाजमा युगान्तकारी परिवर्तन गर्न उनीहरु लागी परुन् । यतापट्टि उनीहरु लागे राम्रै हुन्थ्यो । तर यहाँ पनि माओबादीहरुलाई दोष दिने ठाउँ धेरै छैन । उनीहरुले २०४८ को चुनाव त अरु कुनै नाममा भए पनि लडेकै थिए । संसदमा प्रतिनिधिहरु पठाएकै थिए । नेपाली काँग्रेस र एमाले त्रसित भएर यिनलाई राजनैतिक रुपले समाप्त पार्न खोजे । यसैबाट पनि यो अवस्था आयो । जे होस्, माओवादीहरुले फेरि चुनाव लडेर वास्तविक बामपन्थी पार्टीको रुपमा संसदमा हैसियत जमाए भने मुलुकलाई राम्रै होला । वास्तवमा माओवादीहरुले पनि यो कुरा बुझ्नु पर्छ । नेपालको राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति जे छ, त्यसको परिप्रेक्षमा हेर्ने हो भने हिंसात्मक आन्दोलनबाट मुलुकको भविष्य र अस्मितालाई नै खतरा आउनसक्छ । वर्षौंसम्म जनतालाई कुनै परिवर्तनको अनुभुति, कुनै राहत, कुनै सम्मान दिन नसक्ने स्थापित राजनीतिक पार्टीहरु र सरकारले पनि दमनबाटै जन आवाज, जन

## अछूत भनिने जनताहरूमा पहिलेजस्तो 'हामी साना जातका हौं, हामी साना मान्छे हौं, हामी केही गर्न सक्तैनौं' भन्ने हीन भावना केही न केही रूपमा घट्दै गइरहेको छ



आक्रोश समाप्त पार्छु भन्ने हो भने यसका नेताहरुले पनि लोकतन्त्रको मुकुण्डो नलाए हुन्छ । अहिले वार्ताको कुरा चलिरहेछ । वार्ता भएछ र सफल भएछ भने पनि विद्यमान असंवेदनशील, अमानवीय विकास संरचनामा परिवर्तन चाहिन्छ । दुवै तिरबाट हिंसा छोडी शान्तिपूर्ण वातावरणमा, मुलुकको हितमा समस्या सुल्झाउने जिम्मेवारी लिनु पर्छ ।

यो दश वर्षमा केही त्यस्ता विकृति र विसंगतिहरु आएता पनि केही सकारात्मक कुराहरु पनि भएका छन् । यस अवधिमा सबभन्दा महत्वपूर्ण सकारात्मक कुरा त के भएको छ भने अहिलेसम्म यो बहुदलीय संविधान अडिरहेको छ । पंचायती संबिधानले बाहेक कुनै पनि प्रजातान्त्रिक मर्मलाई आत्मसात गरेको संबिधानले नेपालमा अहिलेसम्म १० वर्षसम्म काम गरेको उदाहरण छैन । यो संविधान अहिलेसम्म अडिएको छ भन्ने कुरालाई पूँजीकृत गरेर अगाडि बढ्न सकिने ठाउँ अझै जोगिएको छ कि भन्ने मलाई आशा छ ।

त्यस्तै, गरेर ग्रामीण क्षेत्रमा पनि केही सुधारका कामहरु भएका छन् । अहिले त्यहाँ साक्षरता दर बढेको छ, बाल मृत्युदर घटेको छ भन्ने तथ्याङ्कलाई पनि नकार्न नमिल्ला । जनतामा आफ्नो हक अधिकारको बारेमा चेतना जाग्दै गइरहेको छ । अछूत भनिने जनताहरुमा पहिलेजस्तो 'हामी साना जातका हौं, हामी साना मान्छे हौं, हामी केही गर्न सक्तैनौं' भन्ने हीन भावना केही न केही रुपमा घट्दै गइरहेको छ । जनजाति, अल्पसंख्यक समुदायले आफ्नो हक, हित, अस्मिताको निम्ति संघर्ष गर्न पाएका छन् । महिलाहरुको हक अधिकारका कुराहरु केही हदसम्म भए पनि वृद्धि हुँदै गइरहेका छन् । उनीहरुले आय आर्जनका कामहरु गर्न थालेका छन् । वन उपभोक्ता समिति वा अन्य कैही न केही समिति गठन गरेर ग्रामीण जनताहरु संगठित हुन थालेका छन् ।

बहुदलपछि थुप्रै गैरसरकारी संगठनहरु स्थापना भए । उनीहरु जतिसुकै आत्मकेन्द्रित र आत्मस्वार्थमा डुबेता पनि ग्रामीण जनतालाई जागृत गर्न उनीहरुले पनि सघाएका छन् । राज्यले उनीहरुलाई सम्मानको व्यवहार गर्नुपर्छ । आउँदा दिनहरुमा व्यवस्थालाई सुधार गरेर प्रगतिको बाटोमा लाने हो भने यो गाउँको जनशक्ति र बढ्दो चेतना साँच्चैको एउटा उर्जा हुनसक्छ । अहिले राज्यले नै आर्थिक रुपले समानता प्रदान गर्न त सकिँदैन । यसको लागि संविधानले नै छेकेको छ । तर राजनैतिक र सामाजिक रुपले त सबै जाति, सबै वर्गलाई समानताको व्यवहार गर्न सकिन्छ । समानताको व्यवहार पाएपछि विपन्नमा पनि आत्मसम्मान र आत्मविश्वासको भावना विकास हुन्छ । यसलाई देश विकासको लागि पूँजीकृत गर्न सकिन्छ ।

जेहोस्, यो दश वर्षको अवधि राजनीतिक पार्टीहरुलाई यो व्यवस्था बुझ्नै समय लागेको अथवा काम कुरा सिक्नको लागि समय लागेको भन्ने मान्यता राखेर अब आउँदा दिनहरुलाई युगान्तकारी परिवर्तनको निम्ति चाहिने सुधारको बाटोतिर लैजानुपर्छ । ❑

*(टेपवार्तामा आधारित*
प्रस्तोता – मुक्ता श्रेष्ठ)



# चिन्तन

– डा. चैतन्य मिश्र –

**समाज कुन कोणतिर कोल्टो फेर्ने क्रममा छ ? यस क्रमका मूल पात्र को हुन् ?**

# समाज : २०४६ को दश वर्षयता

समाजको गतिशीलता सतहबाट हेर्दा कहिले सुस्त गतिमा सलल बगेको प्रतीत हुन्छ भने कहिले पहाडी भेगको नदीजस्तो गड्गडाहटको प्रवल धारका साथ छांगोको रूपमा अघि बढ्छ । गएको १० वर्षको सामाजिक गतिशीलताको भेउ पाउन स्थापित गरिएको २०४६ को वर्ष वास्तवमा केही किसिमले छांगो-वर्ष हो । यस अर्थमा २०४६ पछिको १० वर्ष सुस्त र सलल बगेको प्रतीत हुन्छ, यद्यपि सतहमुनि गहिराइका विभिन्न तहहरूमा, बहिरहेका सामाजिक प्रकृया, धार र घात-प्रतिघातहरू सतहबाट प्रष्टसँग आंकलन गर्न पनि सकिंदैनन्।

तर पनि १० वर्ष त बित्यो नै । यस दौरानमा के हासिल भयो, के गुम्यो ? समाज कुन कोणतिर कोल्टो फेर्ने क्रममा छ ? यस क्रमका मूल पात्र को हुन् ?, वर्ग कुन हुन्, समूह कुन हुन् ? यो क्रमले छुट्टै कोणपट्टि किन कोल्टो फेर्न सकेन ?

## *राजनीतिक स्खलन*

यो १० वर्षको मूल विशेषताहरूमध्ये एउटा रह्यो - स्थापित राजनैतिक पार्टीहरूको स्खलन । यो स्खलन यस कारणले पनि उल्लेख्य रह्यो कि आन्दोलनका संगठित नायक त्यसबेला प्रतिबन्धित राजनैतिक दलहरू नै रहे र आन्दोलनको मूल उपलब्धि बहुदलीय व्यवस्थाको पुनर्स्थापना रह्यो । अर्थात् मुलुकको नेतृत्व दलहरूलाई सुम्पिइयो, जनताको प्रतिनिधित्व दलहरूमार्फत् हुने स्थिति बसालियो र दलहरूलाई सामाजिक पुनर्निमाण गर्न समेत बाँध्य बनाइयो । यी विभिन्न दायित्वहरूलाई आकार दिने क्रममा सतहमा प्रजातान्त्रिक समाजवाद अन्तर्गतको लोक कल्याणकारी उद्देश्य बोकेको तर वास्तवमा पूँजीवादी उदारवादी चरित्रको प्रशस्त अन्तरविरोध बोकेको संविधान मूलतः आन्दोलनकारी दलका प्रतिनिधिहरूबाट नै निर्माण भयो ।

दलहरूमा आएको राजनैतिक स्खलनका आयाम र असरहरू विभिन्न रहे । केन्द्रियकरण अत्यन्त हावि रह्यो । दलहरूका तल्ला इकाइहरूको स्वायत्तता नगन्य रह्यो । यी इकाइहरू स्थानीय जनताका हितका सवाल उठाउनुभन्दा पार्टी केन्द्रका पुच्छर बन्न विवश भए । यसैले गएको १० वर्षमा पार्टीका स्थानीय इकाइहरूले स्थानीय जनताका मुद्दाहरू विरलै उठाए । यी जीवन्त मुद्दाहरूको विश्लेषण र संश्लेषण गर्ने स्थिति नबसाल्दा एकातिर राष्ट्रिय तहमा नै राजनैतिक र सामाजिक परिवर्तनको वैचारिक, नीतिगत र कार्यक्रमिक ढाँचाको खडेरी रह्यो भने अर्कोतिर, आमजनता सक्रिय राजनैतिक सहभागिता र भविष्य निर्माणको सोच र कार्यक्रमबाट बञ्चित रहे । सांगठनिक गुणात्मकतामा ठूलो ह्रास आयो । आम नागरिकलाई राजनैतिक सक्रियताबाट टाढा राख्दा दलहरूको सोच र कार्यक्रमको ढाँचा साँघुरियो । दलभित्र गुट-उपगुटको संस्कार स्थापित भयो । स्थानीय र राष्ट्रिय मूल मुद्दाहरू ओझेलमा परे । व्यापक समाज र स्थापित राजनीति बीचको सम्बन्ध टाढियो । यसैले गर्दा पनि प्रजातन्त्र दुर्वल बन्यो ।

## *वर्ग, गरीबी र असमानता*

गएको १० वर्षको अर्को विशेषता रह्यो -शहरबजार क्षेत्रभित्रको मध्यम र उच्चवर्गको बढ्दो आर्थिक र राजनैतिक शक्तिको आर्जन र प्रदर्शन । यी वर्गका केही हिस्सामा उद्योगपति र व्यापारी (मूलतः अन्तरराष्ट्रिय व्यापारी) परे भने अन्य हिस्सामा ठेकेदार, दलाल, घूसखोर परे । अति उच्च शुल्क असुल गर्ने व्यावसायिकहरू पनि यिनै वर्गमध्ये परे । वित्तीय संस्थाहरूमा लगानी गर्ने, व्यापारीक रूपले घर-जग्गा भाडामा लगाउने आदि पनि यिनै वर्गका सदस्य रहे । वर्गीय रूपले र क्षेत्रीय रूपले पनि समष्टिगत, राजनैतिक, सरकारी नीति निर्णयसम्बन्धी, शिक्षा-स्वास्थ्यसम्बन्धी, पत्रकारितासम्बन्धी आदि क्षेत्रहरूमा यी वर्गहरूको उपस्थिति र बोलबालामा काफी वृद्धि भयो । उपभोगवादी संस्कृतिको जग बसाल्न पनि यी वर्गहरूको अत्यन्त ठूलो भूमिका रह्यो ।

अर्कोतिर, राष्ट्रिय तहको गरीबीको आँकडामा (गरीबी, असमानता) सरकारले १९९२ देखि १९९७ मा तीन प्रतिशतले गरीबी घटेको देखाए तापनि विज्ञहरू सो मान्न तयार छैनन् । उता, प्रतिशतको हिसाबमा १० वर्ष उता र यता उही आँकडा नै सही भए पनि जनसंख्याको बढोत्तरीको सन्दर्भमा गरीबहरूको संख्यामा पहिलेको भन्दा उल्लेख्य मात्रामा वृद्धि भएको छ । हाल निरपेक्ष गरीबहरूको संख्या करीब एक करोड रहेको अनुमान छ । फेरि नयाँ गरीबीको श्रृजना गर्ने नयाँ कानून र नीति बन्ने क्रम जारी छ । जमीनमा द्वैध स्वामित्व अन्त्य गर्ने राजनीति र कानूनले स्थापित मोहीको बेदखलिलाई वैध तुल्याएर उनीहरूको गरीबीलाई अझ गहिर्‍याएको छ भने धनाढ्य, शहरी

*आम नागरिकलाई राजनैतिक सक्रियताबाट टाढा राख्दा दलहरूको सोच र कार्यक्रमको ढाँचा साँघुरियो... प्रजातन्त्र दुर्वल बन्यो*



**गत १० वर्षमा 'प्रजातन्त्र' धान्न अपरिहार्य बनेको छ - विदेशी ऋण र नीति !**

जग्गावालाहरूलाई जग्गा बाँझो राख्ने छुट पनि दिएको छ ।

पूर्ण उदारीकरण र भारतसँगको खुला सीमानाको नीतिले कतिपय उद्योग व्यवसाय र रोजगारी बन्द भएका छन् । सरकारी ऋणका मात्रामा अत्यधिक वृद्धि हुँदा र सरकारी आयमा साहुको प्रथम अधिकार रहने हुँदा सरकारको सामाजिक विकासमा लगानी गर्ने क्षमता घटाउँदैछ । राजस्वको श्रोत विस्तार गर्न र स्थापित श्रोतहरूबाट कानूनले तोकेको हदमा राजस्व उठाउनसमेत वर्गीय हितको स्वार्थ, भ्रष्टाचार र उदारवादी पूँजीवादी नीति र नियमहरूले बन्देज गरेको छ ।

उपरोक्त स्थिति र नीतिले गर्दा सामाजिक र आर्थिक असमानता गत १० वर्षमा व्यापक रूपले बढेको छ । शहर, गाउँ र शहरभित्रै असमानता १० वर्षयता धेरै बढी गहिरो बनेको छ । शहरका घरहरूका वरिपरि पर्खाल लगाउने, पर्खालको उँचाइ बढाउने, कांडे तार लगाउने, भ्यालमा ग्रील ठोक्ने, कुकुरदेखि होशियारको पाता टाँस्ने आदि क्रम द्रुत गतिले अघि बढेको छ । वर्गीय विभेदका कारणले समेत बालक र वयस्कहरूको नातागोता र छिमेकीहरूसँगको सम्बन्ध टाढिएको छ । गुणस्तरयुक्त शिक्षा, स्वास्थ्य, संचार आदि माथिको पहुँचबाट ग्रामीण र शहरी गरीब परिवारहरू झन्झन् टाढिँदै गएका छन् ।



**अन्य आन्दोलनहरू भन्दा अत्यन्त माथि उठेको माओवादी आन्दोलन कुनै कोणबाट पनि गत १० वर्षको सबैभन्दा संगठित र सशक्त आन्दोलन रह्यो**

**माओवादका बारेमा बढी सूक्ष्म, मिहिन र मूर्त बहस आम चासोको विषय बनेको छ**

## *वैदेशिक 'सहायता'*

गत १० वर्षमा वैदेशिक ऋण अत्यधिक मात्रामा बढेको छ र यो बढ्ने क्रम जारी छ । यो ऋणबाट कसलाई के के लाभ भयो, कति वर्ग र पुस्ताले यो भार खप्नु पर्ने हो, त्यसबारे सरकार, दल र अन्य स्थापित संस्थाहरूबाट विरलै चिन्तन भएको पाइन्छ । गैर सरकारी संस्थाहरूको त झन् जीवनधारा नै बन्न पुगेको छ - विदेशी ऋण र 'सहायता' ।

विदेशी 'सहायता' वित्तीय ऋणमा मात्र पक्कै पनि सीमित छैन । खासगरी, गएको १० वर्ष भित्र यस 'सहायता' अन्तर्गत खास खास वर्ग, समूह र क्षेत्रको लागि र पूँजीवादी विश्व व्यवस्थाको हित हुने र सिंगो मुलुकको अहित हुने कैयन कानून, नीति कार्यक्रम, परियोजना आदि लागू भएका छन् । सामाजिक समस्याको आन्तरिक, राजनैतिक, सांस्कृतिक समाधानको साटो वित्तीय प्रशासनिक र अर्धसैनिक समाधान खोज्ने प्रवृत्तिको व्यापक वृद्धि भएको छ । गत १० वर्षमा 'प्रजातन्त्र' धान्न अपरिहार्य बनेको छ - विदेशी ऋण र नीति । स्थानीय र राष्ट्रिय स्वावलम्बन अत्यन्त गहिरो धरापमा फँस्दै जाने क्रमले तीव्रता लिएको छ ।

## *जात-जाति, भाषा, धर्म तथा बहस र आन्दोलन*

२०४६ यता जात-जाति, भाषा, धर्म आदिबारे स्थानीयदेखि राष्ट्रिय तहसम्म बहस शुरू भएको छ । कतिपय हिसाबले यो मुलुक वास्तवमै विभिन्न जातजाति, मातृभाषी र धर्मावलम्बीको थलो हो भन्ने चेतना बल्ल अगाडि बढेको छ । यस्तो बहसविना यो किसिमको चेतना निर्माणको शुरूवात हुनु सम्भव थिएन । वास्तवमै यो मुलुकलाई सबै जातको फूलवारी बनाउन के कस्तो बाधा पन्छाउँदै जानुपर्ने हो भन्ने चिन्तनको प्रारम्भिक रेखांकन गर्ने कामसमेत हाल शुरू भएको छ ।

यो वैचारिक आन्दोलन हालमा मुख्यतया वर्तमान संविधानमा रहेका केही द्वेषपूर्ण प्रावधानको खारेजीपट्टि लक्षित रहेको छ । यो लक्ष्य उपयुक्त पनि छ । तर यो वैचारिक आन्दोलनले अझसम्म कस्तो किसिमको आर्थिक र राजनैतिक व्यवस्था र प्रक्रियाले जातीय र भाषिक, धार्मिक आदि समानतातर्फ पाइला चाल्न सहयोग पुऱ्याउँछ भन्ने बारेको चिन्तन अगाडि बढाएको छैन । जातीय, भाषिक, धार्मिक आदि सांस्कृतिक आन्दोलनको जग हाल्दै जानसक्ने आर्थिक, राजनैतिक र वर्गीय धरातल खुट्याउँदै जाने दायित्वको अभिभारा यो बहसले पक्डने क्रममा समष्टिगत आन्दोलनले अझ बढी बैधता हासिल गर्ने अनुमान गर्न सकिन्छ ।

यसैगरी, गएको १० वर्षभित्र अन्य सामाजिक आन्दोलनमा महिलाहरूले नेतृत्व गरेको रक्सीविरोधी आन्दोलन र पैत्रिक/पारिवारिक सम्पत्तिसम्बन्धी आन्दोलन प्रमुख रहे । महिला र सिंगो समाजको चेतना वृद्धि र संगठनमा यी आन्दोलनहरूको उल्लेख्य भूमिका रह्यो । यी आन्दोलनहरूले भविष्यमा हुने अन्य महिलाप्रधान आन्दोलनहरूलाई जग हाल्ने काम गरेका छन् ।

दलितहरूको आन्दोलनले पनि यो अवधिभित्र उल्लेख्य स्थान ओगट्न सफल भयो । तर फेरि पनि यो कानून र संस्कृतिको क्षेत्रमा मात्र सीमित रह्यो ।

## *माओवादी आन्दोलन*

जनयुद्धको नाम दिइएको र उपरोक्त अन्य आन्दोलनहरूभन्दा अत्यन्त माथि उठेको माओवादी आन्दोलन कुनै कोणबाट पनि गत १० वर्षको सबैभन्दा संगठित र सशक्त आन्दोलन रह्यो । शुरू भएको पाँच वर्षभित्रै वर्तमान राज्यसत्ताको क्रान्तिकारी परिवर्तन गर्ने उद्देश्य बोकेको यो आन्दोलनले अधिकांश पहाडी क्षेत्रका श्रमजीवी देशवासीको नैतिक समर्थन जितिसकेको छ । मुलुकका केही क्षेत्रहरूमा यसले बलियो राजनैतिक जरा पनि गाड्न सफल भएको छ । केही ठाउँहरूमा यसले छिटफुट र अस्थायी प्रकृतिको सामाजिक र सांस्कृतिक सुधारको कार्यक्रम पनि संचालन गरेको छ ।

माओवादी आन्दोलनले एकातिर क्रान्तिकारी परिवर्तनमा समर्पित, संगठित र सशक्त राजनैतिक ऊर्जालाई जन्म दिएको छ भने अर्कोतिर, प्रशस्त सामाजिक, आर्थिक र राजनैतिक असुरक्षा र भयको स्थिति पनि पैदा गरेको छ । वर्तमान राज्य र वर्गीय सत्ताको संरचना ध्वस्त गर्ने उद्देश्य राख्ने कार्यक्रम संचालन हुँदा खास खास वर्ग र समूहमा यस्तो असुरक्षा र भय पैदा हुनु स्वाभाविक हो । तर 'माओवादी दृष्टिकोण' अन्तर्गत मित्रशक्ति मानिनु पर्ने वर्ग र समूहमा समेत यस्तो असुरक्षा र भय प्रशस्त पाइन्छ । उता सरकारी बलको तर्फबाट अझ बढी असुरक्षा र भयको स्थिति खडा भएको छ ।

वास्तवमा अहिलेसम्म 'माओवादी दृष्टिकोण' समष्टिगत र 'क्षेत्रीय' दुवै तहहरूमा धेरै किसिमका अमूर्तताहरू नै रहेका छन् । यसको राजनैतिक, आर्थिक र सांस्कृतिक सार, राष्ट्रियदेखि स्थानीय स्वरूप, अन्तर्राष्ट्रिय पाटो, आदिका बारेमा विरलै र छिटफुट रूपमा मात्र चर्चा चलेका पाइन्छन् । माओवादका बारेमा बढी सूक्ष्म, मिहिन र मूर्त बहस आम चासोको विषय बनेको छ । ❑

# ऐंजेरूको कुनै जमीन हुँदैन

◆ अमर गिरी ◆


कवि

एक वृक्षको रूपमा
यसको कुनै अस्तित्व हुंदैन
वृक्षको जरा हुन्छ जमीनमा
जमीनबाटै सबै तत्वहरू प्राप्त गर्छ यसले
र आकाशतिर बढ्छ
फूलहरू फुल्छन्, फलहरू लाग्छन्
तर ऐंजेरूको आधार जमीन होइन
यो उम्रन्छ वृक्षका कापहरूबाट
र वृक्षहरूलाई डस्दै
जीवित रहन कोशिस गर्छ ।

●

*जुन चीजको जमीन हुँदैन*
*त्यो सबभन्दा खतरनाक हुन्छ*
*त्यसैले ऐंजेरू खतरनाक हुन्छ*
*जुन जुन वृक्षका कापहरूबाट यो जन्मन्छ*
*ती ती वृक्षहरू*
*कहिल्यै मौलाउन सक्दैनन् ।*
*भएजति सबै जीवन-रस सोस्छ ऐंजेरू*
*र बाँचिरहन कोसिस गर्छ ।*

●

ऐंजेरूको काम
अरूले परिश्रमपूर्वक तयार पारेको खाना
बलात् खानु हो
अरूको पसीना र पौरखमा लहलहाउनु हो
ऐंजेरू कहिल्यै आफू पसीना बगाउँदैन
ऐंजेरू कहिल्यै आफू पौरख गर्दैन
किनकि ऐंजेरूको कुनै जमीन हुँदैन ।

●

*ऐंजेरूसँग न दया हुन्छ न करूणा*
*न संवेदना हुन्छ, न लज्जा*
*निर्लज्ज ऐंजेरू अरूको बुइ चढ्छ*
*र उनीहरूकै हक खोस्छ*

●

अरूले संगालेका स्वप्नहरू
एक एक गरी फोड्छ
र आफ्ना सपनाहरू बुन्ने
असफल प्रयास गर्छ
तपाईंहरूले वृक्षका कापमा
जन्मिएको ऐंजेरू
रातै फुलेको पनि देख्नुभएको होला
तर ती फूलहरू
वृक्षका रगतका फाल्साहरू हुन्
ती कदापि फूलहरू होइनन्
ऐंजेरू कहिल्यै फुल्न सक्दैन
एकछिन जमीनमा झारिदिनुस् र हेर्नुस्
कति छिटै मर्छ ऐंजेरू
किनकि ऐंजेरूको कुनै जमीन हुँदैन ।




*ऐंजेरू एक रोग हो*
*ऐंजेरू एक प्रतिशोध हो*
*जो वृक्षहरू लहलहाएको*
*देख्नै सक्तैन*
*आकाश ताकेर बढेको*
*हेर्नै सक्तैन*
*सुन्दर सपना देख्नेहरूसंग*
*ऐंजेरू रिसाउँछ*
*जून-तारा मन पराउनेहरूसँग*
*ऐंजेरू पैंठेजोरी खेल्छ*
*ऐंजेरू अँध्यारोको साथी*
*र परजीवी*
*जो अरूलाई मारेर*
*आफू जीवित रहन कोसिस गर्छ*
*फेरि दोहऱ्याउँछु म*
*ऐंजेरू खतरनाक हुन्छ*
*किनकि ऐंजेरूको कुनै जमीन हुँदैन*

●

ऐंजेरू वृक्षका कापहरूबाट मात्र उम्रदैन
ऐंजेरूले वृक्षहरूलाई मात्र डस्दैन
ऐंजेरू मस्तिष्कका कापहरूबाट पनि उम्रन्छ
ऐंजेरू नउम्रने कुनै त्यस्तो बस्तु हुँदैन
देशको छातीबाट उम्रन्छ ऐंजेरू
राष्ट्रियताको सगरमाथाबाटै उम्रन्छ ऐंजेरू
ऐंजेरू यहाँ उम्रने र त्यहाँ नउम्रने भनेर
उम्रदैन
ऐंजेरूको कुनै रोजाइ हुँदैन
यो जहाँ पनि उम्रन्छ, जतिबेला पनि उम्रन्छ
किनकि ऐंजेरूको कुनै जमीन हुँदैन ।

●

*खुबै मौलाएको छ ऐंजेरू यतिबेला*
*संभवतः ऐंजेरू नभएको कुनै ठाउँ छैन*
*म हेरिरहेछु मुलुकलाई*
*मुलुकको धर्ती र आकाशलाई*
*कसरी डसिरहेछ ऐंजेरू*
*संभवतः यस्तो इतिहासमा कहिल्यै भएको*
*थिएन ।*
*तर पनि म विश्वासका साथ भन्छु*
*ऐंजेरूको कुनै भविष्य छैन*
*किनकि यसको कुनै जमीन हुँदैन ।* ❑

एउटा नेपाली वाम पार्टीका एकजना नेतालाई भारतको एउटा क.पा.का नेताले आफू काठमाण्डौ आएको बेला भेट्न चाहे । ती नेपाली नेतालाई भेट्न उनले खबर पठाए । तर ती नेताले उनलाई भेट्न रूचाएनन् ।

तर करीब एक वर्षपछि ती नेपाली नेताको पार्टीको एउटा जनवर्गीय संगठनको उद्घाटन समारोहमा अतिथि बन्न सोही भारतीय वाम पार्टीलाई ठूलो प्रयत्न गरेर बोलाइयो । त्यसका प्रतिनिधिलाई ठूलो महत्व दिइयो ।

हिजो महत्व दिइएन । कारण, हिजो आफ्नो संगठनको अस्तित्व संवर्धन गर्ने 'स्वार्थ'को हिसावले तत्काल त्यो महत्व दिनु जरूरी ठानिएन । आज महत्व दिइयो । कारण, आफ्नो संगठनको धाकधक्कू बढाउनका लागि केही विदेशी पाहुनालाई आफ्नो अतिथि बनाउनु जरूरी ठहरियो । खुवै जरूरी ठहरियो र नै खोजीखोजी त्यो भारतीय वाम पार्टीलाई निम्तो गरियो ।

यसो गरेमा हरेक पार्टीले आफ्नो 'इज्जत जोगाउन' कै लागि पनि जुलूसमा जरूरी जनसंख्या जुटाउने गर्छ ।

यसबारे विगतमा हामीले एकपटक चर्चा गरिसकेको छौं ।

आफ्नो पार्टीको नामको ब्यानर नबोक्ने भए आफ्ना पाँचजना मान्छे मात्रै संयुक्त-वाम जुलूसमा आए पनि चित्त बुझाउने नेता आफ्नो पार्टीको ब्यानर बोक्ने भए चाहिँ पचास जना मान्छे आए पनि चित्त बुझाउँदैन । अर्थात्, ऊ चाहन्छ- आन्दोलन समग्रमा चाहिँ असफल भएपनि होस्, तर आफ्नो पार्टीको धाकधक्कू चाहिं नघटोस् ।

❑ "तिमीलाई हाम्रा मान्छेहरूले अन्याय गरेकै हुन् । तिमी हाम्रो पार्टीमा प्रवेश गर अनि म तिम्रो अन्याय फुकुवा गरिदिन्छु ।" - एउटा वामबुद्धिजीवीले अर्का वामबुद्धिजीवीलाई हालै यसो भनेछन् । अन्याय जब अन्याय नै हो भने त उनले तत्कालै त्यसविरूद्ध जुध्नु पो पर्थ्यो । तर उनले त आफ्नो संगठनको स्वार्थ पूरा भएमा मात्र 'न्याय' दिने अनौठो नीतिको पो वकालत गरे ।

## 'संसारभरकै अत्यन्त खराब व्यक्ति भनेको हाम्रो माइलो भाइ हो !'

# अस्तित्ववादी अवसरवादसँग लड्नु जरूरी छ

◆ चन्द्रदेव नेपाली ◆

❑ संयुक्त-वामआन्दोलनमा हरेक वाम पार्टीले साझा ब्यानर बोक्ने भए सो आन्दोलनको जुलूसमा मान्छे एकदमै कम हुन्छन् । तर हरेक पार्टीको नाम लेखेको छुट्टाछुटै ब्यानर प्रदर्शन गर्ने भए चाहिं जुलूसमा मान्छेको संख्या बढी हुनेहुन्छ । कारण

❑ एउटै संगठनमा पनि दुई क्षेत्रका जिम्मा लिएका दुईजना कामरेडहरूमध्ये आफ्नो क्षेत्रको कामलाई मात्र बढी महत्व दिने र अर्का कामरेडको क्षेत्रको कामलाई पटक्कै महत्व नदिने कामरेडहरू पनि थुप्रैको संख्यामा रहेका छन् ।

❑ "आफ्नो पार्टी छोडेर गएका एकजना कलाकारलाई आफ्नो पार्टीमा ल्याउन रातरातभर कुराकानी गरेर प्रयत्न गर्ने एक नेताले सो कलाकार आफ्नो पार्टीमा नफर्केपछि ती कलाकारलाई लक्षित गर्दै भन्दै हिंडे - "छि छि छि ! भ्रष्ट कलाकार !"

❑ अरू एन.जि.ओ.को धुँवाधार विरोध गर्ने एकजना वाम नेता आफूलाई चन्दा सहयोग गर्ने र अरूखाले मद्दत गर्ने एन.जि.ओ.लाई भने, त्यसका हर्ताकर्ताहरूलाई भने राजनीतिक- अँगालो हाल्दै हिंड्ने गर्छन् ।

❑ आफू नेता बन्न पाएको हुनाले एक खाले संयुक्त मोर्चामा सक्रिय हुने 'बौद्धिक नेता' अर्को चरित्रको, तर त्यस्तै खाले अत्यन्त जरूरी संयुक्त मोर्चाको भने विरोध गर्दै हिंड्छन् । कारण, उनी वा उनको गुटको अरू कुनै व्यक्ति पनि त्यो संयुक्त मोर्चामा नेता हुनसक्दैन । त्यसैले त्यस्तो संयुक्त मोर्चाको जरूरत नै नभएको भनी ठूलाठूला वैचारिक ब्याख्यान दिन उनी पछि पर्दैनन् ।

❑ अरू वामपन्थीहरूले कुनै रचनात्मक काम गरेको देखेमा मात्र आफू पनि त्यस्तै कुनै न कुनै कार्यक्रम गर्न आतुरी गर्ने, नत्र चुप लागेर सुत्ने वाम नेताहरू हाम्रो देशका विभिन्न टोल, गाउँहरूमा बग्रेल्ती पाइन्छन् । उनीहरूको आफ्नै सक्रियता भन्ने हुन्न, अरू मित्रहरूको सक्रियताको जवाफमा "हामी पनि यस्तो गर्न सक्छौं" भनेर देखाउने 'प्रतिक्रियात्मक सक्रियता' मात्र हुन्छ । देश, जनता, आन्दोलन, गाउँ, टोलको जरूरतले उनीहरूलाई छुँदैन । उनीहरूलाई छुन्छ - अर्को वामसमूहको सक्रियताले मात्र । त्यसप्रतिको इर्श्या वा द्वेशको आडमा मात्र उनीहरू टिकेका हुन्छन् ।

यसरी आफ्नो व्यक्तिगत वा समूहगत अस्तित्वलाई केन्द्रबिन्दु मानेर, त्यसैको आडमा, त्यसैको वरिपरि धारणा बनाउने र व्यवहार गर्ने गरिएका उदाहरणहरू हाम्रो आन्दोलनमा अरू पनि भेटिएलान् ।

वास्तवमा, हाम्रो आन्दोलनमा जुन फूटहरू भए र जुन फूटहरूका मानसिकताहरू सक्रिय भए, तिनले निकै ठूला नकारात्मक असरहरू छोडेका छन् । निम्न-पूँजीवादी वर्गस्रोतबाट आएका व्यक्तिहरूको बाहुल्य भएको कारणले गर्दा होला, यस आन्दोलनको एउटा ठूलै अवगुण भएको छ - अस्तित्ववादी अवसरवाद ।

हरेक कुरालाई आफ्नो र आफ्नो गुटको संकीर्ण स्वार्थसँग गाँसेर हेर्ने यो अवसरवादले मानिसहरूलाई आफ्नो अहं र स्वार्थ वरिपरि घुमाउँदो रहेछ । फुर्सद मिल्यो कि छिमेकी सँधियारको जग्गाको आली ताछ्न जाने यो निम्न मध्यमवर्गीय किसान मानसिकताले आफ्नो जमिनमा गतिलो उत्पादन गर्ने होश पनि हरण गरिदिंदो रहेछ । सँधियारको जमिनमा जे बाली लगायो, त्यही बाली आफूले लगाउने, उसले बाली नै नलगाए आफूले पनि बाली लगाउने हतारो नगर्ने हदसम्म यो प्रवृत्ति बढ्दोरहेछ ।

यो प्रवृत्तिले सबैभन्दा बेसी प्रहार गर्दोरहेछ - भर्खरै आफूसँग असहमत भएर भागबण्डा गरी छुटेका



यस्तो विशाल भीड के आफ्नो पार्टीको ब्यानरमुनि मात्रै जम्मा गर्ने ? संयुक्त आयोजनामा भने यस्तो नहुने गरेको छ !

## आन्दोलन समग्रमा चाहिँ असफल भएपनि होस्, तर आफ्नो पार्टीको धाकधक्कू चाहिँ नघटोस्- यो कस्तो प्रवृत्ति हो ?

सँधियारहरूलाई ।

"ज्यान जाला, म त्यसका दैलामा टेक्दिनँ" भनेर कुर्लने अंशवण्डाका झगाडिया दाजु-भाइहरूकोजस्तो हालत हुँदोरहेछ, हाम्रा कतिपय वाम नेता वा समूहहरूको पनि ।

"संसारभरकै अत्यन्त खराब व्यक्ति भनेको हाम्रो माइलो भाइ हो ।"

- कुनै एउटा गाउँले दाजुको कथन हो यो । कारण, अंशवण्डामा उनको र उनको माइलो भाइबीच केही खटपट भएको थियो ।

गाउँका जाली-फटाहाहरू, शोषकहरू वा देश एवं संसारका शोषकहरू, तिनका नाइकेहरू सबै खराब ठहरिन छाडेर अब 'माइलो भाइ' नै सबैभन्दा खराब व्यक्ति ठहरिने स्थिति जो पैदा भइरहेछ, त्यसले हाम्रो आन्दोलनमा धेरै ठूलो नोक्सानी गरिरहेछ ।

फुट पछिका 'माइला भाइ', 'जेठाभाइ'हरू एकले अर्कालाई लगाइएका 'कुखुरा चोरी'का कतिपय मनगढन्त आरोपहरू आज इतिहासको अदालतसामु तेर्सिएका पनि छन् । मोहनविक्रम-निर्मल लामाका फूटहरूताका एकले अर्कालाई लगाइएका आरोपहरूका थुप्रै निस्सारताहरू आज प्रकट भइरहेका छन् र उनीहरूका आफ्नो पार्टीहरूबीच 'एकता' खोज्ने क्रममा छन् । बाहिर एमाले अहिले माले भएको समूहमा बसेर संघर्ष नगर्ने अराजनीतिक हठ गरिरहेछ र पनि भित्रभित्र ऊ मालेका मान्छेहरूलाई आफूतिर तान्ने प्रयत्नमा विशेष रूपले लागिरहेको पनि पाइन्छ । यसैगरी मालेका हिजो एमालेलाई सत्तोसराप गर्ने कतिपय मान्छेहरू विनाशर्त एमालेमा पस्दै पनि छन् । आज 'एकता'को हदसम्म वा 'मान्छे तान्ने' हदसम्म सोच्नु पर्ने रहेछ वा विनाशर्त पस्नु पर्ने रहेछ भने, हिजोका अराजनीतिक आरोपहरूबारे संबन्धित व्यक्ति वा समूहहरूले आत्मालोचक हुने कि नहुने ? र, अरूले उनीहरूबाट पाठ सिक्ने कि नसिक्ने ?

तत्क्षणको आफ्नो व्यक्तिगत वा गुटगत अस्तित्वमा भएको लाभ-हानीलाई नै सर्वश्व ठान्ने यो प्रवृत्तिले हानीको समग्रमा 'कम हानी' हुने बाटो खोज्न पनि र समग्र आन्दोलनको लाभमा लाभ देख्न पनि हामीलाई छेक्दोरहेछ । बस्तुस्थितिले हामीलाई सही सोच बनाउन बाध्य पारूञ्जेलमा भैसक्ने थुप्रै हानीहरू हामीले व्यहोर्नु पर्ने हुँदोरहेछ ।

साम्यवादी आन्दोलन समाजमा चलाइने आन्दोलन हो । यो एउटा दिशा हो, गति हो, यसका विविध चरणहरू हुन्छन् । यो दिशामा अघि बढ्नेहरू समाजमा विभिन्न स्तरमा हुँदारहेछन् । उनीहरू सबै एकै ठाउँमा, एउटै समूहमा आइदिए, एउटै सोच बोकेर हिँडिदिए जाती नै हुन्थ्यो । तर यस्तो नहुँदा चाहिँ के गर्दा समग्रतामा सबैभन्दा राम्रो हुन्छ भने सोच्नु जरूरी होला कि नहोला ?

आफ्नो तरीकाले तपाई यो आन्दोलनमा रहेर योगदान गरिरहनुभएको छ । तपाई मेरै ठाउँमा आइदिनुभए धेरै राम्रो हुन्थ्यो । हो, तर के गर्ने ? -तपाई आउनु भएन ।

के यसो भन्दैमा मैले तपाईको निन्दा गर्दै हिंड्ने ? अस्तित्व नमान्दै, मानमर्दन गर्दै र गालीगलौज गर्दै हिंड्ने ? तपाईंलाई 'जवाफ' दिन मात्र, तपाईंलाई देखाउन मात्र म सक्रिय हुँदै हिड्ने ? मेरो गुटको निम्ति तपाईको प्रत्यक्ष योगदान रहेन वा छैन भन्दैमा समग्र आन्दोलनको दिशामा, गतिमा वा खास चरणमा तपाईको योगदानलाई मैले वेवास्ता गर्दै हिड्ने ? मेरो गुटमा प्रत्यक्ष जोडिने कुरालाई मात्र मैले महत्व दिँदै हिड्ने ?

मेरो गुटलाई तत्काल फाइदा हुने नदेख्दा पनि विदेशी मित्रलाई भेट्नुले समग्र आन्दोलनलाई फाइदै गर्थ्यो । म किन मेरो गुटको 'उद्घाटन समारोह'को रौनक बढाउन मात्र विदेशी मित्रलाई खोज्दै हिंड्ने ?

मेरो गुटको ब्यानर नभए पनि संयुक्त वामआन्दोलन सफल हुनु यो देशको लागि महत्वपूर्ण कुरा हो तर म किन मेरो ब्यानर भएमा मात्र पचास जनाभन्दा बढी व्यक्ति जुलूसमा ल्याउने ? नत्र पाँच जनाले काम चलाउने ?

मेरो पार्टीले गरेको अन्याय फुकाउन 'पिडीत पक्ष'लाई मैले किन 'पार्टी-प्रवेश'को शर्त राख्ने ? मेरो जिम्माको क्षेत्रको मात्र धेरै महत्व सोचेर अरूको जिम्माको महत्वलाई मैले किन इन्कार गर्ने ? अलिकति झुकेर कलाकार मेरा पार्टीमा आएमा महान हुने, नआएकाले उनी 'छि छि छि !' हुने ? मेरो चन्दादाता एन.जि.ओ.चाहिँ स्वतः आराध्य ठहरिने ? म नेता हुने संयुक्त मोर्चाजस्तै अरू नेता हुने संयुक्त मोर्चाप्रति पनि मेरो सकारात्मक धारणा किन नहुने ? यो संसारको प्रधान शत्रु के मेरो 'माइलो भाइ' नै हो त ?

यी सबै प्रश्नहरूको जवाफ हामीले वर्तमान सन्दर्भमा खोज्नु जरूरी छ ।

वर्तमानको एउटा थप सन्दर्भ के पनि भएको छ भने केही 'उग्र' सोच राखी कतिपय संयुक्त मंच वा मोर्चालाई त्यसमा निहित केही 'अशुद्ध तत्व'हरूका कारण हिजो ठाडो बहिष्कार गर्ने मित्रहरू पनि आज ब्यापक संयुक्त मोर्चाको प्रस्ताव राखिरहनुभएको छ । यो प्रस्ताव मुलुकको सन्दर्भ हेरेर ल्याइएको भए राम्रो हो । तर आफ्नो गुटको विशेष अवस्थाका कारण मात्र 'चलाखी'को रूपमा ल्याइएको भए चाहिँ यसले फेरि हामीलाई उहीँ पुऱ्याउने छ । कुनै गुटको 'अस्तित्व'को विशेष अवस्था बदलिएपछि यो प्रस्ताव पुनः ओझेलमा पर्ने संभावना रहेको छ । ❑


## 'झिसमिसे'

नेपाली साहित्यिक त्रैमासिक

पूर्णाङ्क-३५



कविता, निबन्ध, कथा र समालोचनाका विविध कोसेलीहरू बोकेर बजारमा उपलब्ध छ ।



## ◀ किताब/उल्लेख्य




कृति : **जब घर फर्किएँ**
कृतिकार : विवश वस्ती
विधा : कविता सग्रह
प्रकाशक : बन्दना प्रकाशन प्रा.लि.,काठमाण्डौ
पृष्ठ : ५३+१०
मूल्य : रू. ३५/-



कृति : **महिलाहरूको मुक्तिको बारेमा**
*(मार्क्स, एंगेल्स, लेनिन, स्टालिन र माओ)*
कृतिकार : क्लारा जेट्किन
अनुवाद : रमेश सुनुवार
विधा : विचारहरूको संकलन
प्रकाशक : प्रगति पुस्तक सदन, काठमाण्डौ
पृष्ठ : ७५+४
मूल्य : रू. ३५/-



कृति : **मखमली**
कृतिकार : पुन्य कार्की
विधा : कथा संग्रह
प्रकाशक : सहयात्री परिवार
पृष्ठ : ७७+८
मूल्य : रू. ३५/-



कृति : **बुद्ध र लाभाहरू**
कृतिकार : सरिता तिवारी
विधा : कविता संग्रह
प्रकाशक : विश्व तिवारी
पृष्ठ : ५६+१०
मूल्य : रू. ४०/-



कृति : **बाल बगैंचा**
कृतिकार : चिनियाँ लेखकहरू
विधा : चिनियाँ बालकथाहरू
प्रकाशक : सिर्जनशील प्रकाशन, काठमाण्डौ
पृष्ठ : ४०+४
मूल्य : रू. १५/-



कृति : **गाउँघर र देश-परदेश**
कृतिकार : के.पी मल्ल
विधा : संस्मरणात्मक र सर्वेक्षणात्मक लेखहरू
प्रकाशक : निर्माण प्रकाशन, सिक्किम
पृष्ठ : १८२+१६
मूल्य : भारू. ९०/-

◀ विश्व कम्युनिष्ट आन्दोलन

के पद, पैसा र प्रख्यातिको बन्धनबाट मुक्त मानिसहरू पनि हुन्छन् र ? - यस्ता प्रश्नहरू नेपाली राजनीतिबारे अलिकति मात्रै चासो राख्नेहरूबीच धेरै उठ्ने गर्छन् । विशेष गरी यहाँका नेताहरू मन्त्रीपद, ठूल्ठूला महल र चिल्ला पजेरोहरूको पछिपछि दौडिरहेको देखेर प्रश्न उठ्ने गर्छ - व्यक्तिगत लाभको पछि नलाग्ने नेताहरू हुँदैहुँदैनन् कि कसो ? नेपालका अहिलेका नेताहरूको जीवन

कुरा कहिले पनि सोच्नु हुँदैन ।"

मन्त्रीपद, ठूल्ठूला महल र चिल्ला पजेरोहरूजस्ता व्यक्तिगत सुख-सुविधा र लाभका विषयमा आफ्नो जीवनमा उहाँले कहिले पनि आफूलाई कमजोर बनाउनु भएन । र यसमा कसैसँग संभौता पनि गर्नुभएन ।

यसै सन्दर्भमा एउटा प्रेरणादायी प्रसंग यहाँ प्रस्तुत गर्ने जमर्को गर्दैछु । यो प्रसंग १ जनवरी १९५९ मा सम्पन्न भएको क्यूबाली क्रान्तिको



# चेबाट सिक्ने आँट गर्ने कि ?

र चिन्तन हेर्दा धेरैले 'खोई, कहाँ छन् र ?' भन्ने जवाफ दिने गर्छन् । तर विदेशका कतिपय प्रख्यात नेताहरूको जीवनी हेर्नेहरूले स्पष्ट रूपमा भन्ने गर्छन्- व्यक्तिगत लोभबाट मुक्त मानिसहरू पनि छन्, विशेष गरी क्रान्तिकारी कम्युनिष्ट नेताहरू, जस्तो : मार्क्स, एंगेल्स, लेनिन, स्तालिन, माओ, हो चि मिन्ह, फिडेल क्यास्त्रो र चे ग्वेभारा ।

सुविख्यात क्रान्तिकारी नेता तथा छापामार कमाण्डर चे ग्वेभाराको व्यक्तिगत लोभले मुक्त जीवन निकै आश्चर्यचकित पार्ने खालको र प्रेरणादायी खालको छ । चे ग्वेभारा पटक-पटक भन्नुहुन्थ्यो : "कुनै पनि क्रान्तिकारी कम्युनिष्टहरूले, विशेष गरी तिनको नेतृत्वमा रहेका व्यक्तिहरूले आफ्नो व्यक्तिगत लाभको

लगत्तैका दिनहरूको घटनासँग सम्बन्धित छ । क्यूबाली छापामारहरूका कमाण्डर चे ग्वेभारा क्रान्तिकालमा अत्यधिक रूपमा खट्नुभयो । उहाँको लागि आराम भन्ने कुन चरोको नाम हो भन्नेसम्मको स्थिति भयो ।

क्यूबाली क्रान्तिको सफलताका लागि आफ्नो सम्पूर्ण चिन्तन र आचरणलाई केन्द्रित गरिरहनुभएका चे अन्ततः पूरै नै अस्वस्थ हुन थाल्नुभयो । उहाँको अत्यन्त सामान्य बसाइ र दम रोगको आक्रमणको बारेमा चिलीका वामपन्थी राष्ट्रपति डा. साल्भाडोर एलेण्डेले चेसँगको भेटघाटको सन्दर्भमा राम्ररी तस्वीर खिच्नुभएको सामग्री पाइन्छ । क्रान्ति सम्पन्न भएको तेस्रो दिन चेसँग त्यसबेलाका समाजवादी पार्टीका नेता

*भासिली चिखोभद्वारा क्रान्तिको लगत्तै खिचिएको फोटो (माथि)*
*चे मन्त्री हुँदा पनि मजदूरहरूले जस्तै शारीरिक श्रम गर्नुहुन्थ्यो (तल)*



डा. एलेण्डेले भेट्नुभएको थियो । त्यस भेटको बारेमा एलेण्डेले लेख्नुभएको थियो :

"एउटा ठूलो हल थियो, त्यसैलाई बेडरूममा फेरिएको थियो, त्यसको चारैतिर किताबहरू राखिएका थिए । एकजना मानिस फोल्डिंग बेडमा लम्पसार परेर सुतिरहनुभएको थियो । उहाँको कम्मरभन्दा माथि लुगा थिएन । उहाँले जैतुनको जस्तो हरियो रंगको पाइन्ट लगाउनु भएको थियो । र लामोलामो सास,तान्दै मतिर तीक्ष्ण नजरले हेरिरहनुभएको थियो । उहाँले मलाई इशाराले एकछिन प्रतीक्षा गर्नका लागि भन्नुभयो, ताकि दमको हमलालाई नियन्त्रण गर्न उहाँलाई समय प्राप्त होस् । मैले केही समयसम्म उहाँलाई एकनासले नियालेर हेरिरहें । उहाँको तेजिलो आँखा निकै चम्किरहेको थियो । मेरो सामुन्ने लम्पसार परेर सुतिरहनुभएको यो व्यक्ति अमेरिकाका एक महान योद्धा हुनुहुन्थ्यो, जो भयानक रोगले ग्रस्त हुनुहुन्थ्यो । जब हाम्रो कुराकानी भयो, तब उहाँले के बताउनुभयो भने सिंगो युद्धको क्रममा दम रोगले उहाँलाई पटक्कै शान्ति दिएन । उहाँलाई हेरिरहँदा, उहाँलाई सुनिरहँदा म कस्तो करूणामय परिस्थितिमाथि विचार गरिरहेको थिएँ भने, यो महान व्यक्तिले एकातिर महान कार्यहरू पूरा गर्न बाँकी थियो, अर्कोतिर उहाँमाथि निर्दयी रोगले हमला गरिरहेको थियो ।"

दमको रोगको नयाँ नयाँ चरणको आक्रमण भइरहेकै बेला आराम भनेको पटक्कै लिन नपाएपछि १९५९ मार्च महिना शुरू हुँदा नहुँदै उहाँको शारीरिक स्थिति अत्यन्त नाजूक भयो । सानैदेखि दमका रोगीको रूपमा रहेका चेले पटक्कै विश्राम पनि गर्न नपाएपछि रोगको कारणले उहाँको जीवन-मरणकै समस्या उत्पन्न भयो ।

दमको आक्रमण र थकानले क्षीण हुनु भएका चेको नाजूक हालत देखेर

**सुविख्यात क्रान्तिकारी नेता तथा छापामार कमाण्डर चे ग्वेभाराको व्यक्तिगत लोभले मुक्त जीवन निकै आश्चर्यचकित पार्ने खालको र प्रेरणादायी खालको छ**

## 'चेले बंगला लिए, क्रान्तिका नेताले व्यक्तिगत लाभका लागि मरिमेटे, उनले बतिस्ता समर्थकद्वारा लुटिएका सम्पत्ति जफत गरेर आफ्नो बनाए ।'

उहाँका साथीहरू निकै चिन्तित हुनथाले । उनीहरूले चेको जीवनको बारेमा ठोस कदम चाल्ने अठोट गरे । अनि आफ्नो स्वास्थ्यबारे विशेष चिन्ता नलिने डाक्टर चेलाई उनीहरूले जोर जबर्जस्ती नै गरेर औषधी-उपचार र आरामको व्यवस्था गरे । यसका लागि उनीहरूले राजधानी हवानाको एउटा उपनगरस्थित एउटा बंगलाको व्यवस्था गरे । क्रान्तिपूर्व त्यो बंगला क्यूबाका तानाशाह बतिस्ताको एक जना बडाहाकिमको अधिकारमा थियो । क्रान्तिपछि गैरकानूनी ढंगले कब्जा गरिएका सम्पत्ति सबै जफत गर्ने अभियान अन्तर्गत त्यो बंगला पनि जफत गरिएको थियो ।

सुख-सुविधाले भरिपूर्ण बंगलामा उपचार र आरामका लागि चे ग्वेभारालाई राखिएपछि प्रतिक्रियावादीहरूले विरोधका लागि निहुँ पाए । प्रतिक्रियावादीहरूले अखवारहरूमार्फत् तत्कालै विरोधको स्वर बुलन्द पारे : 'चेले बंगला लिए, क्रान्तिका नेताले व्यक्तिगत लाभका लागि मरिमेटे, उनले बतिस्ता समर्थकद्वारा लुटिएका सम्पत्ति जफत गरेर आफ्नो बनाए ।'

**सेनाका एक अधिकारीको हैसियतले मैले पाउने १२५ पेसोको सामान्य तलबबाट यति राम्रो बंगला भाडामा लिने स्थिति मेरो छैन ।**

क्रान्तिकालदेखि नै प्रतिक्रियावादीहरूका आक्रमणको केन्द्र बन्दै आउनुभएका चेले यस्तो कुत्सित चालबाजी र प्रचारको हथकण्डाको तुरुन्तै जवाफ दिनुभयो । उहाँले मार्च १०, १९५९ मा प्रकाशित Revolution नामक पत्रिकामा एउटा पत्र लेख्दै स्पष्टिकरण दिनुभयो । पत्रमा उहाँले लेख्नुभयो : 'यस बंगलामा म रोगको उपचारका लागि आएको हुँ, त्यो पनि त्यस्तो रोगको उपचारका लागि, जुन रोग कुनै वेश्यालय वा जुवा घरमा जाँदा सरेको होइन, बरू क्रान्तिको क्रममा लागेको रोग हो । अनि स्वास्थ्यलाभका लागि विवश भएर म यहाँ आएको हुँ । क्यूबाका अधिकारीहरूले मेरो आर्थिक क्षमता हेरेर उपचार र स्वास्थ्यलाभका लागि यो बंगलामा मलाई राख्नुभएको हो, किनकि उहाँहरूलाई थाहा छ : विद्रोही सेनाका एक अधिकारीको हैसियतले मैले पाउने १२५ पेसोको सामान्य तलबबाट यति राम्रो बंगला भाडामा लिने स्थिति मेरो छैन ।'

उहाँले पत्रमा लेख्नुभयो : 'यो बंगला बतिस्ताको एकजना भूतपूर्व बडाहाकिमको हो । र, यो सुख-सुविधाले भरिपूर्ण छ । हुन त मैले एउटा साधारण घरमा बस्ने मनसायसहित त्यस्तो घर छानेको थिएँ, तर अहिले म यस बंगलामा बस्न थालेको छु । यो तथ्यले आम जनताको भावनालाई आघात पुऱ्याउन सक्छ । त्यसैले म क्यूबाका जनतालाई बचन दिन्छु – स्वास्थ्य राम्रो हुने वित्तिकै म यो बंगला छाडेर हिड्नेछु ।'

उहाँले जुन बचन सार्वजनिक रूपमा दिनुभयो, त्यसलाई व्यवहारमा अनुवाद पनि गर्नुभयो । केही दिनको उपचार र विश्रामपछि उहाँले त्यो बंगला छोड्नुभयो । अनि आफ्नो कथनी र करनीलाई एकरूप पार्नुभयो । उहाँ फेरि ला काबानास्थित सानो कटेरोमै फर्कनुभयो । कटेरो पनि बतिस्ताद्वारा नियुक्त ला काबानाको सैनिक कमाण्डरकै निवास थियो । कटेरो विशेष सुविधा सम्पन्न थिएन । त्यस कटेरोमा चेको जीवनबारे सोभियत अखवार 'प्राभ्दा'का संवाददाता भासिली चिखोभले Dawn over club नामक पुस्तकमा लेखेका थिए : 'चे ग्वेभाराको कोठा सानो थियो । त्यसको क्षेत्रफल संभवतः १२ वर्ग मिटर थियो । दुईवटा फलामे पलंगहरू भित्ता नजिकै राखिएका थिए । त्यसैको बीचमा एउटा पुरानो दराज र ऐना थियो । दराजमा सरकारी कागजपत्रहरू राखिएका थिए र त्यसमाथि निकै लामो मोटो सिगार थन्किरहेको थियो...'

लामालामा दाढी र कपाल, काँधमा बन्दूकसहित क्यूबाली क्रान्तिको नेतृत्व गर्ने डा. चे ग्वेभारा निकै फरक खालका नेता हुनुहुन्थ्यो । धनलोलुपता, भ्रष्टाचार र अन्य खराब आनीबानीबाट मुक्त चेको आँखाको सामुन्ने पैसा, महल, पजेरो र पद-प्रतिष्ठा जस्ता व्यक्तिगत लाभभन्दा पनि देश र जनताको सम्पूर्ण मुक्ति थियो । त्यसैले मुक्तिपथबाट कहिल्यै विचलित नहुनुभएका चे जीवनभर प्रेरणादायी कम्युनिष्ट क्रान्तिकारी नेताका रूपमा सुविख्यात हुनुभयो । हाम्रा नेताहरूले चेबाट सिक्ने आँट गर्छन् कि ? ❑

## लेनिनमा ठट्टा गर्ने क्षमता असाधारण किसिमको थियो



◀ प्रेरक प्रसंग

क. लेनिन निकै हाँसखेल रूचाउने खालका व्यक्ति हुनुहुन्थ्यो । उहाँ आफ्नो काम पनि खुसी मनले गर्नुहुन्थ्यो । उहाँ ठट्टा गर्न पनि निकै रूचाउनुहुन्थ्यो । उहाँमा ठट्टा गर्ने क्षमता पनि असाधारण किसिमको थियो । कसैसँग कुरा गरिरहनु हुँदा उहाँ दिल खोलेर हाँस्नुहुन्थ्यो । उहाँको हाँसो असाधारण किसिमले मुग्ध पार्ने खालको र दूर्भावनाबाट मुक्त हुन्थ्यो । उहाँको हाँसो यस्तो हाँसो हुन्थ्यो, जुन हाँसोबाट स्फूर्ति र उत्साह प्रवाहित भइरहेको हुन्थ्यो ।

उहाँको यो हाँसो र उहाँमा भएको उत्साहले उहाँका वरिपरि बस्ने मान्छेहरूलाई पनि उत्साहित र आनन्दित तुल्याइरहेको हुन्थ्यो । यस्तो हाँसो उहाँको जीवनको अन्तिम समयमा मात्र हराएको थियो । योभन्दा पहिले जन कमिसारको वैठकमा पनि लेनिनको हाँसो गुँजिरहेको हुन्थ्यो र उहाँ अरूलाई पनि त्यसरी नै हँसाइरहनुहुन्थ्यो ।

लेनिनको साथमा रहेर काम गर्न पाउनु उहाँका साथीहरू तथा कार्यकर्ताहरूको लागि खुसीको कुरा हुन्थ्यो । उहाँको माग जत्तिनै कठीन हुने गरेतापनि तथा उहाँसंग जस्तोसुकै कठोर अनुशासनमा रहेर काम गर्नुपर्ने भएतापनि त्यसलाई सजिलै स्वीकार गरिन्थ्यो ।

लेनिन विनोदप्रिय हुनुका साथै साधारण तरिकाले बसोबास गर्न रूचाउने खालका व्यक्ति पनि हुनुहुन्थ्यो । उहाँको अध्ययन कक्षमा एउटा साधारण खालको मेच राखिएको थियो । त्यो मेचको बस्ने र अडेस लगाउने ठाउँ बेतले बुनिएको थियो । त्यस्तै खालको एउटा मेच उहाँको सम्मेलन हलमा पनि राखिएको थियो ।

इ.सं. १९१८ मा लेनिनको अध्ययन कक्षमा भएको एउटा सभापछि लेनिनले आफ्नो सेक्रेटरीलाई एउटा साधारण टेबुल बनाउन आज्ञा दिनुभयो । यसलाई लेख्नको लागि बस्ने मेचसँगै समकोण बनाएर राखियो । त्यसको वरपर छालाले मोरिएको हात अड्याउन मिल्ने मेचहरू राखिएका थिए । जब कुनै मान्छेहरू उहाँलाई भेट्न आउँथे, उहाँ पनि त्यही मेचमा बसेर कुराकानी गर्नुहुन्थ्यो । अरूले गरेको कुरा राम्ररी सुन्नको लागि उहाँ कुरा गर्ने व्यक्तिको अगाडि झुक्नुहुन्थ्यो । यदि कुराकानी चाखलाग्दो भयो भने उहाँजत्तिको राम्रो श्रोता अरू कुनै हुन सक्तैनथ्यो । उहाँ निकै चाख मानेर कुरा सुन्ने गर्नुहुन्थ्यो ।

अध्ययन कक्षमा काम गर्दा खुट्टा चिसो हुने भएकोले ऊनीबाट बनाइएको कपडाको टुक्रा खुट्टा राख्ने ठाउँमा राख्न लगाउनुभएको थियो । पछि एक दिन उहाँको सेक्रेटरीले त्यो टुक्रा झिकेर त्यसको ठाउँमा भालुको छाला बिछ्याइदिइन् । यो देखेपछि लेनिनले 'अनावश्यक ठाँट-बाँट किन गरेको ?' भनेर सेक्रेटरीलाई आलोचना गर्नुभयो । तर पछि अरू साधारण संस्थाहरूका साधारण कर्मचारीहरूकहाँ पनि त्यही नै बिछ्याइएको छ भन्ने कुरामा आस्वस्त पारेपछि उहाँले त्यसलाई स्वीकार गर्नुभयो ।

❑ सन्दर्भ स्रोतः
*लेनिनको जीवनको चन्द पन्ने : ली फोतियेवा*

# २०१७ सालमा प्लेन चढ्न जाँदा पुलिसले समात्यो

– निर्मल लामा

हामीले चौध दिनसम्म धमाधम जंगल फाँड्यौं । हामी रूख ढाल्थ्यौं, आगो बाल्थ्यौं । लगातार चौध दिनसम्म रूख ढाल्ने काम हामीले गऱ्यौं ।

चौध दिनपछि बल्ल वन विभाग आयो । उसले 'कसको आदेशबाट जंगल फाँडेको ?' भनेर सोध्यो । हामीले 'कृषि मन्त्रीको आदेशबाट रूख ढालेको हो' भनेर जवाफ दियौं । हामीले उसलाई कृषि मन्त्रालयमा हाम्रो दरखास्त परिसकेको कुरा पनि बतायौं ।

वन विभागको मान्छेले हामीलाई 'त्यसरी रूख ढाल्न त तोक ल्याउनु पऱ्यो नि !' भन्यो । मैले भनें – "जानुस् न तपाईं कृषि मन्त्रालयमा । त्यहाँ बुझ्नुस् – हामीले दरखास्त हालेको र रूख ढाल्न हामीलाई आदेश भएको हो कि होइन भनेर । त्यहाँबाट 'होइन' भन्ने कुरा आयो भने हामीलाई गिरफ्तार गरेर लानुस् ।" त्यसो भनेपछि वन विभागको मान्छे डरायो । उसले 'त्यसो भए हामीले के गर्ने त ?' भनेर सोध्यो ।



निर्मल लामा

मैले भनें – 'बुझ्न जानुस् माथि ।'

वन विभागको त्यो मान्छेलाई माथि बुझ्न जान पनि आँट आएन । ऊ माथि गएन । त्यत्तिकै फर्कियो । हामीले मजाले जंगल फाँड्यौं ।

यत्तिकैमा एस.एल.सी.को रिजल्ट भएको र त्यसमा म सेकेण्ड डिभिजनमा पास भएको भन्ने खबर आयो । अब मलाई फसाद पऱ्यो । कलेज पढ्न जाने कि त्यहाँ जंगल फाँडेको ठाउँमा बाँकी काम सिध्याउने ? म हिंडे भने त्यहाँबाट सबैं भाग्थे । अब के गर्ने ? म ठूलो द्विविधामा परें ।

मैले त्यहाँ सबैलाई संझाउने कोशिस गरें । नानीकाजीलाई मैले भनें – "तिम्रो एकजना बलियो मान्छे राख । मैले फाँड्न लगाएको भन । म लेखेर छोडिदिन्छु । मलाई भेट्ने हो भने 'त्रि-चन्द्र कलेजमा जानू' भन ।"

त्यसरी जंगल फाँड्ने काम नानीकाजीलाई जिम्मा लगाएर म त्यहाँबाट हिंडे । पछि त्यहाँ कैयौं पटक पुलिसहरू गएर फर्के । आखिर केही भएन ।

पछि वन विभागका मानिसहरू कृषिमन्त्री चुडाप्रसादकहाँ गए । उनीहरूले चुडाप्रसादलाई 'तपाईंका मान्छेले जंगल फाँडे । के गर्ने हजूर ?' भने । चुडाप्रसादले उनीहरूलाई भने – 'बच्यौ तिमीहरू । त्यो मान्छे २००७ सालको क्रान्तिमा बन्दूक चलाएर विभिन्न ठाउँ कब्जा गरेर आएको मान्छे हो । त्योसँग गोप्य बन्दूक छ । उसले जंगलमा ठोकीदिन सक्छ । मैले उसलाई रोक्नको निम्ति केही पनि गर्नु हुन्न । रोकें भने उसले मलाई नै ठोक्न आउँछ । यसो नदेख्याजस्तो गरेर जानू । हल्ला नगर्नू ।'

पंचायती कालमा एकचोटी म जेल परेको बेला जेलमै वि.ए.को जाँचको तयारीको लागि पढ्दै थिएँ । हामीले जंगल फाँडेर बनाएको त्यो जग्गामा नापी आयो । मलाई त्यो खबर आयो । मैले मेरो नामको पाँच बिगाहा जमिन सार्वजनिक जग्गाको रूपमा दर्ता गरिदिनू भनें । तर त्यहाँका कामदार थारूहरू मानेनन् । उनीहरूले त्यो जग्गा अहिलेलाई मेरै नाममा राख्नुपर्छ भनेर जिकीर गरे । त्यहाँका थारूहरू साह्रै सोझा छन् ।

पछि म त्यहाँ गएँ । ओहो ! पाँच बिगाहा जमिन भनेको त धेरै पो हुँदोरहेछ । त्यो जमिन बिशाल देखिन्थ्यो । थारूहरूले मेरो त्यो जमिनमा खेती गरेर अन्न जम्मा पारिराखेका रहेछन् । मैले त्यो अन्न त्यहाँको स्कूललाई सुम्पिदिएँ । र, मैले पछि मात्र त्यो जमिन त्यहाँ बसोबास गर्न आउने जमिन नभएका गरीब थारू परिवारहरूलाई एक एक बिगाहा गरी बाँडेर आएँ ।

त्यो गाउँ अहिले वरिपरि अरू गाउँहरूबाट घेरिएको बीचको गाउँ हुनआएको छ । त्यस गाउँलाई अहिले सबैले बडाफर गाउँको नामले चिन्दछन् ।

नानीकाजी र मैले स्थापना गरेको त्यो बडाफर गाउँमा नानीकाजीको पनि जमिन छ । नानीकाजी अहिले पनि जीउँदै छन् । बूढा भइसके उनी । अहिले पनि उनी काठमाण्डौको चाबहिलमा नै बस्छन् । अस्ति भर्खरै एकचोटि म उनलाई भेट्न गएको थिएँ । तर त्यो समय उनी घर बाहिर गएको समय परेछ । उनीहरूसँग मेरो भेट हुनसकेन । तर उनका श्रीमती, छोराछोरी सबैले मलाई ठूलो इज्जत गरे । उनीहरूले मलाई एकछिन भए पनि बस्न आग्रह गरे र कोक-सोक ख्वाए । ठूलो सम्मान गरे । तर त्यसपछि म त्यहाँ जान सकेको छुइंन ।

अँ, अगाडि मैले एस.एल.सी. पास भएको खबर आएपछि जंगल फाँड्ने काम छोडेर कलेज पढ्न जान लागेको कुरा सुनाउँदै थिएँ । अब म त्यहींबाट कुरो अगाडि बढाउँछु ।

एस.एल.सी. पास भएपछि म त्रि-चन्द्र कलेजमा भर्ना भएँ । त्यतिखेर मेरो आर्थिक स्थिति ज्यादै खराब थियो । तैपनि मैले काठमाण्डौ वटु टोलमा एउटा डेरा लिएँ । साना साना दुईवटा कोठा थिए त्यहाँ । डेरा भाडा महिनाको १४ रूपियाँ तिर्नुपर्थ्यो । त्यतिबेलाको हिसावमा त्यो भाडा खूब महँगो थियो । तर मलाई कोठाको आवश्यकता थियो र लिएँ ।

डेरामा घरबेटी चिनिएका मान्छे थिए । उनी साह्रै दयालु स्वभावका र साथीजस्तै थिए । 'घर भाडा तिर्न पैसा छैन बा' भन्यो भने उनले हाँसेर त्यत्तिकै छोडिदिन्थे । 'आज त हाम्रो भात पकाउने चामलै छैन बा' भन्यो भने खुसुक्क गएर आमाले थाहा नपाउने गरी चामल चोरेर ल्याइदिन्थे ।

**एस.एल.सी. पास भएपछि म त्रि-चन्द्र कलेजमा भर्ना भएँ । त्यतिखेर मेरो आर्थिक स्थिति ज्यादै खराब थियो ।**

त्यसरी दुःखकष्ट गरी मैले कलेज पढ्न थालें । त्यही बेलामा मेरो भाइले दार्जिलिङ्गमा एस.एल.सी. पास गरेको खबर आयो । त्यहाँ एस.एल.सी.लाई म्याट्रिक भनिन्छ । उसले म्याट्रिक पास गऱ्यो । तर उसले त्यहाँ थप अरू पढ्ने सम्भावना नै थिएन । मैले उसलाई 'आऊ काठमाण्डौ, जे जे हुन्छ देखा जायगा' भनेर बोलाएँ । त्यसपछि ऊ काठमाण्डौ आयो ।

भाइ आएपछि हामी सँगै एकै ठाउँमा बस्यौं । आम्दानी केही थिएन हाम्रो । साथी भाइहरूसँग पाँच रूपियाँ, दश रूपियाँ गरी माग्दै खर्च चलाउँदै गएँ । कवि भूपीसँग त्यतिखेर नै मित्रता शुरू भएको थियो । भूपीले पनि मलाई बीच बीचमा पैसा दिइरहन्थे ।

पार्टीबाट म पैसा लिन्नथें । तर पार्टीका साथीहरूलाई मेरो अवस्थाबारे थाहा थियो । त्यसकारण, उनीहरूले पनि मलाई मद्दत गर्थे ।

भाइलाई मैले शंकरदेव पन्तले दरबार स्कूलमा खोलेको नेशनल कलेजमा भर्ना गरिदिएँ । त्यही कलेज पछि शंकरदेव कलेजमा बदलिएको हो । नेशनल कलेज रात्री कक्षा संचालन हुने रात्री कलेज थियो । मेरी श्रीमती सुकन्यले पनि त्यहीं पढेकी थिइन् ।

मेरो आइ.ए.को पढाइ सकियो । त्यस समयमा पर्वतको फलेबासको एउटा स्कूलमा शिक्षक आवश्यक भएको कुरा आयो । म शिक्षक हुनको लागि त्यतातिर हिंडे । र, त्यहाँ पुगेपछि मैले स्कूलमा पढाउन थालें । मेरो भाइले भने, यहाँ काठमाण्डौमै आफ्नो पढाइलाई अगाडि बढाउने काम गर्‍यो । मैले भाइलाई उता पर्वतबाटै यता काठमाण्डौमा खर्च पठाउन थालें ।

त्यसपछि त २०१७ साल लागिहाल्यो नि ! म १७ साल लागेपछि भागाभागमा परें ।

०१७ सालमा राजा महेन्द्रले 'कू' गरेपछि म फलेबास छोडी काठमाण्डौ आएँ । यहाँ काठमाण्डौमा पार्टीका साथीहरूसँग भूमिगत रूपमा भेटघाट र छलफल गरें । म दरभंगामा गई बस्ने कुरो टुङ्गो लाग्यो । तर दरभंगा जानुअगाडि पोखरामा पार्टीको केही व्यवस्था मिलाउनको निमित्त म त्यहाँ जानुपर्ने भयो । त्यसपछि म पोखरातिर लागें । सायद त्यो समय २०१८ सालको शुरूतिरको समय थियो ।

पोखरातिर लाग्दा पहिलेभैं म काठमाण्डौबाट हिंडेर नै गएँ । त्यतिखेर मोटर बाटो थिएन । प्लेन चाहिं थियो । तर महँगो प्लेनमा जाने कुरै आएन ।

अर्को कुरो, त्यो समय बर्षाको समय थियो । बर्षाको कारणले गर्दा प्लेन चलेको थिएन ।

पोखरामा पुगेपछि त्यहाँ पार्टीका साथीहरूसँग भेटघाट गरें । साथीहरूलाई पार्टीको निर्देशन तथा नीतिहरूबारे जानकारी दिई म भोलिपल्ट बिहानै बुटवलतिर पैदल हिंड्न निस्कें । बुटवलबाट नौतनवा, गोरखपुर भई दरभंगा जाने मेरो योजना थियो ।

अहिले 'एअर ड्रम' भएको पार्दी भन्ने ठाउँमा त्यतिखेर जम्दार चित्रबहादुर बस्थे । बुटवलतिर पैदल हिंडेको मान्छे म उनलाई भेटेर जानुपर्‍यो भनेर शुरूमा उनको घरमा गएँ । उनी राती नै माछा मार्न गएको रहेछन् । जाल खेल्ने, बल्छी खेल्नेहरू प्रायः राती नै माछा मार्न हिंड्थे । उनकी श्रीमतीले मलाई 'उहाँ बिहान ७/८ बजेतिर आउनु हुन्छ - केही बेर बस्नुस्' भनेर कर गरिन् । नभन्दै ७ बजेतिर गजबको ठूलो माछा लिएर चित्रबहादुर आइपुगे । उनी पार्टी कमरेड थिए । हामी उनलाई जम्दारसाहेब भन्थ्यौं ।

उनी आएपछि मैले 'अब भेट भइहाल्यो । म जान्छु' भनें । उनले 'माछा नखाइकन जान पाउनुहुन्न' भने । भाउजू भन्न थालिन् - 'आज ठूलो एकादशीमा माछाको मासु खान हुँदैन ।' तर जम्दार साहेबले त्यो कुरो कहाँ मान्नु ?' हामी दुवै जना भएर त्यो माछा साफसुफ गरेर पकाउन थाल्यौं ।

ठीक त्यही बेला प्लेन आइपुग्यो । हप्तौंदेखि त्यहाँ प्लेन आएको थिएन । त्यो दिन आयो । चित्रबहादुरको घर एअरपोर्टको छेउमै थियो । मैले चित्रबहादुरलाई 'कहीं त्यो प्लेन भैरहवातिर जान्छ कि ? मलाई कसैले चिन्दैन क्यारे । बर्षाको समयमा ५/७ दिन हिंडेर जानुभन्दा प्लेनमा जानु राम्रो हुन्छ । एकचोटि बुझिदिनुस्' भनें । उनले त्यहीं नजिक बस्ने एकजना मान्छेलाई बोलाएर बुझ्न पठाए । साँच्चैकै प्लेन त भैरहवा जाने रहेछ । त्यो मान्छेले टिकट पनि ल्याइदियो ।

प्लेनमा जानको लागि मैले हतारहतार भात खाएँ । र, प्लेन चढ्न एअरपोर्टमा गएँ । तर प्लेन चढ्ने बेलामा मलाई पुलिसले समात्यो । म त छक्क परें । उनीहरूलाई 'म प्लेन चढ्दैछु' भनेर कसरी थाहा भयो ? मलाई अचम्म लाग्यो ।

प्लेन उड्यो । तर मलाई पुलिसले एअरपोर्टबाट थानातिर लग्यो । थानातिर जाँदै



**०१७ सालमा राजा महेन्द्रले 'कू' गरेपछि म फलेबास छोडी काठमाण्डौ आएँ । यहाँ काठमाण्डौमा पार्टीका साथीहरूसँग भूमिगत रूपमा भेटघाट र छलफल गरेपछि दरभंगामा गई बस्ने कुरो टुङ्गो लाग्यो ।**

गर्दा मलाई प्लेनको टिकट लिइदिने मान्छे पनि पछि पछि आयो । ऊ थानासम्म नै आयो । ऊ किन थानामा आएको होला ? भन्ने मलाई लाग्यो । र, उसलाई मैले 'किन थानामा आएको ?' भनेर प्रश्न सोधें । उसले भन्यो - 'के गर्ने हजूर ? जागीर खाइयाछ । म गुप्तचरको मान्छे हुँ ।' अनि बल्ल म किन गिरफ्तार हुन पुगें भन्ने कुरा मलाई थाहा भयो ।

मलाई त्यतिखेर स्याङ्जाको वारेन्टबाट पक्डेको रहेछ । स्याङ्जामा त्यसबेला लीलाराज बिष्ट बडाहाकिम थिए । पछि उनी पंचायतमा अंचलाधीश र मन्त्रीसमेत पनि भए । ती मान्छे मलाई अस्ति चितवनमा अस्पतालमा भेट्न पनि आएका थिए । तर त्यस दिन नै म डिस्चार्ज भएको थिएँ ।

त्यतिबेला पोखरामा मलाई गिरफ्तार गरेपछि लीलाराज बिष्टले मलाई भनेका थिए - 'सरकारसँग बजेट छैन । तपाईं आफ्नै पैसा राखी प्लेनबाट जान्छु भन्नुस् । प्लेनको भाडा म तिरिदिन्छु ।'

उनलाई मैले पहिले संस्कृत पाठशालामा पार्टीको क्लास लिएको थिएँ । उनी त्यतिखेर पार्टी सदस्य पनि बनेका थिए ।

मैले उनलाई भनें - 'तिम्रो पैसामा म काठमाण्डौ जान्न । म पैदलै जान्छु । मज्जाले पंचायती व्यवस्थाको विरोध गर्दै जान्छु । गिरफ्तार भइनै हालें । अब मलाई के को डर ! जहाँ बास बस्छु, त्यहाँ प्रजातन्त्र खायो भनेर कराउँछु । म किन प्लेनमा जाने ?' तैपनि लुकाएर उनले मलाई डेढ सय रूपियाँ आई.सि. दिए - बाटो खर्च भनेर ।

त्यसरी, म काठमाण्डौ ल्याइपुर्‍याइएँ र जेलमा बस्न गएँ । मलाई त्यतिखेर नख्खु जेल राखियो ।

त्यतिबेला मलाई दिनको तीनचार बट्टा चुरोट खानु पर्थ्यो । तर मसँग पैसा थिएन । त्यतिखेर जेलमा दिनको १४ पैसा र डेढ माना चामल दिइन्थ्यो । त्यस्तै, सानो एक मुठा दाउरा दिइन्थ्यो, पकाएर खानको निम्ति । त्यति पैसाले दाल तरकारी किनेर, त्यति दाउराले भात पकाएर खानुपर्थ्यो ।

तर मैले एक माना चामलको मात्र भात पकाएर खाई आधा माना चामल बेच्ने गर्थें । आधा माना चामलले पेट भरिंदैनथ्यो । त्यसमाथि पनि चामल 'उसिना चामल' हुन्थ्यो । बडो दुःख थियो । भेट्न कोही आउँदैनथ्यो । पक्रन्छ भनेर सबै डराएका थिए ।

जेलमा भेट्न आएनन् भन्ने मेरो टिप्पणी होइन । वास्तवमा त्यतिबेला भेट्न आउनै हुँदैनथ्यो । कोही भेट्न आयो कि गिरफ्तार भइहाल्थ्यो ।

तर कहिलेकाहीं दार्जिलिङ्गबाट मेट्रिक पास गरेर मसँगै बस्न आएको मेरो भाइ मलाई भेट्न आउँथ्यो । भाइले पनि बडो दुःख पाएको थियो । हामी घरमा उसलाई सज्जन भन्छौं । उसको खास नाम डि.बि.लामा हो । ऊ अहिले म्हेंपीमा म बस्ने घरसँगै अर्को घरमा बस्छ ।

त्यतिखेर शान्तभवनमा दार्जिलिङ्गको मेरो एक जना साथी डाक्टर मिलरको सेक्रेटरी थिए । उनलाई मैले पत्र लेखी मेरो भाइलाई जागिर मिलाइदिन अनुरोध गरें । साँच्चै नै उनले मेरो भाइलाई एउटा जागिर मिलाइदिए । जागिरमा मासिक तलब पचहत्तर रूपियाँ थियो ।

त्यतिबेला ७५ रूपियाँले लगभग महिना टर्थ्यो । भाइले त्यही पैसाबाट घर भाडा तिर्ने, खाने कुरा किन्ने, क्याम्पस जाने, पकेट खर्च पुर्‍याउने आदि गरेर पाँच दश रूपियाँ बचाएर मलाई पनि ल्याइदिन्थ्यो । जेलमा मेरो आम्दानी भनेको त्यति नै हो ❑

*प्रस्तुति : तुल्सीदास महर्जन*

● प्लेन चढ्ने बेलामा मलाई पुलिसले समात्यो । म त छक्क परें । उनीहरूलाई 'म प्लेन चढ्दैछु' भनेर कसरी थाहा भयो ?

● मैले एक माना चामलको मात्र भात पकाएर खाई आधा माना चामल बेच्ने गर्थें । आधा माना चामलले पेट भरिंदैनथ्यो ।



# क. पियुषको प्रतिक्रियामाथि मेरो प्रत्युत्तर

- श्याम श्रेष्ठ -

मूल्यांकन अंक ७७ मा प्रकाशित निर्मल लामासम्बन्धी मेरो आवरण कथामाथि ने.क.पा. (एकता केन्द्र) का तर्फबाट क. पियुषले लेख्नुभएको मूल्यांकनको अंक ८० मा प्रकाशित प्रतिक्रिया मैले ध्यान दिएर पढें । सार्वजनिक रूपमा प्रकाशित कुनै कुरा आफूलाई चित्त नबुझेपछि त्यसबारे सार्वजनिक रूपमै आलोचना र टिप्पणी गर्ने, बहस-विवाद चलाउने जुन प्रक्रिया क. पियुषले चलाउनुभएको छ, त्यसको म प्रशंसा र स्वागत गर्दछु । यस्तो प्रक्रिया किन स्वागतयोग्य र प्रशंसनीय छ भने यसले लेखकहरूलाई त्यस्तो तथ्यगत आधार प्रस्तुत गर्नुपर्ने चुनौती खडा गर्छ, जसको आधारमा पाठकहरू स्वयंले सत्य के हो, झूठो के हो भन्नेबारे आफैं निर्क्यौल गर्न सक्ने स्थिति बन्दछ । साथै यस्तो चुनौतीले हरेकलाई जिम्मेवार लेखनको निम्ति प्रेरणा पनि दिन्छ ।

क. पियुषले आफ्नो आलोचनात्मक प्रतिक्रियामा निर्मल लामा जे हो त्यही रूपमा प्रस्तुत हुनुपर्छ, तथ्यलाई जस्ताकोतस्तै राखिनुपर्छ, र व्यक्तिको समग्र जीवनको मूल्यांकन गर्दा आफ्नो निहित गूटगत स्वार्थबाट माथि उठेर मूल्यांकन गर्नुपर्छ भन्ने धारणा अभिव्यक्त गर्नुभएको छ । म यो धारणासित पनि पूर्ण सहमति राख्छु । कुनै पनि जिम्मेवारीपूर्ण लेखनले यो नैतिक मूल्य निर्वाह गर्नैपर्छ । अन्यथा, लेखाइले सत्य-चेतना छर्ने कार्य गर्नै सक्दैन; त्यसले भ्रमको खेतीमात्र गर्छ ।

अब हामी सिधै आलोचनात्मक प्रतिक्रियाको चूरो कुरोतिर ओर्लौं । त्यहाँ हेरौं, निर्मल लामा जे हो त्यही रूपमा प्रस्तुत गर्ने, तथ्यलाई जस्ताको तस्तै राख्ने र गूटगत स्वार्थबाट माथि उठेर मूल्यांकन गर्ने नैतिक मूल्य हामी दुवैले कत्तिको निर्वाह गरेछौं, अथवा हामी दुईमध्ये कसले निर्वाह गरेछौं, कसले गरेनछौं ।

पहिले जाऊ २०४६ सालको जन-आन्दोलनमा क. निर्मल लामाको अडानबारे ।

### *२०४६ सालमा क. लामाको अडान*

मैले लेखेको क. लामासम्बन्धी आवरण कथामा यस्तो लेखिएको थियो : "...जन आन्दोलन बहुदलीय व्यवस्थाका लागि होइन, संविधान सभाका लागि गरिनुपर्छ भन्ने उहाँको अडान रह्यो । केन्द्रीय समितिको बहुमतले उहाँको सोचलाई अनुमोदन गरेन । यसको प्रतिक्रियामा आन्दोलनको शुरू चरणमा उहाँले निस्क्रिय रहने फैसला गर्नुभयो । परन्तु जब आन्दोलन चर्कियो, उहाँले आफ्नो अडान बदल्नुभयो र आन्दोलनमा उत्रनु भयो ।" (हेर्नुहोस् - मूल्यांकन अंक ७७, पृष्ठ ३५)

क. पियुषले मैले प्रस्तुत गरेका यी सूचनाहरूलाई गलत बताउनुभएको छ । उहाँका अनुसार : "श्यामजीले भनेजस्तो संविधानसभाका लागि संघर्ष गरिनुपर्छ भन्ने उहाँको अडान थिएन । बरू प्रारम्भिक चरणमा 'राजनैतिक स्वतन्त्रता'का लागि संघर्ष गरिनुपर्दछ र त्यसका लागि छुट्टै मोर्चा बन्नुपर्छ भन्ने थियो । यस विषयमा तात्कालीन चौम, मोटो मशाल, नेकपा(माले) आदि बीच सहमति पनि भएको थियो । पछि मालेले सहमति तोड्यो र 'बहुदल'कै लागि संघर्ष गर्ने निर्णय गर्‍यो । निर्मल लामा पनि पछि 'बहुदल'के लागि संघर्ष गर्ने पक्षमा हुनुभयो । तर उहाँ क्रान्तिकारी पार्टीहरूबीच बनिसकेको सहमति तोड्नु हुँदैन भन्ने पक्षमा हुनुहुन्थ्यो भने कांग्रेससित मिलेर जाने पक्षमा हुनुहुन्थेन ।"

क. पियुषले पछाडि थप लेख्नुभएको छ : "पार्टी भित्रीसंघर्ष तीव्र भएपछि प्रमुख दुश्मनलाई एक्ल्याएर संघर्ष गर्न सबै शक्तिहरू मिलेर जानुपर्छ भन्ने अडानमा उहाँ सहमत हुनुभयो । जहाँसम्म, संघर्षको प्रारम्भिक चरणमा उहाँ निस्क्रिय रहने फैसला गर्नुभयो भन्ने श्यामजीको भनाइ छ - त्यो पनि गलत छ । क. लामा त्यतिखेर चौ.म.को महासचिव हुनुहुन्थ्यो । तात्कालीन चौ.म.का तल्ला कमिटीहरूलाई संघर्षमा ल्याउन निकै कडा मेहनत गर्नुपरेको थियो । आन्तरिक संघर्षहरू पनि भएका थिए । यो क्रममा क. लामा निस्क्रिय हुनुहुन्थेन । 'जन-आन्दोलन चर्किएपछि मात्र क. लामा आन्दोलनमा उत्रनुभयो' भन्ने श्यामजीको विश्लेषण पनि गलत छ । उहाँको स्वभाव पनि त्यस्तो थिएन ।" *(हरफमुनिको तेर्सो धर्का मेरो - श्याम श्रेष्ठ)* (हेर्नुहोस् - मूल्यांकन अंक ८०, पृष्ठ ४२)

यस प्रकार क. पियुषले २०४६ सालको जन-आन्दोलनमा क. लामाको भूमिकाबारे मैले लेखेका तीनवटा कुरालाई 'गलत' बताउनुभएको छ । पहिलो, २०४६ सालमा बहुदलका लागि होइन, संविधान सभाका लागि संघर्ष गरिनुपर्छ भन्ने क. लामाको अडान थियो भन्ने कुरा, दोस्रो संघर्षको प्रारम्भिक चरणमा उहाँ निस्क्रिय रहने फैसला गर्नुभयो भन्ने कुरा, र, तेस्रो, जन आन्दोलन चर्किएपछि मात्र क. लामा आन्दोलनमा उत्रनुभयो भन्ने कुरा ।

हामी पहिलोबाट वास्तविकता खोतल्ने प्रयत्न गरौं !

**२०४६ को आन्दोलनको शुरु चरणमा क. निर्मल लामाको अडान कस्तो थियो ?**

२०४६ सालमा बहुदलका लागि होइन, संविधान सभाका लागि संघर्ष गरिनुपर्छ भन्ने क. लामाको अडान थियो भन्ने मेरो लेखाइलाई क. पियुषले गलत लेख्नुभएको देखेर म आश्चर्यचकित भएको छु । किनभने, यस बारेमा तात्कालीन नेकपा (चौम) को केन्द्रीय समितिमा लामो विवाद भएको छ । त्यो केन्द्रीय समितिको बहस विवादमा क. पियुष स्वयं पनि संलग्न हुनुहुन्छ, म पनि संलग्न छु । त्यो विवादको वैचारिक अगुवाइ म स्वयंले गरेको छु र क. पियुषले त्यसमा दरो साथ दिनुभएको छ । कुन तर्क दिएर विवादको अगुवाइ गरेको छु भने - संविधान सभाको माग आफैंमा सबैभन्दा सही छ र जनता सर्वशक्तिमान हुन त्यही संविधान सभामार्फत् बनेको संविधान सर्वश्रेष्ठ उपाय हो । परन्तु त्यो मागमा संघर्ष गर्न नेपाली कांग्रेस तयार छैन । त्यसो भएपछि पंचायतविरोधी शक्ति बाँडिन्छ र वामपन्थी एक्लैले यो मागमा संघर्ष गर्नुपर्ने हुन्छ, र त्यसो गर्ने बित्तिकै संघर्ष सफल हुँदैन र पंचायती तानाशाहीतन्त्र ढाल्ने हाम्रो कार्यनीति विफल हुन्छ । तर अहिले कांग्रेस पंचायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापनाको लागि संघर्ष गर्न तयार भएको छ । त्यसमा वामपन्थीहरूले पनि साथ दिने हो भने कम से कम पंचायती तानाशाहीतन्त्र त ढल्छ, ढल्छ । त्यो ढल्नु श्रमिक जनताको वर्गसंघर्ष र क्रान्तिको हितमा छ । यही कारणले

वर्तमान समय र परिवेशमा, पंचायती व्यवस्थाको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापनाको लागि संघर्ष गर्नु सही कार्यनीति हुन्छ, यद्यपि पूँजीवादी बहुदलीय संसदीय व्यवस्थाको सीमा हामीलाई राम्ररी थाहा छ ।

क. लामाले केन्द्रीय समितिको विवादमा कुन तर्क राख्नुभएको छ भने, बहुदलको माग त अहिले कांग्रेसमात्र होइन, सूर्यबहादुर थापाजस्ता पंचहरूले समेत गर्न थालेका छन् । यो स्थितिमा कम्युनिष्टहरूले सूर्यबहादुर थापाको लेभलमा खस्ने गरी माग राख्नु हुँदैन र कांग्रेसको पुच्छर बन्नु हुँदैन । यसो गर्ने हो भने हामी वामपन्थी नै बाँकी रहँदैनौं । हामी सूर्यबहादुर थापासरहका दक्षिणपन्थी हुन पुग्छौं । त्यसैले, कम्युनिष्टहरूले तात्कालीन संघर्षमा माग अधिकतम नै राख्नुपर्छ – अर्थात् मजदूर, किसानको प्रतिनिधित्व हुने संविधान सभाको राखिनुपर्छ । जनताको हातमा सत्ता हस्तान्तरणलाई नै संघर्षको राजनीतिक नारा बनाउनु पर्दछ ।

यही तर्कका आधारमा उहाँले जन-आन्दोलनमा कांग्रेससित संयुक्त मोर्चा गर्नुहुँदैन, क्रान्तिकारी वामपन्थीहरूसित मात्रै मिलेर जानुपर्छ भन्ने समेत निष्कर्ष निकाल्नुभएको छ । यो निष्कर्षका बारे केन्द्रीय समितिको बैठकमा घोर घमासान विवाद भएको छ ।

क. लामा पोलिटव्यूरोलाई र केन्द्रीय समितिलाई समेत जानकारी नदिई नेकपा (मशाल), नेकपा (मसाल), क. शम्भुरामको कम्युनिष्ट लीग, नेकपा (मालेमा) आदि संलग्न भएको छुट्टै आन्दोलन गर्ने बैठकमा एक्लै केन्द्रको निर्णयबेगर जानुभएको छ । पछि त्यसको फलस्वरूप 'संयुक्त राष्ट्रिय जनआन्दोलन' गठन भएको छ । केन्द्रीय समितिले यसो किन गरिएको भनेर उहाँसँग स्पष्टिकरण मागेको छ । उहाँले पूरै कुरा स्पष्ट नखोलेपछि केन्द्रीय समितिको बैठकले क. अर्जुनलाई बैठकको बीचमै क. लामाको साथ लगाएर ती पार्टीहरूको बैठकमा यथार्थ कुरा बुझ्न पठाएको छ । क. अर्जुनले त्यहाँ बैठकमा जे जसरी भएपनि वाममोर्चा फोड्नुपर्छ भन्ने कुरा उठेको र अझ क. शम्भुरामले "तपाईंको केन्द्रीय समितिको बैठकमा मलाई लग्नुस्, म सबैलाई कन्भीन्स गराई दिन्छु" भनेर क. लामालाई भनेको कुराको रिपोर्ट केन्द्रीय समितिको बैठकमा पेश गरेपछि केन्द्रीय समितिको बहुमतले क. लामालाई स.रा.ज.आ.को बैठकबाट फिर्ता बोलाएको छ । त्यहाँ पुनः नजान भनेको छ, र, नेकपा (चौम) स.रा.ज.आ.मा होइन, संयुक्त वाममोर्चामा सामेल हुने निर्णय गरेको छ, संघर्ष संविधान सभाका लागि होइन, पंचायती तानाशाहीको अन्त्य, बहुदलीय व्यवस्थाको स्थापनाको नारामा गर्ने निर्णय गरेको छ ।

म आश्चर्यचकित कुन कुरामा पनि भएको छु भने, यी जम्मै बहस र विवाद प्रक्रियामा क. पियुष क. लामाको विपक्षमा हुनुहुन्थ्यो र उहाँ र हामीसँगै मिलेर क. लामाको उपरोक्त विचारसित लडेका थियौं । उहाँले एकाएक अहिले आएर यी जम्मै घटना कसरी बिर्सनुभयो र केका आधारमा मैले राखेको कुरालाई 'गलत' बताउनुभयो ? इतिहासका घटनाहरू जथाभावी र आफूलाई मनलागेको ढंगले व्याख्या गर्ने कुराहरू त होइनन् । ती त क. पियुष आफैले भनेझैं जस्तो छ त्यस्तो राख्ने कुरा हुन् ।


त्यसमाथि थप, क. लामाले आफ्नो विचार केवल पार्टीभित्र मात्र सीमित राख्नुभएको थिएन, पार्टी केन्द्रीय समिति, पोलिटव्यूरो, केन्द्रीय कार्यालय कसैलाई पनि थाहा नदिई र त्यहाँ यी विचार पारित नै नभई तात्कालीन साप्ताहिक *विमर्श*मा समेत यिनै विचार उहाँले प्रकाशित गराउनुभएको थियो । साप्ताहित *विमर्श*को पौष १४ र २१ को अंकमा दुई किस्ता गरेर 'संघर्षका राजनीतिक नाराहरू र संयुक्त संघर्ष' शीर्षकमा ती विचार प्रकाशित भएका थिए । म क. पियुषको स्मरण ताजा बनाउनको निम्ति क. लामा स्वयंले लिखित रूपमा र सार्वजनिक रूपमा प्रकाशित गर्नुभएका ती विचारहरूलाई प्रमाणको लागि प्रस्तुत गर्ने अनुमति माग्छु । उहाँले आफ्नो लेखमा सार्वजनिक तवरले भन्नुभएको छ :

"...सुधारवादी पंचहरूसमेत बहुदलीय व्यवस्थालाई स्वीकार गर्न बाध्य भएको स्थिति र प्र. नेपाली कांग्रेस बहुदलबाट उठेर संसदीय प्रणालीमा पुगिसकेको आजको राजनीतिक परिप्रेक्ष्यमा वामपन्थीहरू कसरी बहुदलीय व्यवस्थामा टाँसिएर तल खस्न सक्छन् ?" (हेर्नुहोस्- साप्ताहिक *विमर्श*, पुष १४, २०४६- पृष्ठ २)

त्यही लेखमा उहाँले पछिगएर यस्तो समेत लेख्नुभएको छ : "संघर्षको ठीक पूर्व बेलामा राजनीतिक स्थितिको सही विश्लेषण र व्याख्या नगरी बहुदलीय व्यवस्थाकै नारामा टाँसिएर बस्नेले वामपन्थी भन्न पाउने अधिकार गुमाउने मात्र होइन, त्यस्तो व्यक्ति वा समूह राजनीतिक रूपमा नेपाली कांग्रेसभन्दा तल खसेर सूर्यबहादुर थापाहरूको पंचायती सुधारवादी पंक्तिमा उभिन पुगेको सावित हुनेछ, । किनभने आजको स्थितिले सू.ब.था.हरूलाई पनि बहुदलीय व्यवस्थासम्म उठ्न बाध्य गराइसकेको छ ।" (हेर्नुहोस् - उही, पृष्ठ २)

क. पियुषले क. लामाको तात्कालीन अडान 'संविधानसभाको लागि' संघर्ष हुनुपर्छ भन्ने थियो भनेर मैले लेखेको कुरालाई 'गलत' बताउनुभएको छ । परन्तु त्यस लेखमा क. लामाले खुलेआम आफ्नो अडान यसरी राख्नुभएको छ : "आजको राजनीतिक अवस्थामा वामपन्थी राजनीति सूर्यबहादुर थापाको स्तरमा खस्न सक्दैन भने संसदीय धापमा परी नेपाली कांग्रेसको पुच्छर पनि बन्नु हुँदैन । पंचायती व्यवस्थाको तुलनामा संसदीय प्रणाली प्रगतिशील भए पनि त्यो हुने खाने वर्गको प्रजातन्त्र हुनेछ, मजदूर किसानको प्रजातन्त्र होइन । संघर्षको क्रममा तात्कालीन राजनीतिक स्थितिअनुसार प्रत्येक पार्टीले आफ्नो अधिकतम नारा अघि सार्दछ । जस्तो, नेपाली कांग्रेसले आफ्नो अधिकतम नारा संसदीय व्यवस्था पेश गऱ्यो । अतः वामपन्थीहरूले पनि आफ्नो वर्ग मजदूर – किसानको प्रतिनिधित्व हुने संविधानसभा अर्थात् जनताको हातमा सत्ता हस्तान्तरणलाई नै संघर्षको राजनीतिक नारा बनाउनु पर्दछ ।" (हरफमुनिको तेर्सो धर्का मेरो – श्याम श्रेष्ठ) – (हेर्नुहोस् उही *विमर्श* पृष्ठ २)

**केन्द्रीय समितिको बैठक त्यसपछि डाकिएको पनि छ । त्यहाँ उहाँलाई यसबारे सोधिएको पनि छ । उहाँको विचार बैठकद्वारा अस्वीकृत भएको छ ।**



नांगो वास्तविकता यस्तो हुँदाहुँदै क. पियुषले कसरी र कुन तथ्यका आधारमा मैले राखेको क. लामाको संविधानसभाको अडानसम्बन्धी यथार्थ सूचनालाई 'गलत' भन्ने आँट गर्नुभयो ? हामी दुवै त्यतिखेर काठमाण्डौ जिल्ला संगठन समितिमा पनि थियौं । क. लामाको त्यो लेख पुष महिनामा *विमर्श*मा प्रकाशित भएपछि जि.सं.स. को बैठकमा त्यसबारे गरमागरम छलफल भएको छ । केन्द्रीय समितिको बैठक डाकेर पत्रिकामा प्रकाशित विचारबारे कुरा उठाउने हाम्रो सहमति पनि भएको छ । केन्द्रीय समितिको बैठक त्यसपछि डाकिएको पनि छ । त्यहाँ उहाँलाई यसबारे सोधिएको पनि छ । उहाँको विचार बैठकद्वारा अस्वीकृत भएको छ । हाम्रो विचार त्यहाँ बहुमतद्वारा पारित भएको छ । यस बैठकबारे माथि पनि चर्चा गरी सकिएको छ ।

म क. पियुषलाई एकजना इमान्दार र क्रियाशील कमरेडका रूपमा आदर गर्छु । कामको बोझले अति थिचिएर यी घटनाहरू अन्जानवश विस्मृतिको गर्भमा पुगेको भए मेरो भन्नु केही छैन । तथ्य प्रमाण सामुन्ने राखिदिएपछि उहाँले यथार्थलाई सजिलै स्वीकार गर्नु हुनेछ र आफ्नो गल्ती स्वीकार गर्नुहुनेछ । परन्तु उहाँजस्तो इमान्दार कमरेडमा पनि पूर्वाग्रहको कारणले वा अरूको दवावले यथार्थ सूचनालाई 'गलत' भन्ने प्रवृत्ति हावी हुन थालेको हो भने यो निकै नराम्रो कुरा हो ।

अब जाउँ दोश्रो सवालमा ।

संघर्षको प्रारम्भिक चरणमा उहाँ निष्क्रिय रहने फैसला गर्नुभयो भनेर मैले लेखेको कुरालाई पनि उहाँले 'गलत' बताउनुभएको छ । अब हामी यसको छानवीन गरौं !

मैले त यसमा सारांशमा संघर्षको प्रारम्भिक चरणमा उहाँ निष्क्रिय रहने फैसला गर्नुभयो, भनेर मात्र लेखेको छु । तर विस्तृतमा जाने हो भने कटु यथार्थ योभन्दा निकै ज्यादा थियो । त्यो कुन हदसम्म ज्यादा थियो भने उहाँ पार्टीको महासचिव

हुनुहुन्थ्यो । परन्तु फागुन ७ गते जन आन्दोलन शुरू गर्ने घोषणा गरिसकेपछि माघको अन्त्यसम्म पनि हामीले आफ्नै महासचिवलाई संयुक्त वाममोर्चा र बहुदलको लागि संघर्षमा राजी गराउन पार्टीभित्र तीव्र संघर्ष गर्नु परेको थियो । अन्त्यमा केही नलागेपछि हामीले विद्रोह गर्ने धम्कीसमेत दिनुपरेको थियो ।

त्यसरी विद्रोहको धम्की दिनेहरूमा जि.सं.स. काठमाण्डौको तर्फबाट म स्वयम् थिएँ । क. अम्बर र चन्द्रदेवले पनि त्यस्तै धम्की उहाँलाई दिनुभएको थियो । यो घटना सत्य हो कि होइन ? क. अम्बरलाई सोधी हेर्नु भयो भने छर्लङ्ग हुनेछ । क. पियुषको आलोचनात्मक प्रतिक्रिया मूल्यांकनलाई प्राप्त भएको समयमा उहाँ छोटो समयको लागि काठमाण्डौ आउनुभएको थियो । मैले क.पियुषको भनाई त यस्तो पो आयो भनेर माथि उल्लेखित यही प्रसंग उहाँलाई मौखिक रूपमा सुनाएको थिएँ । उहाँको जवाफ थियो : "पियुषलाई भनेर यो कुरो पत्रिकामा जान रोक्नु पऱ्यो ।"

त्यसैले, तथ्य के हो भने क. लामा कांग्रेससित मिलेर पंचायती तानाशाहीको अन्त्य र बहुदलीय व्यवस्थाको स्थापनाको लागि सात वामले गरेको आन्दोलनमा केवल निष्क्रिय मात्र हुनुहुन्थेन, उहाँ शुरूमा यसको विपक्षमा सक्रियसमेत हुनुहुन्थ्यो । *विमर्श*मा प्रकाशित उहाँका उपरोक्त विचारहरू, पार्टी-केन्द्रको निर्णय वेगर संयुक्त राष्ट्रिय जन-आन्दोलनको बैठकमा उहाँको व्यक्तिगत सहभागिता र प्राथमिकता, केन्द्रीय समतिको बैठकमा उहाँले राख्नुभएको विचार; त्यो विचार बैठकको बहुमतबाट अस्वीकृत भएपछि बैठकमै महासचिव छोड्ने उहाँको धम्की, बैठकपछि पनि आन्दोलनको मुखैमा साथीहरूले महासचिवसमक्ष विद्रोहको धम्की दिनुपर्ने हदको उहाँको आन्दोलनमा असहयोग र निष्क्रियता, यी सबै अन्तर्सबन्धित यथार्थहरू हुन् । यी सबै यथार्थको भुक्तभोगी क. पियुष स्वयं पनि हुनुहुन्छ । किनकि यी सारा कुराको रिपोर्टिङ्ग क. अम्बर र मबाट काठमाण्डौको जि.सं.स.मा भएको छ, जहाँ क. पियुष पनि काम गर्नुहुन्थ्यो । क. अम्बर तथा चन्द्रदेवले र मैले विद्रोहको धम्की दिएपछि मात्रै क. लामा आन्दोलनको विपक्षमा क्रियाशील नहुने, बरू निष्क्रिय बस्ने टुंगो गर्नुभएको थियो । तथ्य यस्तो हुँदाहुँदै क. पियुषले मैले प्रस्तुत गरेको सूचनालाई कसरी र के को आधारमा 'गलत' भन्नुभयो ? बुझ्न नसक्नुको कुरो भएको छ ।

म क. पियुषलाई फेरि पनि आग्रह गर्छु- तपाईंले आफैंले भोगेको विगतलाई पूरै भूलीसक्नु भएको छ भने क. चन्द्रदेव र मलाई नपत्याउनु होला, तर एकचोटि पुनः आफ्नै पार्टी नजीकका कमरेड हुनुको नाताले र विश्वसनीय मित्र हुनुको हैसियतले क. अम्बरलाई सोधी हेर्नुहोस्- उहाँले आन्दोलनको मुखैमा क. लामासमक्ष विद्रोहको धम्की दिनुभएको थियो कि थिएन ? दिनुभएको थियो भने कुन सन्दर्भमा के कारणले दिनुभएको थियो ? तथ्य के हो, उहाँको जवाफबाट धेरै स्पष्ट हुनेछ ।

जहाँसम्म तेस्रो सवालमा उल्लिखित जन-आन्दोलन चर्किएपछि मात्र क. लामा आन्दोलनमा उत्रनुभयो भन्ने सवाल छ , त्यो दोस्रो सवाल स्पष्ट भएपछि स्वतः स्पष्ट हुनेछ ।



**क. पियुषले क. लामाको सकारात्मक स्वभावको मात्र चर्चा गर्नुभयो, द्वन्द्वरत नकारात्मक स्वभावहरूचाहिँ भुल्नुभयो कि ?**

क. पियुषले लेख्नुभएको छ : "तात्कालीन चौ.म.का तल्ला कमिटीहरूलाई संघर्षमा ल्याउन निकै कडा मिहेनत गर्नुपरेको थियो ... यो क्रममा क. लामा निस्क्रिय हुनुहुन्थेन ।" भनेर । हो, यो साँचो हो कि तल्ला कमिटीहरूलाई संघर्षमा ल्याउन निकै कडा मिहेनत त गर्नुपरेको थियो । तर मुख्य प्रश्न के हो भने आन्दोलनको प्रारम्भिक चरणमा क. लामा यस निम्ति कडा मिहेनत गर्दै हुनुहुन्थ्यो त ?

उहाँ त्यतिखेर पाटनको बखुं बाहालमा भूमिगत हुनुभएको थियो । परन्तु पाटनका कमरेडहरू उहाँ पाटनमै रहेको स्थितिमा उहाँबाट परिचालित हुनुपर्नेमा त्यो समेत उहाँबाट नहुनाले उहाँहरूलाई हामीहरूले परिचालित गर्नुपरेको घटना क. पियुषले यति चाँडै कसरी भुल्नुभयो ? पाटन औद्योगिक क्षेत्रका क्रयाशील मजदूर कमरेडहरूलाई सिधै काठमाण्डौको ज्वाइण्ट एक्शन कमिटीको बैठकमा किन डाक्नु परेको थियो ? पाटन कब्जा भएपछि सिधै हामीहरू गएर काठमाण्डौ-पाटनको एक्शन समन्वय कमिटी बनाउन किन पहल गर्नुपरेको थियो ? के यी घटनाहरू भूठा बयानहरू हुन् । क. लामा आन्दोलनको प्रारम्भिक चरणमा वास्तवमा सक्रिय हुनुहुन्थ्यो कि निष्क्रिय ? यी प्रश्नहरूबारे घोत्लिएर हेर्नुभएमा आफैं स्पष्ट हुनुहुनेछ ।

क. पियुषले संघर्षमा निष्क्रिय रहने 'स्वभाव' क. लामाको थिएन भन्ने तर्क राख्दै स्वभावैको कारणले उहाँ सक्रिय भएको पुष्टि गर्न खोज्नु भएको छ । हो, क. लामामा संघर्ष भनेपछि हुरूक्कै हुने स्वभाव थियो । त्यो मैले पनि याद गरेको छु । उहाँको यो महत्वपूर्ण विशेषता थियो । परन्तु उहाँको अर्को स्वभाव पनि त थियो । त्यो हो कहिलेकाँही भावुकतावश अरूको बहकाउमा बहकिने र व्यक्तिवादी ढंगले निर्णय गर्ने र काम गर्ने । स्वभावको द्वन्दमा २०४६ सालमा अघिल्लो स्वभावलाई पछिल्लो स्वभावले थिच्यो । त्यसैले, उहाँ आन्दोलनको प्रारम्भिक चरणमा निकै बहकिनु भयो । अन्यथा २०३६ सालमा 'पाँच पूर्व शर्त' र २०४२ सालमा कांग्रेसले गरेको सत्याग्रहताका 'पाँच वामको आन्दोलन' जस्तो अत्यन्त लचिलो र बस्तुवादी कार्यनीति ल्याउनसक्ने नेता २०४६ सालमा नेपाली कांग्रेससित कदापि मिल्नु हुँदैन भन्ने कार्यनीतिक निष्कर्षमा कसरी र किन पुग्नभयो ? २०४० सालमा पंचायत फाल्न कांग्रेससित समेत वृहत् संयुक्त मोर्चा गर्नुपर्छ भन्ने बैचारिक अडान राखेर पार्टी नै फोड्न तयार हुने नेता २०४६ सालमा त्यही अडान कार्यान्वय गर्ने बेला आउँदा किन पंचायत फाल्न कांग्रेससित मिल्नै नहुने सोचमा पुग्नुभयो ?

त्यसैले, क. पियुषले क. लामाको केवल एउटा सकारात्मक स्वभावको मात्र चर्चा गर्नुभयो, उहाँका अरू द्वन्दरत महत्वपूर्ण तर नकारात्मक स्वभावहरूचाहिँ भुल्नुभयो कि भन्ने मलाई लागेको छ । ब्रम्हाण्डका सारा बस्तुलाई द्वन्दमा हेरेझैं, क. लामाको स्वभावलाई पनि त द्वन्दमा हेर्नु जरूरी छ, होइन र ? उहाँमा सकारात्मक स्वभावहरूमात्र होइन, नकारात्मक स्वभावहरू पनि त विद्यमान थिए दुईथरिको द्वन्दमा कहिले कुनले, कहिले कुनले जीत हासिल गर्थे भनेर हामीले हेर्नु पर्दैन र ? हो, जम्मामा उहाँ निकै सकारात्मक मान्छे हुनुहुन्थ्यो । उहाँ नेपालको सामन्तवाद-साम्राज्यवादीविरोधी ठूला विद्रोही नेता हुनुहुन्थ्यो । परन्तु द्वन्दवादी-भौतिकवादीहरूले उहाँले जहाँ बाटो बिराउनुभयो , गल्ती गर्नुभयो, त्यसलाई जस्ताको तस्तै राख्नु पर्दैन र ? हामीले के भुल्नु हुँदैन भने २०४६ सालमा जन-आन्दोलन प्रारम्भ भएपछि र चर्किएपछि उहाँ आन्दोलनमा फेरि क्रियाशील हुनुभयो । पाटन कब्जा भएपछि त उहाँ अझ खुलेरै लाग्नुभयो । तर शुरूको चरणको उहाँको बहकाउ कटु यथार्थ हो । त्यसलाई छोपछाप पार्नु कुनै भौतिकवादीको पनि नैतिकता होइन ।

क. पियुषले आफ्नो आलोचनामा सही सूचनाको लागि निकै जोड गर्नुभएको छ । त्यो राम्रो कुरा हो । परन्तु उहाँको आफ्नै लेखनमा माथि उल्लिखित गलत सूचनाहरूबाहेक थप केही 'गलत' सूचनाहरू देखेर मलाई निकै दुःख लागेको छ । उदाहरणको लागि, उहाँको विचार "राजनैतिक स्वतन्त्रताका लागि संघर्ष गरिनुपर्दछ र त्यसका लागि वामपन्थीहरूको छुट्टै मोर्चा बन्नुपर्छ भन्ने थियो । यस विषयमा चौम, मोटो मशाल, नेकपा (माले) आदि बीच सहमति पनि भएको थियो । पछि मालेले सहमति तोड्यो र बहुदलको लागि संघर्ष गर्ने निर्णय गऱ्यो" भनेर क. पियुषले लेख्नुभएको छ । यथार्थ यस्तो होइन । मालेसँग चौमको सहमति भएको- 'पूर्ण प्रजातन्त्र'को लागि संघर्ष गर्ने सवालमा हो, 'राजनैतिक स्वतन्त्रता'को लागि होइन । यसको प्रमाण संभवतः अहिले पनि क. नरबहादुर कर्माचार्यसँग हुनुपर्छ । यसबारे मालेसँग लिखित सहमति भएको थियो र पछि मालेको पार्टी-केन्द्रले लिखित रूपमा चिट्ठी लेखेरै त्यो सहमतिमा पार्टीको स्वीकृति नभएको जनाएको थियो ।

दोश्रो कुरा, "क्रान्तिकारी पार्टीहरूसित बनेको सहमति तोड्नु हुँदैन" भन्ने पक्षमा क. लामा हुनुहुन्थ्यो भनेर क. पियुषले बताउनुभएको छ र त्यो माले, मोटो मशाल र चौ.म.बीचको सहमति हो कि भन्ने भान पर्ने गरी उहाँले लेख्नुभएको छ । त्यो पनि यथार्थ होइन् । क. लामाले तोड्नु हुँदैन भनेर जोड दिनुभएको भनिएको सहमति-राष्ट्रिय जनआन्दोलन संयोजन समिति (रा.ज.स.स.)मा सामेल पार्टीहरूसितको सहमति हो, जुन पार्टी केन्द्रको जानकारी र मंजुरीबेगर उहाँ एक्लैले गर्नुभएको थियो । त्यो मालेसितको सहमति थिएन । ❑

*– बाँकी आगामी अंकमा*

(२८ पेजको बाँकी)

आर्थिक र सामाजिक क्षेत्रको रूपान्तरणको अपेक्षा नेपाली जनताले गरेका थिए । तर सोभियत संघ लगायत पूर्वी यूरोपका मुलुकहरूमा रहेको राजनैतिक प्रणालीको अन्त्य र एकध्रुवीय बन्दैगएको पूँजीवादी साम्राज्यवादको उद्‌भवको प्रभावमा परेका नेपालका राजनीतिक अगुवाहरूले त्यो रूपान्तरणको आवश्यकतालाई आत्मसात गर्न सकेनन् । फलस्वरूप साम्राज्यवादको जालो फैलाउने अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले निर्देशित गरेको बाटो नै नेपाली विकास मोडेल ठान्ने मूर्खता नेतृत्व वर्गले लियो ।

अहिले नेपाली अर्थ-राजनीति विश्व बजारको एक अविभाज्य अंग बनिसकेको छ । त्यसैले दिन प्रतिदिन नेपाल र नेपालीको हातमा रहेको अर्थ-राजनीति देशमा विद्यमान दलाल नोकरशाही पूँजीपति वर्गमार्फत् बहुराष्ट्रिय निगमहरू र साम्राज्यवादी-पूँजीवादी ताकतहरूको मुठीभित्र कसिनपुगेको छ । यस अर्थमा नेपाली श्रमजीवीहरू विश्व पूँजीवादी अर्थ-राजनीतिको 'औजार' बन्दै स्वतन्त्र अस्तित्व कायम राख्न नसक्ने परिस्थिति निर्माण हुनलागेको कुरा माथि उल्लेखित आर्थिक विकासका विभिन्न मापदण्डहरूले पुष्टि हुन्छ ।

नेपाल लगायत अधिकांश तेस्रो विश्वका मुलुकहरूको सर्वभौमता बिस्तारै क्षीण हुँदैगएको वर्तमान सन्दर्भमा हामीले खाली नेपालको आन्तरिक आर्थिक अवस्थालाई मात्रै केलाएर पुग्दैन । त्यसैले विश्वव्यापी र एकध्रुवीय बन्दैगएको विश्व-पूँजीवाद विरूद्ध तेस्रो विश्वको द्वन्द, राजनीतिक प्रजातन्त्र र सामाजिक विकासबीचको द्वन्द, तथाकथित उदारीकरण र आर्थिक बृद्धिविरूद्ध समानताको मूल्य (value of equility) बीचको द्वन्द- यी द्वन्दहरूको परिप्रेक्ष्यमा समग्रतामा वर्तमान नेपालको राजनीतिक अर्थशास्त्रलाई केलाउन र बुझ्न खोजिनुपर्छ । वर्तमान नेपालमा अहिले दशकौंदेखि चलिरहेको आर्थिक, सामाजिक र राजनीतिक रणनीतिहरूको मूल स्रोत भनेको साम्राज्यवादी भूमण्डलीकरणको आर्थिक रणनीति हो । सो रणनीतिअनुरूप तेस्रो विश्वलाई हरतरहले शोषण गरेर साम्राज्यवादी केन्द्रमा पूँजीको एकीकरण्ण (capital accumulation) गर्नु उसको मूल उद्देश्य हो । हाल तेस्रो विश्वका अधिकांश शासकहरू धर्मका ठेकेदार बनारसी पण्डा भएभैं, पूँजी एकीकरणका लागि साम्राज्यवादका एजेन्टभैं भएका छन् । त्यसैले बजार अर्थतन्त्रका कट्टरपन्थीहरूको यो संजाल तोड्न वा वर्तमान पूँजीवादी संरचनालाई तोड्न सानो प्रयासले मात्र संभव छैन ।

बहुदलीय व्यवस्थाको आगमनको यो दश वर्षमा राजनैतिक अर्थशास्त्रीय धरातलमा के बदलियो त भनेर हेर्ने हो भने अन्तर्राष्ट्रिय पूँजीको कालो बजारी, दलाली, तस्करी मौलायो, कृषि उत्पादन र उत्पादकत्व घट्‌यो । राष्ट्रिय उद्योगधन्दाहरू खस्किए परन्तु अन्तर्राष्ट्रिय ब्यापार बढ्‌यो । शिक्षा, स्वास्थ्यको निजीकरण अत्यधिक बढ्‌यो । उद्यमशीलता र उद्यमीहरू हतोत्साहित भए । अति आवश्यकीय वस्तुहरूको मूल्य आकासियो । प्रत्येक गाउँ, नगर, जिल्लादेखि सिंहदरवारसम्म विदेशी ऋण नभै बाँच्नै नसक्ने परनिर्भरतावादी प्रवृत्ति र सोचको विकास भयो । यहाँसम्म कि सामाजिक संघ-संस्था र राजनीतिक पार्टीका कार्यालयहरूसमेत विदेशी पैसा बेगर चल्न नसक्ने अवस्थामा पुगे । यो आर्थिक पराधीनताले हाम्रो राष्ट्रिय राज्य धरापमा परेको छ । यस्तो अवस्थाबाट पार पाउन मुलुकमा नयाँ संघर्ष र नयाँ क्रान्तिको थालनीको आवश्यकता भएको छ । त्यसो भएमात्र मुलुक र मुलुकवासीहरूलाई आत्मनिर्भर र स्वाभिमानयुक्त जीवन बाँच्ने अवसर प्राप्त हुनेछ । ❑



# बेलायती सरकार र पत्रिकाहरु यस्तो भूठ बोल्छन्

आफ्नो चार सूत्रीय माग राखेर गत ५ वर्षदेखि शान्तिपूर्ण ढंगले आन्दोलन गरिरहेका ब्रिटिश-गोर्खा भूतपूर्व सैनिकहरूको न्यायपूर्ण संघर्षले राष्ट्र र विश्वस्तरमा समेत राम्रो समर्थन पाउन थालेपछि संघर्षको अगुवाई गरिरहेको गोर्खा भूतपूर्व सैनिक संघ GAESO प्रति जन-मानसमा भ्रम सिर्जना गर्न र आन्दोलन भाँड्न बेलायती सरकारले नयाँ निकृष्ट चालबाजी शुरू गरेको देखिएको छ । र, यसमा भूठ र मनगढन्त समाचार छापीदिएर साथ दिएका छन् - 'निष्पक्ष' र 'स्वतन्त्र' भनिएका केही प्रशिद्ध बेलायती पत्रिकाहरूले ।

त्यसको ज्वलन्त प्रमाणको लागि ८ अक्टोबर २००० को The Telegraph खबर पत्रिका र १० अक्टोबर २००० को The Mirror खबर पत्रिकामा प्रकाशित समाचारलाई लिन सकिन्छ ।

८ अक्टोबरको The Telegraph ले 'हिंसक अपराधीहरूले गोर्खा भेटेरनहरूलाई आफ्नो पेन्सन सुम्पन बल प्रयोग गर्दैछन्' शीर्षकको समाचारमा यस्तो लेखेको पत्रिकाको इन्टरनेट संस्करणमा भेटिएको छ : "उच्च पदस्थ ब्रिटिश सेनाका अधिकृतहरू एउटा वामपन्थी दबाब समूह, गोर्खा भूतपूर्व सैनिक संघ (GAESO)" जुन नेपालको कम्युनिष्ट पार्टीसित घनिष्टरूपले सम्बद्ध छ, त्यसले 'जबर्दस्ती बल प्रयोग गरेर' र तर्साएर चलाइरहेको एउटा अभियानबाट ऋुद्ध भएको छ । उनीहरू भन्छन् : गोर्खा ब्रिगेडका सदस्य रहेका थुप्रै वृद्ध योद्धाहरू र विधवाहरू यी वामपन्थी हिंसक अपराधीहरूबाट तर्साइएका छन् र चुसिएका छन् ।"

> **भू.पू गोर्खा सैनिकहरूको पेशागत संगठनलाई 'कम्युनिष्ट' भनियो**

समाचारमा लेखिएको छ : "बेलायतको रक्षा र परराष्ट्र मन्त्रालयले गोर्खालीहरूको पेन्सन वितरणमा निगरानी बृद्धि गर्न नेपाल सरकारलाई दवाब दिइरहेछ...। ... परराष्ट्रमन्त्री रबिन कूकले नेपाल सरकारसमक्ष यो मामला उठाइसकेका छन् र के चेतावनी दिएका छन् भने, यदि तर्साउने क्रियाकलाप नरोकिने हो भने ब्रिटिश सरकारले कानूनी कार्यवाही थाल्नेछ ।"

ठीक यस्तै, समाचारहरू The Mirror ले पनि 'लुटेरा ग्यांगले वीर गोर्खालीहरूको पेन्सनको डकैती गर्छन्' शीर्षक समाचारमा प्रकाशित गरेको भेटिएको छ । The Mirror ले त अझ GAESO ले पर्वतीय भेगको एकान्त ठाउँ पारेर वृद्ध र विधवाहरूबाट जबर्जस्ती पेन्सनको पैसा लुट्ने गरेको समाचारसमेत अवकाश प्राप्त क्याप्टेन दुर्गा गुरूङ्गको हवाला दिँदै प्रकाशित गरेको छ । दुवै समाचारमा डकैतीको कार्य रोक्न नेपाल सरकारलाई नेपालस्थित पेन्सन बाँड्ने हेडक्वाटरमा सशस्त्र प्रहरीको पहरा राख्न बेलायती रक्षा मन्त्रालयले आग्रह गरेको कुरासमेत उल्लेख छ ।

ख्यातिप्राप्त बेलायती पत्रिकाहरूमा प्रकाशित यी असत्य मनगढन्त खबरहरूले नेपालको वामपन्थी खेमा र गोर्खा-भूतपूर्व सैनिकहरूमा ब्रिटिश सरकार र ती पूँजीवादी पत्रिकाहरूप्रति आक्रोश र घृणाको लहर नै शुरू गरेको छ ।

नेपालका सबैजसो वामपन्थी पार्टी तथा संगठनहरूले एकसाथ एउटै आवाजमा यो समाचारको 'तीव्र भर्त्सना' गरेका छन् । उनीहरूले भनेका छन् : "समान कामका लागि समान पारिश्रमिकको न्यायपूर्ण प्रजातान्त्रिक माग राख्दै र स्वतन्त्र सार्वभौम मुलुक नेपाललाई सन् १९४७ को त्रिपक्षीय सन्धीमा समान-ब्यवहार नगरिएकोमा विरोध जनाउँदै गोर्खा भूतपूर्व सैनिक संघले उठाईरहेको आन्दोलन अत्यन्त जायज भएको हुनाले हाम्रो यस न्यायपूर्ण आन्दोलनप्रति समर्थन र ऐक्यवद्धता रहँदैआएको हो । परन्तु जायज र न्यायपूर्ण आन्दोलनमा हाम्रो समथर्न र ऐक्यवद्धताको गलत अर्थ लगाउँदै बेलायतबाट प्रकाशित हुने अक्टोबर ८ र ९ को Telegraph र Mirror जस्ता पत्रिकाले गोर्खा भूतपूर्व सैनिक संघलाई मनोगत ढंगले कम्युनिष्ट पार्टीसँग गाँसेर डाँका, लुटेराहरू, ठगहरूको रूपमा प्रस्तुत गरी हाल्ने समाचार प्रकाशित गरेकोमा हाम्रो ध्यान आकर्षण भएको छ । 'प्रजातान्त्रिक' भनिएका मुलुकका 'निष्पक्ष' भनिएका पत्रिकाहरूबाट यसरी तथ्यको तोडमोड गर्दै नेपाली र नेपाल राष्ट्रप्रति मनगढन्त ढंगले अपमानित गर्ने समाचार प्रकाशित गरेकोमा हामी तीव्र भर्त्सना गर्न चाहन्छौं । हामी के स्पष्ट गर्न चाहन्छौं भने GAESO कुनै कम्युनिष्ट पार्टीको राजनीतिक शाखा होईन, यो एउटा स्वतन्त्र, असंलग्न पेशागत संगठन हो ।"

ठीक त्यस्तै, ब्रिटिश सरकारप्रति पनि उनीहरूले आफ्नो रोष यसरी अभिब्यक्त गरेका छन् :

"ब्रिटिश सरकार आफैले गोर्खा भूतपूर्व सैनिकहरूको न्यायपूर्ण आन्दोलनलाई ठगहरूको, लुटेराहरूको र कम्युनिष्टहरूले उचालेको आन्दोलन भनेर भूठा आरोप-आक्षेप लगाउने र यो आन्दोलनलाई दवाउन नेपाल सरकारलाई गुहार्ने निकृष्ट अप्रजातान्त्रिक कार्य गरेकोमा पनि हामी तीव्र भर्त्सना गर्दछौं ।"

यसरी सार्वजनिक वक्तब्य दिनेहरूमा - नेकपा (एमाले) को तर्फबाट रघुजी पन्त, संयुक्त जनमोर्चा नेपालको तर्फबाट लीलामणि पोखरेल, राष्ट्रिय जनमोर्चाको तर्फबाट नवराज सुवेदी, नेकपा (माले) को तर्फबाट अशोक राई, नेकपा (मालेमा)को तर्फबाट सीताराम तामाङ्ग, नेकपा (मार्क्सवादी)को तर्फबाट लोकनारायण सुवेदी, नेकपा (संयुक्त)को तर्फबाट प्रकाश अधिकारी, नेमकिपाको तर्फबाट सुनील प्रजापति र समाजवादी आन्दोलन, नेपालका तर्फबाट श्याम श्रेष्ठ हुनुहुन्छ । साथै उक्त वक्तब्यमा क. हिरण्यलाल श्रेष्ठ, टंक कार्की, रवीन्द्र अधिकारी, राजन राई, प्रकाश पोखरेल, प्रमोद काफ्ले, राजाराम ढकाल, हड्कड्ङ राना, तेज याक्सो, ओम गुरूङ्ग, मानबहादुर खत्री, विश्वकान्त मैनाली र गोविन्द न्यौपानेजस्ता राजनेताहरू, विद्यार्थी नेताहरू, ख्यातिप्राप्त मानव अधिकारवादी बौद्धिकहरूको पनि हस्ताक्षर छ ।

'पेन्सनको लूट'सम्बन्धी तथाकथित खबरबारे - GAESO का अध्यक्ष पद्मबहादुर गुरूङ्गको प्रतिक्रिया यस्तो रहेको छ : "हाम्रो न्यायपूर्ण आन्दोलन चलाउन हामीले भूतपूर्व सैनिकहरूबीच स्वेच्छिक रूपमा चन्दा निश्चय नै उठाएका छौं । नत्र पैसा नै नभई आन्दोलन कसरी चल्छ ? त्यही आन्दोलनले त तलब-पेन्सन बृद्धि गर्न ब्रिटिश सरकारलाई पोहोर बाध्य पारेको हो । तर हाम्रो चन्दामा कहींकतै पनि बल प्रयोग भएको छैन । यो नितान्त स्वेच्छिक छ । हाम्रो हिसाब र चन्दा पारदर्शी छ । नपत्याए ब्रिटिश सरकार र ती पत्रिकाहरू आफै आएर हेरे हुन्छ । मुल्य कुरा ब्रिटिश सरकार डरायो, हाम्रो आन्दोलनको प्रभाव देखेर र आफ्नो १८५ वर्षको अत्याचारको पोल खुल्ने भयो भनेर । किनभने, पेन्सन बढाएर पनि उही पोष्टको ब्रिटिशको पेन्सन ४७५ पाउण्ड हुँदा नेपाली समकक्षीको चाहिँ अहिले पनि केवल ६० पाउण्डमात्र छ । त्यही सत्य नांगेभार हुने डरबाट यी निकृष्ट भूठा आरोपहरू जन्मेका हुन् ।" ❑

# ◀ पाठकको कुरो

## विकल्प खोजियोस्

◆ **मूल्यांकन**को ८०औं अंक सरसर्ती हेरें । सरकार र माओवादीबीच वार्ता प्रयासहरू र यसबारे चलेका हल्लाले, निश्चय नै सरकारी पक्ष दिशाविहिन छ भन्ने बुझिन्छ । माओवादी समस्या समाधान गर्नेतर्फ उसको ध्यान आवश्यक रूपले केन्द्रित भएको छैन । सरकारले यो समस्यालाई जरैदेखि समाधान गर्नुको साटो सैनिक र प्रहरीको बजेट बढाएर आतंक सृजना गर्दैछ । नेकपा. माओवादी अध्ययन दलका संयोजक झलनाथ खनालसँग **मूल्यांकन**ले राखेका प्रश्नको ठोस र आम रूपमा चित्तबुझ्दो वस्तुनिष्ट जवाफ आएको जस्तो लागेन । अरू सामाग्री ठीकै लाग्यो ।

कम्युनिष्ट नेताहरूले भाषण र व्यवहारमा समानता देखाउन नसकेको र हिन्दू धर्मले सिर्जिएका आध्यात्मवादी दर्शनको आधारमा रहेका परम्परागत ढाँचाहरूलाई उछिनेर फट्को मार्नुको साटो त्यहीं अल्मलिएको सन्दर्भमा चन्द्रदेव नेपालीले दशैं तिहारको शुभकामना र कम्युनिष्ट भौतिकवादको बीचको साइनो के ? भनेर गर्नुभएको प्रश्न महत्वपूर्ण छ । हाम्रा चाँडपर्वहरूलाई कसरी मान्ने भन्नेबारे मूल्यांकन परिवारको आयोजनामा देशका सबै कम्युनिष्टहरूको एउटा विशेष अन्तरक्रिया हुनु र यसमार्फत् नेपाली समाजले तत्काल पचाउने र दूरगामी भूमिका खेल्ने विकल्प तयार गर्नु आवश्यक छ ।

–सुश्री विमला ढुंगाना,
*त्रि.न.पा.-७, मिलनचोक*

## निरन्तरता पाओस्

◆ **मूल्यांकन** मासिकले आफूलाई प्रगतिशील पत्रिकाको रूपमा परिचय दिँदै आएको पाइन्छ नै । तर केही समययता यो क्रमशः संसोधनवादी सुधारवादीहरूको मुखपत्र बन्न खोजेको हो कि जस्तो छ । हैन भने बहुदलीय व्यवस्थाको विकल्प छैन भन्ने र संसोधनवादी खुस्चेवका नेपाली मित्र बहुदलीय जनवादीहरूको बढाईचढाई लेख प्रकाशित गर्नु किन आवश्यक छ ? प्रतिक्रियावादी राज्यसत्ताको वरिपरि गोल चक्कर मार्ने राष्ट्रघाती मण्डलेहरूको लेख रचना **मूल्यांकन**ले प्रकाशित नगरोस् । समाज परिवर्तनलाई कसैले तगारो लगाउने प्रयास गरेमा त्यो खरानी हुने र समाज अघि बढ्ने प्रकृया ऐतिहासिक भौतिकवाद तथा द्वन्दात्मक भौतिकवादले प्रमाणित गर्दै आएको कुरो **मूल्यांकन**लाई थाहा भएकै कुरा हो । **मूल्यांकन**को २०५७ असोज अंकमा चिनियाँ नयाँ जनवादी क्रान्ति, पत्रकार कृष्ण सेन इच्छुकको कविता र चन्द्रदेव नेपालीको नीति संस्कृति विशेष पठनयोग्य छन् ।

– लीलाप्रसाद पौडेल
*भीमस्थान-३, सिन्धुली*

## खिल्ली उडाएको छ

◆ म यस पत्रिकाको नियमित पाठक भएको नाताले कम्युनिष्ट आन्दोलनबारे भएका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गतिविधिहरू सजिलो र सुलभ तरीकाले अध्ययन गर्ने सुवर्ण अवसर पाइरहेको छु । यसको साथै यस मासिकले विविध समसामयिक घटना र विषय वस्तुको यथार्थ विचार र अन्तरक्रिया प्रस्तुत गरी उल्लेखनीय कार्य गरको छ । **मूल्यांकन**को अंक ८० मा 'नेपालका वाम, चार ठाम' हुनुपर्ने भनी आनन्ददेव भट्टज्यूले लेख्नुभएको लेखले सही मूल्यांकन गर्दै कम्युनिष्ट हुँ भन्न चाहनेहरूलाई ऐनाजस्तै गरी पारदर्शी बाटो देखाउनु भएकोमा उहाँलाई मेरो हृदयदेखि नै धन्यवाद ।

नेपाल एकीकरणको इतिहासमा पृथ्वी नारायण शाहलाई जुन गरिमामय स्थान प्राप्त छ, त्यसैगरी वाम एकताको यात्रामा **मूल्यांकन**को अग्रणी स्थान रहेको छ भन्नुमा अतिशयोक्ति नहोला । **मूल्यांकन**ले अंगालेको जुन लक्ष्य छ, त्यो प्राप्त गर्न सदा अग्रसर रहोस् भन्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

'दशैं तिहारको शुभकामना'सम्बन्धी चन्द्रदेव नेपालीले लेख्नुभएको लेख पेचिलो त छँदैछ, तर यसै अंकको पेज ४५ मा छापिएको शुभकामना सन्देशले चाहिं उहाँकै ठाडो खिल्ली उडाएको छ । साथै यसभन्दा अगाडिका **मूल्यांकन**का कभर पेज 'टु वर्ग' बियरका विज्ञापनले भरिंदै आएकोमा डा. मुकेश चालिसेज्यूको टिप्पणीबाट हटाइएकोमा सम्पादकज्यूलाई पनि धन्यवाद !

– लेखनाथ दाहाल
*रामेछाप बिजुलीकोट- ५, रातमाटा*

## अंक ८१ मा

◆ यस मासिकले ८१ औं अंकमा पेट्रोलियम पदार्थमा भर्खरैमात्र यो सरकार र नेपाल आयल निगमले गरेको अचाक्ली मूल्यवृद्धिले यहाँ गरीखाने वर्ग ज्यादै मर्माहत भएको र केही मात्र सुविधाभोगी वर्ग भने यसबाट त्यति प्रभावित नहुने व्यहोरा प्रकाशित गरेको छ । अझ यस मासिकको खोजपूर्ण तेल-राजनीतिको विवरणले त्यस व्यहोरालाई अझ रोचक बनाएको छ ।

अर्को कुरा, अहिलेको जल्दोबल्दो समाचार सरकारले माओवादी समस्याको समाधान गर्ने निहुँमा देशका १६ जिल्लामा सेना परिचालन गर्नुको पछाडि यहाँ माओवादी भनेर आफ्नो विपक्षका शत्रुलाई फँडानी गर्ने उद्देश्य रहेको देखिन्छ । यसको लागि संसदमा उपस्थित हुनु भएका सबै विपक्षका साथीहरू र संसद बाहिरका अन्य वाम समूहबीच न्यूनतम समझदारी गरी सबै एक भई प्रतिकार एवं विरोध गर्ने समय आएको छ ।

सिड्नी ओलम्पिकमा समाजवादी राष्ट्रको प्रगति पूँजीवादी राष्ट्रको भन्दा राम्रो देखिएको छ । यसमा अझ क्यूबाजस्तो सानो समाजवादी राष्ट्रले बेलायत र जापानजस्ता चरम पूँजीवादी राष्ट्रहरूलाईसमेत पछि पार्नु ज्यादै खुसीको कुरा हो ।

– होम थापा
*हाल : चरिकोट, दोलखा*

## वर्ग संघर्षको एउटा रूप प्रस्तुत गरून्

◆ विश्व कम्युनिष्ट आन्दोलनमा पेरू पछिको नेपालको माओवादी जनयुद्ध प्रेरणादायी छ । जनयुद्धमा अनमोल साहस, त्याग, उमंग क्रान्तिकारिता र विश्व साम्यवादतर्फ अघि लम्किरहेको आभास मिल्दछ । यो जनयुद्ध अवश्य सफलताको शिखरमा पुग्नेछ । यस जनुयुद्धमा धैर्य, लगनशीलता र निरन्तरता दिइरहनुपर्दछ । माओवादीहरू पनि लचिलो हुनुपर्दछ । पार्टीभित्रका गल्ति कमी-कमजोरीहरूलाई हटाइदिनु पर्दछ । उनीहरूले माओको 'सयौं फूलहरू फूल्न देऊ' भन्ने शिक्षालाई सही रूपमा ग्रहण गर्नुपर्दछ । ने.क.पा. एकता केन्द्र र मसालले (यी दुई पार्टीका वैधानिक मोर्चा) बहुदलीय प्रतिस्पर्धालाई मात्र बुझे । वैधानिक संसदीय चुनावलाई उपयोग गर्ने, राष्ट्रिय मान्यता प्राप्त पार्टीको लागि मरिमेट्ने तर वाम तालमेल नगर्ने, संसदीय कुर्सी पद हत्याउने, वाम पार्टीको खुट्टा तान्ने आदि संसदीय चुनावलाई दलीय प्रतिस्पर्धा होइन, वर्ग संघर्षको शान्तिपूर्ण वैधानिक संघर्षको माध्यमको रूपमा ग्रहण गर्नुपर्दछ । अन्यथा ए.के. र मसाल संसदवाद र विर्सजनवादको गम्भीर भड्कावमा फँस्नेछन् । ती पार्टीहरूले आगामी चुनावमा दलीय प्रतिस्पर्धा होइन, वर्ग संघर्षको एउटा रूप प्रस्तुत गरून् ।

– श्रद्धा सुब्बा
*चुलाचुली- १, कमल जि., इलाम*

## शुभकामना !

◆ **मूल्यांकन** प्रगतिशील फाँटबाट अन्तरक्रियात्मक रूपमा हामी समक्ष प्रस्तुत गरिदिनु भएकोमा हृदयबाटै आभार व्यक्त गर्न चाहन्छु । मूल्यांकनले पत्रपत्रिका जगतमा आफ्नो छुट्टै अस्तित्वका साथ अग्रपत्तिमा रहनु हामी सबैका लागि गौरवको विषय बनेको छ । मूल्यांकनका हरेक स्तम्भ सह्राहनीय छन् ।

– युवराजकुमार पौडेल
*इलाम (लक्ष्मीपुर-३)*


## पार्टी विशेषप्रति पूर्वाग्रह नहोस्

◆ जेलको चार पर्खालभित्रबाट हामीले अन्तरक्रिया मासिक पत्रिका **मूल्यांकन** नियमित रूपमा अध्ययन गर्ने गरेका छौं । विशेष गरी अन्तरराष्ट्रिय तथा राष्ट्रिय समयसान्दर्भिक विषयवस्तु, अन्तरराष्ट्रिय कम्युनिष्ट आन्दोलन, विज्ञान प्रविधि, स्वास्थ्य आदिसँग सम्बन्धित सवालहरूलाई समेट्ने हुनाले यस पत्रिकाको स्तरीयता र लोकप्रियतामा वृद्धि हुनपुगेको छ । पूर्णाङ्क ८० मा विश्व सर्वहारा वर्गका महान नेता क. माओ र उहाँले दिनुभएको योगदानको बारेमा राजेन्द्र महर्जनको विशेष लेख पढ्ने अवसर पाइयो । अहिले नेपाली कम्युनिष्ट आन्दोलनमा मात्र होइन, विश्व कम्युनिष्ट आन्दोलनमा क. माओ र उहाँको विशिष्ट योगदानलाई कम आँक्ने प्रवृत्ति देखापरेको छ । यस्तो प्रवृत्तिले कुनै पनि आन्दोलनमा व्यक्ति विशेषको भूमिकालाई नजरअन्दाज गर्दछ । यसले क्रान्तिलाई होइन, प्रतिक्रान्तिलाई फाइदा पुग्नसक्ने हुन्छ । त्यसकारण क. माओले विश्व कम्युनिष्ट आन्दोलनलाई दिनुभएको विशिष्ट र मौलिक योगदानलाई कम आँक्ने मित्रहरूलाई मूल्यांकनको उक्त अंक पढेर थोरै भएपनि स्पष्ट हुन सल्लाह र सुझाव दिन चाहन्छौं । यसका अलावा वैदेशिक सहयोगको सम्बन्धमा अर्थविद्हरूको विचार र नौ वामको बारेमा आनन्ददेव भट्टको विशेष लेख समयसान्दर्भिक एवं सह्राहनीय नै लाग्यो ।

– पदम गुरूङ्ग, लगायत
आस्थाका बन्दीहरू
*गोरखा कारागार शाखा, गोरखा*


साहित्य सन्ध्या

कथा, कविता, निबन्ध, समालोचना, लघुकथा, एकांकी र दर्शनजस्ता स्तम्भहरूले भरपूर सहित्य सन्ध्याको प्रथम अंक बजारमा उपलब्ध छ ।



पत्रचारको लागि
साहित्य सन्ध्या
ललितपुर, पो.ब.नं.- ६१


GOLD LABEL
DE LUXE
BY APPOINTMENT TO THE ROYAL DANISH COURT
TUBORG
BEER
"Brewed by Gorkha Brewery Ltd., (Most modern and environmentally friendly brewery of Nepal) with genuine and pure Australian and European malts and selected European hops. Sold in more than 120 countries world wide."
TUBORG BEER
GOLD LABEL
TUBORG
DE LUXE BEER
650ml
TUBORG ... WHEREVER YOU ARE.

MULYANKAN
A magazine for Thought-Interaction

ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०    म.क्षे.हु.द.नं. १२/०५१/५२

